# अस्थावान महिलाहरूसित संलग्न समस्याहरूबारे चेतावनीहरू

(النيبالية - nepali- नेपाली)


## लेखकः

## डा. सालेह बिन फौजान अल फौजान

अनुवादकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

# تنبيهات على أحكام تختص بالمؤمنات

د. صالح بن فوزان الفوزان

الترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect Translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

### पुस्तक पाइने ठेगाना -:

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. 00966-0501372254
*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रमको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल विश्वका गरिब र काफिर राष्ट्रहरूमध्ये एक हो, र हाम्रो देश नैपालमा महिलाहरूका समस्याहरूको बारेमा पटक पटक कुरो चल्दै रहन्छ कहिले महिला अधिकारको विषयमा त कहिले महिलाको स्वतन्त्राबारे पत्र पत्रिका रेडियो टी.वी. आदिमा बहस चर्किन्छ, र मुसलमान महिलाहरूलाई पथभ्रमित गर्ने दुष्प्रयास गरिन्छ । तपाईहरू समक्ष भएको यो पुस्तक इस्लामका प्रख्यात र प्रसिद्ध विधिशास्त्री डा. सालेह फौजानले यसै विषयमा लेख्नु भएको छ ताकि मुस्लिम महिलाहरू पश्चिमी संस्कृतिबाट प्रभावित भएका मानिसहरूको भ्रमजालमा नपरुन् । त यस पुस्तकको विषय अति संवेदनशील र लाभप्रद भएको कारणले नै मैले

यसको नेपाली अनुवाद गरेको छु, यस आशाको साथ कि यो अनुवाद हाम्रा मुस्लिम दिदीबहिनीहरूलाई इस्लाम विरोधि तथ्यहरूको वास्तविकताबाट रुबरु गराउनेछ, र उनीलाई आफ्नो समस्याहरूलाई इस्लामीय तरिकाले समाधान गर्नुतर्फ प्रोत्साहित गर्नेछ ।

यसर्थ मेरो समस्त प्रयास यस कुरामा केन्द्रित हुन्छ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई उस्तै कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्न सकूँ जसरी कि यस पुस्तकको लेखक ज्यूले आफ्नो मूल लेखमा सिद्ध गरेका छन् । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ, अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न.** 00966-0501372254

عتيق الرحمن محمد إدريس خان مكي

00966-0501372254 الجوال

# प्रक्काथन

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू त्यस अल्लाहकै लागि छन् जसले आँकलन गरेर मार्गदर्शन गऱ्यो र उचल्दो वीर्यबाट महिला पुरुष दुवैलाई उत्पन्न गऱ्यो । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ त्यसको कोही सहभागी छैन, त्यसैको लागि प्रशंसा छ आरम्भ र अन्त्यमा । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त र सन्देष्टा हुन्, जहाँलाई अल्लाहले आकाशको भ्रमण गरायो, अनि उहाँले आफ्नो प्रतिपालकका विशाल निशानी र प्रतीकहरूको साक्षात्कार गरे, यसर्थ उनीमाथि अल्लाहको नगन्य दया र शान्ति अवतरित होस्, र उनका साथीहरू र आदरणीय मानिसहरूमाथि पनि अल्लाहको शान्ति अवतरित होस् ।

तत्पश्चात: त जब आस्थावान मुस्लिम महिलाको महत्व र दर्जा इस्लाममा अति विशाल छ र तिनीहरूसित धेरै समस्या र निर्देशनहरू संलग्न छन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीलाई विशेष निर्देशनहरूद्वारा विशिष्ट गरेका छन्, र अरफातको चौरको खुत्बा ( प्रवचन) मा उनीहरूको बारेमा यस्तो वसीयत (सदउपदेश) गरे जुन उनीहरूको प्रत्येक युगमा हेरचाह गर्नुमाथि र उनीहरूको महत्वमाथि प्रमाणीकरण गर्छ, र यस कुरालाई अनिवार्य तुल्याउँछ । त रह्यो वर्तमानकाल जसमा महिलाहरूलाई विशेषरूपले विभिन्न क्रियाकलाप र गतिविधिहरूद्वारा भ्रमित गरिन्छ ताकि त्यसको सम्मान र सतित्वको दमन गरियोस्, र त्यसलाई त्यसको वास्तविक दर्जा र सम्मानबाट तल खसालियोस् । यसलेगर्दा यो अति आवश्यक थियो कि त्यसलाई यस षडयन्त्रबाट सचेत गरियोस् र त्यसको लागि सफलताको मार्ग प्रष्ट पारियोस् ।

त म यो आशा गर्दछु कि यो किताब यसै श्रृंख्लाको एउटा कडी सिद्ध होस्, र यो किताब यसखालका प्रयास गर्नेहरूको लागि एउटा निशानी र प्रतीक पनि होस् जुन महिला सम्बन्धित विशेष

समस्याहरूलाई समावेश गरेको छ। र यो एउटा सानो प्रयास भए पनि एउटा राम्रो र सराहनीय प्रयास हो। यसर्थ मेरो यो मनोकामना छ कि यसद्वारा अल्लाह समस्तलाई लाभ पुऱ्याउन्, र यसलाई पहिलो श्रृंख्ला बुझेर अरु मानिसहरू पनि यस विषयमा अग्रसरता देखाउन्, र यसभन्दा व्यापक र परिपूर्ण प्रयास गरुन्।

र अति हतारमा जुन मैले पाठक समक्ष पेश गर्ने सौभाग्य प्राप्त गरेको छु त्यो निम्न विषयहरूमा आधारित छ:

१- पहिलो अध्याय: सामान्य समस्याहरूबारे निर्देशनहरू।

२- दोस्रो अध्याय: महिलाको शारीरिक श्रृंगारसित संलग्न निर्देशनहरू।

३- तेस्रो अध्याय: रजस्वला सुत्केरी र इस्तेहाजासित संलग्न निर्देशनहरू।

४- चौथो अध्याय: लुगा परदासित संलग्न निर्देशनहरू।

५- पाँचौं अध्याय: महिलाको नमाजसित संलग्न विशेष निर्देशनहरू।

६- छठौं अध्याय: जनाजा (मृतक शव) सित संलग्न विशेष समस्या र निर्देशनहरू।

७- सातौं अध्याय: महिलाको व्रतसित संलग्न निर्देशनहरू।

८- आठौं अध्याय: हज्ज र उमराको विषयमा महिलासित संलग्न विशेष निर्देशनहरू।

९- नाव्वौं अध्याय: महिला र महिलाको वैवाहिक जीवनसित संलग्न समस्या र निर्देशनहरू।

१०- दशौं र समाप्तीय अध्याय: ती निर्देशनहरूको वर्णन जुन महिलाको आदर सम्मान इज्जत आबरु र सतित्वलाई सुरक्षित राख्नुमा सहायक हुन्छन्।

**लेखक:**

**डा. सालेह बिन फौजान अल् फौजान**

# पहिलो अध्याय
# सामान्य निर्देशनहरू

**१ ⇒ इस्लाम अघि महिलाको दर्जा :** इस्लामभन्दा अघिको अर्थ हो: त्यो अनभिज्ञकाल जसमा विशेषरूपले अरब बासीहरू र सामान्यतया जगतका समस्त मानवजातिहरू अआफ्ना जीवन व्यतीत गरिरहेका थिए, जुनकि सन्देष्टाहरूको आगमनको अन्तरालको अवधि थियो, जसमा मानिसहरू सत्यपथबाट भ्रमित भई असत्यतर्फ प्रवृत्त भइसकेका थिए । अनि जब अल्लाहले उनीहरूको अवस्थालाई हेऱ्यो जस्तोकि हदीसमा आएको छ कि किताबवालाहरूको केही अवशेष बाहेक अरब बासी र अरु मानवहरूको पास केही बाँकी थिएन, त यस अवस्थाले अल्लाहलाई क्रोधित गऱ्यो । र यस युग र समयमा महिलाको अवस्था त अति दयनीय थियो, र विशेषरूपले अरबी समाजमा, जस्तोकि अरबीहरू स्त्री (पुत्री) को जन्मलाई मनपराउँदैन्थे, र अवस्था यहाँसम्म पुगिसकेको थियो कि केही मानिसहरू त्यसलाई (पुत्रीलाई) जीवितै माटोमुनि पूरिदिन्थे यहाँसम्म कि त्यो मरोस्, र केही त्यसलाई घृणित जीवन व्यतीत गर्नुमा बाध्य गरिदिन्थे, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِذَا بُشِّرَ أَحَدُهُم بِٱلْأُنثَىٰ ظَلَّ وَجْهُهُۥ مُسْوَدًّا وَهُوَ كَظِيمٌ ﴿٥٨﴾ يَتَوَٰرَىٰ مِنَ ٱلْقَوْمِ مِن سُوٓءِ مَا بُشِّرَ بِهِۦٓ ۚ أَيُمْسِكُهُۥ عَلَىٰ هُونٍ أَمْ يَدُسُّهُۥ فِى ٱلتُّرَابِ ۗ أَلَا سَآءَ مَا يَحْكُمُونَ ﴿٥٩﴾ ﴾ النحل: ٥٨ - ٥٩

अर्थ : जब तिनीहरूमध्ये कसैलाई छोरी (जन्मेको) समाचार प्राप्त हुन्छ, त उसको अनुहार (दुःखले) कालो भइहाल्छ र उसको हृदय दुःखी भइहाल्छ । र यस नराम्रो समाचारबाट अन्य मानिसहरूबाट लुक्दै हिंड्छ र सोच्दछ कि अपमान सहेर यसलाई जीवित रहन देओस् वा जमिन मुनि गाडिदेओस् । हेर, यिनीहरूले कस्तो नराम्रो निर्णय गर्दछन् । ( सूरतुन्नहल ५८,५९ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَإِذَا ٱلۡمَوۡءُۥدَةُ سُئِلَتۡ ٨ بِأَيِّ ذَنۢبٖ قُتِلَتۡ ٩ ﴾ التكوير: ٨ - ٩

अर्थ : र जब जिउँदै गाडिएको केटीसंग सोधिनेछ, । कि कुन पापको कारण उसलाई मारिएको थियो । (सूरतुत्तकवीर ८, ९)

र कुरआनको श्लोकमा आएको शब्द ( ٱلۡمَوۡءُۥدَةُ ) "अल् मऊदतो" को अर्थ हो: त्यो केटी जसलाई जीवितै माटोद्वारा पूरिएको होस् यहाँसम्म कि त्यो मरोस् ।

र यदि स्त्री दफ्नाउनुबाट सुरक्षित रहन्थ्यो भने अवहेलित र घृणित जीवन व्यतीत गर्नुमा बाध्य भइहाल्थ्यो । यसर्थ नत त्यसलाई पैतृक सम्पत्तिमा वारिस मानिन्थ्यो अर्थात त्यसबाट त्यसलाई कुनै अंश मिल्दैन्थ्यो चाहे त्यो अचल सम्पत्ति किन नहोस्, र चाहे त्यस महिलाको अवस्था अति दयनीय किन नरहेको होस् दरिद्रता र विपन्नताको कारण, किनकि उनीहरू महिलालाई पैतृक धनबाट अंश दिदैन्थे बरु त्यस सम्पत्तिलाई मात्र पुरुषहरूसित विशिष्ट गरेका थिए । बरु अवस्था यहाँसम्म पुगिसकेको थियो कि महिला पेतृक धन झैं विरासतमा बाँटिन्थ्यो, र कतिपय मानिसहरूको स्वामित्वमा थुप्रै महिलाहरू हुन्थिन्, किनकि उनीहरू अन्गिन्त महिलाहरूसित विवाह गर्नुलाई अवैधानिक र अनैतिक मान्दैन्थे । त यी समस्त क्रियाकलापहरूद्वारा जुन अत्याचार महिलाहरूमाथि गरिन्थ्यो त्यसलाई कुनै अमानवीय कुरा ठान्दैन्थे ।

२ ⇒ **इस्लाममा महिलाको दर्जा :** अनि जब इस्लाम आयो त महिलाहरूमाथि भइरहेको अत्याचारलाई समाप्त गर्‍यो, र त्यसको जायज अधिकार त्यसलाई प्रदान गर्‍यो । जस्तोकि अल्लाहको भनाई छः

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّا خَلَقۡنَٰكُم مِّن ذَكَرٖ وَأُنثَىٰ وَجَعَلۡنَٰكُمۡ شُعُوبٗا وَقَبَآئِلَ لِتَعَارَفُوٓاْۚ إِنَّ أَكۡرَمَكُمۡ عِندَ ٱللَّهِ أَتۡقَىٰكُمۡۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرٞ ١٣ ﴾ الحجرات: ١٣

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्‍यौं र तिमीलाई जातविरादरी र कबिलाहरू ( समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (

वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ। निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ। ( सूरतुल् हुजुरात १३ )

त अल्लाहले यस श्लोकमा वर्णन गरेको छ कि महिला मानवाधिकारमा पुरुष झैं समान छे उस्तै जसरीकि कर्मको पुण्य र दण्ड पाउनुमा एकनास छे, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً ۖ وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾ ﴾ النحل: ٩٧

अर्थ : जुन व्यक्तिले सत्कर्म गर्दछ, पुरुष होस् वा स्त्री, र त्यो मोमिन पनि छ, त हामीले उसलाई (संसारमा) पवित्र (र) आरामको जीवन प्रदान गर्नेछौं र (परलौकिक जीवनमा) तिनीहरूको राम्रो कार्यको अत्यन्त राम्रो बदला (प्रतिफल) पनि अवश्य नै दिनेछौं। ( सूरतुन्नहल ९७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ لِّيُعَذِّبَ ٱللَّهُ ٱلْمُنَٰفِقِينَ وَٱلْمُنَٰفِقَٰتِ وَٱلْمُشْرِكِينَ وَٱلْمُشْرِكَٰتِ وَيَتُوبَ ٱللَّهُ عَلَى ٱلْمُؤْمِنِينَ وَٱلْمُؤْمِنَٰتِ ۗ وَكَانَ ٱللَّهُ غَفُورًا رَّحِيمًۢا ﴿٧٣﴾ ﴾ الأحزاب: ٧٣

अर्थ : यो यस कारण कि अल्लाहले कपटी पुरुषहरू, स्त्रीहरू र बहुदेववादी पुरुषहरू र बहुदेववादी स्त्रीहरूलाई सजाय देओस्, र ईमानवाला पुरुषहरू र ईमानवाली स्त्रीहरूको प्रायश्चित स्वीकार गरोस्। अल्लाह अत्यन्त क्षमाशील र दयालु छ। (सूरतुल् अहजाब ७३)

र अल्लाहले महिलालाई पैतृक धनको अंश हुने कुरालाई नकार्‍यो, अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ لَا يَحِلُّ لَكُمْ أَن تَرِثُوا۟ ٱلنِّسَآءَ كَرْهًا ۖ ﴾ النساء: ١٩

अर्थ : ईमानवालाहरू हो ! तिमीहरूलाई यो उचित छैन कि जबरजस्ती स्वास्नी मानिसहरूको सम्पत्तिबाट लेऊ ।( सूरतुन्निसा १९ )

यसर्थ इस्लामले महिलाको व्यक्तित्वलाई ध्रुवता र स्थिरता प्रदान गर्‍यो, र त्यसलाई पैतृक धनबाट अंश प्रदान गर्‍यो, र त्यसलाई पैतृक धन हुनुलाई पूर्णतया नकार्‍यो । अल्लाहको फर्मान छ:

﴿ لِّلرِّجَالِ نَصِيبٌ مِّمَّا تَرَكَ ٱلْوَٰلِدَانِ وَٱلْأَقْرَبُونَ وَلِلنِّسَآءِ نَصِيبٌ مِّمَّا تَرَكَ ٱلْوَٰلِدَانِ وَٱلْأَقْرَبُونَ مِمَّا قَلَّ مِنْهُ أَوْ كَثُرَ ۚ نَصِيبًا مَّفْرُوضًا ﴿٧﴾ ﴾ النساء: ٧

अर्थ : जुन सम्पत्ति आमा बाबु र नातागोताले छाडी मर्दछन्, थोरै होस् अथवा धेरै, त्यसमा लोग्ने मानिसको अंश छ र आईमाईहरूको पनि । (यी अंशहरू) निर्धारित गरिएका हुन् । ( सूरतुन् निसा ७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يُوصِيكُمُ ٱللَّهُ فِىٓ أَوْلَٰدِكُمْ ۖ لِلذَّكَرِ مِثْلُ حَظِّ ٱلْأُنثَيَيْنِ ۚ فَإِن كُنَّ نِسَآءً فَوْقَ ٱثْنَتَيْنِ فَلَهُنَّ ثُلُثَا مَا تَرَكَ ۖ وَإِن كَانَتْ وَٰحِدَةً فَلَهَا ٱلنِّصْفُ ۚ وَلِأَبَوَيْهِ لِكُلِّ وَٰحِدٍ مِّنْهُمَا ٱلسُّدُسُ مِمَّا تَرَكَ إِن كَانَ لَهُۥ وَلَدٌ ۚ فَإِن لَّمْ يَكُن لَّهُۥ وَلَدٌ وَوَرِثَهُۥٓ أَبَوَاهُ فَلِأُمِّهِ ٱلثُّلُثُ ۚ فَإِن كَانَ لَهُۥٓ إِخْوَةٌ فَلِأُمِّهِ ٱلسُّدُسُ ۚ مِنۢ بَعْدِ وَصِيَّةٍ يُوصِى بِهَآ أَوْ دَيْنٍ ۗ ﴾ النساء: ١١

अर्थ : अल्लाहले तिम्रा सन्तानहरूको सम्बन्धमा तिमीलाई आदेश गर्दछ कि एउटा छोराको अंश दुईटा छोरीहरूको अंशको बराबर छ र यदि मृतकका छोरीहरू मात्र छिन् र दुई भन्दा बढी छिन् भने तिनलाई मृतकको सम्पत्तिबाट दुई तिहाई र यदि एउटी छोरी मात्र छिन् भने उसलाई आधा, र मृतकका आमा बाबु प्रत्येकलाई मृतकले छोडेको सम्पत्तिको छैठौं भाग अंश हो, मृतकका सन्तानहरू भएको खण्डमा । यदि मृतकको सन्तान नभए र मात्र आमा बाबु नै उसको हक़वाला

भएको अवस्थामा एक तिहाई आमाको अंश र यदि मृत्तकका दाजुभाइ पनि छन् भने आमाको छैठौं अंश हो, मृतकको सम्पत्तिको यो अंशवण्डा मृतकले गरेको इच्छापत्रको कार्यान्वयन पछि मात्र वा मृतकले लिएको ऋणको भुक्तानी गरेपछि मात्र गर्नु पर्छ। ( सूरतुन्निसा ११ )

र यस्तै त्यसको स्वास्नी बहिनी .... आदि भएको खण्डमा पनि निर्धारित अंश इस्लामीय विधान अनुसार मिल्नेछ।

र विवाह गर्ने क्रममा पनि अल्लाहले मात्र चार महिलासित विवाह गर्नुमा सीमित गऱ्यो, र चारसित विवाह गर्नुलाई यस शर्तको साथ जायज गऱ्यो कि जब मानिस सबैबीच न्याय निसाफको व्यवहार गर्नुमा सुक्ष्म होस्, साथै यो पनि उपदेश गरियो कि समस्तसित सुव्यवहार गरियोस्, जस्तोकि अल्लाहको भनाई छः

﴿ وَعَاشِرُوهُنَّ بِٱلۡمَعۡرُوفِۚ ﴾ النساء: ١٩

अर्थ : र तिनीहरूसित राम्रो व्यवहार गर। ( सूरतुन्निसा १९ )

र मेहर (विवाहको समय दुल्हाले दुल्हीलाई अनिवार्यरूपले दिने धन) लाई मात्र त्यसको एकलौटी अधिकार बतायो, र यो आदेश गऱ्यो कि त्यसको पूर्ण मेहर त्यसको हवाले गरियोस्। र यो पनि भनियो कि त्यसको मेहरबाट मात्र त्यसको उपभोग गर्नु जायज छ जुन त्यो खुशीले प्रदान गरोस्, जस्तो कि अल्लाहको फर्मान छः

﴿ وَءَاتُواْ ٱلنِّسَآءَ صَدُقَٰتِهِنَّ نِحۡلَةٗۚ فَإِن طِبۡنَ لَكُمۡ عَن شَيۡءٖ مِّنۡهُ نَفۡسٗا فَكُلُوهُ هَنِيٓـٔٗا مَّرِيٓـٔٗا ٤ ﴾ النساء: ٤

अर्थ : र स्वास्नीहरूलाई तिनका मेहर राजी खुशीपूर्वक दिइहाल तर हो, यदि तिनीहरू आफ्नै राजिखुशीले केही अंश छाडि दिन्छन् भने खुशीपूर्वक त्यसलाई खान पिन गर। ( सूरतुन्निसा ४ )

र अल्लाहले महिलालाई घरको रानी र बच्चाहरूको पालनपोषण गर्नेवाली र श्रीमानको घरसित समबन्धित समस्त कुराहरूको नीरिक्षक बनायो, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

﴿ المرأة راعية في بيت زوجها، ومسئولة عن رعيتها ﴾[1]

अर्थ : महिला आफ्नो श्रीमानको घरको नीरिक्षक हो, र त्यसबाट यसबारे सोधपूछ गरिन्छ। (बुखारी हदीस नं.८५३ अध्यायः अल्जुमुआ, मुस्लिम हदीस नं. १८२९ अध्यायः अल्इमारह, तिर्मिजी हदीस नं. १७०५ अध्यायः जिहाद, अबू दाऊद हदीस नं. २१२८ अध्यायः खेराज वल्इमारह वल् फैय, अहमद २/१२१ )

र लोग्नेमाथि त्यसको खाना कपडा बासस्थान र आवश्यकताका कुराहरूलाई न्यायोचित तरिकाले उपलब्ध गराउने कुरालाई अनिवार्य गऱ्यो ।

**३ ⇒ जुन वर्तमानमा इस्लाम विरोधी शत्रुहरू महिलाको सचरित्रता, सतित्व, आदर सम्मान र हक अधिकारलाई खोस्ने दुसहास गरिरहेका छन् त्यसको वर्णन :** इस्लाम र मानवताका शत्रुहरू अर्थात नास्तिक र कपटीहरू जिनको हृदयमा कुटिलता छ र जुन मुस्लिम महिलाको आदर सम्मान हेरेर क्रोधित हुन्छन्, तिनीहरू वर्तमानमा जब हेर्दन् कि इस्लामले त महिलाहरूलाई आदर सम्मानको साथै अति उच्च दर्जा पनि प्रदान गरेको छ त यो कुरो उनीहरूको मनलाई क्रोधले पूरिदिन्छ। किनकि उनीहरू यो कामना गर्छन् कि महिला विनाशको माध्यम बनोस्, र महिलालाई आफ्नो जाल बनाएर कम्जोर ईमानवाला मानिसहरूको शिकार गरुन् त्यसबाट उनीहरूको मन भरे पश्चात, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَيُرِيدُ ٱلَّذِينَ يَتَّبِعُونَ ٱلشَّهَوَٰتِ أَن تَمِيلُواْ مَيۡلًا عَظِيمٗا ٢٧ ﴾
النساء: ٢٧

अर्थ : र जुन मानिसहरू आफ्नै स्वार्थपूर्ण चाहनाबाट दोशित हुन्छन्, तिनीहरू चाहन्छन् कि तिमी आफ्नो सत्य मार्गबाट धेरै बिचलित भइहाल। ( सूरतुन्निसा २७ )

---

(1) البخاري الجمعة (853) ، مسلم الإمارة (1829) ، الترمذي الجهاد (1705) ، أبو داود الخراج والإمارة والفيء (2928) ، أحمد (121/2) .

र मुस्लिमहरूमध्ये जिनका हृदयहरूमा विरामी अर्थात बाँगोपना छ तिनीहरू पनि यो चाहन्छन् कि महिला अति सस्तो सामान झैं भइहालोस् ताकि वासनाका पूजारीहरू त्यसबाट लाभान्वित हुन्सकुन्, यसर्थ त्यसलाई हवस पूजारीहरूको सामुन्ने निःवस्त्र गरेर पेश गर्ने प्रयासमा कार्यरत रहन्छन् ताकि आफ्नो स्वार्थ पूर्ण गरुन् । त यसै कारण महिलालाई घरबाट निकाल्ने र पुरुषसंग कार्य गर्ने दावीको वकालत गर्छन्, अर्थात यो भनिन्छ कि त्यसलाई चिकित्साकेन्द्रहरूमा नर्स बनाइयोस्, हवाइजहाजमा एयरहोसटेस बनाइयोस्, र स्कुलहरूमा अध्यापक बनाइयोस्, र चलचित्र एवं रंगमन्चहरूमा त्यसलाई नायिका र अभिनेत्री बनाइयोस्.... आदि । ताकि त्यसको अर्धनंग्न शरीरबाट र त्यसको कोमल र सुरीली मोहित गर्ने स्वरबाट सबैलाई दिग्भ्रान्त गरियोस्, र सबैबीच उपद्रव र अश्लीलताको उत्पात गरियोस् ।

र यसै क्रममा अधिकांश पत्रपत्रिकाहरूले आफ्नो पत्रिकालाई प्रसिद्ध गर्नुको लागि युवतीहरूका यस्ता यस्ता अर्धनंग्न फोटोहरू र चित्रहरू आफ्नो पत्रिकाको फ्रन्ट पेजमा अर्थात मुख्य पृष्ठमा छापछन् जसलाई हेरेर मान्छेको वासनाको आगो तीव्र भइहालोस् । र यसै कुरालाई व्यवसायीहरूले पनि आफ्नो व्यवसायको प्रचार प्रसारको माध्यम बनाएका छन्, ताकि उनीहरूको व्यवसायमा अधिकभन्दा अधिक लाभ र नाफा होस् ।

त यस्ता अमानवीय गतिविधिहरूको कारण स्वास्नी मान्छेले आफ्नो घरगृहस्थीय दायित्वलाई पूर्णतया छाडिसकेको छे, जसकारण लोग्ने मान्छे नोकरानी ल्याउनुमा बाध्य भइहालेको छ जुन त्यसको घरगृहस्थीको देखरेख गरोस् त्यसका बच्चाहरूको पालनपोषण गरोस् । त यस्तो गर्नाले समाजमा यस्ता अधिकांश बुराईहरू जन्म लिन्छन् जसको कोही कल्पना पनि गर्नसक्दैन्थ्यो ।

## ४ ⟹ महिला निम्नका विधि र शर्तहरूको सीमा अन्तर्गत रहेर बाहिर पनि कार्य गर्न सक्छे:

१- यदि महिलालाई बाहिर गएर कार्य गर्नुको अति आवश्यकता नै होस् वा समाजलाई त्यसको यस कार्यको आवश्यकता होस्, र त्यस

बाहेक कुनै पुरुष यसलाई गर्नुमा सूक्ष्म नहोस् त त्यो यस्तो कार्यलाई गर्नुको लागि बाहिर जानसक्छे ।

२- त्यो महिला आफ्नो घरको अनिवार्य कार्य गरे पश्चात यस कार्यलाई गरोस् ।

३- त्यो कार्य महिलाहरूको माझमा गरिने कार्य होस् अर्थात पुरुषहरूबाट अलग होस्, जसरी महिलाहरूलाई पढाउनु, महिलाहरूको उपचार गर्नु, महिलाहरूको लागि नर्स बन्नु... आदि ।

४- महिलाको लागि उचित यो छ बरु अनिवार्य छ कि आफ्नो धर्मको ज्ञान प्राप्त गरोस्, तर यो ज्ञान प्राप्त गर्नु महिलाहरूको माझमा होस् जसमा पुरुषहरू नहोउन्, वा महिला र पुरुषहरूको बीच परदाको व्यवस्था होस् । यस्तै महिला मस्जिदमा पनि गएर ज्ञान प्राप्त गर्न सक्छे जबकि परदाको विशेष व्यवस्था होस्, अर्थात च्यादर पर्खाल आदिबाट उनीहरूको लागि विशेष बस्ने ठाउँ बनाइएको होस्, र महिला आफ्नो पूर्ण शरीरको पर्दा गरेको होस्, अनि त्यसको लागि बनाइएको ठाउँमा गएर बसोस् जसरी कि इस्लामको आरम्भिक कालमा सहाबीयाहरू ( रसूल सल्लल्लाहो अलैहे वसल्लमको युगकी मुस्लिम र आस्थावान महिलाहरू) मस्जिदमा उपस्थित हुन्थिइन् ।

# दोस्रो अध्याय
# महिलाको शारीरिक श्रृंगारबारे निर्देशनहरू

**१- महिलासित यो अनुरोध गरिन्छ कि त्यो ती कार्यहरूलाई गरोस् जुन प्रकृतिक कार्यहरूमा आउँछन् र जुन त्यसलाई सुहाउँछ पनि:** जसरी नङ्ग काट्नु, किनकि नङ्ग काट्नु सुन्नत हो र यस कुरामा समस्त विद्हरूको एकमत छ । र यसको प्रकृतिक कार्यहुने कुरा हदीसहरूबाट प्रमाणित छ । र यसबाट आर्को लाभ यो पनि छ कि यसद्वारा ती अस्वच्ता र गन्दगीबाट स्वच्छता प्राप्त हुन्छ जुन नङ्गमुनि हुन्छ, र यदि यो लामो भइहाल्छ भने हेर्नुमा नराम्रो लाग्दछ र जनावरहरूको अनुरूपता पनि हुन्छ । तर केही मुसलमान महिलाहरू काफिर महिलाहरूलाई हेरेर आफ्नो नङ्गलाई लामो गराउँछिन् जुनकि सुन्नत विरुद्ध कार्य हुनुको साथै गैर मुस्लिमहरूको अनुरूपता अख्तियार गर्नु पनि हो ।

र महिलाको लागि यो पनि सुन्नत हो कि त्यो आफ्नो काँखको बाल र गुप्ताङ्गका बालहरूलाई कुनै तरिकाले वा कुनै वस्तुले सफा र स्वच्छ गरोस् जसरी हियर रिमुवर स्प्रे क्रिम .... आदिद्वारा, ताकि त्यस हदीसलाई कार्यन्वयन गरियोस् जसमा यस्तो गर्ने आदेश छ । र दोस्रो कुरो के छ भने यसद्वारा त्यसको सुन्दरता र आकर्षण दोब्बर भइहाल्दछ । र उचित यो छ कि महिला यो कार्य सप्ताहमा एक पटक अवश्य गरोस्, र यो अति जरुरी छ कि ४० दिनभन्दा बढी यसलाई नछाडोस् ।

**२- महिलाको कपाल र भौंको रौंको बारेमा निर्देशनहरू र कपाललाई कालो गराउनुको बारेमा हुकुम:**

(क) महिलालाई यो जानकारी गराइयोस् कि त्यो आफ्नो कपाललाई बढाओस्, र बिना कुनै वैधानिक कारण आफ्नो कपाललाई नखौराओस्, किनकि महिलाको लागि कपाल खौराउनु हराम छ ।

सउदीका मुफ्ती शैख मुहम्मद बिन इब्राहीम आले शैखको भनाई छ कि: महिलालाई कपाल खौराउनु हराम छ जस्तोकि इमाम नेसाईले आफ्नो सुननमा र बज्जारले आफ्नो मुस्नदमा उसमानको माध्यमले वर्णन गरेका छन्, र इब्ने जरीरले इकरमाको माध्यमले वर्णन गरेका छन् र यिनीसबैको भनाई छ कि:

﴿ نهى رسول الله صلى الله عليه وسلم أن تحلق المرأة رأسها ﴾ (2)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले महिलालाई टाउको खौराउनुबाट मनाही गरेका छन् । ( तिर्मिजी हदीस नं. ९१४अध्याय: हज्ज, नेसाई हदीस नं. ५०४९ अध्याय: अज्जीनह )

त जस कुराबाट रसूल सल्लल्लाहो अलैहे वसल्लम रोकुन् त्यो हराम भइहाल्छ यदि कुनै आर्को हदीस त्यसको विरोधमा नआओस् जुन त्यसलाई जायज गरोस् ।

र मुल्ला अली कारी मिश्कातको व्याख्यान मिरकातमा भन्छन्: रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन: "أن تحلق المرأة رأسها " यस कारण भन्नु भयो किनकि कपालको जुडा र लट महिलाको लागि उस्तै सुन्दरता र शरीरको अटूट अंग हो जसरी पुरुषहरूको लागि दाह्री ... । ( मजमूअ् फतावा शैख मुहम्मद बिन इब्राहीम २/४९ )

र रह्यो कुरो महिलाको कपाल काट्नुको त यदि त्यसको आवश्यकता छ भने त्यसलाई काट्नुमा कुनै आपत्ति छैन, जसरी कपाल धेरै लामो भइसकेको होस् जस कारण त्यसलाई अप्ठयारो होस्, वा लामो हुने कारणले त्यसलाई सँवार्नुमा कष्ट होस्.. आदि, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास पश्चात उहाँकी स्वास्नीहरू कपाललाई काट्दथिइन्, किनकि तिनीहरूलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमको निधन पश्चात श्रृंगारको आवश्यकता बाँकी रहेको थिएन । तर यदि कपाल काट्नुको उद्देश्य काफिर महिलाहरूको अनुरूपता अख्तियार गर्नु होस् भने यस्तो गर्नु जायज छैन, वा त्यसद्वारा पुरुषहरूको अनुरूपता अख्तियार गर्नु होस् भने यस्तो गर्नु पनि जायज छैन, किनकि काफिर महिला र पुरुषको अनुरूपता अख्तियार गर्नु हराम छ । र यदि कपाल काट्नुको उद्देश्य श्रृंगार गर्नु होस् त सही कथन अनुसार यो पनि जायज छैन ।

( तर मेरो दृष्टिमा आफ्नो स्वामीको लागि श्रृंगारको नीयतले कपाल काट्नु महिलाको लागि जायज छ जबकि यस्तो नकाटोस् कि

---

(2) الترمذي الحج (914) ، النسائي الزينة (5049) .

त्यो काफिर महिला अथवा पुरुषहरूको अनुरूपताको सीमासम्म पुगोस्, र यो नै वर्तमानका अधिकांश विद्हरूको भनाई छ। हेर्नुस्: इस्लाम वेब फतवा नं. ६२२२, र फतावा नूरन् अलदृरब प्रश्न नं. ११९२, १३२४८, १३७४४, र फतावा शैख इब्ने बाज, र मुहम्मद सालेह अल् मुन्जिदको उत्तर "इस्लाम सवाल जवाबमा" प्रश्न नं. १३९४१४, र फतावा शैख मुहम्मद बिन सालेह अल् उसैमीन केसेट नं. ३३६ पार्ट बी अनुवादक)

र शैख मुहम्मद अल्अमीन अश्शनकीतीको इजवाउल् बयानमा भनाई छ कि: वर्तमानमा अधिकांश देशहरूमा जुन महिलाहरूमा कपाललाई अति सानो गर्ने चलन चलिसकेको छ त्यो अंग्रेजी अर्थात पश्चिमी चलन हो जुनकि मुसलमान महिला र अरबी महिलाहरूको चलन विरुद्ध छ, त यो त्यो कार्य हो जसबारेमा महिलाहरू आफ्नो चाल चलन बानीबेहोरा र धर्मको बारेमा परीक्षामा परिसकेका छिन्, र यो उनीहरूको लागि विनाशक सिद्ध भइरहेको छ। अनि उहाँले यस हदीसको जवाफ पनि दिएका छन् जसमा यो वर्णित छ कि:

﴿ أن أزواج النبي صلى الله عليه وسلم يأخذن من رؤوسهن حتى تكون كالوفرة ﴾[3]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरू आफ्नो कपाललाई काट्थिन् यहाँसम्म कि त्यो काँधासम्म पुगिहाल्थ्यो। (मुस्लिम हदीस नं. ३२० अध्याय: अल्हैज )

त यस हदीसको जवाफ उहाँ यसरी दिन्छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरूले यति सानो कपाल त्यस समय गरेका थिइन् जब रसूल सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास भइसकेको थियो, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा उनीहरू श्रृंगार गर्थिइन् र उनीहरूको सर्वोत्कृष्ट श्रृंगार उनीहरूको कपाल हुन्थ्यो। तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास पश्चात उनीहरूको लागि विशेष हुकुम छ जसमा विश्वको कुनै अरु महिला सहभागी हुन्सक्दैन, र यसको कारण यो हो कि उनीहरू उहाँ सल्लल्लाहो अलैहे

[3] مسلم الحيض (320).

वसल्लमको स्वर्गबास पश्चात विवाह गर्नसक्दैन्थिइन्, त यो यस्तो कारण हो जसको साथ हवसको कुनै लोभ हुन्सक्दैन । यसर्थ उनीहरू त्यस सोग मनाउने महिला झैं भइहालेका थिइन् जसलाई यो कारण ( पतिको निधनले) मृत्यु नहुन्जेलको लागि बाध्य गरिदिएको होस्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَا كَانَ لَكُمْ أَن تُؤْذُوا رَسُولَ اللَّهِ وَلَا أَن تَنكِحُوا أَزْوَاجَهُ مِن بَعْدِهِ أَبَدًا إِنَّ ذَٰلِكُمْ كَانَ عِندَ اللَّهِ عَظِيمًا ﴾ ٥٣

الأحزاب: ٥٣

अर्थ : तिमीहरूको निम्ति यो कुरा वैध छैन कि, तिमी अल्लाहका रसूललाई दुःख पुऱ्याऊ र न यो वैध छ कि उहाँ (नबी) पश्चात कहिल्यै उनका पत्नीहरूसित विवाह गर । यादराख निश्चय नै अल्लाहको दृष्टिमा यो गम्भीर अपराध हो । ( सूरतुल् अहजाब ५३ )

त पुरुषहरूबाट पूर्णतया वंचित हुनुले पनि कदाचित यस्ता श्रृंगारका कुराहरूलाई पनि हलाल र ग्राह्य गरिदिन्छ जुन त्यस बाहेककी युवतीहरूको लागि जायज हुँदैन । ( इज्वाउल् बयान ५/५९८, ६०१ )

त महिलामाथि यो अनिवार्य छ कि आफ्नो कपालको सुरक्षा गरोस्, र त्यसको राम्ररी हेरचाह गरोस्, र त्यसलाई चोटि बनाएर श्रृंगार गरोस्, तर यो चायज छैन कि चेटि टाउकोको एउटै ठाउँमा कपाल जम्मा गरेर बनोओस्, वा टाउकोको पछाडि मष्तिस्क भएको ठाउँमा पूर्ण कपाललाई जम्मा गरेर जुडा बनाओस् । किनकि शैखुल इस्लाम इब्ने तैमिया मजमुअ् फतावाको २२/१४५ मा भन्छन्: जस्तो कि केही बेश्याहरू आफ्नो कपाललाई मात्र एक चोटि गरेर टाउकोको पछाडिको भागमा काँधाको बीचोबीच झुन्डियाउँछिन् ।

र शैख मुहम्मद बिन इब्राहीम सउदी अरबीयाको मुफ्ती भन्छन्: वर्तमानमा जुन केही मुस्लिम महिलाहरू टाउकोको बगलमा माँग बनाएर समस्त कपाललाई टाउकोको पछिको भागमा एक चाटि बनाएर राख्छिन्, वा टाउकोमाथि नै राख्छिन् जस्तोकि अंग्रेज महिलाहरू गर्छिन्, त यस्तो गर्नु जायज छैन, किनकि यो काफिर महिलाको अनुरूपता

अख्तियार गर्नु हो । र हजरत अबू हुरैरहको एउटा लामो हदीसमा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ صنفان من أهل النار لم أرهما: قوم معهم سياط كأذناب البقر يضربون بها الناس، ونساء كاسيات عاريات، مائلات مميلات، رؤوسهن كأسنمة البخت المائلة، لا يدخلن الجنة، ولا يجدن ريحها، وإن ريحها ليوجد من مسيرة كذا وكذا ﴾(4)

अर्थ : दुई प्रकारका नर्कबासीहरूलाई अहिलेसम्म मैले हेरेको छैन: एउटा यस्तो जाति (समूह) जसको पास गाईको पुच्छर झैं कोर्रा हुन्छ जसद्वारा उनीहरू मान्छेहरूलाई हान्नेछन्, र आर्को जुन लुगा लगाए पनि नि:वस्त्र हुने सरह हुन्छिन् (अर्थात यस्तो पात्लो र चुस्त एवं संकुचित लुगा लगाएका हुन्छिन् कि नंग्न अवस्था झैं हुन्छिन्) र जुन अश्लीलता र निर्लज्जतातर्फ स्वयम आकर्षित हुन्छिन् र अरुलाई पनि आकर्षित गर्छिन्, र उनीहरूको टाउको (कपालको चोटि) ऊँट्नीको कोहान जस्तो ढल्केको हुन्छ, त यिनी नत स्वर्गमा प्रवेश पाउने छन् नत त्यसको सुगन्ध नै पाउने छन् जबकि त्यसको सुगन्ध यति.. यति.. दूरीजतिको अवधिबाट पाइन्छ । ( मुस्लिम हदीस नं. २१२८ अध्याय: लेबास वज्जीनह, अहमद २/४४०, मालिक अल् जामेअ् हदीस नं. १६९४ )

र केही विद्हरूले हदीसको शब्द माइलात मुमीलात (مائلات مميلات) को व्याख्या यसरी गरेका छन् कि उनीहरू वेश्याहरूको रेजा कंघाद्वारा कपाल कोर्छिन् जुन अंग्रेज महिलाहरूको पनि कंघा हो, त जुन मुसलमान महिलाहरू यस्तो गर्छिन् ती समस्त यस अन्तर्गत आउँछिन् ।

र जसरी मुसलमान महिलालाई अकारण कपाल खौराउनुबाट रोकिन्छ उस्तै अकारण कपाल काट्नुबाट पनि रोकिन्छ, र यस्तै अर्कोको केश लगाउनुबाट पनि रोकिन्छ जसलाई वर्तमानमा महिलाहरू बजारबाट किनेर लगाउँछिन्, जस्तोकि बुखारी र मुस्लिमको हदीसमा छ:

---

(4) مسلم اللباس والزينة (2128) ، أحمد (440/2) ، مالك الجامع (1694) .

﴿ لعن رسول الله صلى الله عليه وسلم الواصلة والمستوصلة ﴾[5]

अर्थ : कपाललाई जोड्नेवाली र जोडाउनेवाली दुवैमाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमले धिक्कार पठाएका छन् । ( बुखारी हदीस नं. ५५९३ अध्याय: अल्लेबास, मुस्लिम हदीस नं. २१२४ अध्याय: अल्लेबास वज्जीनह, तिर्मिजी हदीस नं. १७५९ अध्याय: अल्लेबास, नेसाई हदीस नं. ५०९५ अध्याय: अज्जीनह, अबू दाऊद हदीस नं. ४१६८ अध्याय: अत्तरज्जुल, इब्ने माजा हदीस नं. १९८७ अध्याय: अन्निकाह, अहमद २/२१ )

र हदीसको शब्द वासेला (الواصلة ) को अर्थ हो: त्यो महिला जुन अरुको केशलाई आफ्नो केशसित गाँस्छे, र मुसतौसेला (المستوصلة) को अर्थ हो: त्यो महिला जुन यस कार्यलाई गर्छे वा यसमा सहायता गर्छे, जसरी ब्यूटीपार्लरहरूमा कार्यरत महिलाहरू । किनकि यस्तो गरेर अरुलाई धोका दिइन्छ, र आजको युगमा जुन विग लगाइन्छ त्यो पनि लगाउनु हराम छ । र बुखारी मुस्लिमको एउटा हदीसमा छ कि जब हजरत मुआवीया मदीना प्रस्थान गरे त विवाहको प्रस्तावना (खित्बा) दिए, अनि बनाउटी केश हेरेह भने: तिमीहरूको महिलाहरूलाई के भएको छ कि उनी आफ्नो टाउकोमा यस्तो केश लगाउाछिन्, मैले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भन्दै सुनेको छु कि:

﴿ ما من امرأة تجعل في رأسها شعرا من شعر غيرها إلا كان زورا ﴾[6]

अर्थ : जुन महिलाले पनि आफ्नो केश बाहेक कसै अरुको केश लगाउँछे त त्यसको यो कार्य पापमध्येको हो । ( बुखारी हदीस नं. ३२९९ अध्याय: अहादीसुल् अंबिया, नेसाई हदीस नं. ५०९३ अध्याय: अज्जीनह, अहमद ४/१०१ )

---

(5) البخاري اللباس (5593) ، مسلم اللباس والزينة (2124) ، الترمذي اللباس (1759) ، النسائي الزينة (5095) ، أبو داود الترجل (4168) ، ابن ماجه النكاح (1987) ، أحمد (21/2) .

(6) البخاري أحاديث الأنبياء (3299) ، النسائي الزينة (5093) ، أحمد (101/4) .

र विगको अर्थ हो त्यो केश जसलाई मान्छेहरू अरुलाई धोका दिनुको लागि प्रयोग गर्छन् ।

(ख) महिलालाई त्यसको भौंको (बाल) रौंलाई सफा गर्नु सेव गर्नु वा त्यसमध्ये केहीलाई उखेल्नु जायज छैन, नत त्यसलाई काट्नु वा पूर्णतया सफा गर्नु नै जायज छ, नत हियर रिमुवर आदिद्वारा नै त्यसलाई सफा गर्नु जायज छ, किनकि यसैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले नमसको शब्दले नामांकित गरेर यस्तो गर्ने महिलाहरूलाई धिक्कारेका छन् । जस्तोकि एउटा हदीसमा छः

﴿ لعن النبي صلى الله عليه وسلم النامصة والمتنمصة ﴾[7]

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले भौंका रौंहरूलाई सफा गराउने महिला र त्यसलाई गर्ने महिला दुवैमाथि धिक्कार पठाएका छन् । ( नेसाई हदीस नं. ५१०१ अध्यायः अज्जीनह )

त नामेसा (النامصة ) त्यस महिलालाई भन्छन् जुन आफ्नो भौंका समस्त रौंहरूलाई वा केही रौंहरूलाई श्रृंगारको लागि सफा गरोस् । र मुतनम्मेसा (المتنمصة) त्यस महिलालाई भन्छन् जुन महिला यस कार्यलाई गरोस् जसरी ब्यूटिपार्लरमा कार्यरत महिलाहरू ।

र यो कार्य अल्लाहको प्रकृतिमा विगार गर्नु र त्यससित खेलवाड गर्नुको हुकुममा आउँछ जसको बारेमा शैतानले यो प्रतिज्ञा गरेको थियो कि त्यो आदमको सन्ततिबाट यो कार्य अवश्य गराउनेछ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَآمُرَنَّهُمْ فَلَيُغَيِّرُنَّ خَلْقَ ٱللَّهِ ﴾ النساء: ١١٩

अर्थ : र भन्ने गर्दछु कि अल्लाहद्वारा रचना गरिएको रूपलाई बिगार्ने गर । ( सूरतुन्निसा ११९ )

र सहीह बुखारीमा इब्ने मसऊदद्वारा वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

---

[7] النسائي الزينة (5101) .

﴿ لعن الله الواشمات والمستوشمات والنامصات والمتنمصات والمتفلجات للحسن، المغيرات خلق الله عز وجل ﴾[8]

अर्थ : अल्लाहको धिक्कार छ गोदना गोदाउनेहरूमाथि र गोदना गोदनेहरूमाथि, र भौंको रौं उखेल्नेवालीमाथि र भौंको रौं उखेलवाउनेवालीमाथि, र सुन्दरताको लागि दाँतहरूलाई फराकिलो गराउनेहरूमाथि र फराकिलो गर्नेहरूमाथि, जुनकि अल्लाहको सृष्टि र रूपलाई परिवर्तित गर्न खोज्दछिन्। ( बुखारी हदीस नं. ५५८७ अध्याय: अल्लेबास, मुस्लिम हदीस नं. २१२५ अध्याय: अल्लेबास वज्जीनह, तिर्मिजी हदीस नं. २७८२ अध्याय: अल्अदब, अबू दाऊद हदीस नं. ४१६९ अध्याय: अत्तरज्जुल, नेसाई हदीस नं. ५०९९ अध्याय: अज्जीनह, इब्ने माजा हदीस नं. १९८९ अध्याय: अन्निकाह, दारमी हदीस नं. २६४७ अध्याय: अल् इस्तेजान, अहमद १/४३४ )

अनि उहाँले भन्नु भयो के म त्यसलाई अभिशप्त नगरूँ जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले अभिशप्त गरेका छन्, र यो अल्लाहको किताब अर्थात कुरआनमा पनि वर्णित छः

﴿ وَمَآ ءَاتَىٰكُمُ ٱلرَّسُولُ فَخُذُوهُ وَمَا نَهَىٰكُمْ عَنْهُ فَٱنتَهُوا۟ ﴾ الحشر: ٧

अर्थ : जे-जति कुरा तिमीलाई पैगम्बरले दिन्छन्, त्यो लिइहाल र जुन कुरोबाट मनाही गर्छन्, त्यसबाट रुकिहाल। ( सूरतुल् हश्र ७ )

यसलाई इब्ने कसीरले आफ्नो तफ्सीरको २/३५९मा वर्णन गरेका छन्, दारुल् उन्दुलुसबाट प्रकाशित भएको संकलन।

त यस घृणित कार्यद्वारा कतिपय महिलाहरू परीक्षामा परेका छिन् र यो ठूलो पापहरूमध्येको हो। र आज वर्तमानमा भौंको रौंलाई उखेल्नु दिनहूँको कार्य भइसकेको छ, यसर्थ यदि यस्तो हराम कार्यको आदेश

[8] البخاري اللباس (5587) ، مسلم اللباس والزينة (2125) ، الترمذي الأدب (2782) ، النسائي الزينة (5099) ، أبو داود الترجل (4169) ، ابن ماجه النكاح (1989) ، أحمد (434/1) ، الدارمي الاستئذان (2647) .

त्यसको लोग्ने पनि देओस् भने त्यसको यस आदेशको पालना गर्नु जायज छैन किनकि यो पापको कार्य हो ।

(ग) मुस्लिम महिलाको लागि यो पनि हराम छ कि त्यो आफ्नो दाँतहरूलाई सुन्दरताको लागि फराकिलो गराओस् । अर्थात मशीनद्वारा वा अरु कुनै तरिकाले त्यसलाई घिसाएर दाँतहरूको बीचमा अलिकति दूरी गराइयोस् ताकि हेर्नेहरूको लागि दाँत सुन्दर प्रतीत होस् ।

तर यदि दाँतमा कुनै रोग वा कष्ट छ वा त्यसमा कुनै नराम्रो तथ्य छ भने त्यसलाई मशीन आदिले शुद्ध पार्नुमा कुनै आपत्ति छैन, किनकि यस्तो गर्नु चिकित्सा अन्तर्गत आउँछ, र नराम्रो कुरालाई राम्रो र शुद्ध पार्नुको सीमा अन्तर्गत आउँछ, तर शर्त यो छ कि यो कार्य महिला चिकित्सकद्वारा गराइयोस् जुन यसको विशेषज्ञ होस् ।

(घ) र महिलालाई गोदना गोदाउनु पनि हराम छ, किनकि गोदना गोद्ने महिला र गोदाउने महिला दुवैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले धिक्कृत गरेका छन् । र गोदनाको अर्थ हो सियो.. आदिद्वारा हात अनुहार आदिमा गोदियोस्, अनि त्यसमाथि काजल .. आदि लगाइयोस् । (र वर्तमानकालमा यस कार्यलाई मशीनद्वारा गरिन्छ) यसर्थ गोदना गोदाउनु टेटु बनाउनु ठूलो पापहरूमध्येको हो, किनकि यस्तो गर्ने मानिसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले धिक्कारेका छन्, र जुन कार्यमाथि धिक्कारिएको होस् त्यो महापापमध्येको हुन्छ ।

(ङ) <u>महिलाले कपालमा खेजाब लगाउनु र केशलाई रंगनुको हुकुम, र महिलाले सुनको प्रयोग गर्ने हुकुम:</u>

१- **खेजाब** इमाम नव्वी रहेमहुल्लाह मज्मूअको १/३२४ मा भन्छन्: विवाहित महिलाको लागि हात र पाइलामा मेंहदी लगाउनु मुस्तहब (उत्तम) कार्य हो, किनकि थुप्रै हदीसहरू यसमाथि प्रमाणीकरण गर्दछन् । र उहाँको संकेत यस हदीसतर्फ छ जसलाई इमाम अबू दाऊदले वर्णन गरेका छन् कि:

﴿ أن امرأة سألت عائشة رضي الله عنها عن خضاب الحناء، فقالت: لا بأس به، ولكني أكرهه، كان حبيبي رسول الله صلى الله عليه وسلم يكره ريحه ﴾[9]

अर्थ : एउटी महिलाले हजरत आइशा रजिअल्लाहो अन्हासित प्रश्न गरि कि मेंहदी लगाउनुको के हुकुम छ ? त हजरत आइशाले भन्नु भयो: यसलाई लगाउनुमा कुनै आपत्ति छैन, तर म यसलाई मनपराउँदैन किनकि मेरो प्रियतम सन्देष्टा त्यसको गन्धलाई मनपराउँदैन्थे । ( नेसाई हदीस नं. ५०९० अध्याय: अज्जीनह, अबू दाऊद हदीस नं. ४१६४ अध्याय: अत्तरज्जुल, अहमद ६/११ )

र नेसाईमा हजरत आइशाबाटै वर्णित छ कि:

﴿ أومأت امرأة من وراء ستر – بيدها كتاب – إلى رسول الله صلى الله عليه وسلم فقبض النبي صلى الله عليه وسلم يده وقال: ما أدري أيد رجل أم يد امرأة ؟ قالت: بل يد امرأة: قال: لو كنت امرأة لغيرت أظفارك – يعني: بالحناء ﴾[10]

अर्थ : परदाको पछ्याडिबाट एउटी महिलाले रसूल सल्लल्लाहो अलैहे वसल्लमतर्फ एउटा किताब बढाइन् त रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो हातलाई रोकेर भने: यो पुरुषको हात हो वा महिलाको ? त त्यसले भनि: होइन बरु महिलाको हात हो, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भने यदि तिमी महिला हुन्थ्यौ भने आफ्नो नङ्गको रंग मेंहदीद्वारा परिवर्तित गरेकी हुन्थ्यौ । ( नेसाई हदीस नं. ५०८९ अध्याय: अज्जीनह, अबू दाऊद हदीस नं. ४१६६ अध्याय: अत्तरज्जुल, अहमद ६/२६२ )

तर मेंहदीलाई यस्तो प्रयोग नगरियोस् कि त्यो नङ्गमाथि जमोस् जसलेगर्दा त्यो पवित्रता ग्रहण गर्न नसकोस् ।

---

([9]) النسائي الزينة (5090) ، أبو داود الترجل (4164) ، أحمد (117/6) .

([10]) النسائي الزينة (5089) ، أبو داود الترجل (4166) ، أحمد (262/6) .

२- र रह्यो कुरो महिलाले आफ्नो कपाललाई रंग्नुको कुरो त यदि कपाल सेतो भइसकेको छ भने कालो बाहेक अरु कुनै रंगले रंग्नु जायज छ, किनकि हदीसहरूमा कालो रंगले रंग्नुबाट रोकिएको छ ।

इमाम नव्वी रयिाजुस्सालिहीनको पे. ६२६ को अध्याय पुरुष र महिलालाई कालो मेंहदीले कपाल रंग्नुको मनाही अन्तर्गत, र मज्मूअको १/३२४ मा पनि यस्तै उदगार व्यक्त गर्नु हुन्छ किः कालो रंगले कपाललाई रंग्नुको मनाहीमा पुरुष र महिला दुवैबीच कुनै भिन्नता छैन, र यो नै हाम्रो दृष्टिकोण हो ।

र रह्यो कुरो कालो कपाललाई कुनै अरु रंगमा रंग्नुको त मेरो दृष्टिमा यो पनि जायज छैन किनकि कालो रंग कपालको सुन्दरता हो, नराम्रो कुरो होइन, यसर्थ त्यसलाई कुनै अरु रंगमा रंग्नुको आवश्यकता छैन, र आर्को कुरो के छ भने कुनै अरु रंगमा रंग्नुले काफिरहरूको अनुरूपताको बोध हुन्छ ।

३- रीति रिवाज र समाजको चलन बमोजिम महिलाको लागि सुनको अभूषण लगाउनु जायज छ, र यस कुरामा समस्त विद्हरूको एकमत पनि छ । तर महिलाको लागि यो जायज छैन कि आफ्नो मुहरिम रश्तिेदार बाहेक कुनै अरु पुरुष समक्ष आफ्नो श्रृंगार गरेको अभूषणको प्रदर्शन गरोस्, बरु त्यसमाथि यो आवश्यक छ कि यस्ताखालका मानिसहरूबाट आफ्नो अभूषणलाई र श्रृंगारलाई लुकाओस् । र विशेष गरी जब त्यो घरबाट बाहिर निस्कोस् वा यस्तो ठाउँमा होस् जहाँ गैर मुहरिमहरूको दृष्टि पर्ने खतरा होस् किनकि यो विगार र विद्रोहको कारण बन्दछ ।

र महिलालाई यस कुराबाट पनि रोकिएको छ कि पाइलामा लगाइएको अभूषण पाजेब, पायल.. आदिलाई बजारेर नहिंडोस् ताकि आफ्नो लुकेको अभूषणको आवाज अरुलाई सुनाओस्,* त जब

---

* जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَا يَضۡرِبۡنَ بِأَرۡجُلِهِنَّ لِيُعۡلَمَ مَا يُخۡفِينَ مِن زِينَتِهِنَّۚ ﴾ النور: ٣١

अर्थः र आफ्ना खुट्टाहरू भूईंमा बजारेर नहिड्नु कि उनीहरूको लुकेको श्रृंगार थाहा पाइयोस् । (सूरतुन्नूर ३१)

अभूषणको आवाज सुनाउनुबाट रोकिएको छ त आफै विचार गर्नुस् कि अभूषणलाई जाहेर गर्नुको हुकुम के हुन्छ ?!!!

# तेस्रो अध्याय
# रजस्वला सुत्केरी र इस्तेहाजा सम्बन्धि निर्देशनहरू
## पहिलो रजस्वला

**१- रजस्वला (हैज) को परिभाषा:** रजस्वलाको शाब्दिक अर्थ हो बग्नु, र वैधानिक अर्थ हो: यस्तो रगत जुन स्त्रीको गर्भाशयको तल्लो भागबाट निर्धारित समयमा बिना कुनै घाउ र विरामी प्रकृतिक तौरले निस्कन्छ । र यो एउटा यस्तो प्रकृतिक कुरो हो जसलाई अल्लाहले स्त्रीहरूको लागि विशिष्ट गरिदिएको छ । यसलाई अल्लाह स्त्रीको गर्भाशयमा उत्पन्न गर्छ जुनकि त्यस गर्भमा भएको शिशुको भोजन हुन्छ गर्भ भएको समयमा, र शिशु जन्मे पश्चात यो रगत दूधको रूपमा परिवर्तित भइहाल्छ नवजात शिशुको आहारको लागि, र जब महिला नत गर्भवती हुन्छे नत दूधखुवाउनेवाली त यस रगतको कुनै प्रयोजन हुँदैन यसलेगर्दा यो महिनाको निर्धारित समयहरूमा निस्किहाल्छ जसलाई हामी रजस्वाल, मासिक धर्म.. आदि भन्छम् ।

**२- रजस्वला आउने उमेर:** रजस्वला आउनुको न्यूनतम् उमेर ९ वर्ष हो, र अधिकांश महिलालाई लगभग ५० वर्षको उमेरसम्म रजस्वला आउँछ । अल्लाहको फर्मान छ:

﴿ وَٱلَّٰٓـِٔي يَئِسۡنَ مِنَ ٱلۡمَحِيضِ مِن نِّسَآئِكُمۡ إِنِ ٱرۡتَبۡتُمۡ فَعِدَّتُهُنَّ ثَلَٰثَةُ أَشۡهُرٖ وَٱلَّٰٓـِٔي لَمۡ يَحِضۡنَۚ ﴾ الطلاق: ٤

अर्थ : तिम्रो (तलाक दिइएका) स्त्रीहरू जो मासिक धर्मबाट निराश भइसकेका छिन्, यदि तिमीलाई शंका छ भने उनीहरूको इददत (सोग मनाउने अवधि) तीन महिना छ, र जसलाई अझै मासिक धर्म आउन थालेको छैन उनीहरूको पनि यही नै इददत हो । ( सूरतुत्तलाक ४ )

त रजस्वलाबाट निराश हुने समयसीमा ५० वर्षको उमेर हो, र जुन स्त्रीलाई रजस्वला आउँदैन ती ९ वर्षभन्दा सानी बालिका हुन् ।

**३- रजस्वला आउने महिलाहरूको बारेमा निर्देशनहरू:**

१- जुनस्त्रीलाई रजस्वला आइरहेको छ त्यसको अघिल्लो गुप्ताङ्ग ( योनि) मा सम्भोग गर्नु हराम छ जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَيَسۡـَٔلُونَكَ عَنِ ٱلۡمَحِيضِۖ قُلۡ هُوَ أَذٗى فَٱعۡتَزِلُواْ ٱلنِّسَآءَ فِي ٱلۡمَحِيضِ وَلَا تَقۡرَبُوهُنَّ حَتَّىٰ يَطۡهُرۡنَۖ فَإِذَا تَطَهَّرۡنَ فَأۡتُوهُنَّ مِنۡ حَيۡثُ أَمَرَكُمُ ٱللَّهُۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلتَّوَّٰبِينَ وَيُحِبُّ ٱلۡمُتَطَهِّرِينَ ٢٢٢ ﴾ البقرة: ٢٢٢

अर्थ : तपाईसित रजस्वला बारे सोध्छन् । भनिदिनुस् कि त्यो (रक्त) अपवित्र छ । तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक (सम्भोगका लागी) नजानु । हो, जब तिनी पवित्र हुन्छिन्, तब तिमी उनको नजिक जाऊ जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । निःसन्देह अल्लाह क्षमा याचना गर्नेलाई र पवित्र रहनेलाई प्रेम गर्दछ । ( सूरतुल् बकरः २२२ )

(महिलाको योनिमा सम्मभोग गर्नुबाट रोक्नुको यो अर्थ कदापि होइन कि त्यो महिलाको गुदामा सम्भोग गर्न सक्दछ बरु यसलाई विशेषरूपले यस कारण वर्णन गरिएको छ कि सम्भोग त्यसैमा गरिन्छ । र रह्यो महिलाको गुदामा सम्भोग गर्नुको जसलाई गुदामैथुन भनिन्छ त त्यो प्रत्येक स्थितिमा हराम छ र त्यो महा पाप हो । जस्तोकि यस कुरातर्फ निम्नमा वर्णित श्लोक संकेत गरिरहेको छ ।) (( अनुवादक))

र यो रोक तबसम्मको लागि निरन्तर रहन्छ जबसम्म रजस्वलाको रगत समाप्त नभइहालेस्, र स्त्री स्नान गरेर पवित्र नभइहालोस्, जस्तो कि अल्लाहको फर्मान छः

﴿ وَلَا تَقۡرَبُوهُنَّ حَتَّىٰ يَطۡهُرۡنَۖ فَإِذَا تَطَهَّرۡنَ فَأۡتُوهُنَّ مِنۡ حَيۡثُ أَمَرَكُمُ ٱللَّهُۚ ﴾ البقرة: ٢٢٢

अर्थ : तसर्थ रजस्वलाको समयमा स्वास्नीबाट अलग रहनु र जबसम्म तिनीहरू पवित्र हुँदैनन्, तिनको नजिक (सम्भोगका लागी) नजानु । हो, जब तिनी पवित्र हुन्छिन्, तब तिमी उनको नजिक जाऊ

जुन ठाउँबाट अल्लाहले तिमीलाई जाने आदेश गरेको छ । ( सूरतुल् बकर: २२२ )

र रजस्वलामा भएकी महिलाको लोग्नेको लागि त्यसको योनिमा सम्भोग गर्नु बाहेक त्यसबाट अरु कुनै प्रकारले लाभान्वित हुनु जायज छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ اصنعوا كل شيء إلا النكاح ﴾[11]

अर्थ : सम्भोग गर्नु बाहेक समस्त कुरा गर । ( मुस्लिम हदीस नं. ३०२ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. २९७७ अध्याय: तफ्सीरुल् कुरआन, नेसाई हदीस नं. ३६९ अध्याय: अल्हैजो वल् इस्तेहाजा, अबू दाऊद हदीस नं. २१६५ अध्याय: अन्निकाह, इब्ने माजा हदीस नं. ६४४ अध्याय: अत्तहारह वसुननुहा, अहमद ३/१३३, दारमी हदीस नं. १०५३ अध्याय: अत्तहारह )

(ख) रजस्वला आइरहेको समय महिला व्रत बस्नु र नमाज कायम गर्नुलाई त्यागिदिन्छे, किनकि त्यसमाथि यस्तो अवस्थामा नमाज पढनु र व्रत बस्नु हराम छ । र यदि त्यसले यस्तो अवस्थामा अर्थात रजस्वलाको अवस्थामा व्रत बस्यो वा नमाज पढ्यो भने यो मान्य हुँदैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ أليس إذا حاضت المرأة لم تصل ولم تصم ؟ ﴾[12]

अर्थ : के यस्तो छैन कि जब महिलालाई रजस्वला आउँछ त त्यो व्रत र नमाजलाई त्याग्दछे ? ( बुखारी हदीस नं. २९८ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. ८० अध्याय: अल्ईमान )

अनि जब महिला रजस्वलाबाट पवित्र भइहालोस् त व्रतको कजा गरोस् अर्थात छुटेको व्रतको सट्टामा व्रत बसेर त्यसको गणनालाई पूर्ण

---

(11) مسلم الحيض (302) ، الترمذي تفسير القرآن (2977) ، النسائي الحيض والاستحاضة (369) ، أبو داود النكاح (2165) ، ابن ماجه الطهارة وسننها (644) ، أحمد (133/3) ، الدارمي الطهارة (1053) .

(12) البخاري الحيض (298) ، مسلم الإيمان (80) .

गरोस्, तर नमाजको कजा गर्नु जरुरी छैन नत सही नै छ, किनकि हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ कि:

﴿ كنا نحيض على عهد رسول الله صلى الله عليه وسلم فكنا نؤمر بقضاء الصوم،

ولا نؤمر بقضاء الصلاة ﴾[13]

अर्थ : जब हामीहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा रजस्वला आउँथ्यो त हामीलाई व्रतको कजा गर्ने आदेश गरिन्थ्यो तर नमाजको कजा गर्ने आदेश गरिदैन्थ्यो। ( बुखारी हदीस नं. ३१५ अध्याय: अल्हैज, मुस्लिम हदीस नं.३३५ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. १३० अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. २६२ अध्याय: अत्तहारह, नेसाई हदीस नं. २३१८ अध्याय: अस्सियाम, इब्ने माजा हदीस नं. ६३१ अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/२३२, दारमी हदीस नं. ९८६अध्याय: अत्तहारह )

र दुवै बीच भिन्नता यो छ कि नमाज निरन्तरताले एकपछि आर्को आउँदै रहन्छ यसलेगर्दा त्यसको कजा गर्नु छैन, किनकि यसमा कष्ट हुन्सक्दछ, तर व्रत वर्षमा मात्र एक चोटि अनिवार्य छ, यसलेगर्दा त्यसको कजा गर्नु अनिवार्य छ। र यसबारे अल्लाहलाई नै सत्य ज्ञान छ।

(ग) रजस्वलाको अवस्थामा भएकी महिलाको लागि बिना कुनै ओट (आवरण) पवित्र ग्रन्थ कुरआनलाई स्पर्श गर्नु हराम छ किनकि अल्लाहको फर्मान छ:

﴿ لَّا يَمَسُّهُۥٓ إِلَّا ٱلۡمُطَهَّرُونَ ٧٩ ﴾ الواقعة: ٧٩

अर्थ : त्यसलाई पवित्रहरू (फरिश्ताहरू) मात्र स्पर्श गर्छन्। ( सूरतल् वाकिअ: ७९ )

[13] البخاري الحيض (315) ، مسلم الحيض (335) ، الترمذي الطهارة (130) ، النسائي الصيام (2318) ، أبو داود الطهارة (262) ، ابن ماجه الطهارة وسننها (631) ، أحمد (232/6) ، الدارمي الطهارة (986) .

र यस कारण पनि किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुन अमर बिन हज्मलाई पत्र लेखेका थिए त्यसमा यो उल्लेख थियो कि:

﴿ لا يمس المصحف إلا طاهر ﴾[14]

अर्थ : पवित्र ग्रन्थ कुरआनलाई पवित्र बाहेक कोही स्पर्श नगरोस् । ( यसलाई नेसाईले वर्णन गरेका छन्, र इमाम मालिकले अध्याय अन्नेदाअ् लिस्सलात हदीस नं. ४६८ मा वर्णन गरेका छन् )

र यो हदीस मुतवातिर सरह छ किनकि यसलाई उम्मतले पूर्ण सहमतिको साथ स्वीकारेका छन् । र शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ कि: चारौं इमामहरूको यो उदगार छ कि अपवित्र मान्छे पवित्र ग्रन्थलाई स्पर्श नगरोस् ।

(मुत्वातिर: त्यस हदीसलाई भनिन्छ जसलाई यस्तो ठूलो समूहले आफू झैं ठूलो समूहबाट वर्णन गरेको होस् जस समूहको कुनै मिथ्या कुरामा एकमत हुनु असम्भव होस् ।) ((अनुवादक))

र रह्यो कुरो रजस्वलाको अवस्थामा महिलाले पवित्र ग्रन्थको बिना स्पर्श पाठन गर्नुको त यसबारे विद्हरूको मतभेद छ, र यसमा पनि उत्तम कुरो यो नै हो कि बिना आवश्यकता कुरआनको पाठन नगरोस्, हाँ यदि त्यसलाई पाठन गर्नुको आवश्यकता छ जसरी पाठन नगरेको खण्ढमा त्यसलाई बिर्सिने खतरा छ भने पाठन गर्न सक्छे । र यसबारे अल्लाह नै सर्वज्ञानी छ ।

(घ) रजस्वलाको अवस्थामा महिलाको लागि तवाफ गर्नु अर्थात बैतुल्लाहको परिक्रमा गर्नु हराम छ, किनकि जब हजरत आइशा रजिअल्लाहो अन्हालाई रजस्वला आएको थियो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो:

﴿ افعلي ما يفعل الحاج، غير ألا تطوفي بالبيت حتى تطهري ﴾[15]

---

(14) مالك النداء للصلاة (468) .

(15) البخاري الحيض (299) ، مسلم الحج (1211) ، النسائي مناسك الحج (2763) ، أبو داود المناسك (1778) ، ابن ماجه المناسك (3000) ، أحمد (273/6) ، مالك الحج (941) ، الدارمي المناسك (1846) .

अर्थ : जुन हाजीहरू गरिरहेका छन् ती समस्त कार्यहरू गर बैतुल्लाहको तवाफ बाहेक, र त्यसको तवाफ पवित्र भए पश्चात नै गर्नु । ( बुखारी हदीस नं. २९९ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. १२११ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. २७६७ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १७७८ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. ३००० अध्याय: अल्मनासिक, अहमद ६/२७३, मालिक हदीस नं.९४१ अध्याय: अल्हज्ज, दारमी हदीस नं. १८४६ अध्याय: अल्मनासिक )

(ङ) रजस्वलाको अवस्थामा महिलाको लागि मस्जिदमा रुक्नु (बस्नु) हराम छ । किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ إني لا أحل المسجد لحائض ولا لجنب ﴾[16]

अर्थ : मस्जिदलाई म रजस्वलामा भएकी महिला र ठूलो अपवित्रताको अवस्थामा भएका मानिसहरूको लागि हलाल गरेको छैन । ( अबू दाऊद हदीस नं. २३२ अध्याय: अत्तहारह )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ:

﴿ إن المسجد لا يحل لحائض ولا جنب ﴾[17]

अर्थ : मस्जिद रजस्वलामा भएकी महिला र ठूलो अपवित्रतामा भएका मानिसहरूको लागि हलाल छैन । ( इब्ने माजा हदीस नं. ६४५ अध्याय: अत्तहारह वसुननुहा )

तर रजस्वलाको अवस्थामा भएकी महिलाको लागि मस्जिदभित्रबाट गुज्रनु जायज छ जबकि त्यो त्यसमा नरुकोस् । किनकि हजरत आइशाको हदीसमा छ कि:

﴿ قال رسول الله صلى الله عليه وسلم ناوليني الخمرة من المسجد، فقلت: إني حائض، فقال: إن حيضتك ليست بيدك ﴾[18]

---

[16] أبو داود الطهارة (232) .

[17] ابن ماجه الطهارة وسننها (645) .

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले मसित भन्नु भयो कि मलाई मस्जिदबाट त्यो रुमाल ल्याइदेऊ, त मैले भनें: हे अल्लाहको रसूल म रजस्वलाको अवस्थामा छु, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: तिम्रो रजस्वला तिम्रो हातमा छैन । ( मुस्लिम हदीस नं. २९८ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. १३४ अध्याय: अत्तहारह, नेसाई हदीस नं. ३८४ अध्याय: अल्हैजो वल् इस्तेहाजा, अबू दाऊद हदीस नं. २६१ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ३००० अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/१०६, दारमी हदीस नं. १०६५ अध्याय: अत्तहारह, र मुन्तकामा भनिएको छ कि बुखारी बाहेक यसलाई सबैले वर्णन गरेका छन् )

र रजस्वलामा भएकी महिलाको लागि यो जायज छ कि त्यो अल्लाहको गुणगान गरोस् र अल्लाहको महानताको बखान गरोस्, र दुआहरू पढोस्, र सुत्ने जाग्ने दुआहरू पढोस् । र यसमा पनि कुनै आपत्ति छैन कि विज्ञानका किताबहरू पढोस् त्यसको अध्ययन गरोस् जसरी तफ्सीर, विधिशास्त्र, र हदीसका पुस्तकहरू पढोस् ।

## सुफरह र कद्रहको बारेमा ज्ञानवर्धक कुराहरू

सुफरह: पीप जस्तो पदार्थ जुन पहेलो रंगको हुन्छ ।

कद्रह: फोहोर र गन्दा पानी जस्तो पदार्थ ।

त जब रजस्वलामा भएकी महिलाको योनिबाट सुफरह र कदरह त्यसको रजस्वलाको गणनाका दिनहरूमा निस्कन थालोस् त त्यसलाई पनि रजस्वलामा नै गनिन्छ, र त्यसको हुकुम पनि रजस्वला सरह छ । तर यदि त्यो रजस्वलाको गणनाका दिनहरू बाहेक अरु दिनहरूमा निस्कोस् भने त्यसको कुनै एतबार र महत्व छैन यसको निस्कान भए पनि महिला आफूलाई पवित्र बुझ्ोस्, उम्मे अतीयहको यस कथनलेगर्दा, उम्मे अतीयह भन्दछिन् कि: “हामी पवित्रता पश्चात सुफरह र कदरहलाई कुनै महत्व दिदैन्थें” । (अबू दाऊद)

---

([18]) مسلم الحيض (298) ، الترمذي الطهارة (134) ، النسائي الحيض والاستحاضة (384) ، أبو داود الطهارة (261) ، ابن ماجه الطهارة وسننها (632) ، أحمد (106/6) ، الدارمي الطهارة (1065) .

र यस हदीसलाई बुखारीले पवित्रताको शब्द बिना वर्णन गरेका छन् । र हदीसका विद्हरूको निकट यो हदीस मरफूअ हदीसको हुकुममा छ किनकि यस हदीसद्वारा यो प्रष्ट हुन्छ कि यस कार्यलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले सहमति प्रदान गरेका छन् । त यस हदीसबाट यो प्रष्ट हुन्छ कि रजस्वलाबाट पवित्र हुनुभन्दा अघि यसलाई रजस्वलामा नै शामेल मानिन्छ ।

प्रश्नः महिला रजस्वलाको समाप्ति कसरी थाहा पाओस् ?

उत्तरः रगत बन्द हुने क्रमद्वारा थाहा पाओस्, र यसका दुई निशानीहरू छन्:

**पहिलो:** जब सेतो पानी झैं पदार्थ रजस्वला पश्चात झर्न थालोस्, र कदाचित यसको रंग सेतो बाहेक पनि हुन्सक्छ, किनकि यसको रंग महिलाहरूको अवस्था र दशालेगर्दा भिन्न हुन्छ ।

**दोस्रो:** अल् जफूफ, र यसको अर्थ हो कि महिला रुई कपडा आदिलाई आफ्नो योनिभित्र हालोस् अनि त्यसलाई निकाल्दा त्यो बिना कुनै परिवर्तन सुख्खा अवस्थामा निस्कोस्, नत त्यसमा रगत लागेको होस् नत सुफरह र कदरह ।

## ४- रजस्वला सिद्धे पश्चात जुन कुराहरू महिलालाई गर्नुपर्छ त्यसको वर्णनः

**विशेष चेतावनीः** जब रजस्वलामा भएकी वा सुत्केरीको अवस्थामा भएकी महिलाको रगत सूर्य अस्ताउनुभन्दा अघि नै सिद्धिन्छ भने महिलाको लागि यो अनिवार्य छ कि रगत बन्द भए पश्चात त्यो पवित्रताको नीयतले पानीद्वारा स्नान गरोस्, र यो स्नान पूर्ण शरीरलाई शामेल होस्, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ فإذا أقبلت حيضتك فدعي الصلاة، وإذا أدبرت فاغتسلي وصلي ﴾[19]

अर्थ : जब तिमीलाई रजस्वलाको रगत आउन थालोस् त नमाजलाई परित्याग गरिदेऊ, र जब रगत बन्द भइहालोस् त स्नान

---

[19] البخاري الحيض (314) ، مسلم الحيض (333) ، الترمذي الطهارة (125) ، النسائي الحيض والاستحاضة (364) ، أبو داود الطهارة (282) ، ابن ماجه الطهارة وسننها (624) ، أحمد (204/6) ، مالك الطهارة (137) ، الدارمي الطهارة (774) .

गरेर नमाजको आयोजना गर । ( बुखारी हदीस नं. ३१४ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. ३३३ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. १२५ अध्याय: अत्तहारह, नेसाई हदीस नं. ३६४ अध्याय: अल्हैजो वल्इस्तेहाजा, अबू दाऊद हदीस नं. २८२ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६२४ अध्याय: अत्तहारह वसुन्नुहा, अहमद ६/२०४, मालिक हदीस नं. १३७ अध्याय: अत्तहारह, दारमी हदीस नं. ७७४ अध्याय: अत्तहारह )

र स्नान गर्ने तरिका यो हो कि महिला अपवित्रता हटाउने वा नमाजको लागि पवित्रता ग्रहण गर्ने नीयत गरोस्, अनि बिस्मिल्लाह भनोस्, अनि आफ्नो पूर्ण शरीरमाथि पानी हालोस्, र कपालको जरालाई पनि पानीले भिजाओस् । र त्यसमाथि यो आवश्यक छैन कि केशको चोटिलाई फुकालोस् यदि चोटि बाँधेको होस्, बरु पानीले भिजाउनु नै प्रयाप्त छ । र यदि बयरीको पात वा अरु कुनै पवित्रता र स्वच्छता प्रदान गर्ने वस्तु पानीमा मिश्रित गरेर स्नान गरोस् भने अति उत्तम हुन्छ (जसरी डिटाल आदि) । र यो पनि उत्तम छ कि स्नान गरे पश्चात रुईमा कुनै सुगन्ध लगाएर आफ्नो योनिमा राखोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत असमालाई यसको आदेश गर्नु भएको थियो । (मुस्लिम)

त यदि महिला सूर्य अस्ताउनुभन्दा अघि नै पवित्र भइहालेको छे भने यस दिनको जुहर र अस्र नमाज पढनु जरुरी छ । र जुन महिला सुर्य उदय हुनुभन्दा अघि पवित्र भई त्यसलाई मग्रिब र इशाको नमाज पढनु जरुरी छ, किनकि पहिलो नमाजको समय बाध्यताको अवस्थामा देस्रो नमाजको समय सिद्धिनुसम्म रहन्छ । (अर्थात कुनै कारण वा बाध्यताले यदि जुहरको नमाज छुट्यो भने अस्रको समयमा पनि त्यसलाई पढन सकिन्छ)

शैखुल इस्लाम इब्ने तैमिया रहेमहुल्लाह फतावाको २२/४३४ मा भन्नुहुन्छ: र यसै कारण अधिकांश विद्हरू जसरी इमाम मालिक, इमाम नेसाई र इमाम अहमद भन्छन् कि जब रजस्वलामा भएकी महिला दिनको अन्तिम भागमा पवित्र भइहालोस् त त्यो जुहर र अस्रको नमाज पढोस्, र यदि रात्रीको अन्तिम भागमा पवित्र भयो भने मग्रिब र

इशाको नमाज पढोस् । जस्तोकि यो कुरा नै हजरत अब्दुर्रहमान बिन औफ र अबू हुरैरह एवं इब्ने अब्बासबाट पनि वर्णित छ किनकि कुनै कारण वा बाध्यतालेगर्दा दुवै नमाजको समय एउटै भइहाल्दछ । यसर्थ जब त्यो महिला दिनको अन्तिम भागमा पवित्र भई तै पनि त्यसको लागि जुहरको समय बाँकी नै छ, यसर्थ जुहरलाई अस्रभन्दा अघि पढोस्, र यस्तै अन्तिम रात्रीको समय पवित्र भएको अवस्थामा त्यसको लागि मग्रिबको समय बाँकी नै छ बाध्यता हुनुको कारण यसर्थ त्यो मग्रिबलाई इशाभन्दा पहिला पढोस् ।

र यदि कुनै नमाजको समय भइसकेको छ अनि त्यस समयको नमाज पढनुभन्दा अघि नै रजस्वला आयो त यस समस्यामा सत्य कुरो यो नै हो कि त्यस नमाजको कजा गर्नु महिलामाथि अनिवार्य छैन जस समयमा महिलालाई रजस्वला अथवा प्रसूतिको रगत आएको छ ।

शैखुल इस्लाम इब्ने तैमिया मजमूअ फतावाको २३/३३५ मा यस सन्दर्भमा भनेका छन्: यस समस्यामा इमाम मालिक र इमाम अबू हनीफको उदगार नै सर्वोत्तम छ कि त्यस महिलामाथि केही गर्नु छैन अर्थात त्यस नमाजको कजा गर्नु छैन, किनकि कजाको हुकुम गर्नुको लागि कुनै आर्को नौलो निर्देशन चाहियो जुन यस समस्यामा छैन जस बमोजिम त्यसलाई कजा गर्ने आदेश गरियोस् । र त्यस महिलाले नमाजलाई जायज भएको समयसम्मको लागि विलम्बित गरेको थियो, यसर्थ त्यसले आफ्नो दायित्वको निर्वाहनमा कुनै कोताही गरेको छैन ।

र रह्यो कुरो सुतेको मान्छे र बिर्सेको मान्छेको कुरो त यद्यपि यिनीहरूले पनि आफ्नो दायित्वको निर्वाहनमा कुनै कोताही गरेका छैनन् त यसै कारण उनीहरूले पढेको नमाज अर्थात अज्ञातले ज्ञान भए पश्चात र सुतेको मानिसले जागे पश्चात जुन नमाज पढ्छन् त्यो अदा हुन्छ कजा हुँदैन । (अर्थात असल नमाज मानिन्छ कजाको नमाज मानिदैन)

## दोस्रो इस्तेहाजा

### १- इस्तेहाजाको बारेमा निर्देशनहरू :

**इस्तेहाजाको परिभाषा:** आजिल नामक नसाबाट बिना समय रगतको बगान । र मुस्तहाजा (इस्तेहाजाको रगत आइरहेको महिला)

को समस्या अति जटिल र ठूलो सास्याहरूमध्येको हो, रजस्वाला अनुरूप हुनुको कारण । यसर्थ यदि रगत महिलाको योनिबाट निरंतरताले बगिरहन्छ, वा अधिकांश समय बगिरहन्छ भने महिला रजस्वला र इस्तेहाजाको रगतमा कसरी फर्क गरोस्, र कसरी त्यो नमाज व्रतको आयोजना गरोस् ? किनकि इस्तेहाजाको रगत आइरहेको बेलामा महिला पवित्रताको अवस्थाको हुकुममा हुन्छे । यसलेगर्दा मुस्तहाजा महिलाको तीन अवस्थाहरू वर्णित छन्:

**पहिलो अवस्था:** यो कि इस्तेहाजाको रगत आउनुभन्दा अघि त्यस महिलाको रजस्वाला आउने समय निर्धारित थियो, अर्थात निर्धारित समयमा रजस्वला आउँथ्यो, जसरी ५ दिन रजस्वला आउँथ्यो वा ८ दिन, महिनाको आरम्भ वा बीच वा अन्तिम दिनहरूमा आउँथ्यो, अर्थात त्यसलाई रजस्वलाको दिनको संख्या र समयको पूर्णतया ज्ञान थियो । त यस्तो अवस्थामा महिला ती दिनहरूमा जसमा त्यसलाई रजस्वला आउँथ्यो नमाज व्रतलाई परित्याग गर्छे, र यस समय त्यसमाथि रजस्वलाको हुकुम लागू हुन्छ, अनि जब त्यो अवधि समाप्त भइहालोस् त महिला स्नान गरेर नमाज व्रतको आयोजना गरोस्, र त्यस पश्चात आउने रगतलाई इस्तेहाजाको रगत मानोस् । किनकि हजरत उम्मे हबीबह रजिअल्लाहो अन्हासित रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो कि:

﴿ امكثي قدر ما كانت تحبسك حيضتك، ثم اغتسلي وصلي ﴾[20]

अर्थ : तिमी त्यति दिन नमाजबाट रुकिराख जति दिन तिमीलाई रजस्वला आउँथ्यो, अनि स्नान गरेर नमाजको आयोजना गर । ( मुस्लिम हदीस नं. ३३४ अध्याय: अल्हैज, अबू दाऊद हदीस नं. २७९ अध्याय: अत्तहारह, नेसाई हदीस नं. २०७ अध्याय: अत्तहारह, अहमद ६/२२२ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले फातिमा बिन्ते अबि हुबैशसित भन्नु भयो:

---

(20) مسلم الحيض (334) ، النسائي الطهارة (207) ، أبو داود الطهارة (279) ، أحمد (222/6) .

﴿ إنما ذلك عرق، وليس بحيض، فإذا أقبلت حيضتك فدعي الصلاة ﴾[21]

अर्थ : त्यो (अर्थात इस्तेहाजा) एउटा नसाको कारण आउँछ, र त्यो रजस्वला होइन, यसर्थ जब तिमीलाई रजस्वला आओस् त नमाजलाई छाडिदेऊ । ( बुखारी हदीस नं. २२६ अध्याय: अल् वज़ू, मुस्लिम हदीस नं. ३३३ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. १२५ अध्याय: अत्तहारह, नेसाई हदीस नं. ३६४ अध्याय: अल्हैजो वल्इस्तेहाजा, अबू दाऊद हदीस नं. २८२ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६२४ अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/२०४, मालिक हदीस नं. १३७ अध्याय: अत्तहारह, दारमी हदीस नं. ७७४ अध्याय: अत्तहारह )

**दोस्रो अवस्था:** यो कि यस्तो अवस्था होस् कि त्यसको रजस्वला आउने निर्धारित दिन र समय थाहा नहोस्, तर रगतको विशेषतालेगर्दा इस्तेहाजा र रजस्वलाको रगत बीच फर्क गर्न सकियोस्, जसरी कि रजस्वलाको रगत कालो र दुर्गन्धित हुन्छ, र इस्तेहाजाको रगत रातो बिना दुर्गन्धको हुन्छ । त यदि यस्तो अवस्था छ भने त्यो रजस्वलाको विशेषता झैं भएको रगतलाई रजस्वला मानोस् अनि त्यस अवधिमा नमाज व्रतलाई परित्याग गरोस्, र त्यस बाहेक जुन रगत आइरहेको छ अर्थात रातो बिना दुर्गन्ध त्यसलाई इस्तेहाजा मानोस् । यसर्थ जब कालो रगत बन्द भइहालोस् त स्नान गरेर पवित्र भई नमाज व्रतको आयोजना गरोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले फातिमा बिन्ते अबि हुबैशसित भनेका थिए:

﴿ إذا كان الحيض فإنه أسود يعرف، فأمسكي عن الصلاة، فإذا كان الآخر فتوضئي وصلي ﴾[22]

---

[21] البخاري الوضوء (226) ، مسلم الحيض (333) ، الترمذي الطهارة (125) ، النسائي الحيض والاستحاضة (364) ، أبو داود الطهارة (282) ، ابن ماجه الطهارة وسننها (624) ، أحمد (204/6) ، مالك الطهارة (137) ، الدارمي الطهارة (774) .

[22] النسائي الطهارة (215) ، أبو داود الطهارة (280) ، ابن ماجه الطهارة وسننها (620) ، أحمد (464/6) .

अर्थ : यदि त्यो रजस्वलाको रगत हो भने कालो हुन्छ र यसै विशेषताद्वारा त्यसको पहिचान गरिन्छ, यसर्थ जब रगत कालो होस् त नमाजबाट रुकिहाल, र यदि यस बाहेकको विशेषतामा होस् त वजू गरेर नमाजको आयोजना गर । ( नेसाई हदीस नं. २१५ अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. २८० अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६२० अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/६४६, र यस हदीसलाई हाकिमले सही भनेका छन् )

त यस हदीसमा यो स्पष्टिकरण छ कि यस्तो अवस्थामा महिला रगतको विशेषताद्वारा रजस्वाल र इस्तेहाजा बीच फर्क गर्छे ।

**तेस्रो अवस्था:** यदि महिलालाई आफ्नो रजस्वलाको समय र दिनबारे ज्ञान नहोस् नत इस्तेहाजा र रजस्वलाको रगत बीच फर्क नै गर्न सकियोस्, त यस्तो अवस्थामा महिला रजस्वलाको सामान्य अवधि अर्थात ६ वा ७ दिन रजस्वला मानेर प्रत्येक महिनामा नमाजलाई परित्याग गरोस्, र बाँकी दिनहरूमा त्यस रगतलाई इस्तेहाजाको रगत मानेर स्नान गरी नमाजको आयोजना गरोस्, किनकि अधिकांश महिलाहरूलाई ६ वा ७ दिन नै रजस्वला आउँछ । र यस्तो गर्नुको प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमले हमनह बिन्ते जहशलाई दिएको परामर्श हो, रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँसित भन्नु भयो:

﴿ إنما هي ركضة من الشيطان، فتحيضي ستة أيام أو سبعة أيام، ثم اغتسلي، فإذا استنقأت فصلي أربعة وعشرين أو ثلاثة وعشرين، وصومي وصلي، فإن ذلك يجزئك، وكذلك فافعلي كما تحيض النساء ﴾[23]

अर्थ : यो शैतानको कष्ट दिनुमध्येको हो यसर्थ ६ अथवा ७ दिन रजस्वला मान्नु, अनि स्नान गरेर २४ दिन वा २३ दिन नमाजको आयोजना गर्नु, र यस्तै तरिकाले नमाज र व्रतको आयोजना गर्दैरहनु, र यति गर्नु नै तिम्रो लागि प्रयाप्त छ, यसर्थ तिमी पनि पूर्णतया उस्तै गर

---

(23) الترمذي الطهارة (128) ، أبو داود الطهارة (287) ، ابن ماجه الطهارة وسننها (627) ، أحمد (439/6) .

जसरी रजस्वलावाली महिलाहरू गर्छिन् । ( तिर्मिजी हदीस नं. १२८ अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. २८७ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६२७ अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/४३९ )

त संक्षेपमा यसरी बुझ्नुस् कि जसलाई आफ्नो रजस्वलाको समय अवधि थाहा छ त्यो महिला आफ्नो समयको हिसाबले रजस्वलाको गणना गरेर पूजाको आयोजना गर्छे, र जुन महिला रजस्वला र इस्तेहाजा बीच फर्क गर्न सक्छे त्यो दुवैबीच फर्क गरेर पूजाको आयोजना गर्छे, र जसलाई नत आफ्नो रजस्वलाको समय नै थाहा छ नत त्यो रजस्वला र इस्तेहाजाको रगत बीच फर्क नै गर्नसक्छे त यस्तो महिला ६ वा ७ दिन रजस्वाला मानेर पूजाको परित्गाग गर्छे अनि बाँकी दिनहरूमा स्नान गरेर पूजाको आयोजना गर्छे, त यस्तो गर्नाले यस सम्बन्धित समस्त हदीसहरूलाई कार्यन्वयनमा ल्याउन सकिन्छ ।

शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ: र यस सन्दर्भमा जुन ६ वटा निशानीहरू भनिएका छन् जसमध्ये एउटा यो हो: महिलाको रजस्वला आउने प्रकृतिक समय, त यो निशानी सबैभन्दा ठूलो निशानी हो, किनकि महिलालाई प्रकृतिक तौरले रजस्वलाको रगत नै आउँछ, यसर्थ त्यसलाई कुनै अरु रगत मान्नुले रजस्वलाको रगत मान्नु नै उत्तम छ । र दोस्रो निशानी हो, दुवैबीच अर्थात रजस्वला र इस्तेहाजा बीच फर्क गर्नु, किनकि रजस्वलाको रगत कालो बाक्लो र दुर्गन्धित हुन्छ, यसर्थ यदि रगत रातो पात्लो छ भने दुवै बीच सरलताले फर्क गर्न सकिन्छ र यो भन्न सकिन्छ कि यो रजस्वलाको रगत होइन । र तेस्रो निशानी अधिकांश महिलाहरूलाई आउने रजस्वलाको अवधि हो जुन ६ वा ७ दिन हो, यसर्थ समस्या उत्पन्न भएमा हुकुम अधिकांश अवस्थाको आधारमा नै लगाइन्छ, यसर्थ अधिकांश महिलाहरूलाई प्रकृतिक तौरले ६ वा ७ दिन नै रजस्वला आउँछ, त इस्तेहाजावाली महिलाको लागि पनि त्यही हुकुम लागू हुन्छ जुन अरु अधिकांश महिलाहरूमा देखिन्छ , त यी तीन निशानीहरूमाथि हदीसहरू र मूल प्रकृतिक अवस्था र बानीहरू संकेत गर्छन् ।

अनि उहाँले तीनवटा अरु निशानीहरूलाई वर्णन गरे पश्चात भन्नुहन्छ कि: यस समस्यामा ती तीन निशानीहरूलाई नै मान्यता प्राप्त छ जसलाई हदीसमा वर्णन गरिएको छ र त्यस बाहेकका निशानीहरूलाई स्थगित गरिएको छ ।

**२- इस्तेहाजाको अवस्थामा भएकी महिला जब पवित्रताको हुकुममा होस् त त्यसलाई के के गर्नुपर्छ :**

(क) त्यसमाथि यो अनिवार्य छ कि जब रजस्वलाको रगत आउन बन्द भइहालोस् त सर्वप्रथम स्नान गरोस् ।

(ख) प्रत्येक नमाजको समय त्यो आफ्नो योनिलाई धोएर पवित्र र स्वच्छ गरोस्, र त्यसमा रुई कपडा आदि लगाओस् ताकि इस्तेहाजाको रगतलाई रोकोस्, अनि नमाजको समय भएपश्चात प्रत्येक नमाजको लागि वजू गरोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले मुस्तहाजाको बारेमा भन्नु भएको छ:

﴿ تدع الصلاة أيام أقرائها، ثم تغتسل وتتوضأ عند كل صلاة ﴾[24]

अर्थ : तिमी रजस्वला आउने समयमा नमाजलाई छाडिदेऊ, अनि स्नान गर, र प्रत्येक नमाजको लागि वजू गर्दैगर । ( तिर्मिजी हदीस नं. १२६ अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. २९७ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६२५ अध्याय: अत्तहारह वसुननुहा, दारमी हदीस नं. ७९३ अध्याय: अत्तहारह )

र आर्को ठाउँमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ أنعت لك الكرسف تحشين به المكان ﴾[25]

अर्थ : कुनै कपडा आदि लिएर त्यसलाई योनिमा लगाएर त्यसलाई राम्ररी बाँधिदेऊ । ( तिर्मिजी हदीस नं. १२८ अध्याय: अत्तहारह, अबू

[24] الترمذي الطهارة (126) ، أبو داود الطهارة (297) ، ابن ماجه الطهارة وسننها (625) ، الدارمي الطهارة (793) .

[25] الترمذي الطهارة (128) ، أبو داود الطهارة (287) ، ابن ماجه الطهارة وسننها (622) ، أحمد (439/6) .

दाऊद हदीस नं. २८७ अध्यायः अत्तहारह, इब्ने माजा हदीस नं. ६२२ अध्यायः अत्तहारह वसुननुहा, अहमद ६/४३९ )

र वर्तमानकालमा बजारहरूमा भएका पेन्टी ... आदिलाई पनि त्यसको स्थानमा प्रयोग गर्न सकिन्छ ।

## तेस्रो प्रसूतिको रगत

**(क) त्यसको परिभाषा र अवधिः** प्रसूतिको रगत त्यो रगत हो जुन महिलाको गर्भाशयबाट बच्चा जन्मनुको समय र त्यस पश्चात आउँछ। र यो त्यो रगत हो जुन गर्भको समयमा गर्भाशयमा एकत्रित भएको हुन्छ, अनि जब महिला बच्चालाई जन्माउँछे त यो रगत एउटा निर्धारित मात्रामा निरंतरताले बग्दैरहन्छ । र जुन रगत बच्चा जन्मिनुभन्दा अघि प्रसवपीडाको साथ निस्कन्छ त्यो पनि प्रसूतिको रगत नै हो विद्हरूको कथन बमोजिम जबकि त्यो दुई अथवा तीन दिन अघि निस्केको होस् । र वास्तवमा यसको निस्कासनको आरम्भ अधिकांश महिलाहरूलाई बच्चा जन्मनु समय नै हुन्छ । र प्रसूतिको रगत तब मानिन्छ जब त्यो बच्चा जुन महिलाको पेटबाट निस्केको छ मानव आकारमा प्रष्ट भइहालेको होस्, र यसको न्यूनतम अवधि विद्हरूले ८१ दिन बताएको छन्, अर्थात गर्भ जब ८१ दिनको भइहाल्छ त बच्चालाई मानव आकार दिइन्छ । र अधिकांश महिलाहरूको गर्भमा तीन महिनापछि नै बच्चालाई मानव आकार दिइन्छ यस्तो देखापरेको छ । यसर्थ यदि यस अवधिभन्दा अघि नै महिलाको गर्भाशयबाट केही खस्दछ र त्यसको साथमा रगत निस्कन्छ त यसलाई प्रसूतिको रगत मानिदैन नत यसको कारण महिला नमाज अथवा व्रतलाई त्यग्दछे, किनकि यो विकारयुक्त र विरामीको कारणले आइरहेको रगत हो, यसर्थ यस रगतको हुकुम इस्तेहाजाको हुकुम झैं छ ।

र सुत्केरीको अधिकतम अवधि ४० दिन हो, प्रसवपीडादेखि वा त्यसभन्दा एक दुई दिन अघिदेखि । जस्तोकि यस अवस्थाको वर्णन अघि नै गरियो, र हजरत उम्मे सलमाको हदीसमा छ किः

﴿ كانت النفساء تجلس على عهد رسول الله صلى الله عليه وسلم أربعين يوما ﴾ [26]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा महिलाहरू प्रसूतिको रगतलेगर्दा चालिस दिन बस्थिइन् (अर्थात नमाज व्रत त्याग्दथिइन्) । ( तिर्मिजी हदीस नं. १३९ अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. ३१२ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६४८ अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/३००, दारमी हदीस नं. ९५५अध्याय: अत्तहारह )

र यसै कुरामा समस्त विद्हरूको एकमत छ जस्तोक इमाम तिर्मिजी आदिले वर्णन गरेका छन् । र यदि चालिस दिनभन्दा अघि नै रगत बन्द भयो भने जहिले पनि रगत बन्द भइहालोस् महिला त्यसै समय स्नान गरेर नमाज व्रतको आयोजना गरोस् किनकि सुत्केरीको रगतको न्यूनतम अवधि निर्धारित छैन । र यदि ४० दिन पूर्ण भए पश्चात पनि रगत बन्द भएन भने यदि त्यसको रजस्वलाको समय हो भने त्यसलाई रजस्वला मानेर त्यसको गन्तिलाई पूर्ण गरी स्नान गरेर नमाजको आरम्भ गरोस् । तर यदि त्यसको रजस्वलाको समय भएको छैन भने ४० दिनभन्दा अधिक आउने रगतलाई इस्तेहाजाको रगत मानिन्छ, यसर्थ यस रगतको कारण त्यो आफ्नो पूजापाठको परित्याग गर्दैन, बरु स्नान गरेर नमाजको आयोजना गर्छे । तर यदि चालिस दिनभन्दा अधिक रगत त आयो तर त्यो निरंतर रहेन नत रजस्वलाको समय नै भएको छ, त यस्तो अवस्थामा यसको हुकुमको बारेमा विद्हरूको मतभेद छ ।

**(ख) प्रसूतिको रगतसित संलग्न समस्या र निर्देशनहरू:** प्रसूतिको हुकुम रजस्वला झैं निम्न कुराहरूमा छ:

१- जसरी रजस्वलाको अवस्थामा भएकी महिलासंग सम्भोग गर्नु हराम छ त्यस्तै सुत्केरीको अवस्थामा भएकी महिलासित सम्भोग गर्नु

---

(26) الترمذي الطهارة (139) ، أبو داود الطهارة (312) ، ابن ماجه الطهارة وسننها (648) ، أحمد (300/6) ، الدارمي الطهارة (955) .

पनि हराम छ । र योनिमा सम्भोग गर्नु बाहेक अरु समस्त प्रकारले लाभ उठाउन सकिन्छ ।

२- प्रसूतिको अवस्थामा भएकी महिलाको लागि नमाज पढ्नु, व्रत बस्नु र कअ्बाको परिक्रमा गर्नु, र कुरआनलाई स्पर्श गर्नु हराम छ । यस्तै अनावश्यक कुरआनको पाठ गर्नु पनि वर्जित छ रजस्वलामा भएकी महिला सरह ।

४- प्रसूतिको रगत आइरहेको महिलामाथि सुत्केरीमा भएको कारण छुटेको व्रतको कजा गर्नु अनिवार्य छ जसरी कि रजस्वलामा भएकी महिलामाथि अनिवार्य छ ।

५- प्रसूतिको रगत समाप्त भए पश्चात स्नान गर्नु उस्तै अनिवार्य छ जसरी रजस्वलाको रगत समाप्त भए पश्चात अनिवार्य छ, र यसका प्रमाण निम्न हदीसहरू हुन्: हजरत उम्मे सलमाको वर्णन छ कि:

﴿ كانت النفساء تجلس على عهد رسول الله صلى الله عليه وسلم أربعين يوما ﴾[27]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा महिलाहरू प्रसूतिको रगतलेगर्दा चालिस दिन बस्थिइन् (अर्थात नमाज व्रत त्याग्दथिइन्) । ( तिर्मिजी हदीस नं. १३९ अध्याय: अत्तहारह, अबू दाऊद हदीस नं. ३१२ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६४८ अध्याय: अत्तहारह वसुननुहा, अहमद ६/३००, दारमी हदीस नं. ९५५ अध्याय: अत्तहारह )

र मजद इब्ने तैमियाको मुन्तकाको १/१८४ मा भनाई छ कि: मेरो दृष्टिमा यस हदीस "महिलाहरूलाई ४० दिन बस्नुको आदेश गरिन्थ्यो" मा आदेशको शब्द आएको छ जसको तत्पर्य यो हो कि यो सन्देह नगरियोस कि कदाचित खबर झूठ पनि हुन्सक्छ यसै कारण हदीसमा आदेशको शब्द प्रयोग गरिएको छ, (अर्थात प्रसूतिको अन्तिम समयसीमा निर्धारित गर्ने उद्देश्यले), नत्र यो कुरो असम्भव छ कि एक

---

[27] الترمذي الطهارة (139) ، أبو داود الطهارة (312) ، ابن ماجه الطهارة وسننها (648) ، أحمد (300/6) ، الدارمي الطهارة (955) .

युगकी समस्त महिलाहरूलाई प्रसूति वा रजस्वलाको रगत प्रकृतिक तौरले एकनास आएको होस् र सबैको समय अवधि पनि एकनास रहेको होस् ।

र हजरत उम्मे सलमा रजिअल्लाहो अन्हाद्वारा नै वर्णित छ कि:

﴾ كانت المرأة من نساء النبي صلى الله عليه وسلم تقعد في النفاس أربعين ليلة لا يأمرها النبي صلى الله عليه وسلم بقضاء صلاة النفاس ﴿ [28]

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरू प्रसूतिको रगतको कारण चालिस रात्री बस्थिइन् र यस अवधिका नमाजहरूको कजाको आदेश रसूल सल्लल्लाहो अलैहे वसल्लम उनीहरूलाई दिदैन्थे । ( अबू दाऊद हदीस नं. ३१२ अध्याय: अत्तहारह )

## जब महिलाको प्रसूतिको रगत ४० दिनभन्दा अगावैं बन्द भइहालोस्

जब प्रसूतिको अवस्थामा भएकी महिलाको रगत ४० दिनभन्दा अघि नै समाप्त भइहालोस् अनि महिलाले स्नान गरेर नमाज र पूजाको आयोजना गर्न थालोस्, अनि चालिस दिनको अवधिको भित्र पुन: त्यसलाई रगत आउन थालोस्, त यस्तो अवस्थामा सत्य कथनानुसार यस रगतलाई प्रसूतिको रगत नै मानिन्छ, यसर्थ महिलाले रगत हेरेमा नमाज व्रतलाई त्यागिहाल्छे, र जुन नमाज र व्रतको आयोजना त्यसले रगत बन्द भएको अवधिमा अर्थात पवित्रताको अवस्थामा गरेको छ त्यो पूर्णतया मान्य छ, त्यसको कजा गर्नु आवश्यक छैन । (हेर्नुस् शैख मुहम्मद बिन इब्राहीमको फतवा संग्रह २/१०२, )

तर उहाँले उक्त फतवामा यो पनि भनेका छन् कि त्यसलाई व्रतको कजा गर्नुपर्छ । तर उहाँको यो कुरा भ्रमपूर्ण छ, किनकि उहाँको भनाईको अर्थ त्यो व्रतको कजा गर्नु हो जसलाई त्यसले पवित्रताको अवस्थामा बसेको छे वा पुन: रगत आएको समय छाडेको व्रतको कजाको बारेमा यो भनेका छन् यसलाई प्रष्ट गरेका छैनन् ।

---

[28] أبو داود الطهارة (312) .

र यस्तै कुरा शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाहको फतवामा पनि उल्लेख छ जस फतवालाई मुजल्लतुद्दअ्वाले १/४४९ मा प्रकाशित गरेको थियो । र यस्तै हाशियतु इब्ने कासिम अला शरहिज्जादको १/४०५ मा पनि वर्णित छ ।

यस्तै रेसालतु फिद्दमाइत्तबीइयह लिन्निसाको पे. ५५ र ५६ मा पनि वर्णित छ जसको लेखक मुहम्मद बिन सालेह ज्यू हुनुहुन्छ । यस्तै फतावा अस्सअ्दीयाको पे. १३७ मा पनि यो कुरो स्पष्ट पारिएको छ ।

## प्रसूतिको रगतको कारण नवजातको जन्म हो, जबकि इस्तेहाजाको रगत संयोगवश आउँछ, र रजस्वलाको रगत नै मूल प्रकृतिक रगत हो

**एउटा लाभदायक कुरा:** शैख अब्दुर्रहमान अस्सअ्दीको भनाई छ कि: अघि वर्णित कुराहरूबाट यो प्रष्ट भयो कि प्रसूतिको रगत शिशु जन्मिनुको कारण आउँछ। र इस्तेहाजाको रगतको कारण संयोग वा विरामी ... आदि हुन्छ। र रजस्वलाको रगत नै मूल र असली रगत हो, र यसबारे अल्लाह नै अधिक ज्ञानी छ। ( हेर्नुस्: किताब इरशादु ऊलिल् अबसारे वल् अल्बाब पे. २४ )

**रजस्वला रोक्नुको लागि गोली औषधी ..प्रयोग गर्नु:** महिलाको लागि यस कुरामा कुनै आपत्ति छैन कि त्यो रजस्वलालाई रोक्नुको लागि औषधीको सेवन गरोस् जबकि त्यसबाट त्यसलाई कुनै प्रकारको हानि नोक्सानी नहोस्। यसर्थ जब त्यसले औषधी खायो र रजस्वला आउन बन्द भयो त त्यसलाई यो आवश्यक छ कि नियमित नमाज र व्रतको आयोजना गरोस्, र कअ्बाको परिक्रमा पनि गरोस्, र यस्ता कार्यहरू गर्नु त्यससित उस्तै मान्य छ जसरी अरु पवित्र स्त्रीहरूसित मान्य हुन्छ।

**गर्भपातको हुकुम:** हे आस्थावान महिलाहरू ! तिमी धरोहरी हौ त्यस ज्यानको जसलाई अल्लाहले तिम्रो गर्भाशयमा उत्पात गरेको छ, यसर्थ तिमी आफ्नो गर्भावस्थालाई नलुकाऊ, अल्लाहको फर्मान छ:

﴿ وَلَا يَحِلُّ لَهُنَّ أَن يَكْتُمْنَ مَا خَلَقَ ٱللَّهُ فِىٓ أَرْحَامِهِنَّ إِن كُنَّ يُؤْمِنَّ بِٱللَّهِ وَٱلْيَوْمِ ٱلْءَاخِرِ ﴾ البقرة: ٢٢٨

अर्थ : तिनीहरूका लागि यो इजाजत छैन कि जे तिनको गर्भमा अल्लाहले सृष्टि गरेको छ त्यसलाई लुकाउन् यदि तिनीहरूको अल्लाह र कयामतको दिन माथि आस्था छ। ( सूरतुल् बकर: २२८ )

र आफ्नो गर्भपातका उपायहरू नखोज किनकि अल्लाहले तिमीलाई रमजानको महिनामा पनि खानपान गर्नुको अनुमति दिएको छ यस्तो अवस्थामा जब व्रत बस्नु तिम्रो लागि कष्टदायक होस् गर्भको कारण, वा व्रत तिम्रो गर्भमा भएको बच्चाको लागि हानिकारक होस्।

र वर्तमानकालमा जुन गर्भपातका क्रियाकलापहरू प्रचलित छन् समस्त हराम कार्य हुन् । र यदि गर्भाशयमा भएको बच्चाको शरीरमा आत्मा (प्राण) हालिए पश्चात गर्भपात गराइयो भने त्यो ज्यान मार्नु सरह छ जसबाट अल्लाहले रोकेको छ । र यस्तो कुकर्म गरेमा मान्छेमाथि अपराधी सरह हुकुम लागू हुनेछ अर्थात त्यसलाई त्यसको क्षतिपूर्ति दिनुपर्छ त्यस गर्भको स्टेजको आधारमा । र केही विद्हरूको विचारमा त यस्तो गर्ने मान्छेमाथि कफ्फारह दिनु (क्षतिपूर्ति दिनु) अनिवार्य भइहाल्छ, जुनकि एक दास मुक्त गर्नु हो, र जससित दास नहोस् त्यसलाई दुई महिनाको निरंतर व्रत बस्नुपर्छ । र केही विद्हरूले त यसलाई सानो हत्याको नाम दिएका छन् । र शैख मुहम्मद बिन इब्राहीम रहेमहुल्लाह आफ्नो फतावा संग्रहको ११/१५१ मा भन्छन्: र रह्यो कुरो गर्भपात गर्नुको प्रयासको त यो जायज छैन जबसम्म यो प्रमाणित नभइहालोस् कि गर्भमा भएको बच्चाको मृत्यु भइसकेको छ, यसर्थ यदि त्यसको मृत्यु भइसकेको कुरो प्रमाणित भइहालोस् भने यस्तो अवस्थामा गर्भपात गर्नु जायज छ ।

र सउदीका ठुलठूला विद्हरूको कमीटी (समिति) को २०/६/१४०७ हिज्ररीमा बसेको बैठकको करार नं. १४० अन्तर्गत निम्न कुराहरूलाई पारित गरिएको थियो:

१- बिना वैधानिक कारण गर्भको कुनै पनि स्टेजमा गर्भपात गराउनु हराम छ, र गर्भपात सम्बन्धि वैधानिक कारणहरूको सीमा अति संकुचित छ ।

२- जब गर्भ पहिलो स्टेजमा होस् अर्थात ४० दिन भित्रको अवधिमा होस्, त यस्तो अवस्थामा यदि अरु बच्चाहरूको राम्रो शिक्षादिक्षा गर्ने उद्देश्यले वा यस कारण कि त्यो आफ्नो बच्चाहरूको पालनपोषण राम्ररी गर्न सक्दैन, वा तिनीहरूलाई राम्रो भविष्य दिनसक्दैन, वा जति सन्तानहरू त्यससित छन् त्यतिमा पुग्छ त्यति प्रयाप्त छन् यस्तो धारणाको साथ गर्भपात गराउँछ भने यस्तो गर्नु जायज छैन ।

३- जब गर्भमा भएको भ्रुण अथवा मासुको डल्लो (अलका र मुजगा) को आकारमा होस् त त्यसको गर्भपात गर्नु जायज छैन, यस

अवस्था बाहेक कि कुनै विश्वासनीय चिकित्सक यो भनोस् कि यस गर्भलाई निरंतरता दिएमा त्यसको आमाको ज्यान जाने खतरा छ, त यस्तो अवस्था र परिस्थितिमा गर्भपात गराउनु जायज भइहाल्छ जब त्यसको अरु कुनै विकल्प नबचोस् ।

४- गर्भको तेस्रो स्टेज पश्चात अर्थात ४ महिना पश्चात गर्भपात तबसम्म गराउन सकिन्न जबसम्म चिकित्सकहरूको विश्वासनीय समूहले यस कुराको पुष्टि नगरिदेओस् कि गर्भपात नगराएमा त्यसको आमाको ज्यान जाने खतरा छ, र गर्भपात बाहेक अरु कुनै विकल्प बाँकी नबचेको होस्, त यस्तो अवस्थामा त्यसलाई गर्भपातको अनुमति छ सानोभन्दा ठूलो घातक कुरालाई हटाउने उद्देश्यले र दुई भलाईमध्ये अत्याधिक लाभदायक कुराको प्राप्तिको उद्देश्यले ।

त ठूलो विद्हरूको समितिले यसबारे जुन कुराहरू पारित गरेका छन् त्यसलाई तपाईहरूले हेर्नु भयो, यसर्थ तपाईहरूलाई यो उपदेश छ कि यस समस्यामा अल्लाहसित डर मान्नुस् र सुमार्गमा सुदृढ रहनुस्, र अल्लाह नै यसको अवसर प्रदान गर्नेवाला छ, र अल्लाहको शान्ति अवतरित होस् हाम्रा नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका समस्त साथीहरूमाथि ।

र **महिलाहरूको प्रकृतिक रगत** नामक पत्रिकामा शैख मुहम्मद बिन उसैमीनको भनाई छः यदि गर्भपातबाट उद्देश्य त्यसलाई नष्ट गर्नु होस् त यदि यो कर्म त्यसमा आत्मा हालिए पश्चात गरिएको छ भने यस्तो गर्नु बिना कुनै सन्देह हराम छ, किनकि यो अकारण ज्यान मार्नु हो, र यस्तो ज्यानलाई नष्ट गर्नु हो जसको हत्या गर्नु कुरआन र हदीस एवं सर्वसहमतिबाट प्रमाणित छ । (उपरोक्तमा वर्णित पत्रिकाको पे. ६० )

र इमाम इब्नुल् जौजी अहकामुन्निसा नामक किताबको पे. १०८ र १०९ मा आफ्नो उदगार यसरी प्रकट गर्छन् किः जब विवाहको उद्देश्यहरूमध्ये सन्तानको प्राप्ति पनि हो, र प्रत्येक वीर्यको थोपाबाट सन्तानको उत्पात हुँदैन, यसर्थ जब गर्भ धारण भयो त उद्देश्य पूर्ण भयो, यसर्थ त्यसलाई पतन गर्नु उद्देश्य विरुद्ध कार्य हो । त यदि गर्भपात आत्मा हालिनुभन्दा अघि गरिएको छ तै पनि यो ठूलो अपराध हो, तर त्यसभन्दा कम दोष लाग्दछ जुन गर्भपात आत्मा हालिए

पश्चात गरिन्छ, किनकि आत्मा नहालिए पनि त्यो परिपूर्णतातर्फ अग्रसर नै थियो । यसर्थ जसले आत्मा हालिए पश्चात गर्भपात गऱ्यो त्यो आस्थावान मानिसलाई वध गर्ने सरह भयो । र अल्लाहको फर्मान छः

﴿ وَإِذَا ٱلۡمَوۡءُۥدَةُ سُئِلَتۡ ۝٨ بِأَيِّ ذَنۢبٖ قُتِلَتۡ ۝٩ ﴾ التكوير: ٨ - ٩

अर्थ : र जब जिउँदै गाडिएकी केटीसंग सोधिनेछ, । कि कुन पापको कारण उसलाई मारिएको थियो । ( सूरतुत्तक्वीर ८,९ )

तसर्थ हे मुसलमान स्त्रीहरू ! अल्लाहसित डरमान र यस्तो घातक दोषलाई कुनै पनि स्वार्थको कारण नगर, र नत भ्रमित मीडिया र भ्रमित दावीहरूको फकाइबाट धोका खाऊ, नत अन्धविश्वासीहरूको गतिविधिहरूबाट नै धोका खाऊ, किनकि यस्ताखालका दावी र गतिविधिहरूसित नत धार्मिक प्रमाणहरू छन् नत मानसिक एवं मनोवैज्ञानिक प्रमाणहरू ।

# चौथो अध्याय
# लुगा कपडा र परदासित सम्बन्धित निर्देशनहरू

## पहिलो: मुसलमान महिलाको वैधानिक लुगाको विशेषता:

१- यो अनिवार्य छ कि मुसलमान महिलाको लुगा यस्तो प्रकारको होस् कि त्यसको समस्त शरीरलाई छोपेको होस्, ती मानिसहरू समक्ष जुन त्यसको मुहरिम होइनन् । र महिला आफ्ना मुहरिमहरूको समक्ष यस्तो लुगा लगाओस् जसलेगर्दा त्यसका ती अंगहरू मात्र खुलेका होउन् जुन सामान्य अवस्थामा खुल्ला हुन्छन् जसरी अनुहार पाइलाको तल्लो भाग (चरण) ।

२- त्यो लुगा आफूमुनि (अर्थात भित्र) भएका समस्त कुराहरूलाई पूर्णतया लुकाएको होस्, यसर्थ यति पात्लो र सफा (जालीदार) नहोस् कि त्यसको पछाडि भएको शरीरका अंग र रंग झल्कोस् ।

३- यति संकुचित र टाइट नहोस् कि शरीरका अंगहरूको उभार ( वक्ष.. आदि) जाहेर होस् । सही मुस्लिममा एउटा हदीस छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ صنفان من أهل النار لم أرهما: قوم معهم سياط كأذناب البقر يضربون بها الناس، ونساء كاسيات عاريات، مائلات مميلات، رؤوسهن كأسنمة البخت المائلة، لا يدخلن الجنة، ولا يجدن ريحها، وإن ريحها ليوجد من مسيرة كذا وكذا ﴾[29]

अर्थ : दुई प्रकारका नर्कबासीहरूलाई अहिलेसम्म मैले हेरेको छैन: एउटा यस्तो जाति (समूह) जसको पास गाईको पुच्छर झैं कोरा हुन्छ जसद्वारा उनीहरू मान्छेहरूलाई हान्नेछन्, र आर्को जुन लुगा लगाए पनि नि:वस्त्र हुने सरह हुन्छिन् (अर्थात यस्तो पात्लो र चुस्त एवं संकुचित लुगा लगाएका हुन्छिन् कि नंग्न अवस्था झैं हुन्छिन्) र जुन अश्लीलता र निर्लज्जतातर्फ स्वयम आकर्षित हुन्छिन् र अरुलाई पनि आकर्षित गर्छिन्, र उनीहरूको टाउको (कपालको चोटि) ऊँट्नीको कोहान जस्तो ढल्केको हुन्छ, त यिनी नत स्वर्गमा प्रवेश पाउने छन्

---

(29) مسلم اللباس والزينة (2128) ، أحمد (440/2) ، مالك الجامع (1694) .

नत त्यसको सुगन्ध नै पाउने छन् जबकि त्यसको सुगन्ध यति.. यति.. दूरीजतिको अवधिबाट पाइन्छ। ( मुस्लिम हदीस नं. २१२८ अध्याय: अल्लेबासु वज्जीनह, अहमद २/४४०, मालिक अल् जामेअ् हदीस नं. १६९४ )

शैखुल इस्लाम इब्ने तैमिया रहेमहुल्लाहको आफ्नो फतावा संग्रहको २२/१४६ मा वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन (كاسيات عاريات ) कासियात आरियातको अर्थ हो कि उनीहरू यस्तो कपडा लगाउँछिन् जुन परदा गर्दैन त तिनी लुगा लगाएर पनि नंग्न अवस्थामा नै रहन्छिन्, जसरी कि यति पात्लो कपडा लगाइयोस् जसबाट चर्म पनि झल्कोस्, वा यति टाएट लुगा लगाइयोस् जसद्वारा त्यसको अंगका जोड जोड (जोंनि) जाहेर होस्, जसरी त्यसको हिप नितम्ब र स्तनहरू ... । बरु महिलाको वास्तविक लुगा त्यो हो जुन त्यसलाई पूर्णतया छोपेको होस्, र त्यसको शरीरको कुनै पनि अंग जाहेर नहोस् त्यस लुगाको फराकिलो र बाक्लो हुने कारण।

४- त्यसको लुगा पुरुषहरू झैं नहोस् किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले पुरुषको अनुरूपता अख्तियार गर्ने महिलाहरूलाई धिक्कृत गरेका छन्। र यस कार्यलाई यसरी गरिन्छ कि महिला त्यस लुगालाई लगाओस् जुन पुरुषहरूको लागि विशिष्ट छ, जस्तोकि प्रत्येक समाज र समुदायहरूमा दुवै वर्गका लुगाफाँट अलग र भिन्न हुन्छन् अर्थात विशिष्ट हुन्छन्। र यस्तै पुरुषको बानीबेहोरामा पनि अनुरूपता अख्तियार गर्नु हराम छ।

शैखुल इस्लाम इब्ने तैमियाले मज्मूअ फतावाको २२/१४८, १४९, १५५ मा भन्नुहुन्छ: महिला र पुरुषका लुगाहरूलाई भिन्न गर्ने कुरा त्यसको उत्तम हुनु हो, यसर्थ जुन पुरुषको लागि उत्तम होस् त्यो पुरुषको लागि र जुन महिलाको लागि उत्तम होस् त्यो महिलाको लागि विशिष्ट हुन्छ। र यो नै त्यो कसौटी हो जसको आधारमा दुवैलाई त्यसको लागि सुहाँउदो लुगाको आदेश गरिन्छ।

त जब महिलालाई त्यसको शरीरलाई लुकाउनुको आदेश छ, र नि:वस्त्रताबाट रोकिएको छ, र यसै कारण महिलालाई अजान दिनुको आदेश छैन, र तल्बिया पढ्दा पनि स्वरलाई उच्च गर्ने आदेश छैन, नत

उनीलाई सफा मरवामाथि चढने आदेश छ, नत पुरुष झैं एहराम लगाउने आदेश छ, किनकि एहराममा पुरुषलाई यो आदेश छ कि त्यो आफ्नो टाउकोलाई नछोपोस्, नत सामान्य लुगा नै लगाओस्, यसर्थ नत त्यो कमीच लगाओस् नत सिरवाल, नत बुरनुस लगाओस् नत मोजा ... । र रह्यो महिलाको कुरो त त्यसलाई यस्तो कुनै पनि लुगाबाट रोकिएन, किनकि त्यसलाई परदा गर्ने आदेश छ यसर्थ परदा विरुद्ध लुगा लगाउनुलाई कसरी वैधानिक गरिन्थ्यो । तर त्यसलाई पनि नकाब र हथकेलीमा लगाउने पञ्जाबाट रोकियो, किनकि त्यो त्यस अंगको आकार जतिको बनाइएको हुन्छ जसको त्यसलाई आवश्यकता छैन....। अनि भन्नुहुन्छ कि त्यो एहरामको अवस्थामा पनि अपरिचित मानिसहरूसित परदा गर्छे अर्थात आफ्नो अनुहारलाई छोप्दछे...। अनि अगाडि भन्छन् : यसर्थ यो स्पष्ट भयो कि यो आवश्यक छ कि महिला र पुरुषका पहिरन र लुगाहरू विशिष्ट होउन् जसलेगर्दा एकआर्काको लुगाको पहिचान गरियोस् , यसर्थ महिलाको लुगा यस्तो हुनुपर्‍यो जसमा त्यसको पूर्ण शरीरको पर्दा होस् । त जब यो प्रष्ट भइहालोस् कि यस लुगालाई अधिकतर पुरुषहरू नै लगाउँछन् त त्यसलाई महिलाले लगाउनु अवैध छ । र यदि कुनै यस्तो लुगा होस् जसमा पुरुषको अनुरूपताको साथै नि:वस्त्रता पनि होस् त यस्तो लुगा लगाउनु महिलाको लागि दुवै कारणले वर्जित भइहाल्छ । र अल्लाह नै अधिक ज्ञानी छ ।

५- यस्तो श्रृंगारयुक्त लुगा नहोस् कि जब त्यो त्यसलाई लगाएर निस्कोस् त सबैलाई आकर्षित गरोस्, र यदि लुगा यस्तोखालको छ भने त्यो श्रृंगारद्वारा बेपरदा हुनेहरूको सीमाभित्र आउँछ ।

## दोस्रो: हिजाबको अर्थ र त्यसको प्रमाण एवं लाभहरू:

हिजाबको अर्थ हो: कि महिला आफ्नो पूर्ण शरीरलाई गैर मुहरिमहरूबाट छोपोस् । जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَقُل لِّلْمُؤْمِنَاتِ يَغْضُضْنَ مِنْ أَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا

يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَىٰ جُيُوبِهِنَّ وَلَا

يُبۡدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنَّ أَوۡ ءَابَآئِهِنَّ أَوۡ ءَابَآءِ بُعُولَتِهِنَّ
أَوۡ أَبۡنَآئِهِنَّ أَوۡ أَبۡنَآءِ بُعُولَتِهِنَّ أَوۡ إِخۡوَٰنِهِنَّ أَوۡ بَنِيٓ إِخۡوَٰنِهِنَّ أَوۡ
بَنِيٓ أَخَوَٰتِهِنَّ أَوۡ نِسَآئِهِنَّ أَوۡ مَا مَلَكَتۡ أَيۡمَٰنُهُنَّ أَوِ ٱلتَّٰبِعِينَ غَيۡرِ أُوْلِي
ٱلۡإِرۡبَةِ مِنَ ٱلرِّجَالِ أَوِ ٱلطِّفۡلِ ٱلَّذِينَ لَمۡ يَظۡهَرُواْ عَلَىٰ عَوۡرَٰتِ ٱلنِّسَآءِۖ ﴾

النور: ٣١

अर्थ : र आस्थावान स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राख्ने गरुन् र आफ्नो गुप्ताङ्गहरुको रक्षा गरुन् आफ्ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरूले छोपिराखुन् र आफ्नो श्रृंगार कसैलाई प्रकट नगरुन्, आफ्ना पतिहरू वा आफ्ना बुबा वा आफ्नो पतिको बुबा वा आफ्ना छोरा वा आफ्ना पतिको छोरा वा आफ्ना खासै भाइहरू वा भतिजाहरू वा आफ्ना भानिजहरू वा आफ्नो मेलजोलका स्त्रीहरू वा लौंडीहरू र उनीहरूको अधिनस्त यस्ता पुरुषहरू छन् जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरू जो कि स्त्रीहरूको कुरोसित परिचित हुँदैनन् तिनीहरू बाहेक । ( सूरतुन्नूर ३१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَإِذَا سَأَلۡتُمُوهُنَّ مَتَٰعٗا فَسۡـَٔلُوهُنَّ مِن وَرَآءِ حِجَابٖۚ ذَٰلِكُمۡ أَطۡهَرُ
لِقُلُوبِكُمۡ وَقُلُوبِهِنَّۚ ﴾ الأحزاب: ٥٣

अर्थ : र जब तिमी नबीका पत्नीहरूसँग केही माँग्दछौ भने उनीहरूसित पर्दाको पछाडिबाट माँग । यो धेरै शुद्धताको कुरा हो, तिम्रा हृदयहरूका लागि र उनीहरूका हृदयका लागि पनि ।( सूरतुल् अहजाब ५३ )

र हिजाबको अर्थ हो **जुन महिलालाई छोपोस्** अब चाहे त्यो पर्खाल होस् वा ढोका अथवा लुगा । र यो श्लोक यद्यपि रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरूको बारेमा अवतरित भएको छ तै पनि

यसको हुकुम समस्त महिलाहरूको लागि एकनास छ किनकि त्यसको कारण अल्लाहले यो वर्णन गरेका छन्:

﴿ ذَٰلِكُمْ أَطْهَرُ لِقُلُوبِكُمْ وَقُلُوبِهِنَّ ﴾ الأحزاب: ٥٣

अर्थ : यो धेरै शुद्धताको कुरा हो, तिम्रो हृदयहरूका लागि र उनीहरूका हृदयका लागि पनि।( सूरतुल् अहजाब ५३ )

त यो कारण सबैमा एकनास छ जसलेगर्दा यसको हुकुम पनि सबैलाई समाविष्ट छ।

र अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلنَّبِيُّ قُل لِّأَزْوَٰجِكَ وَبَنَاتِكَ وَنِسَآءِ ٱلْمُؤْمِنِينَ يُدْنِينَ عَلَيْهِنَّ مِن جَلَٰبِيبِهِنَّ ﴾ الأحزاب: ٥٩

अर्थ : हे पैगम्बर ! आफ्ना पत्नीहरू र आफ्ना छोरीहरू र ईमानवाली स्त्रीहरूसँग भनिदिनुस् कि तिनीहरू आफुमाथि “आफ्ना च्यादर हाल्ने गरुन्”। ( सूरतुल् अहजाब ५९ )

र शैखुल इस्लाम मजमूअ् फतावाको २२/११०,१११ मा भन्छन्: जिलबाब नै उचित छ र यसैलाई इब्ने मसऊद र अरु विद्हरूले रेदाअ् (च्यादर) भनेका छन्। र जुन् अधिकांश एजार (लुंगी) भन्छन् त त्यसको अर्थ त्यो ठूलो लुंगी हो जुन महिलाको टाउकोदेखि समस्त शरीरलाई छोप्दछ। र अबू उबैदह र उनी बाहेक अरु विद्हरूले भनेका छन् कि त्यसलाई महिला आफ्नो टाउकोमाथि यसरी लगाओस् कि त्यसको आँखा बाहेक केही जाहेर नहोस्, र यसै जस्तो नकाब पनि हुन्छ।

र महिलाको गैर मुहरिमहरूबाट आफ्नो अनुहारको पर्दा गर्ने प्रमाणहरूमध्ये हजरत आइशाको यो हदीस पनि हो, हजरत आइशाको वर्णन छ कि:

﴿ كان الركبان يمرون بنا ونحن مع رسول الله صلى الله عليه وسلم محرمات، فإذا حاذوا بنا سدلت إحدانا جلبابها من رأسها على وجهها، فإذا جاوزنا كشفناه ﴾[30]

अर्थ : सवारहरू हामीहरूको पासबाट गुज्रन्थे र हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा एहराममा हुन्थें, अनि जब सवारहरू (यात्रीका समूहहरू) हामीहरू नजिक पुग्थे त हामीमध्ये प्रत्येक महिलाले आफ्नो जिलबाबलाई टाउकोबाट अनुहारमाथि गरेर त्यसलाई छोपिलिन्थ्यो, अनि जब उनी गइहाल्थे त हामी अआफ्ना अनुहारलाई खोलिलिन्थें । ( अबू दाऊद हदीस नं. १८३३ अध्याय: अल्मनासिक, अहमद ६/३०, इब्ने माजा हदीस नं. २९३५ अध्याय: अल्मनासिक )

र यस कुरोको प्रमाण कुरआन र हदीसहरूबाट थुप्रै छन् । यसर्थ अनुहारलाई छोप्नेबारे अधिक ज्ञानको लागि हे मुसलमान युवतीहरू म तपाईहरूसित निम्नका किताबहरूलाई हेर्ने आग्रह गर्दछु: हिजाबुल् मरआ वलिबासुहा फिस्सलात लेखक: शैखुल् इस्लाम इब्ने तैमिया, र हुकमुस्सफूर वल् हिजाब लेखक: शैख अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज, र अस्सारिमुल् मश्हूर अलल् मफ्तूनीना बिस्सफूर लेखक: शैख हमूद बिन अब्दुल्लाह अत्तुवैजरी, र रेसालतुल् हिजाक लेखक: शैख मुहम्मद बिन सालेह अल् उसैमीन । त उपरोक्तका किताबहरूमा यति लाभप्रद कुराहरू छन् जुन यस विषयलाई प्रयाप्त हुन्छन् ।

यसर्थ हे मुसलमान स्त्री तिमीलाई ज्ञात रहोस् कि जुन विदहरूले तिम्रो लागि अनुहारलाई खुल्ला राख्नु जायज भनेका छन् यस शर्तको साथ कि यसबाट उपद्रवको सम्भावना नहोस्, तै पनि उनीहरूको यो कुरो अमान्य छ किनकि फितना (उपद्रव)बाट संरक्षण कता छ ? र विशेषरूपले वर्तमान युगमा जसमा पुरुष र महिला दुवैभित्र धर्म परायणतामा अति कमी आइसकेको छ, र लज्जा मान्नुमा कमी आएको छ, र उपद्रवतर्फ आहवान गर्नेहरूको संख्यामा वृद्धि भइसकेको छ, र महिलाहरूले नानाथरीका श्रृंगारद्वारा आफ्नो अनुहारलाई सजाउन थालेकाछिन्, जसलेगर्दा निर्लज्जता र उपद्रवको खतरा अरु बढिसकेको

(30) أبو داود المناسك (1833) ، ابن ماجه المناسك (2935) ، أحمد (30/6) .

छ। यसर्थ हे मुसलमान महिला यी समस्तबाट बाँच्नु, र तिमी आफ्नो शरीरको यस्तो तरिकाले परदा गर्नु कि त्यसको कुनै पनि भाग प्रदर्शित नहोस् र तिम्रो माध्यमले निर्लज्जताको विस्तार नहोस्।

तसर्थ विगत वर्तमानका विद्हरूमध्ये एउटा विद्ले पनि ती समस्तलाई जायज भनेका छैनन् जसलाई वर्तमानका महिलाहरू प्रयोग गर्छिन्, र जसद्वारा उनीहरूको हिजाबप्रति कपट र कुटिलता सुदर्शित भइहाल्छ। यसर्थ तिनीहरू जब यस्तो समाज र वातावरणमा हुन्छिन् जहाँ हिजाबको चलन छ त त्यहाँ हिजाब लगाउँछिन् , र यदि यस्तो समाजमा छिन् जहाँ हिजाब लगाइदैन त त्यहाँ यिनीहरू पनि बेपरदा भइहाल्दछिन्। र केही महिलाहरू त सार्वजनिक स्थानमा त परदाको प्रयोग गर्छिन् तर कुनै दोकान वा चिकित्साकेन्द्र वा सुनचाँदीको पसल, वा दर्जीको दोकानमा प्रवेशगर्दा आफ्नो अनुहार र बाँहलाई यसरी निःवस्त्र गरिहाल्छिन् मानो आफ्नो लोग्ने समक्ष बसेका छिन् वा आफ्नो कुनै मुहरिमसंग छिन्। त जुन महिलाहरू यस्तो व्यवहार गर्दछिन् उनी अल्लाहसित डर मानुन्। र यो पनि दर्शन गरिएको छ कि महिलाहरू पलेनद्वारा बाहिरबाट आउँदा तबसम्म हिजाबको प्रयोग गर्दैनन जबसम्म जहाज यस देशको (सउदीको) कुनै विमास्थलमा प्रस्थान नगरोस्, यसर्थ परदा गर्नु वर्तमानमा रीति रिवाज र बानी एवं फैशन भइसकेको छ, कुनै धार्मिक अनुष्ठान र निर्देशन रहेन।

हे मुसलमान महिला ! निःसन्देह परदा तिमीलाई विषालू दृष्टिहरूबाट सुरक्षा प्रदान गर्छ जुनकि रोगी मान्छेहरू र मानवमध्ये कुकुरहरूबाट तिमीहरूमाथि हालिन्छ, र यो परदा तिमीलाई अश्लीलतायुक्त घाउबाट (व्यभिचार बलात्कारबाट) सुरक्षा प्रदान गर्छ। यसर्थ हे मुस्लिम महिला हिजाबलाई आफूमाथि अनिवार्य गर, र ती मीडियाहरू (दूरसंचारहरू) तर्फ ध्यान नदेऊ जुन हिजाबका विरोधी छन् वा त्यसको महत्वलाई कम गर्ने प्रयास गर्न खोज्दछन्, र यी सबै षडयन्त्रहरूद्वरा उनीहरूको उद्देश्य तिमीलाई हानि पुऱ्याउनु मात्र छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَيُرِيدُ ٱلَّذِينَ يَتَّبِعُونَ ٱلشَّهَوَٰتِ أَن تَمِيلُواْ مَيۡلًا عَظِيمٗا ٢٧ ﴾

النساء: ٢٧

अर्थ : र जुन मानिसहरू आफ्नै स्वार्थपूर्ण चाहनाबाट दोशित हुन्छन्, तिनीहरू चाहन्छन् कि तिमी आफ्नो सत्य मार्गबाट धेरै बिचलित भइहाल । ( सूरतुन्निसा २७ )

# पाँचौं अध्याय
# नमाजमा महिलाहरूसित विशिष्ट समस्या र निर्देशनहरू

हे मुसलमान महिलाहरू नमाजलाई त्यसको निर्धारित समयमा त्यसका आधार वाजिबात र शर्तहरूको साथ आयोजित गर । र अल्लाहले उम्महातुल् मुमिनीन (आस्थावानहरूकी आमा) हरूलाई सम्बोधित गर्दै भनेको छः

﴿ وَأَقِمْنَ ٱلصَّلَوٰةَ وَءَاتِينَ ٱلزَّكَوٰةَ وَأَطِعْنَ ٱللَّهَ وَرَسُولَهُۥٓ ﴾ الأحزاب: ٣٣

अर्थ : नमाजको आयोजन गर्दै गर जकात दिने गर । र अल्लाह र उसको रसूलको आज्ञापालन गर । ( सूरतुल् अहजाब ३३ )

त यो आदेश समस्त मुसलमान महिलाहरूको लागि हो, र नमाज इस्लामका आधारहरूमध्ये दोस्रो आधार हो, र यो इस्लामको मूल स्तम्भ पनि हो, र यसलाई त्याग्ने मान्छे इस्लाम धर्मबाट निष्कासित भइहाल्छ, र यसलाई त्याग्नु नास्तिकता हो। यसर्थ पुरुष र महिलाहरूमध्ये जसले पनि नमाजको आयोजना गर्दैन त्यो अधर्मी र नास्तिक हो, मुस्लिम होइन, र अकारण नमाजलाई त्यसको नियमित समयबाट अवलम्बित गर्नु त्यसलाई नष्ट गर्नु सरह छ। र अल्लाहको फर्मान छः

﴿ ۞ فَخَلَفَ مِنۢ بَعۡدِهِمۡ خَلۡفٌ أَضَاعُواْ ٱلصَّلَوٰةَ وَٱتَّبَعُواْ ٱلشَّهَوَٰتِۖ فَسَوۡفَ يَلۡقَوۡنَ غَيًّا ٥٩ إِلَّا مَن تَابَ وَءَامَنَ وَعَمِلَ صَٰلِحٗا فَأُوْلَٰٓئِكَ يَدۡخُلُونَ ٱلۡجَنَّةَ وَلَا يُظۡلَمُونَ شَيۡـٔٗا ٦٠ ﴾ مريم: ٥٩ - ٦٠

अर्थ : अनि उनीहरूपछि उनका केही यस्ता सन्तान आए जसले नमाज छोडिहाले र कामवासनाको पूर्तिमा लागिहाले त्यसकारण छिट्टै तिनीहरूको क्षति तिनीहरूको सामुन्ने आउनेछ। तर हो, जसले प्रायश्चित गरे र ईमान ल्याए र सत्कर्म गरे, तिनीहरू बहिश्त (स्वर्ग)

मा प्रवेश पाउने छन् र तिनीहरूको केही पनि हानि नोक्सानी गरिने छैन । ( सूरतु मरियम ५९,६० )

र इब्ने कसीरले आफ्नो तफ्सीरमा (कुरआनको व्याख्यानको किताबमा) वर्णन गर्छन् कि नमाजलाई जाएअ् गर्नुको अर्थमा व्याखयान गर्नेहरूको कथन छ कि यसको अर्थ हो: त्यसको निर्धारित र मूल समयलाई नष्ट गर्नु अर्थात त्यस नमाजलाई त्यसको निर्धारित समयमा नपढिकन त्यो समय बिते पश्चात पढनु । र श्लोकमा आएको आर्को शब्द गैइको अर्थमा व्याख्यान गर्नेहरूको भनाई छ कि यसको अर्थ हो: त्यो घाटा (हानि) जुन उनीहरू बेहोर्ने छन्, र यो पनि भनिएको छ कि त्यो नर्कको एउटा (घाटी हो) स्थान हो ।

र महिलाका लागि पुरुषहरूको तुलनामा केही निर्देशनहरू विशिष्ट छन् जसलाई निम्नमा वर्णन गरिन्छ:

१- महिलालाई नत अजान (नमाजको लागि केही विशेष शब्दहरूद्वारा आह्वान गर्ने क्रम) दिने आवश्यकता छ नत इकामत ( नमाजको लागि उभ्ने समय अजान झैं भनिने शब्दहरू) भनने नै आवश्यकता छ, किनकि अजान यस कारण वैधानिक गरिएको छ ताकि त्यसद्वारा स्वरलाई उच्च गरियोस्, तर महिलाको लागि स्वरलाई उच्च गर्नु जायज छैन, र अजान एवं इकामत महिलाद्वारा भनिनु दुरुस्त पनि छैन । र मुग्नीमा इमाम इब्ने कुदामा भन्छन्: यसबारेमा कसैको मतभेद हामीलाई थाहा छैन । (मुग्नी २/६८)

२- महिलाको समस्त शरीर अनुहार बाहेक छोपिएको होस् । र त्यसको कदम चरण र हत्केलीको छोप्नेबारे विदहरू बीच मतभेद छ, र मतभेद पनि यस्तो परिस्थितिमा छ जब त्यसलाई हेर्नेवाला कुनै गैर मुहरिम अर्थात अपरिचित व्यक्ति नहोस्, तर यदि यो सम्भावना छ कि त्यसलाई कुनै अपरिचित व्यक्ति हेर्न सक्दछ भने समस्त विद्हरूको यस कुरामा एकमत छ कि महिला आफ्नो हत्केली र चरणको पनि परदा गर्छे अर्थात त्यसलाई यस्तै छोपोस् जसरी नमाज बाहेकका अवस्थाहरूमा अपरिचितहरूबाट छोप्दछे । यसर्थ त्यसमाथि अनिवार्य छ कि नमाज पढ्दा आफ्नो टाउको गर्दन र समस्त शरीरलाई छोपोस्

यहाँसम्म कि पाइलाको कदम चरणको उपरी भागलाई पनि छोपोस् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ لا يقبل الله صلاة حائض – يعني: من بلغت الحيض – إلا بخمار ﴾[31]

अर्थ : व्यसक युवती जसलाई रजस्वला आउन लागेको छ त्यसको नमाज अल्लाह बिना चुन्नी स्वीकार्य गर्दैनन् । ( तिर्मिजी हदीस नं. ३७७ अध्यायः अस्सलात, अबू दाऊद हदीस नं. ६४१ अध्यायः अस्सलात, इब्ने माजा हदीस नं. ६५५ अध्यायः अत्तहारह वसुननुहा, अहमद ६/२५९ )

र खेमार चुन्नीको अर्थ हो यस्तो कपडा जुन त्यसको टाउको र गर्दन एवं घाँटीलाई छोपोस् ।

र उम्मे सलमाको वर्णन छ कि उनेले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधिन् कि के महिला दिरअ् (एक प्रकारको मिड्डी जस्तो लगाउने वस्त्र) र चुन्नी लगाएर बिना लुंगी लगाइकन् नमाज पढन सक्छे ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

﴿ إذا كان الدرع سابغا يغطي ظهور قدميها ﴾[32]

अर्थ : यदि दिरअ् यति लामो होस् कि त्यसको चरणनालाई पनि छोपेको होस् भने (बिना लंगी) नमाज पढ्न सक्छे । ( अबू दाऊद हदीस नं. ६४० अध्यायः अस्सलात, मालिक हदीस नं. ३२६ अध्यायः अन्नेदाओ लिस्सलात )

त उपरोक्तका दुवै हदीस यस कुरालाई प्रमाणीकरण गर्छन् कि महिलालाई अनिवार्य छ कि त्यो आफ्नो नमाजमा आफ्नो टाउको र गर्दनलाई परदामा राखोस्, जस्तोकि यस कुरामाथि हजरत आइशाको हदीसले पनि प्रमाणीकरण गऱ्यो, र महिला आफ्नो पूर्ण शरीरलाई छोपोस् यहाँसम्म कि त्यसको चरण पनि दर्शित नहोस् जस्तोकि यस कुरालाई हजरत उम्मे सलमाको हदीसले प्रमाणीकरण गऱ्यो । र महिलाहरूको लागि नमाजमा अनुहार खोल्नु जायज छ जबकि त्यसलाई

---

[31] الترمذي الصلاة (377) ، أبو داود الصلاة (641) ، ابن ماجه الطهارة وسننها (655) ، أحمد (259/6) .

[32] أبو داود الصلاة (640) ، مالك النداء للصلاة (326) .

कुनै अपरिचित व्यक्ति हेर्नेवाला नहोस् किनकि यसै कुरामाथि विद्हरूको सहमति छ ।

शैखुल इस्लाम इब्ने तैमिया आफ्नो फतावा संग्रहको २२/११३,११४ मा भन्छन्: यदि महिला एक्लै नमाज पढिराखेको होस् तै पनि चुन्नी लगाउनु आवश्यक छ, तर आफ्नै घरमा नमाज बाहेकको अवस्थामा आफ्नो टाउकोलाई पनि खोल्न सक्छे, र श्रृंगार गरेर नमाज पढनु नै अल्लाहको हक हो भक्तहरूमाथि, यसर्थ कसैको लागि जायज छैन कि त्यो निःवस्त्र भएर कअ्बाको परिक्रमा गरोस् चाहे रात्रीको समय त्यो एक्लै परिक्रमा किन नगरिरहेको होस् । यस्तै मान्छेको लागि यो पनि जायज छैन कि त्यो निःवस्त्र भएर नमाज पढोस् चाहे एक्लै किन नहोस्....., अनि भन्नुहुन्छः यसर्थ नमाजमा परदा गर्नुको निर्देशनको कारण त्यसको गुप्ताङ्ग सुदर्शित हुने भय होइन अर्थात अपरिचित मान्छेको दृष्टिबाट लुकाउनुको कारण होइन बरु श्रृंगार गरेर नमाज पढनुको कारणले यस्तो आदेश गरिएको छ ।

र मुग्नीको २/३२८ मा भनिएको छ किः र रह्यो कुरो स्वतन्त्र महिलाको शरीरको त त्यसलाई त्यसको पूर्ण शरीरलाई छोप्नु अनिवार्य छ, र यदि त्यसको शरीरमध्ये केही जाहेर भयो भने त्यसको नमाज भंग भयो, यस अवस्था बाहेक कि जाहेर भएको अति थोरै होस् । र यसलाई इमाम मालिक र शाफई एवं अवजाईले पनि भनेका छन् ।

३- महिला आफ्नो नमाजमा रुकूअ र ढोगगर्दा आफ्नो शरीरलाई फराकिलो नगरिकन् समेटेर संकुचित गराओस् । मुग्नीको २/२५८ मा वर्णित छ किः महिला रुकूअ् र ढोगगर्दा आफ्नो इन्द्रियहरूलाई फराकिलो नगरिकन् संकुचित राख्दछे बरु बस्दा याता दुवै पाइलामाथि बसोस् वा दुवै पाइलालाई आफ्नो दायातर्फ पसारेर बसोस् तर तवर्रुक र इफ्तेराश नगरोस् किनकि वर्णित तरिकाले बस्नुमा अधिक परदा छ ।

र इमाम नव्वी मजमूअ्को ३/४५५ मा भन्छन् : कि इमाम शाफईको मुख्तसरमा भनाई छ किः नमाजका कार्यहरू गर्नुमा महिला र पुरुषबीच कुनै भिन्नता र फर्क छैन, तर महिलाको लागि आफ्ना अङ्गहरूलाई संग्रहित अर्थात जम्मा गरेर बस्नु उत्तम छ अर्थात ढोगमा आफ्नो पेटलाई तिघ्रासित मिलाउनु र यस्तै रुकूअमा पनि गर्नु र

समस्त नमाजमा यस्तै तरिकाले अङ्गहरूलाई जम्मा र संकुचित गरेर पढनु मुस्तहब र उत्तम छ ।

४- महिलाहरूले कुनै महिलाको इमामतमा नमाजको आयोजना गर्नुबारे विद्हरूको मतभेद छ केही यसलाई सही भन्छन् त केही मात्र ग्राह्य भन्छन्, तर अधिकांश विद्हरूको दृष्टिमा यस्तो गर्नुमा कुनै आपत्ति छैन, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उम्मे बकरहलाई यो आदेश दिएका थिए कि आफ्नो परिवारकी महिलाहरूको उनी इमामत गराउन् । (यसलाई अबू दाऊदले वर्णन गरेका छन् र इब्ने खुजैमाले सही भनेका छन् )

र केही विद्हरूको दृष्टिमा यस्तो गर्नु सही छैन, त केही विद्हरूको दृष्टिमा यस्तो गर्नु मक्रुह (अप्रिय) छ, त कतिपय विद्हरू यसलाई नफिली नमाजमा जायज भन्छन् र फर्ज अर्थात अनिवार्य नमाजहरूमा सही मान्दैनन् । तर यसबारेमा सही कुरो यो नै हो कि महिलाहरूले कुनै महिलाको इमामतमा नमाज पढ्नु मुस्तहब अर्थात उत्तम कार्य हो । र यसबारे अधिक ज्ञानको लागि हेर्नुस्: मुग्नी २/२०२, र मजमूअ लिन्नव्वी ४/८४,८५ ।

र यदि कुनै अपरिचित अथवा गैर मुहरिम महिलाको पाठनलाई सुनिरहेको छैन भने महिलाले नमाजमा ठूलो स्वरले पाठन गर्नुमा कुनै आपत्ति छैन ।

५- महिलाहरूको पुरुषहरूको साथ नमाज पढनुको लागि मस्जिदमा जानु जायज छ, तर तिनीहरूको घरमा पढिएको नमाज नै उत्तम र श्रेष्ठ छ ।

मुस्लिममा एउटा हदीस वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ لا تمنعوا إماء الله مساجد الله ﴾[33]

[33] البخاري الجمعة (858) ، مسلم الصلاة (442) ، الترمذي الجمعة (570) ، النسائي المساجد (706) ، أبو داود الصلاة (568) ، ابن ماجه المقدمة (16) ، أحمد (36/2) ، الدارمي المقدمة (442) .

अर्थ : अल्लाहकी दासी (भक्त महिलाहरू) लाई त्यसको मस्जिदमा ( नमाजको लागि) जानुबाट नरोक्नु । ( बुखारी हदीस नं. ८५८ अध्याय: अल्जुमुआ, मुस्लिम हदीस नं. ४४२ अध्याय: अस्सलात, तिर्मिजी हदीस नं. ५७० अध्याय: अल्जुमुआ, नेसाई हदीस नं. ७०६ अध्याय: अल् मसाजिद, अबू दाऊद हदीस नं. ५६८ अध्याय: अस्सलात, इब्ने माजा हदीस नं. १६ फि अल्मुकद्दमा, अहमद २/३६, दारमी हदीस नं. ४४२ फि अल् मुकद्दमा )

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ لا تمنعوا النساء أن يخرجن إلى المساجد، وبيوتهن خير لهن ﴾[34]

अर्थ : अल्लाहकी दासी (भक्त महिलाहरू) लाई त्यसको मस्जिदमा ( नमाजको लागि) जानुबाट नरोक्नु, र तिनको लागि तिनको घर नै उत्तम छ । ( अबू दाऊद हदीस नं. ५६७ अध्याय: अस्सलात )

यसर्थ महिलाहरूको घरमा पढिएको नमाज नै श्रेष्ठ छ किनकि यसमा अधिक परदा छ ।

तर यदि महिला नमाज पढनुको लागि मस्जिद जाओस् त निम्नका कुराहरूको रियायत गर्नु त्यसमाथि आवश्यक छः

(क) त्यो पूर्णतया परदा गरेको होस् । हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः

﴿ كان النساء يصلين مع رسول الله صلى الله عليه وسلم ثم ينصرفن متلفعات بمروطهن ما يعرفن من الغلس ﴾[35]

अर्थ : महिलाहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा नमाज पढथिन् अनि अआफ्ना च्यादरहरूद्वारा परदा गरेर (आफूमाथि बेर्रिएर) निसकन्थिन् यस्तो अवस्थामा कि अँध्यारो हुने कारणले कोही

---

(34) أبو داود الصلاة (567) .

(35) البخاري الأذان (829) ، مسلم المساجد ومواضع الصلاة (645) ، الترمذي الصلاة (153) ، النسائي المواقيت (545) ، أبو داود الصلاة (423) ، ابن ماجه الصلاة (669) ، أحمد (259/6) ، مالك وقوت الصلاة (4) ، الدارمي الصلاة (1216) .

उनीहरूलाई चिन्न सक्दैन्थ्यो । ( बुखारी हदीस नं. ८२९ अध्याय: अल्अजान, मुस्लिम हदीस नं. ६५४ अध्याय: अल् मसाजिद वमवाजेउस्सलात, तिर्मिजी हदीस नं. १५३ अध्याय: अस्सलात, नेसाई हदीस नं. ५४५ अध्याय: अल् मवाकीत, अबू दाऊद हदीस नं. ४२३ अध्याय: अस्सलात, इब्ने माजा हदीस नं. ६६१ अध्याय: अस्सलात, अहमद ६/२५९, दारमी हदीस नं. १२१६ अध्याय: अस्सलात, मालिक अदीस नं. ४ अध्याय: वकूतिस्सलात )

(ख) महिला बिना सुगन्ध प्रयोग गरी घरबाट निस्कोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ لا تمنعوا إماء الله مساجد الله، وليخرجن تفلات ﴾ (36)

अर्थ : अल्लाहकी दासी (भक्त महिलाहरू) लाई त्यसको मस्जिदमा ( नमाजको लागि) जानुबाट नरोकनु, र तिनको लागि आवश्यक छ कि बना सुगन्ध प्रयोग गरिकन् निस्कुन् । ( अबू दाऊद हदीस नं. ५६५ अध्याय: अस्सलात, अहमद २/४३८, दारमी हदीस नं. १२७९ अध्याय: अस्सलात )

र अबू हुरैरहको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ أيما امرأة أصابت بخورا فلا تشهدن معنا العشاء الآخرة ﴾ (37)

अर्थ : जुन महिलाले पनि सुगन्ध प्रयोग गऱ्यो त्यो हम्रो साथमा अन्तिम इशाको नमाजमा उपस्थित नहोस् । ( मुस्लिम हदीस नं. ४४४ अध्याय: अस्सलात, नेसाई हदीस नं. ५१२८ अध्याय: अज्जीनह, अबू दाऊद हदीस नं. ४१७५ अध्याय: अत्तरज्जुल, अहमद २/३०४ )

र मुस्लिमले इब्ने मसऊदकी स्वास्नी जैनबको हदीसलाई पनि यसरी वर्णन गरेका छन् कि:

---

(36) أبو داود الصلاة (565) ، أحمد (438/2) ، الدارمي الصلاة (1279) .

(37) مسلم الصلاة (444) ، النسائي الزينة (5128) ، أبو داود الترجل (4175) ، أحمد (304/2) .

﴿ إذا شهدت إحداكن المسجد فلا تمس طيبا ﴾[38]

अर्थ : जब तिमीमध्ये कुनै महिला पनि मस्जिदमा आओस् त सुगन्ध प्रयोग नगरोस् । (मुस्लिम हदीस नं. ४४३ अध्याय: अस्सलात, नेसाई हदीस नं. ५१३३ अध्याय: अज्जीनह, अहमद ६/३६३)

र इमाम शौकानीले नैलुल अवतारको ३/१४०,१४१ मा भन्छन्: उपरोक्तका हदीसहरूबाट यो प्रष्ट हुन्छ कि महिलाहरूको लागि मस्जिदमा उपस्थित भई नमाज पढनु जायज छ जब त्यसद्वारा कुनै उपद्रवको उत्पातको शंका नहोस्, नत त्यो यस्तो कुरा नै प्रयोग गरेको होस् जसको माध्यमले उपद्रव उत्पन्न हुन्सक्छ जसरी सुगन्ध.. आदि, र अगाडि भन्छन्: त हदीसहरूबाट महिलाहरूलाई मस्जिदमा पुरुषहरूसंग नमाज कायम गर्नुको अनुमति प्रदान गरिएको बोध हुन्छ जब तिनीहरूको उपस्थितिद्वारा कुनै प्रकारको विगारको सम्भावना नहोस् जसरी उनीहरूको सुगन्ध अथवा श्रृंगार .. आदिको कारण ।

(ग) त्यो महिला अभूषण वा नानाप्रकारका लुगाहरूद्वारा श्रृंगार गरेर ननिस्कोस्, उम्मुल मुमिनीन हजरत आइशा रजिअल्लाहो अन्हाको भनाई छ: यदि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो अवस्थामा महिलाहरूलाई हेर्थे जुन अवस्थामा अहिले हामी हेरिरहेका छौं त यनिहरूलाई मस्जिदमा आउनुबाट उस्तै रोकिदिन्थे जसरी बनू इस्राईलकी महिलाहरूलाई रोकिएको थियो । (बुखारी, मुस्लि)

हजरत आइशाको यस कथन अन्तर्गत इमाम शौकानी नैलुल अवतारमा भन्छन्: “जुन अवस्थामा हामी महिलाहरूलाइ हेरिरहेका छौं यदि यसै अवस्थामा यिनीलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम हेर्थे ” यसको अर्थ हो: राम्रो राम्रो लुगा लगाएर आउनु, श्रृंगार गरेर आउनु, बेपरदा भएर आउनु र सुगन्ध लगाएर आउनु हो, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा महिलाहरू बाक्लो लुगा लगाएर पूर्ण परदा गरेर निस्कन्थिइन् ।

---

[38] مسلم الصلاة (443) ، النسائي الزينة (5133) ، أحمد (363/6) .

र इमाम इब्नुल् जौजी रहेमहुल्लाह अहकामुन्निसा नामक किताबको पे. ३९ मा भन्छन्: महिलाको लागि यो नै उचित छ कि घरबाट बाहिर निस्कनुबाट सावधानी अपनाओस् परहेज गरोस् किनकि यदि त्यो आफूलाई सुरक्षित ठान्दछे तै पनि मानिसहरू त्यसबाट सुरक्षित छैनन्। यसर्थ यदि त्यसलाई घरबाट निस्कनुको अति आवश्यकता होस् भने आफ्नो श्रीमानबाट अनुमति लिएर पूर्ण परदा गरेर निस्कोस्, र यस्तो बाटोमा हिंडोस् जहाँ मानिसहरूको भीडभाड र हूल नहोस्, र बजार एवं हूलका ठाउँहरूबाट बाँच्ने प्रयत्न गरोस्, बरु बाटो र सडकको किनारबाट हिंडोस् किनकि त्यहाँ भीड कम हुन्छ।

(ङ) यदि मात्र एकलै महिला होस् तै पनि त्यो पुरुषहरूको पंक्तिको पछाडि एकलै उभोस्, जस्तोकि हजरत अनसको त्यस हदीसमा छ जसमा यो वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक दिन उनीहरूलाई नमाज पढाएका थिए त त्यस नमाजको अवस्था वर्णन गर्दै हजरत अनस भन्छन्:

﴿ قمت أنا واليتيم وراءه وقامت العجوز من ورائنا ﴾[39]

अर्थ : म र एउटा टुहेरो बालक उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पछाढि पंक्ति बनाएर उभें, र वृद्धा हामी दुवै पछाडि उभिन्। (बुखारी हदीस नं. ३७३ अध्याय: अस्सलात, मुस्लिम हदीस नं. ६५८ अध्याय: अल् मसाजिद वमवाजेउस्सलात, तिर्मिजी हदीस नं. २३४ अध्याय: अस्सलात, नेसाई हदीस नं. ८०१ अध्याय: अल् इमामह, अबू दाऊद हदीस नं. ६१२ अध्याय: अस्सलात, अहमद ३/१३१, मालिक हदीस नं. ३६२ अध्याय: अन्नेदाओ लिस्सलात, दारमी हदीस नं. १२८७ अध्याय: अस्सलात)

र उनैद्वारा वर्णित छ कि:

[39] البخاري الصلاة (373) ، مسلم المساجد ومواضع الصلاة (658) ، الترمذي الصلاة (234) ، النسائي الإمامة (801) ، أبو داود الصلاة (612) ، أحمد (131/3) ، مالك النداء للصلاة (362) ، الدارمي الصلاة (1287) .

﴿ صليت أنا واليتيم في بيتنا خلف النبي صلى الله عليه وسلم وأمي خلفنا – أم سليم – ﴾[40]

अर्थ : मेरो घरमा म र एउटा टुहेरो बालक उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पछाढि नमाज पढें, यस्तो अवस्थामा कि हाम्रो आमा उम्मे सुलैम हामी दुवै पछाडि उभेकी थिइन् । (बुखारी हदीस नं. ६९४ अध्याय: अल् अजान, मुस्लिम हदीस नं. ६६० अध्याय: अल् मसाजिद वमवाजेउस्सलात, तिर्मिजी हदीस नं. २३४ अध्याय: अस्सलात, नेसाई हदीस नं. ८०१ अध्याय: अल् इमामह, अबू दाऊद हदीस नं. ६१२ अध्याय: अस्सलात, मालिक हदीस नं. ३६२ अध्याय: अन्नेदाओ लिस्सलात, दारमी हदीस नं. १२८७ अध्याय: अस्सलात)

तर यदि एकभन्दा अधिक महिला पुरुषहरूसंग मस्जिदमा उपस्थित होउन् त सबै मिलेर पुरुषहरूको पंक्ति पछाडि एउटा पंक्ति बनाउन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम पहिला पुरुषहरूको पंक्ति अनि बालकहरूको पंक्ति अनि महिलाहरूको पंक्ति बनाउने आदेश गर्थे । यस कुरालाई अहमदले वर्णन गरेका छन् । र हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ خير صفوف الرجال أولها، وشرها آخرها، وخير صفوف النساء آخرها، وشرها أولها ﴾[41]

अर्थ : पुरुषहरूको लागि सर्वोत्कृष्ट पंक्ति अघिल्लो पंक्ति हो र सबैभन्दा घृणित पंक्ति पछिल्लो पंक्ति हो, र महिलाहरूको लागि

[40] البخاري الأذان (694) ، مسلم المساجد ومواضع الصلاة (660) ، الترمذي الصلاة (234) ، النسائي الإمامة (801) ، أبو داود الصلاة (612) ، مالك النداء للصلاة (362) ، الدارمي الصلاة (1287) .

[41] مسلم الصلاة (440) ، الترمذي الصلاة (224) ، النسائي الإمامة (820) ، أبو داود الصلاة (678) ، ابن ماجه إقامة الصلاة والسنة فيها (1000) ، أحمد (485/2) ، الدارمي الصلاة (1268) .

सर्वोत्कृष्ट पंक्ति पछिल्लो पंक्ति हो र सबैभन्दा घृणित पंक्ति अघिल्लो पंक्ति हो । ( मुस्लिम हदीस नं. ४४० अध्याय: अस्सलात, तिर्मिजी हदीस नं. २२४ अध्याय: अस्सलात, नेसाई हदीस नं. ८२० अध्याय: अल् इमामह, अबू दाऊद हदीस नं. ६७८ अध्याय: अस्सलात, इब्ने माजा हदीस नं. १००० अध्याय: इकामतुस्सलात वस्सुन्नह फिहा, अहमद २/४८५, दारमी हदीस नं. १२६८ अध्याय: अस्सलात)

त दुवै हदीसद्वारा यो प्रष्ट भयो कि महिलाहरूको लागि पुरुषहरूको पछाडि पंक्ति बनाइन्छ, र जब उनीहरू पुरुषहरू पछाडि नमाज पढुन् त यता उता (दायाँ बायाँतर्फ) विभाजित भएर नपढुन् चाहे त्यो तरावीहको नमाज होस् वा अनिवार्य नमाज ।

(च) जब इमाम नमाजमा बिर्सोस् वा गल्ती गरोस् त महिला हातले ताली बजाएर त्यसलाई सावधान गरोस्, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ إذا نابكم في الصلاة شيء فليسبح الرجال، وليصفق النساء ﴾[42]

अर्थ : जब नमाजमा भएको अवस्थामा तिमीमध्ये कसैलाई आपतविपत्ति परोस् (त्यसले कुनै अनुचित कुरा हेरोस्) त पुरुषहरू तस्बीह भनुन् र महिलाहरू ताली बजाउन् । ( बुखारी हदीस नं. ११७७ अध्याय: जुमुआ, मुस्लिम हदीस नं. ४२१ अध्याय: अस्सलात, नेसाई हदीस नं. ७८४ अध्याय: अल् इमामह, अबू दाऊद हदीस नं. ९४०अध्याय: अस्सलात, इब्ने माजा हदीस नं. १०३५ अध्याय: इकामतुस्सलात वस्सुन्नह फिहा, अहमद ५/३३३, मालिक हदीस नं. ३९२ अध्याय: अन्नेदाओ लिस्सलात, दारमी हदीस नं. १३६४ अध्याय: अस्सलात)

त यो हदीस महिलालाई यो अनुमति प्रदान गर्छ कि नमाजको अवस्थामा कुनै आवश्यकता परेमा त्यो ताली बजाओस्, र त्यसै आवश्यकतामध्ये इमामको भुलचुक पनि हो । र यस्तो आदेश यस

---

(42) البخاري الجمعة (1177) ، مسلم الصلاة (421) ، النسائي الإمامة (784) ، أبو داود الصلاة (940) ، ابن ماجه إقامة الصلاة والسنة فيها (1035) ، أحمد (333/5) ، مالك النداء للصلاة (392) ، الدارمي الصلاة (1364) .

कारण छ किनकि महिलाको स्वर आवाज मानिसहरूको लागि उपद्रवको माध्यम हो, यसर्थ महिलालाई बोल्नुको सट्टामा ताली बजाउनुको आदेश गरिएको छ ।

(ज) जब इमाम सलाम फेरोस् त तुरुन्तै महिलाहरू मस्जिदबाट निस्कने प्रयत्न गरुन्, र पुरुषहरू बसिराखुन् ताकि महिलाहरूसित मिलाप नहोस् । हजरत उम्मे सलमा रजिअल्लाहो अन्हा भन्छिन् किः जब रसूल सल्लल्लाहो अलैहे वसल्लम फर्ज नमाजको सलाम फेर्दथे त महिलाहरू उभिहाल्थिइन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लम त्यस्तै बसिराख्थे त्यति समयसम्म जति अल्लाह चाहन्थ्यो, अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम उभ्थे त मानिसहरू पनि उभिहाल्थे । त जुहरी भन्छन् कि यस्तो यस कारण गर्थे ताकि महिलाहरू गइहालुन्, र यसबारे अल्लाह नै अधिक ज्ञानी छ । ( यसलाई बुखारीले वर्णन गरेका छन्, र हेर्नुस्: अश्शरहुल् कबीर अलल् मुक्नेअ् १/४२२ )

र इमाम शौकानी नैलुल औतारको २/३२६ मा भन्छन्: यस हदीसद्वारा यो प्रेरणा मिल्छ कि इमामको लागि यो उचित र उत्तम छ कि त्यो मुक्तदीहरूको (नमाज पढनेहरूको) अवस्थाको रियायत गरोस्, र यस्तो कुराहरूसित बाँचोस् जुन कुनै अवैध कार्यको माध्यम भइहालोस्, र आक्षेपका ठाउँहरूबाट बाँचोस्, र घरको साथै बाटोहरूमा पनि महिला पुरुषको मिलापबाट टाढा रहोस्, र त्यसको माध्यम नबनोस् ।

र इमाम नव्वी मजमूअ्को ३/४५५ मा भन्छन् सामूहिक नमाजको आयोजनामा महिलाहरू पुरुषबाट केही कुराहरूमा भिन्न छिन् जसमध्ये:

पहिलो : यो हो कि सामूहिक नमाज महिलाहरूको लागि अनिवार्य र ताकेदायुक्त छैन ।

दोस्रो: एउटी महिला भएमा पुरुषको पछाडि उभ्छे नाकि त्यसको साथमा जसरी कि पुरुषहरू उभ्छन् ।

तेस्रो: महिलाहरूको इमामत गर्ने महिला समस्त महिलाहरूको माझमा उभ्छे ।

चौथोः जब महिलाहरू पंक्तिबद्ध तरिकाले पुरुषहरूको पछाडि नमाज पढछिन् त उनीहरूको अन्तिम पंक्ति प्रथम पंक्तिबाट श्रेष्ठ हुन्छ ।

त उपरोक्तका कुराहरूबाट यो प्रष्ट भयो कि महिलाहरू र पुरुषहरू बीच मिलाप जायज छैन ।

(छ) महिलाहरूको ईदको नमाजको लागि जानु : उम्मे अतीयह रजिअल्लाहो अन्हाको वर्णन छ किः

﴿ أمرنا رسول الله صلى الله عليه وسلم أن نخرجهن في الفطر والأضحى: العواتق، والحيض، وذوات الخدور، فأما الحيض فيعتزلن الصلاة – وفي لفظ: المصلى – ويشهدن الخير، ودعوة المسلمين ﴾[43]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले हामीहरूलाई यो आदेश गर्नु भयो कि हामी ईदुल् फित्र र ईदुल अज्हाको नमाजको लागि नवयुवती, दुलही, सानी बालिका र रजस्वलामा भएकी महिलाहरूलाई पनि उपस्थित गराऔं, त रह्यो रजस्वलामा भएकी महिलाहरूको कुरो त उनी नमाज नपढुन्, (र एउटा हदीसमा छ कि उनी नमाज पढने ठाउँमा नजाउन्,) अनि रजस्वलामा भएकी महिलाहरू पनि पुण्यमा र मुसलमानहरूको याचनामा शामेल होउन् । ( बुखारी हदीस नं. १५६९ अध्यायः अल्हज्ज, मुस्लिम हदीस नं. ८९० अध्यायः सलातुल् ईदैन, तिर्मिजी हदीस नं. ५३९ अध्यायः अल् जुमुआ, नेसाई हदीस नं. १५५८ अध्यायः सलातुल् ईदैन, अबू दाऊद हदीस नं. ११३९ अध्यायः अस्सलात, इब्ने माजा हदीस नं. १३०७ अध्यायः इकामतुस्सलात वस्सुन्नतु फिहा, अहमद ५/८४, दारमी हदीस नं. १६०९ अध्यायः अस्सलात)

र इमाम शौकानीको भनाई छः यो हदीस र यसै अर्थलाई बोध गर्ने अरु हदीसहरूबाट यो प्रष्ट हुन्छ कि दुवै ईदहरूमा महिलाहरूलाई

---

([43]) البخاري الحج (1569) ، مسلم صلاة العيدين (890) ، الترمذي الجمعة (539) ، النسائي صلاة العيدين (1558) ، أبو داود الصلاة (1139) ، ابن ماجه إقامة الصلاة والسنة فيها (1307) ، أحمد (84/5) ، الدارمي الصلاة (1609) .

ईदगाह जानु प्रमाणित कुरो हो चाहे महिला नवयौवना होस् वा बालिका, वृद्धा होस् वा विधवा वा रजस्वला अथवा सुत्केरीमा भएकी महिला । तर यदि कुनै महिला सोग इद्दतमा छे वा यस्तो सुन्दरी छे कि त्यसको जानुले विद्रोह अथवा अश्लीलताको आशंका छ वा अरु कुनै कारण छ भने त्यो ईदगाह नजाओस् । (हेर्नुस् नैलुल अवतार ३/३०६)

र शैखुल इस्लाम इब्ने तैमिया मज्मूअ् फतावाको ६/४५८ मा भन्छन्: आस्थावान महिलाहरूलाई यो खबर दिइएको छ कि उनीहरूको नमाज घरमै श्रेष्ठ छ जुमआको नमाज र सामूहिक नमाजमा उपस्थित हुनुको तुलनामा ईदको नमाज बाहेक, र ईदको नमाजमा उनीहरूलाई पनि उपस्थित हुने आदेश छ र यस आदेशको तत्वदर्शिताबारे अल्लाह नै अधिक ज्ञानवान छ, तर मेरो दृष्टिमा यसका अनेकौं कारणहरू छन् जसमध्ये केही यी हुन्:

१- किनकि ईदको नमाज सालमा मात्र दुई पटक हुन्छ जुमआ र सामूहिक नमाज विपरीत, यसै कारण ईदमा उनीहरूलाई पनि उपस्थित हुने आदेश गरियो ।

२- र यस कारण पनि किनकि त्यसको विकल्प छैन, जबकि जुमआ र सामूहिक नमाजको विकल्प छ, र त्यो हो घरमै जुहरको नमाजको आयोजना गर्नु र यो नै त्यसको लागि जुमआको नमाज हो ।

३- ईदको नमाजको लागि मैदमान कुनै चौरतर्फ निस्कनुमा हज्जको अनुरूपता देखिन्छ केही विशेषताको कारण, र यसै कारण ईदे अक्बरी त्यसलाई भनिन्छ जसमा हाजीहरू हज्जको मौसममा हज्ज गर्ने उद्देश्यले भेला हुन्छन् ।

र शाफईहरूले महिलाको ईदको नमाजमा सहभागी हुनुको लागि यो शर्त राखेका छन् कि त्यो महिला अति सुन्दरी र श्रृंगारयुक्त नहोस् ।

इमाम नव्वी मजमूअ्को ५/१३ मा भन्छन् कि: इमाम शाफई र उनका साथीहरूले भनेका छन् कि अति सुन्दरी नभएको र श्रृंगार नगरेको महिलाहरू मात्र ईदको नमाजमा उपस्थित होउन्, तर सुन्दरी र श्रृंगार गरेकी महिलाहरूको उपस्थिति अप्रिय कुरो हो... । र अगाडि भन्छन्: र जब महिला ईदको नमाजको लागि निस्कोस् त सामान्य लुगा लगाएर निस्कोस्, र अति राम्रो लुगा लगाएर ननिस्कोस्, र यो शर्त ती

महिलाहरूको लागि छ जुन वृद्ध भइसकेका छिन् जिनमा सहवासको कुनै चाहना बाँकी छैन । तर नवयुवती र सुन्दरी महिलाहरूको लागि ईदगाह जानु नै मक्रूह अर्थात अप्रिय छ, किनकि यिनीहरूद्वारा उपद्रव र अश्लीलताको सम्भावना छ । त यदि यो भनियोस् कि यो कुरो त उपरोक्तमा वर्णित उम्मे अतीयहको हदीस विरुद्ध छ ? त हामी भन्छौं कि बुखारी मुस्लिमको हदीसमा जसलाई हजरत आइशाले वर्णन गर्नु भएको छ जसमा उहाँको यो भनाई छ कि: यदि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आजकी महिलाहरूको अवस्था र श्रृंगारलाई हेरेको भए उनीहरूलाई मस्जिद आउनुबाट उस्तै मनाही गरिदिन्थे जसरी बनी इस्राईलकी महिलाहरूलाई मनाही गरिएको थियो । र यस कारण पनि किनकि वर्तमानकालमा बुराई र उपद्रव एवं निर्लज्जताका अत्याधिक र नवीन स्रोतहरू विस्तृत भइसकेका छन् पहिलाका युगहरूको तुलनामा । र यसबारे अल्लाह नै अधिक ज्ञानवान छ ।

त लेखक ज्यु भन्छन् कि र हाम्रो यस वर्तमान युगमा त निर्लज्जताका अरु नवीन र आधुनिक स्रोतहरू सृजित भइसकेका छन् ।

र इमाम इब्नुल् जौजी अहकामुन्निसा नामक किताबको पे. ३८ मा भन्छन्: मेरो भनाई छ कि: हामीले यो प्रष्ट पारें कि महिलालाई निस्कनु जायज छ तर यदि तिनीहरूद्वारा उत्पातको सम्भावना होस् भने ननिस्कनु नै श्रेष्ठ हुन्छ किनकि पहिलाका युगका महिला र पुरुषहरू जुन अवस्थामा थिए आजका महिला र पुरुषहरू त्यसबाट भिन्न अवस्थामा छन् ... । अर्थात उनीहरू अति सत्कर्मी सदाचारी थिए जुन आज लुप्त भइसकेको छ ।

त हे आस्थावान महिलाहरू यति कुराहरूद्वारा यो प्रष्ट भइहाल्यो कि तिमीहरूको लागि ईदको नमाज पढनुको लागि ईदगाह जानुको अनुमति छ यस शर्तको साथ कि तिम्रो हावभाव वैधानिक होस्, र त्यहाँ जानुको उद्देश्य अल्लाहको निकट्ता प्राप्त गर्नुहोस्, र मुसलमानहरूको साथ पुण्यमा सहभागी हुनु होस्, र तिनीहरूको याचनामा शामेल हुनु होस्, र इस्लामको अनुष्ठानको प्रदर्शन गर्नु होस् । तर यसको उद्देश्य श्रृंगारलाई प्रदर्शित गर्नु वा विगारको उत्पात गर्नु कदापि होइन, यसर्थ यस कुराबाट सदैंव सचेत रहनु ।

# छठौं अध्याय
# महिलाहरूको लागि ती निर्देशनहरू जुन जनाजासित संलग्न हुन्छन्

**जनाजा:** मृत्क शवलाई अरबीमा जनाजा भनिन्छ।

अल्लाहले मृत्यु प्रत्येक जीवधारीमाथि लेखिदिएको छ र अमरत्व मात्र त्यसै पवित्र र महान अल्लाहको लागि छ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَيَبْقَىٰ وَجْهُ رَبِّكَ ذُو ٱلْجَلَٰلِ وَٱلْإِكْرَامِ ﴿٢٧﴾ ﴾ الرحمن: ٢٧

अर्थ : तर तिम्रो पालनकर्ताको अनुहार (व्यक्तित्व) जो प्रतिष्ठित र सम्मानित छ शेष रहनेवाला छ। (सूरतुर्रहमान २७ )

र आदमका सन्तानहरूको मृतकहरूको लागि केही आदेशहरू विशिष्ट गरिदिएको छ जसलाई जीवितहरूले सम्पन्न गर्नु जरुरी छ। त यहाँ यस अध्यायमा हामी ती निर्देशन र हुकुमलाई वर्णन गर्नेछौं जुन महिलासित विशिष्ट छन् र जुन निम्न हुन्:

**१- अनिवार्य यो छ कि महिला मृतकलाई महिला नै स्नान गराओस्:** र पुरुषहरूको लागि जायज छैन कि महिलालाई स्नान गराउन् लोग्ने बाहेक जुनकि आफ्नो स्वास्नीलाई स्नान गराउन सक्छ। यस्तै पुरुष मृतकलाई मात्र पुरुषहरू स्नान गराउँछन् स्वास्नी बाहेक किनकि स्वास्नी आफ्नो लोग्नेलाई स्नान गराउन सक्छे। र यो यस कारण किनकि हजरत अली रजिअल्लाहो अन्होले आफ्नो स्वास्नी हजरत फातिमालाई उहाँको मरणोपरान्त स्नान गराएका थिए, र हजरत अस्मा बिन्ते उमैसले आफ्नो लोग्ने हजरत अबू बक्रलाई स्नान गराएकी थिइन्।

**२- मुस्तहब यो छ कि महिलालाई पाँच सेतो कपडाद्वारा कफनाइयोस्:** जुन यी हुन्: लुंगीको च्यादर जसलाई लुंगी झैं लगाइयोस्, चुन्नी जसलाई चुन्नी झैं त्यसको टाउकोमा लगाइयोस्, कमीच जसलाई कमीच झैं त्यसको शरीरमा लगाइयोस्, र दुई आर्को च्यादर जुन त्यसमाथि लगाइयोस्, जस्तोकि लैला अस्सकफीयाको हदीसमा छ कि:

﴿ كنت فيمن غسل أم كلثوم بنت رسول الله صلى الله عليه وسلم عند وفاتها، وكان أول ما أعطانا رسول الله صلى الله عليه وسلم الحقى، ثم الدرع، ثم الخمار، ثم الملحفة، ثم أدرجت بعد ذلك في الثوب الآخر ﴾(44)

अर्थ : म ती महिलाहरूमध्ये थिएँ जिनले उम्मे कुलसूम रसूल सल्लल्लाहो अलैहे वसल्लमकी छोरीको मृत्यु पश्चात स्नान गराएका थिइन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले सर्वप्रथम उम्मे कुलसूमलाई लगाउनको लागि लुंगीको कपडा दिएका थिए,अनि कमीचको कपडा अनि चुन्नीको कपडा दिएका थिए, अनि एउटा च्यादर दिएका थिए, अनि तिनलाई एउटा आर्को च्यादरमा राखियो । ( अबू दाऊद हदीस नं. ३१५७ अध्याय: अल् जनाइज, अहमद ६/३८० )

इमाम शौकानी नैलुल औतारमा भन्छन्: महिलाको कफनको लागि वैधानिक यो हो कि त्यसलाई लुंगी, कमीच, चुन्नी र दुई आर्को च्यादरमा कफनाइयोस् । (नैलुल अवतार ४/४२)

## ३- मृतक महिलाको केशलाई के गर्ने ?

मृतक महिलाको केशको तीन चोटी बनाएर त्यसको पछाडि फुन्डियाइयोस्, किनकि उम्मे अतीयहको हदीसमा छ जसमा उनी रसूल सल्लल्लाहो अलैहे वसल्लमकी छोरीको स्नान गराउने विशेषतालाई वर्णन गर्दै भन्छिन्:

﴿ فضفرنا شعرها ثلاثة قرون، وألقيناه خلفها ﴾(45)

अर्थ : अनि हामीहरूले उनको केशको तीन चोटी बनाएर उनको पछाडि (पिठ्यूँतर्फ) फुन्डियाइ दिऔं । ( बुखारी हदीस नं. १२०४ अध्याय: अल् जनाइज, मुस्लिम हदीस नं. ९३९अध्याय: अल् जनाइज, तिर्मिजी हदीस नं. ९९०अध्याय: अल् जनाइज, अबू दाऊद हदीस नं.

(44) أبو داود الجنائز (3157) ، أحمد (380/6) .

(45) البخاري الجنائز (1204) ، مسلم الجنائز (939) ، الترمذي الجنائز (990) ، أبو داود الجنائز (3145) ، ابن ماجه ما جاء في الجنائز (1459) ، أحمد (407/6) .

३१४५ अध्याय: अल् जनाइज, इब्ने माजा हदीस नं. १४५९ अध्याय: मा जाआ फिल् जनाइज, अहमद ६/४०७ )

**४- महिलाले जनाजाको साथ जानुको हुकुम:** उम्मे अतीयहको वर्णन छ कि:

﴿ نُهينا عن اتباع الجنائز، ولم يعزم علينا ﴾ (46)

अर्थ : हामी महिलाहरूलाई जनाजाको साथ जानुबाट रोकियो, र हामीहरूलाई यस्तो गर्नुको अनुमति दिइएन । ( बुखारी हदीस नं. १२१९ अध्याय: अल् जनाइज, मुस्लिम हदीस नं. ९३८अध्याय: अल् जनाइज, अबू दाऊद हदीस नं. ३१६७ अध्याय: अल् जनाइज, इब्ने माजा हदीस नं. १५७७ अध्याय: मा जाआ फिल् जनाइज, अहमद ६/४०८ )

ज हदीसको जाहेरी अर्थबाट यस्तो गर्नुको अवैधता प्रष्ट हुन्छ । र शैखुल इस्लाम इब्ने तैमियाको मजमूअ् फतावाको २४/३५५ मा यसबारेमा भनाई छ कि: उम्मे अतीयहको भनाईले यो तात्पर्य पनि निस्किन्छ कि उनको दृष्टिमा जनाजाको साथ जानुबाट मनाही गर्नुको उद्देश्य त्यसलाई हराम गर्नु होइन, तर प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मानमा छ नकि कसैको गुमान र शंका सन्देहमा वा दृष्टिमा ।

**५- महिलाको लागि कब्रस्तानको जियारतको अवैधता:** अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि:

﴿ أن رسول الله صلى الله عليه وسلم لعن زوارات القبور ﴾ (47)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले कब्रस्तानको जियारत गर्ने महिलाहरूलाई धिक्कृत गरेका छन् । ( तिर्मिजी हदीस नं. १०५६ अध्याय: अल् जनाइज, इब्ने माजा हदीस नं. १५७६ अध्याय: मा जाआ फिल् जनाइज, अहमद २/३५६ )

---

(46) البخاري الجنائز (1219) ، مسلم الجنائز (938) ، أبو داود الجنائز (3167) ، ابن ماجه ما جاء في الجنائز (1577) ، أحمد (408/6) .

(47) الترمذي الجنائز (1056) ، ابن ماجه ما جاء في الجنائز (1576) ، أحمد (356/2) .

शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ किः यो कुरो ज्ञात नै छ कि यदि महिलाहरूको लागि यो मार्ग खुल्ला गरियोस् भने महिलाहरू विलाप र नौहा गर्न थाल्छिन् आफ्नो यस प्रकृतिक कम्जोरी र असंतोष र अधैर्यताको कारण, अनि त्यसको विलाप गर्नुले मृतकलाई कष्ट पुग्नेछ, र मानिसहरू त्यसको आवाज र दर्पणले विगारतर्फ लाग्नेछन्, जस्तो कि एउटा आर्को हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

﴿ فإنكن تفتن الحي وتؤذين الميت ﴾

अर्थ : तिमी महिलाहरू जीवितहरूलाई विगारतर्फ आकर्षित गर्नेवाली र मृतकहरूलाई कष्ट पुऱ्याउनेवाली हौ ।

त जब महिलाहरूको कब्रस्तानलाई जियारत गर्नुमा स्वयम् तिनीहरूको हकमा र अरु मानिसहरूको हकमा विगार र अनैतिक कार्यहरूको माध्यम भइहाल्छ त यसै कारण त्यसलाई यस कुराबाट रोकिएको छ किनकि यसमा भएका तत्वदर्शितालाई सीमारहित र रेखांकित गरिएको छैन जसद्वारा यो थाहा पाइयोस् कि कति विलाप .. आदि गरेमा यो हराम हुन्छ र कति गरेमा हलाल, यसर्थ इस्लामीय विधानको यस कानून अन्तर्गत कि जसको तत्वदर्शिता सीमांकित नहोस् वा जाहेर नहोस् त त्यसको सम्भावना र अवस्थाद्वारा हुकुम लगाइन्छ, त यहाँ यस कुरामा तत्वदर्शिता सीमांकित वा जाहेर नभएको स्थिति छ यसलेगर्दा यस ढोकालाई नै बन्द गरिएको हो अवैधानिक क्रियाकलापको माध्यमलाई अवैध गरेर । अर्थात कब्रस्तानको जियारत महिलाको लागि अवैध छ चाहे त्यो नौहा गर्नेवाली होस् वा नहोस् किनकि महिलाबाट नौहा गर्नुको सम्भावन बाँकी नै रहन्छ । जसरी कि गोप्य श्रृंगारतर्फ दृष्टि हाल्नु हराम गरिएको छ त्यसद्वारा उपद्रवको उत्पात हुने भयले, यस्तै अपरिचित महिलासंग एकान्तमा जानुलाई हराम गरिएको छ व्यभिचारे.. आदिको भयले, यस्तै महिलालाई कब्रस्तानको जियारतबाट रोकिएको छ उपद्रव र अवैधानिक कुराको उत्पातको भयले । र दोस्रो कुरो के छ भने महिलाले कब्रस्तानको जियारत गर्नुमा कुनै तत्वदर्शिता र लाभ छैन जुन उपरोक्तमा वर्णित अवैध कुराहरूको तुलनामा अधिक

लाभदायक होस् बरु त्यो त्यहाँ गएर मात्र दुआ गर्नसक्छे र यो कार्य त्यो घरमा बसेर पनि गर्नसक्छे। (मजमूअ फतावा २४/३५५, ३५६)

### ६- नौहा गर्नुको अवैधता:

**नौहा:** कुनै मान्छेको मृत्यु भए पश्चात विलाप गर्दै मृतकको विशेषता गन्ति गराउँदै स्वरलाई उच्च पार्नु, र छाती पीटनु वा छाती निकटको कपडालाई च्यात्नु, अनुहारलाई घाइते गर्नु वा त्यसमाथि चमाट हान्नु, वा आफूमाथि धिक्कार पठाउनु...आदि। र यी समस्त क्रियाकलापहरू अल्लाहले निर्धारित गरेको भाग्यमाथि अविश्वासी भएर त्यसमाथि टिप्पणी गर्नुलाई बोध गर्छ, र यस विपत्तिमाथि असन्तुष्टि जताउनुलाई बोध गर्छ।

त यस्तो गर्नु महापाप हो, किनकि बुखारी मुस्लिमको हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ ليس منا من لطم الخدود، وشق الجيوب، ودعا بدعوى الجاهلية ﴾[48]

अर्थ : हामी मुसलमानहरूमध्येबाट त्यो होइन जुन गालमा हानोस्, र कपडालाई (छाती निकट भएको कपडा) च्यातोस्, र अनभिज्ञ कालका दावीहरूको वकालत गरोस्। ( बुखारी हदीस नं. १२३२ अध्याय: अल् जनाइज, मुस्लिम हदीस नं. ९०३अध्याय: अल् ईमान, तिर्मिजी हदीस नं. ९९९अध्याय: अल् जनाइज, नेसाई हदीस नं. १८६० अध्याय: अल् जनाइज, इब्ने माजा हदीस नं. १५८४ अध्याय: मा जाआ फिल् जनाइज, अहमद १/४६५ )

र आर्को हदीसमा छ कि:

﴿ بريء من الصالقة والحالقة والشاقة ﴾[49]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले निस्पृहता जनाएका छन् ती महिलाहरूबाट जुन विपत्तिको समय ठूलो स्वरले विलाप गरोस् वा

---

(48) البخاري الجنائز (1232) ، مسلم الإيمان (103) ، الترمذي الجنائز (999) ، النسائي الجنائز (1860) ، ابن ماجه ما جاء في الجنائز (1584) ، أحمد (465/1) .

(49) مسلم الإيمان (104) ، النسائي الجنائز (1867) ، أبو داود الجنائز (3130) ، ابن ماجه ما جاء في الجنائز (1586) ، أحمد (397/4) .

आफ्नो टाउको खौराओस् वा आफ्नो छाती निकटको कपडा च्यातोस् । (मुस्लिम हदीस नं. १०४ अध्याय: अल् ईमान, नेसाई हदीस नं. १८६७ अध्याय: अल् जनाइज, अबू दाऊद हदीस नं. ३१३० अध्याय: अल् जनाइज, इब्ने माजा हदीस नं. १५८६ अध्याय: मा जाआ फिल् जनाइज, अहमद ४/३९७ )

र आर्को हदीसमा छ कि:

﴿أن النبي صلى الله عليه وسلم لعن النائحة والمستمعة﴾ [50]

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले नौहा गर्नेवाली र नौहालाई सुन्नेवाली दुवैमाथि धिक्कार पठाएका छन् । ( अबू दाऊद हदीस नं. ३१२८ अध्याय: अल् जनाइज, अहमद ३/६५ )

त हे मुसलमान महिलाहरू ! विपत्तिको समयमा यस्ता समस्त अवैध र हराम कार्यहरूबाट बाँच, र तिम्रो लागि त्यसमाथि संतोष गर्नु र अल्लाहसित त्यसको राम्रो प्रतिफलको आशा राख्नु नै उचित छ, ताकि यो अवतरित भएको विपत्ति तिम्रो पापहरूलाई नष्ट गर्ने र पुण्यमा अभिवृद्धि गर्ने माध्यम भइहालोस् । अल्लाहको फर्मान छ:

﴿ وَلَنَبْلُوَنَّكُم بِشَيْءٍ مِّنَ ٱلْخَوْفِ وَٱلْجُوعِ وَنَقْصٍ مِّنَ ٱلْأَمْوَٰلِ وَٱلْأَنفُسِ وَٱلثَّمَرَٰتِ ۗ وَبَشِّرِ ٱلصَّٰبِرِينَ ﴿١٥٥﴾ ٱلَّذِينَ إِذَآ أَصَٰبَتْهُم مُّصِيبَةٌ قَالُوٓا۟ إِنَّا لِلَّهِ وَإِنَّآ إِلَيْهِ رَٰجِعُونَ ﴿١٥٦﴾ ﴾ البقرة: ١٥٥ - ١٥٦

अर्थ : र, हामीले कुनै न कुनै तरिकाबाट शत्रुको त्रास, भोकबाट, धन-सम्पत्ति, ज्यान र फलहरूको कमीबाट तिम्रो परीक्षा गर्नेछौं, (तसर्थ) धैर्य गर्नेहरूलाई शुभसन्देश सुनाइदिनु । यिनीहरूलाई जब कुनै आपत-विपत्ति आउँछ त भन्दछन् कि हामी अल्लाहकै अधीनमा हौं र हामी उसैतिर फर्केर जानेवाला छौं । (सूरतुल् बकर: १५५,१५६)

हो विपत्तिको समय रुनु जायज कुरो हो, तर त्यसको साथ नौहा नगरियोस्, नत कुनै हराम कार्य नै गरयोस् नत अल्लाहले निर्धारित

---

[50] أبو داود الجنائز (3128) ، أحمد (65/3) .

गरेको भाग्यमाथि क्रोध नै प्रकट गरियोस्, किनकि मात्र रुनु र बिना स्वरलाई उच्चगरी विलाप गर्नु मृतकको लागि लाभदायक छ र हृदयलाई पनि कोमलता प्रदान गर्छ । र रुनु यस्तो प्रकृतिक कुरो हो जसलाई कोही रोक्न सक्दैन, यसै कारण रुनुलाई जायज गरिएको छ, र कदाचित मात्र रुनु उत्तम र मुस्तहब कार्यहरूमध्येको पनि हो । र अल्लाह नै यसबारे अधिक ज्ञानी छ ।

# सातौं अध्याय
## व्रतको बारेमा महिलाहरूसित संलग्न निर्देशनहरू

रमजान महिनाको व्रत बस्नु प्रत्येक मुसलमान महिला पुरुषहरूमाथि अनिवार्य छ, र यो इस्लामका विशाल आधारहरूमध्ये एक हो जस्तोकि अल्लाहको फर्मान छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ كُتِبَ عَلَيۡكُمُ ٱلصِّيَامُ كَمَا كُتِبَ عَلَى ٱلَّذِينَ مِن قَبۡلِكُمۡ لَعَلَّكُمۡ تَتَّقُونَ ١٨٣ ﴾ البقرة: ١٨٣

अर्थ : आस्थावानहरू हो! (मोमिनहरू) तिमीलाई रोजा राख्नु अनिवार्य गरिएको छ जसरी तिमीभन्दा पहिलाका मानिसहरूलाई अनिवार्य गरिएको थियो । जसबाट कि तिमी संयमी बन्न सक । ( सूरतुल् बकरः १८३ )

त जब बालिका त्यस अवस्थासम्म पुगोस् जसमा त्यसमाथि इस्लामका अन्य निर्देशनहरूलाई कार्यन्वयनमा ल्याउनु अनिवार्य भइहाल्दछ, र यस अवस्थालाई त्यसमा (बालिकामा) उत्पन्न हुने केही लक्षणहरूमध्ये कुनै लक्षणको जाहेर हुनाले थाहा पाइन्छ, र ती लक्षणहरूमध्ये रजस्वलाको रगत आउनु पनि हो । अर्थात जब त्यो व्यस्क भइहालोस् त त्यसमाथि रमजानको व्रत बस्नु अनिवार्य भइहाल्दछ । र बालिकालाई ९ वर्षमा पनि रजस्वला आउन आरम्भ हुनसक्दछ, र कतिपय बालिकाहरू यसबारे पूर्ण ज्ञान नहुनुको कारण यो साच्दछिन् कि अहिले तिनी सानी छिन् अनि यसै सोचाइको कारण व्रत बस्दैनन्, र आर्को कुरो के छ भने त्यसको परिवारका मानिसहरू पनि त्यसलाई सानी ठानेर व्रत बस्नुको लागि भन्दैनन् । त यस्तो गर्नु ठूलो सुस्ती हो, किनकि इस्लामको एउटा महान आधारलाई यसद्वारा परित्याग गरिन्छ । त जसले व्रत अनिवार्य भए पश्चात यस्तो गरेको होस् त्यसमाथि ती छाडेका व्रतहरूको कजा गर्नु अनिवार्य छ चाहे यो घटना धेरै पुरानो किन नभइसकेको होस् अर्थात धेरै समय किन

नबितिसकेको होस् किनकि यो कार्य त्यसको जिम्मामा अहिलेसम्म बाँकी छ। *

## रमजानको व्रत कस कसमाथि अनिवार्य छ

जब रमजानको महिना आरम्भ होस् त प्रत्येक मुसलमान महिला, पुरुष, व्यस्क, स्वस्थ, यात्रामा नभएकाहरूमाथि व्रत बस्नु अनिवार्य छ। तर जुन मानिसहरू विरामी होउन् वा यात्रामा होउन् त तिनीहरूलाई खानपान गर्ने अनुमति छ, र जति व्रत तिनीहरूले विरामी अथवा यात्राको कारण त्यागेका छन् त्यसको सट्टामा अरु दिनहरूमा व्रत बसेर कजा गरुन्। अल्लाहको फर्मान छः

﴿ فَمَن شَهِدَ مِنكُمُ ٱلشَّهۡرَ فَلۡيَصُمۡهُۖ وَمَن كَانَ مَرِيضًا أَوۡ عَلَىٰ سَفَرٖ فَعِدَّةٞ مِّنۡ أَيَّامٍ أُخَرَۗ ﴾ البقرة: ١٨٥

अर्थ : तिमीहरूमध्ये जसले पनि यो महिना पाओस् त्यसले पूरा महिनाको ब्रत बसोस् हो, जो बिरामी छ अथवा यात्रामा छ उ अन्य दिनहरूमा (ब्रत बसी) त्यसको गणना पूरा गरोस्। ( सूरतुल् बकरः १८५ )

यस्तै जुन मान्छे अति वृद्ध भइसकेको होस् कि व्रत बस्नुमा सूक्ष्म नहोस् वा यस्तो रोगी होस् जसको रोग दीर्घकालीन होस् त यस्ता मानिसहरूको लागि यो हुकुम छ कि उनीहरू व्रत नबसिकन् प्रत्येक व्रतको सट्टामा एक गरिबलाई भोजन गराउन् वा आधा साअ् खद्यान्न कुनै गरिबलाई प्रदान गरुन् जुन खाद्य त्यसदेशमा प्रचलित होस्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَعَلَى ٱلَّذِينَ يُطِيقُونَهُۥ فِدۡيَةٞ طَعَامُ مِسۡكِينٖۖ ﴾ البقرة: ١٨٤

अर्थ : र सामर्थवानले (अति वृद्ध वा निको नहुने रोगको कारण व्रत बस्ने क्षमता राख्दैन भने) तिनीहरूले व्रतको सट्टा एउटा गरीबलाई खाना खुवाउनु। (सूरतुल् बकरः १८४)

---

यदि धेरै दिन बिति सकेको छ भने त्यसको कजा गर्नुको साथै एक गरिबलाई खाना पनि खुवाउनु पर्छ।

अब्दुल्लाह इब्ने अब्बासको भनाई छ कि: यो त्यस वृद्धको लागि हो जसको वृद्धपना समाप्त हुँदैन । (बुखारी)

र रोगी मान्छे जसको रोग निको हुने सम्भावना छैन त्यो पनि यसै वृद्धको हुकुममा छ । र यी दुवैथरीका मानिसहरू अर्थात वृद्ध र रोगी जसको रोग निको हुने सम्भावना छैन यी दुवैमाथि व्रतको कजा गर्नु छैन किनकि यसको सम्भावन नै छैन ।

## जुन कारणहरूलेगर्दा महिलाहरूको लागि व्रत त्याग्नु जायज छ

महिलाहरूसित केही यस्ता कारणहरू विशिष्ट छन् जसको कारण त्यसलाई व्रत त्याग्नु जायज भइहाल्दछ यस शर्तको साथ कि त्यो अरु दिनहरूमा छुटेका व्रतहरूको कजा गररे व्रतको गणनालाई पूर्ण गरोस् । र ती कारणहरू निम्नमा वर्णन गरिन्छ:

### १- रजस्वला र सुत्केरी:

रजस्वलाको रगत वा सुत्केरीको रगत आइरहेको समय महिलालाई व्रत बस्नु हराम छ, र यस कारण जुन व्रतहरू छुट्दछन् त्यसको अरु दिनहरूमा कजा गर्नु त्यसमाथि अनिवार्य छ, जस्तो कि हजरत आइशाको त्यस हदीसमा वर्णित छ जसलाई बुखारी र मुस्लिमले वर्णन गरेका छन् उहाँको भनाई छ कि:

﴿ كنا نؤمر بقضاء الصوم، ولا نؤمر بقضاء الصلاة ﴾[51]

अर्थ : हामीलाई (यस्तो अवस्थामा) व्रतको कजा गर्ने आदेश दिइन्थ्यो तर नमाजको कजा गर्ने आदेश दिइन्नथ्यो । (बुखारी हदीस नं. ३१५ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. ३३५ अध्याय: अल्हैज, तिर्मिजी हदीस नं. १३० अध्याय: अत्तहारह, नेसाई हदीस नं. २३१८ अध्याय: अस्सियाम, अबू दाऊद हदीस नं. २६२ अध्याय: अत्तहारह, इब्ने माजा हदीस नं. ६३१ अध्याय: अत्तहारह वसुननुहा, अहमद ४/२३२, दारमी हदीस नं. ९८६अध्याय: अत्तहारह)

[51] البخاري الحيض (315) ، مسلم الحيض (335) ، الترمذي الطهارة (130) ، النسائي الصيام (2318) ، أبو داود الطهارة (262) ، ابن ماجه الطهارة وسننها (631) ، أحمد (232/6) ، الدارمي الطهارة (986) .

र जब कुनै महिलाले उनीसित सोध्यो कि यो कस्तो कुरा हो कि व्रतको कजा गर्ने आदेश गरिएको छ तर नमाजको कजा गर्ने आदेश गरिएको छैन ? त हजरत आइशाले स्पष्ट पारिन् कि यी कुराहरू जसरी भनिएका छन् त्यस्तै मान्नुपर्छ स्पष्ट प्रमाण हुनुको कारण ।

**यस आदेशको तत्वदर्शिता:** शैखुल इस्लाम इब्ने तैमिया मज्मूअ् फतावाको २५/२५१ म भन्छन्: रजस्वलामा महिलाको रगतको निष्कासन हुन्छ त रजस्वलामा भएकी महिलाको लागि यो हुकुम छ कि जब रजस्वलाको रगत नआओस् त ती दिनहरूमा व्रत बसोस् किनकि ती दिनहरूमा त्यसको शरीर सशक्त हुन्छ र त्यसको लागि व्रत बस्नु सुसाध्य र सरल हुन्छ, तर जुन दिनहरूमा त्यसलाई रजस्वलाको रगत आइरहेको हुन्छ त त्यसलाई व्रत बस्नुबाट मनाही गरिएको छ किनकि त्यसको शरीर कम्जोर र अस्वस्थ हुन्छ रगत निष्कासन भइरहेको कारण, यसर्थ त्यसको व्रत पूर्ण र सुसाध्य हुँदैन, यसै कारण रगतको निष्कासन भइरहेको समय व्रतबाट रोकिएको छ मनाही गरिएको छ ।

## २- गर्भ हुने र दूध खुवाउने समय:

जब महिलालाई गर्भको अवस्थामा वा आफ्नो बच्चालाई दूध खुवाइरहेको समयमा आफूमाथि वा आफनो बच्चामाथि कुनै प्रकारको हानि नोक्सानीको सम्भावना वा खतरा होस् वा दुवैमाथि कुनै हानिको खतरा वा कष्टको सम्भावना होस् भने त्यो व्रत नबसोस् ।

त यदि मात्र बच्चालाई हानि पुग्ने खतराले व्रतलाई त्यागेको होस् भने कजा गर्नुको साथै प्रत्येक दिन एक मिस्कीनलाई खाना पनि खुवाओस्, तर यदि दुवैलाई हानि पुग्ने खतराले व्रत त्यागेको होस् भने प्रत्येक दिनको कजा मात्रै गरोस् । किनकि गर्भवती महिला र दूध खुवाउने महिला दुवै अल्लाहको यस कथन अन्तर्गत आउँछिन्:

﴿ وَعَلَى ٱلَّذِينَ يُطِيقُونَهُۥ فِدْيَةٌ طَعَامُ مِسْكِينٍ ﴾ البقرة: ١٨٤

अर्थ : र सामर्थ्यवानले (अति वृद्ध वा निको नहुने रोगको कारण व्रत बस्ने क्षमता राख्दैन भने) तिनीहरूले व्रतको सट्टा एउटा गरीबलाई खाना खुवाउनु । (सूरतुल् बकर: १८४)

हाफिज इब्ने कसीर आफ्नो तफ्सीरको १/३६९ मा भन्छन्: अल्लाहको यस कथन अन्तर्गत ती गर्भवती र दूध खुवाउने महिलाहरू

पनि आउँछिन् जुन आफूमाथि वा आफ्नो बच्चामाथि कुनै प्रकारको हानिनोक्सानीको खतरा महसूस गर्छिन् ।

र शैखुल इस्लाम इब्ने तैमिया भन्छन्: जब महिला आफ्नो गर्भाशयमा भएको बच्चामाथि खतरा महसूस गरोस् त त्यो व्रत नबसोस्, बरु अरु दिनहरूमा छुटेको प्रत्येक दिनको सट्टामा व्रत बस्नुको साथै एक रतल रोटी गरिबहरूमा दान गरोस् ( (फतावा २५/३१८ )

**चेतावनी:**

१- मुस्तहाजा अर्थात त्यो महिला जसलाई यस्तो रगत आउँछ जुन रजस्वला र सुत्केरीको रगत हुन्सक्दैन त यस्तो महिलामाथि व्रत बस्नु जरुरी छ, र त्यसलाई यस इस्तेहाजाको रगतको कारण व्रत त्याग्नु जायज छैन । शैखुल इस्लाम इब्ने तैमियाको रजस्वलाको कारण व्रत छाड्नुको बारेमा भनाई छ कि: यसको अवस्थाभन्दा इस्तेहाजाको अवस्था भिन्न छ किनकि त्यो जहिले पनि र जति समयको लागि पनि आउन सक्छ त्यसको कुनै समय सीमा छैन जसलेगर्दा मुस्तहाजा महिलालाई व्रत छाड्ने वा बस्ने आदेश गरियोस् । र यस रगतबाट बाँच्नु उस्तै असम्भव भइहाल्छ जसरी वान्ता, घाउ, स्वपनदोष... आदिबाट बाँच्नु असम्भव हुन्छ किनकि यसको पनि कुनै समय हुँदैन । त यसै कारण इस्तेहाजाको रगतलाई व्रत भंग गर्ने कुरा बनाइएन जसरी कि रजस्वलालाई बनाइएको छ । (मजमूअ फतावा शैखुल इस्लाम इब्ने तैमिया २५/२५१)

२- रजस्वला आइरहेको महिला र गर्भवती एवं दूध खुवाउने महिलालाई यो अनिवार्य छ कि जब त्यसले दूध खुवाउने अथवा गर्भ एवं रजस्वलाको कारण व्रत छाडेको होस्, त अघिल्लो रमजान आउनुभन्दा अघि नै त्यसको कजा गरिहालोस्, र यसमा अर्थात कजा गर्नुमा हतार गर्नु जल्दबाजी गर्नु अति सराहनीय कुरो हो । तर यदि यति विलम्ब भइसकेको होस् कि रमजान आउनुमा त्यति दिन मात्र बाँकी बचेको होस् जति दिनको कजा त्यसलाई गर्नुछ त यस्तो अवस्थामा अब त्यसमाथि कजा गर्नु पनि अनिवार्य भइहाल्यो । र यदि कजा गरिएको छैन र आर्को रमजान आरम्भ भयो, त यदि कजालाई यति विलम्ब गर्नुको कुनै वैधानिक कारण छैन भने छुटेको व्रतको कजा

गर्दाखेरि प्रत्येक दिनको सट्टामा एक गरिबलाई भोजन पनि गराउनुपर्छ। र यदि कुनै वैधानिक कारणलेगर्दा विलम्ब भएको छ भने मात्र कजा गर्नुले नै पुग्छ र यो त्यसको लागि प्रयाप्त हुन्छ। र यो हुकुम नै ती समस्त मान्छेहरूको लागि छ जुन कुनै वरामी वा कुनै अरु कारणले व्रतलाई त्यागेका होउन्।

३- जब महिलाको लोग्ने उपस्थित होस त बिना त्यसको अनुमति महिला नफिली व्रत नबसोस्, जस्तोकि बुखारी र मुस्लिममा हजरत अबू हुरैरहबाट एउटा हदीस वर्णित छ उहाँ रजिअल्लाहो अन्होको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ لا يحل لامرأة أن تصوم وزوجها شاهد إلا بإذنه ﴾ [52]

अर्थ : कुनै महिलाको लागि यो जायज छैन कि जब त्यसको लोग्ने उपस्थित होस् त बिना त्यसको अनुमति नफिली व्रत बसोस्। ( बुखारी हदीस नं. ४८९९ अध्याय: अन्निकाह, मुस्लिम हदीस नं. १०२६ अध्याय: अज्जकात, अहमद २/३१६ )

र अबू दाऊद एवं अहमदले वर्णन गरेका केही हदीसमा यस वाक्यको वृद्धि पनि छ कि "रमजानको व्रत बाहेक"।

तर यदि त्यसको श्रीमानले व्रत बस्ने अनुमति प्रदान गऱ्यो, वा त्यो घरमा उपस्थित छैन, वा त्यसको श्रीमान नै छैन भने त्यसको लागि नफिली व्रत बस्नु मुस्तहब र सराहनीय कुरो हो, विशेषरूपले ती दिनहरूमा जसमा व्रत बस्नु सुन्नत छ, जसरी सोमवारको र विहिवारको दिन, र प्रत्येक महिनामा तीन दिनको व्रत बस्नु, यस्तै ६ दिन शौवालको व्रत, र दश दिन जिलहिज्जाको व्रत, र अरफातको दिनको व्रत, र आशूराको दिनको व्रत र त्यसभन्दा एक दिन अघि वा पछिको व्रत। तर यदि त्यसमाथि रमजानको छुटेको व्रतको कजा होस् भने त्यसको लागि उचित यो छ कि पहिला छुटेको व्रतलाई पूर्ण गरोस् अनि नफिली व्रतको आयोजना गरोस्।

[52] البخاري النكاح (4899) ، مسلم الزكاة (1026) ، أحمد (316/2) .

४- जब रजस्वलामा भएकी महिला रमजानको कुनै दिनमा त्यसबाट पवित्र भइहालोस् त त्यसमाथि यो अनिवार्य छ कि त्यसै समयदेखि खानपान नगरोस् अर्थात अरु मानिसहरू झैं खानु पिउनुबाट रुकिहालोस् यस समय र दिनको सम्मान गर्ने उद्देश्यले, तर अरु छुटेका व्रतहरूको साथ यस दिनको पनि कजा गर्नु त्यसमाथि अनिवार्य छ, यसको पनि कजा गर्नुपर्छ ।

**...........पहिलो भाग समाप्त.......**

यस किताबको पहिलो भाग यहीँ समाप्त हुन्छ र शीघ्र नै यसको दोस्रो र अन्तिम भाग तपाईहरू समक्ष प्रस्तुत गर्ने छु इन्शाअल्लाह । वास्तवामा यस किताबको मूल संकलन जुनकि अरबी भाषामा छ त्यो मात्र एक भागमा छ तर अति लामो हुने भयलेगर्दा मैले यसलाई दुई भागमा गरेको छु ताकि यसलाई पढनु र बुझ्नु अति सजिलो भइहालोस् र यस किताबको उद्देश्य सफलतापूर्वक पाठक वर्गलाई प्राप्त होस् । किनकि मैले हेरेको छु कि अधिकांश पाठकहरू किताब पढनुभन्दा अघि त्यसको पृष्ठलाई हेर्छन् यदि किताब लामो छ भने त्यसलाई पढनुबाट पन्छिहाल्छन्, र यस्तो किताब खोज्दछन् जुन एक बैठकमा नै पढेर सिद्धयाउन् त यसै कारण र यस बाहेक अरु कारणहरूलेगर्दा मैले यस किताबलाई दुई भागमा गरिदिएको छु ताकि विशेषरुपले हाम्रा दिदी बहिनीहरू यसको अध्ययन गरुन् र आफ्नो विशेष समस्याहरूबारे राम्ररी ज्ञान प्राप्त गरुन् ।

र समस्त पाठकहरूसित मेरो यो सादर अनुरोध छ कि यस किताबलाई पढेर यदि तपाईहरूलाई लाभ पुगेको छ भने यसको लेखक शैख सालेह फौजान अल फौजानलाई र म अनुवादक अतीकुर्रहमान मुहम्मद इदरीस खानलाई आफ्नो दुआबाट वंचित नगर्नु होला, किनकि हामी सबै मानिसहरू त्यस करुणामय परम पूज्यको दयाका मुखापेक्षी हौं ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई आफ्नो सुमार्गतर्फ आह्वान गर्ने सुअवसर प्रदान गरी सन्देष्टाहरूको सत्य उत्तराधिकारी बनाओस् । र हामीहरूलाई सत्मार्गमा लगाएर आफ्नो

दयाको हकदार बनाओस्, र इस्लाम धर्मलाई राम्ररी बुझेर त्यसैबमोजिम कार्यरत रहने सुअवसर प्रदान गरोस्, र हाम्रा समस्त पापहरूलाई क्षमादान दिएर हामी समस्त आस्थावान मुसलमानहरूलाई स्वर्ग प्रदान गरी हाम्रो दुवै जीवनलाई सफल बनाओस् । ( आमीन )

# प्रक्काथन

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू त्यस अल्लाहकै लागि छन् जसले आँकलन गरेर मार्गदर्शन गऱ्यो र उचल्दो वीर्यबाट महिला पुरुष दुवैलाई उत्पन्न गऱ्यो । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ त्यसको कोही सहभागी छैन, त्यसैको लागि प्रशंसा छ आरम्भ र अन्त्यमा । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम त्यसका भक्त र सन्देष्टा हुन्, जहाँलाई अल्लाहले आकाशको भ्रमण गरायो, अनि उहाँले आफ्नो प्रतिपालकका विशाल निशानी र प्रतीकहरूको साक्षात्कार गरे, यसर्थ उनीमाथि अल्लाहको नगन्य दया र शान्ति अवतरित होस्, र उनका साथीहरू र आदरणीय मानिसहरूमाथि पनि अल्लाहको शान्ति अवतरित होस् ।

तत्पश्चात: त जब आस्थावान मुस्लिम महिलाको महत्व र दर्जा इस्लाममा अति विशाल छ र तिनीहरूसित धेरै समस्या र निर्देशनहरू संलग्न छन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीलाई विशेष निर्देशनहरूद्वारा विशिष्ट गरेका छन्, र अरफातको चौरको खुत्बा ( प्रवचन) मा उनीहरूको बारेमा यस्तो वसीयत (सदउपदेश) गरे जुन उनीहरूको प्रत्येक युगमा हेरचाह गर्नुमाथि र उनीहरूको महत्वमाथि प्रमाणीकरण गर्छ, र यस कुरालाई अनिवार्य तुल्याउँछ । त रह्यो वर्तमानकाल जसमा महिलाहरूलाई विशेषरूपले विभिन्न क्रियाकलाप र गतिविधिहरूद्वारा भ्रमित गरिन्छ ताकि त्यसको सम्मान र सतित्वको दमन गरियोस्, र त्यसलाई त्यसको वास्तविक दर्जा र सम्मानबाट तल खसालियोस् । यसलेगर्दा यो अति आवश्यक थियो कि त्यसलाई यस षडयन्त्रबाट सचेत गरियोस् र त्यसको लागि सफलताको मार्ग प्रष्ट पारियोस् ।

त मलाई आशा छ कि यो किताब यसै श्रृंख्लाको एउटा कडी सिद्ध होस्, र यो किताब यसखालका प्रयास गर्नेहरूको लागि एउटा निशानी

र प्रतीक पनि होस् जुन महिला सम्बन्धित विशेष समस्याहरूलाई समावेश गरेको छ । र यो एउटा सानो प्रयास भए पनि एउटा राम्रो र सराहनीय प्रयास हो । यसर्थ मलाई आशा छ कि यसद्वारा अल्लाह समस्तलाई लाभ पुऱ्याउन्, र यसलाई पहिलो श्रृंख्ला बुझेर अरु मानिसहरू पनि यस विषयमा अग्रसरता देखाउन्, र यसभन्दा व्यापक र परिपूर्ण प्रयास गरुन् ।

र अति हतारमा जुन मैले पाठक समक्ष पेश गर्ने सौभाग्य प्राप्त गरेको छु त्यो निम्न विषयहरूमा आधारित छ:

१- पहिलो अध्याय: सामान्य समस्याहरूबारे निर्देशनहरू ।

२- दोस्रो अध्याय: महिलाको शारीरिक श्रृंगारसित संलग्न निर्देशनहरू ।

३- तेस्रो अध्याय: रजस्वला सुत्केरी र इस्तेहाजासित संलग्न निर्देशनहरू ।

४- चौथो अध्याय: लुगा परदासित संलग्न निर्देशनहरू ।

५- पाँचौं अध्याय: महिलाको नमाजसित संलग्न विशेष निर्देशनहरू ।

६- छठौं अध्याय: जनाजा (मृतक शव) सित संलग्न विशेष समस्या र निर्देशनहरू ।

७- सातौं अध्याय: महिलाको व्रतसित संलग्न निर्देशनहरू ।

८- आठौं अध्याय: हज्ज र उमराको विषयमा महिलासित संलग्न विशेष निर्देशनहरू ।

९- नाव्वौं अध्याय: महिला र महिलाको वैवाहिक जीवनसित संलग्न समस्या र निर्देशनहरू ।

१०- दशौं र समाप्तीय अध्याय: ती निर्देशनहरूको वर्णन जुन महिलाको आदर सम्मान इज्जत आबरु र सतित्वलाई सुरक्षित राख्नुमा सहायक हुन्छन् ।

**लेखक:**

**डा. सालेह बिन फौजान अल् फौजान**

# आठौं अध्याय

## हज्ज र उमरामा महिलासित विशिष्ट निर्देशनहरू

प्रत्येक वर्ष बैतुल्लाहको हज्ज गर्नु प्रत्येक मुसलमानमाथि वाजिब केफाई हो, (वाजिब केफाई त्यस अनिवार्य कार्यलाई भन्छन् जसलाई एउटाले पनि गरेमा समस्त मानिसहरूको दायित्व पूर्ण भइहाल्छ, तर कसैले पनि नगरेको खण्डमा सबैलाई दोष लाग्ने छ) र प्रत्येक मुसलमानमाथि पूर्ण जीवनमा एक पटक हज्ज गर्नु अनिवार्य छ जब त्यस व्यक्तिमा त्यसका अनिवार्य हुने शर्तहरू पाइयोस् ।

र यदि कसैले एकभन्दा अधिक हज्ज गऱ्यो त त्यो अधिक गरिएको हज्ज त्यसको लागि नफिली हज्ज हुन्छ ।

र हज्ज इस्लामका आधारहरूमध्ये एउटा प्रमुख आधार हो, र हज्ज गर्नु महिलाको लागि धर्मयुद्ध गर्ने सरह छ, जस्तोकि हजरत आइशाको हदीसमा वर्णित छ उहाँ रजिअल्लाहो अन्हाले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोध्नु भयो कि:

﴿ يا رسول الله، هل على النساء جهاد ؟ قال: نعم، عليهن جهاد لا قتال فيه: الحج والعمرة ﴾ (53)

अर्थ : हे अल्लाहका रसूल के महिलाहरूमाथि धर्मयुद्ध छ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: किन छैन, छ तर त्यो धर्मयुद्ध यस्तो खालको छ जसमा युद्ध गर्नु छैन, र त्यो हो हज्ज र उमरा गर्नु । ( इब्ने माजा हदीस नं. २९०१ अध्याय: अल्मनासिक, अहमद ६/१६५ )

र आर्को हदीसमा छ जसलाई हजरत आइशाले नै वर्णन गरेका छिन् उहाँले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भनिन्:

﴿ يا رسول الله، نرى الجهاد أفضل العمل، أفلا نجاهد ؟ قال: لكن أفضل الجهاد حج مبرور ﴾ (54)

---

(53) ابن ماجه المناسك (2901) ، أحمد (165/6) .

अर्थ : हे अल्लाहका रसूल हामी धर्मयुद्धलाई सर्वोत्कृष्ट सुकार्य ठान्दछौं त के हामी महिलाहरू पनि धर्मयुद्ध नगरौं ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: सर्वोत्कृष्ट जिहाद (धर्मयुद्ध) त स्वीकृत हज्ज हो । ( बुखारी हदीस नं. १४४८ अध्याय: अल् हज्ज, नेसाई हदीस नं. २६२८ अध्याय: मनासेकुल् हज्ज )

## हज्जमा महिलाहरूसित विशिष्ट निर्देशनहरू

१ ⇒ मुहरिमको उपस्थिति: हज्जका केही शर्तहरू पुरुष र महिला दुवैका लागि एकनास र समान छन्, जसरी इस्लाम, बुद्धि, स्वतन्ता, व्यस्कता र क्षमता, अर्थात मात्र त्यस व्यक्तिमाथि हज्ज अनिवार्य छ जुन मुसलमान होस् र बद्धिमान हुनुको साथै व्यस्क र स्वतन्त्र पनि होस्, र त्यससित यति शारीरिक र आर्थिक क्षमता पनि होस् कि हज्ज गर्नुमा सूक्ष्म होस् । त यी शर्तहरू महिला पुरुष दुवैका लागि एकनास छन्, तर महिलाको लागि एउटा शर्त यो पनि छ कि त्यसको साथमा त्यसको कुनै मुहरिम पनि होस् जसको साथमा त्यो हज्जको यात्रा गरोस्, र त्यसको मुहरिम हो: त्यसको लोग्ने, वा ती आफन्तीहरू जससित विवाह गर्नु कुनै अवस्थामा पनि जायज नहोस् जसरी कि: पिता, छोरा, भाइ, ... आदि । वा कुनै जायज कारणले त्यसबाट विवाह गर्नु जायज नहोस् त्यो पनि त्यसको मुहरिम भइहाल्छ जसरी दूधिया भाइ वा त्यसको दोस्रो पिता वा त्यसको सौतेला छोरा .. आदि । र यसको प्रमाण हो इब्ने अब्बासको त्यो हदीस जसमा उहाँ रजिअल्लाहो अन्होको भनाई छ कि उहाँले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई खुत्बा दिइरहेको समय यो भन्दै सुनेका छन् कि:

---

(54) البخاري الحج (1448) ، النسائي مناسك الحج (2628) .

﴿ لا يخلون رجل بامرأة إلا ومعها ذو محرم، ولا تسافر المرأة إلا مع ذي محرم، فقام رجل فقال: يا رسول الله إن امرأتي خرجت حاجة، وإني اكتتبت في غزوة كذا وكذا، قال: فانطلق فحج مع امرأتك ﴾ (55)

अर्थ : बिना मुहरिम कोही पनि कुनै अपरिचित महिलाको साथ एकान्तमा नजाओस्, र कुनै महिला बिना मुहरिम कुनै यात्रा नगरोस्, अनि एउटा मानिसले (सहाबी) उभेर भन्यो: हे अल्लाहका रसूल मेरो स्वास्नी हज्जको लागि गएको छे, र मैले आफूलाई फलाँ फलाँ युद्धको लागि नामांकित गरिसकेको छु ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: जाऊ र आफ्नो स्वास्नीको साथ हज्ज गर । ( बुखारी हदीस नं. १७६३ अध्याय: अल् हज्ज, मुस्लिम हदीस नं. १३४१ अध्याय: अल् हज्ज, इब्ने माजा हदीस नं. २९०० अध्याय: अल्मनासिक, अहमद १/२२२ )

र इब्ने उमरको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ لا تسافر المرأة ثلاثا، إلا معها ذو محرم ﴾ (56)

अर्थ : महिला तीन दिन जतिको यात्रा बिना मुहरिम नगरोस् । ( बुखारी हदीस नं. १०३६ अध्याय: अल् जुमुआ, मुस्लिम हदीस नं. १३३८ अध्याय: अल् हज्ज, अबू दाऊद हदीस नं. १७२७ अध्याय: अल्मनासिक, अहमद २/१९ )

र यस विषयमा थुप्रै हदीसहरू वर्णित छन् जुन महिलालाई हज्जको यात्रा वा कुनै अरु यात्रा बिना मुहरिम गर्नुबाट मनाही गर्दछन्, किनकि महिला प्रकृतिक तौरले कम्जोर हुन्छ त्यसलाई पनि यात्रामा ती कष्टहरू सम्मुख हुन्छन् जसको मुकाबिला मात्र पुरुषहरू गर्नसक्छन्। र यो कुरो पनि छ कि महिला मानिसहरूको आकर्षणकेन्द्र र हृदयरोगीहरूको

---

(55) البخاري الحج (1763) ، مسلم الحج (1341) ، ابن ماجه المناسك (2900) ، أحمد (222/1) .

(56) البخاري الجمعة (1036) ، مسلم الحج (1338) ، أبو داود المناسك (1727) ، أحمد (19/2) .

अभीष्ट पनि हो, यसर्थ त्यसको लागि यो आवश्यक छ कि त्यसको साथमा कुनै यस्तो मुहरिम होस् जुन यी समस्त कुराहरूबाट त्यसको सुरक्षा गरोस् र पापीहरूको कष्टबाट त्यसलाई बचाओस् ।

**२ ⟹ लोग्नेको अनुमति लिनु:** जब त्यसको यो हज्ज नफिली होस् त त्यसलाई आफ्नो श्रीमानसित अनुमति लिनु अति आवश्यक छ, किनकि हज्जमा जानुबाट त्यसको जुन हक महिलामाथि छ त्यो पूर्ण हुन्सक्दैन । इब्ने कुदामा मुग्नीको ३/२४० मा भन्छन्: र रह्यो महिलाको नफिली हज्जको कुरो त लोग्नेलाई यो अधिकार प्राप्त छ कि त्यो आफ्नो स्वास्नीलाई यसलाई गर्नुबाट मनाही गरोस् । र इब्नुल् मुन्जिरको भनाई छ कि: म जति विद्हरूबाट विद्या ग्रहण गरेको छु समस्तको दृष्टि यो नै छ कि लोग्नेमान्छे आफ्नो स्वास्नीलाई नफिली हज्जबाट रोक्ने अधिकार राख्दछ, किनकि स्वास्नीमाथि लोग्नेको हक अनिवार्य छ जसलाई त्यो (महिला) निलम्बित गर्न सक्दैन यस्तो कार्यको कारण जुन अनिवार्य छैन, जसरी कि दास मालिकको अधिकार निलम्बित गर्न सक्दैन ।

**३ ⟹ हज्ज र उमरामा महिला आर्को मान्छेको तर्फबाट पनि हज्ज उमरा गर्न सक्छे:** शैखुल इस्लाम इब्ने तैमिया मजमूअ् फतावाको १३/२६ मा भन्नुहुन्छ कि: महिलाको लागि यो जायज छ कि त्यो कुनै आर्को महिलाको तर्फबाट हज्ज गरोस् चाहे त्यो महिला त्यसको छोरी होस् वा कुनै अरु आफन्ती वा अरु कोही होस्, र यस कुरामा समस्त विद्हरूको सहमति छ। र यस्तै चारौं इमामहरू र अधिकांश विद्हरूको दृष्टिमा महिलाको लागि यो पनि जायज छ कि त्यो कुनै पुरुषको तर्फबाट पनि हज्ज गर्नसक्छे । ज्स्तो कि हदीसमा छ कि:

﴿ أمر النبي صلى الله عليه وسلم المرأة الخثعمية أن تحج عن أبيها لما قالت: يا رسول الله إن فريضة الله في الحج على عباده أدركت أبي وهو شيخ كبير، فأمرها النبي صلى الله عليه وسلم أن تحج عن أبيها. ﴾ (57)

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले खुसउम गोत्रकी महिलालाई त्यसको बुवाको तर्फबाट हज्ज गर्ने आदेश दिएका थिए जब त्यसले उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित यो सधेको थियो कि हे अल्लाहको रसूल मेरो बुवा अति वृद्ध भइसकेका छन् र यति वृद्ध भइसकेका छन कि उनी सवारीमाथि बस्न सक्दैनन् र उनीमाथि अल्लाहले आफ्नो भक्तहरूमाथि अनिवार्य गरेको हज्ज अनिवार्य भइसकेको छ, त के म उनीको तर्फबाट हज्ज गर्न सक्छु ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो हो, तिमी आफ्नो बुवाको तर्फबाट हज्ज गर्न सक्छौ । ( बुखारी हदीस नं. १४४२ अध्याय: अल् हज्ज, मुस्लिम हदीस नं. १३३४ अध्याय: अल् हज्ज, तिर्मिजी हदीस नं. ९२८ अध्याय: अल् हज्ज, अबू दाऊद हदीस नं. १८०९ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. २९०९ अध्याय: अल्मनासिक, अहमद १/२१३, दारमी हदीस नं. १८३३ अध्याय: अल्मनासिक )

जबकि पुरुषको एहराम महिलाको एहरामभन्दा परिपूर्ण हुन्छ ।

## ४ ⇒ महिलालाई रजस्वला वा सुत्केरीको रगत आउन थालोस् त त्यो के गरोस् ?

जब हज्जको लागि जाँदा बाटोमा महिलालाई रजस्वला वा सुत्केरीको रगत आउन थालोस् तै पनि त्यो आफ्नो यात्रालाई निरन्तरता देओस्, त यदि यस्तो एहराम लगाउनुको समय भएको होस् भने त्यो पनि उस्तै एहराम लगाओस् जसरी पवित्र महिलाहरू लगाउँछिन किनकि एहरामको लागि पवित्रता शर्त छैन । इब्ने कुदामा मुग्नीको ३/२९३, २९४ मा भन्नुहुन्छ कि: एहरामको समय

(57) البخاري الحج (1442) ، مسلم الحج (1334) ، الترمذي الحج (928) ، أبو داود المناسك (1809) ، ابن ماجه المناسك (2909) ، أحمد (213/1) ، الدارمي المناسك (1833) .

महिलाहरूको लागि स्नान गर्नु उस्तै वैधानिक छ जसरी पुरुषहरूको लागि छ, किनकि यो हज्जका कार्यहरूमध्येको हो । र यस्तै रजस्वला र सुत्केरीको अवस्थामा भएकी महिलाहरूको लागि त अरु आवश्यक छ यसबारेमा हदीस हुनुको कारण, हजरत जाबिरको वर्णन छ किः

﴿ حتى أتينا ذا الحليفة فولدت أسماء بنت عميس محمد بن أبي بكر، فأرسلت إلى رسول الله صلى الله عليه وسلم كيف أصنع ؟ قال: اغتسلي، واستثفري بثوب، وأحرمي ﴾ (58)

अर्थ : अनि हामी जब जुल्हुलैफा पुगें त अस्मा बिन्ते उमैसले मुहम्मद बिन अबि बक्रलाई जन्माइन, त उनेले कसैलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष पठाएर सोधिन् कि अब म के गरूँ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिमी पनि स्नान गरेर कुनै कपडाद्वारा लंगोट झैं बाँध, अनि एहराम लगाऊ । ( बुखारी हदीस नं. १६९३ अध्यायः अल् हज्ज, मुस्लिम हदीस नं. १२१८ अध्यायः अल् हज्ज, नेसाई हदीस नं. २७६१ अध्यायः मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १९०५ अध्यायः अल्मनासिक, इब्ने माजा हदीस नं. ३०७४ अध्यायः अल्मनासिक, अहमद १/२१३, दारमी हदीस नं. १८५० अध्यायः अल्मनासिक )

र इब्ने अब्बासको वर्णन छ कि नबी सल्लल्लाहो अलैहे वसल्लमले यो पनि भन्नु भएको छ किः

﴿ النفساء والحائض إذا أتيا على الوقت يحرمان ويقضيان المناسك كلها غير الطواف بالبيت ﴾ (59)

अर्थ : एहराम लगाउने समय रजस्वला र सुत्केरीको अवस्थामा भएकी महिलाहरू पनि एहराम लगाउन्, र बैतुल्लाहको तवाफ बाहेक

---

(58) البخاري الحج (1693) ، مسلم الحج (1218) ، النسائي مناسك الحج (2761) ، أبو داود المناسك (1905) ، ابن ماجه المناسك (3074) ، أحمد (321/3) ، الدارمي المناسك (1850) .

(59) أبو داود المناسك (1744) .

हज्जका समस्त कार्यहरू गरुन् । ( अबू दाऊद हदीस नं. १७४४ अध्याय: अल्मनासिक )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत आइशा रजिअल्लाहो अन्हालाई हज्जको नीयत गर्ने आदेश गरेका थिए जबकि उनी रजस्वलाको अवस्थामा थिइन् ।

र रजस्वला एवं सुत्केरीको अवस्थामा भएकी महिलाहरूलाई स्नान गर्ने आदेश दिनुमा तत्वदर्शिता यो छ कि उनी स्वच्छ भइहालुन्, र उनीहरूबाट जुन दुर्घन्ध आउँछ त्यो स्वच्छ भइहालोस् ताकि अरु मानिसहरूलाई उनीहरूबाट कष्ट नपुगोस् र यसद्वारा फोहोरलाई कम गर्नु पनि अभीष्ट हुन्छ। र यदि उनीहरू एहराममा छिन् र रजस्वलाको वा सुत्केरीको रगत आउँदै गर्छ भने उनीहरूको एहराममा कुनै फर्क पर्दैन, यसर्थ उनी आफ्नो एहराममा बाँकी रहन्छिन्, र एहरामका वर्जित कुराहरूबाट बाँच्दै गर्छिन्, र बैतुल्लाहको तवाफ तबसम्म गर्दैनन् जबसम्म कि रजस्वला अथवा सुत्केरीको रगतबाट पवित्र भई स्नान नगरिहालुन्। र यदि रजस्वला अथवा सुत्केरीको रगत अरफातको दिन आयो र उनीहरूले हज्जे तमत्तुअ्को नीयत गरेका छिन् भने तिनीहरू हज्जको लागि एहराम लगाउँछिन्, र हज्जलाई उमरासित मिश्रित गरिदिन्छिन् अर्थात हज्जे केरान गर्नेवाली भइहाल्छिन्, जसमा हज्ज र उमरा एउटै एहरामले गरिन्छ ।

र यसको प्रमाण हो यो हदीस:

﴿ أن عائشة رضي الله عنها حاضت وكانت أهلت بعمرة، فدخل عليها النبي صلى الله عليه وسلم وهي تبكي، قال: ما يبكيك لعلك نفست ؟ قالت: نعم، قال: هذا شيء قد كتبه الله على بنات آدم، افعلي ما يفعل الحاج غير أن لا تطوفي بالبيت ﴾ (60)

(60) البخاري الحيض (299) ، مسلم الحج (1211) ، النسائي مناسك الحج (2763) ، أبو داود المناسك (1782) ، ابن ماجه المناسك (2963) ، أحمد (273/6) .

अर्थ : हजरत आइशा रजिअल्लाहो अन्हालाई रजस्वला आयो यस्तो अवस्थामा कि उनी उमराको एहराम लगाइसकेका थिइन्, अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लम उनीको पासमा आए त उनी रोई रहेका थिइन् त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सोधे तिमी किन रोईरहेका छौ ? कदाचित तिमीलाई रजस्वला आएको छ ? त हजरत आइशा रजिअल्लाहो अन्हाले भनिन्: हो, मलाई रजस्ला नै आएको छ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यो यस्तो कुरो हो जसलाई अल्लाहले आदमकी छोरीहरूमाथि लेखिदिएको छ, यसर्थ तिमी पनि ती सबै कार्यहरू गर जुन हाजीहरू गर्छन्, तर बैतुल्लाहको तवाफ नगर्नु । ( बुखारी हदीस नं.२९९ अध्याय: अल् मनासिक, मुस्लिम हदीस नं. १२११ अध्याय: अल् हज्ज, नेसाई हदीस नं. २७६३ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १७८२ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. २९६३ अध्याय: अल्मनासिक, अहमद १/२१३ )

र बुखारी मुस्लिमले वर्णन गरेको जाबिरको हदीसमा छः

﴿ ثم دخل النبي صلى الله عليه وسلم على عائشة فوجدها تبكي، فقال: ما شأنك ؟ قالت: شأني أني قد حضت، وقد حل الناس ولم أحلل ولم أطف بالبيت، والناس يذهبون إلى الحج الآن، فقال: إن هذا أمر قد كتبه الله على بنات آدم، فاغتسلي، ثم أهلي ففعلت ووقفت المواقف كلها، حتى إذا طهرت طافت بالكعبة وبالصفا والمروة، ثم قال: قد حللت من حجك وعمرتك جميعا ﴾ (61)

अर्थ : फेरि रसूल सल्लल्लाहो अलैहे वसल्लम हजरत आइशा रजिअल्लाहो अन्हाको पासमा आए, त उनीलाई रोईरहेको अवस्थामा पाए, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भने: यो के हो ? त हजरत आइशाले भनिन्:, सबै हज्जको लागि एहराम लगाइसके र मलाई रजस्वला आएको छ, त म नत एहराम नै लगाएको छु नत बैतुल्लाहको तवाफ नै गरेको छु, र अवस्था यो छ कि सबै अहिले हज्जको लागि

(61) البخاري الحج (1693) ، مسلم الحج (1213) ، النسائي مناسك الحج (2763) ، أبو داود المناسك (1785) ، ابن ماجه المناسك (3074) .

जाँदैछन्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यो यस्तो कुरो हो जसलाई अल्लाहले आदमकी छोरीहरूमाथि लेखिदिएको छ, यसर्थ तिमी पनि स्नान गरेर एहराम लगाऊ, त हजरत आइशा भन्छिन् कि: मैले त्यस्तै गरें, अनि ती समस्त कार्यहरू गरें जुन हाजीहरूले गरे, र जब रजस्वलाबाट पवित्र भएँ त बैतुल्लाह र सफा मरवाको तवाफ गरें, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो तिमी आफ्नो हज्ज र उमरा दुवैबाट हलाल भयौ। ( बुखारी हदीस नं. १६९३ अध्याय: अल्हज्ज, मुस्लिम हदीस नं. १२१३ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. २७६३ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १७८५ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. ३०७४ अध्याय: अल्मनासिक )

र अल्लामा इब्नुल् कैयिम तहजीबुस्सुन्नहको २/३०३ मा भन्छन्: र समस्त सही र स्पष्ट हदीसहरू यस कुरालाई प्रमाणीकरण गर्छन् कि हजरत आइशा पहिला उमराको लागि एहराम लगाइन् अनि जब उहाँलाई रजस्वला आयो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले उहाँलाई हज्जको नीयत गरेर एहराम लगाउने आदेश गरे, त उनी हज्जे केरान गर्नेवाली भइन्, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भनेका थिए कि:

﴿ يكفيك طوافك بالبيت وبين الصفا والمروة لحجك وعمرتك ﴾ (62)

अर्थ : बैतुल्लमहको र सफा मरवाको एक पटक तवाफ गर्नु तिम्रो हज्ज र उमरा दुवैको लागि प्रयाप्त छ। ( अबू दाऊद हदीस नं. १७८५ अध्याय: अल्मनासिक )

सफा मरवाको तवाफ गर्नुको अर्थ हो त्यसको सई गर्नु ती दुवै बीच दुगुर्नु।

**५ ⇒ एहरामको समय महिलालाई के के गर्नुपर्छ :** महिला पनि त्यही कार्यहरू गर्छे जुन पुरुषहरू गर्छन्, जसरी स्नान गर्नु, स्वच्छ हुनु, अर्थात कपाल नङ्ग ... आदि काट्नु यदि त्यसको आवश्यकता छ ताकि एहरामको अवस्थामा त्यसको आवश्यकता न आइपरोस् जबकि

(62) أبو داود المناسك (1897) .

एहरामको अवस्थामा यस्तो गर्नु निषेधित हुन्छ । र यदि यी कुराहरूको त्यसलाई आवश्यकता छैन भने यसलाई गर्नु त्यसमाथि अनिवार्य छैन, किनकि यो एहरामको विशेषताहरूमध्येको होइन, र यसमा पनि कुनै आपत्ति छैन कि कुनै यस्तो सुगन्ध आफ्नो शरीरमा प्रयोग गरोस् जसको सुगन्ध तीव्र नहोस्, जस्तोकि हजरत आइशा रजिअल्लाहो अन्हाको हदीसमा छ कि:

﴿ كنا نخرج مع رسول الله صلى الله عليه وسلم فنضمد جباهنا بالمسك عند الإحرام، فإذا عرقت إحدانا سال على وجهها، فيراها النبي صلى الله عليه وسلم فلا ينهانا ﴾ (63)

अर्थ : हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा निस्कन्थें, अनि एहराम लगाउँदा अआफ्ना निधारहरूमा मिस्क (एक प्रकारको सुगन्ध) प्रयोग गर्थें, अनि जब हामीमध्ये कसैलाई पसीना आउँथ्यो त मिस्क पसीनाको साथ हाम्रा अनुहारहरूमा बगिहाल्थ्यो, र यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम हेर्थे तर यसबाट मनाही गर्दैन्थे । ( अबू दाऊद हदीस नं. १८३० अध्याय: अल्मनासिक, अहमद ६/७९ )

र इमाम शौकानी नैलुल अवतारको ५/१२ मा भन्छन्: यस कुरामाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमको चुप लाग्नु त्यसको वैधानिक हुनुमा प्रमाणीकरण गर्छ, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम कुनै अवैधानिक कार्यमाथि चुप लाग्दैन्थे ।

**६ ⇒ एहरामको नीयतगर्दा बुर्का र नकाबलाई उतार्नु:** एहरामको नीयतगर्दा महिला यदि एहरामभन्दा पहिला बुर्का र नकाब लगाएको छे भने त्यसलाई उतारोस् । र नकाब एवं बुर्का एउटा कपडाको बनेको वस्त्र हो जसलाई अनुहार ढाँक्नुको लागि प्रयोग गरिन्छ जसमा आँखाले हेर्नुको लागि आँखा जतिको प्वाल बनाइएको हुन्छ । र यसको प्रमाण हो रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन:

(63) أبو داود المناسك (1830) ، أحمد (79/6) .

﴿ لا تنتقب المحرمة ﴾ (64)

अर्थ : एहराम लगाएको महिला नकाब नलगाओस् । ( बुखारी हदीस नं. १७४१ अध्याय: अल्हज्ज, तिर्मिजी हदीस नं. ८३३ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. २६८१ अध्याय: मनासिकुल् हज्ज, अहमद २/११९ )

र बुर्का नकाबभन्दा झन् निषेधित छ । र यदि महिला आफ्नो हातमा पञ्जा (दस्ताना) आदि लगाएको होस् त्यसलाई पनि निष्कासित गरिहालोस्, र पञ्जा यस्तो वस्त्र हो जसलाई हत्केलीको परदा गर्ने उद्देश्यले लगाइन्छ (र हाम्रो देश नेपालमा जाडोको समय लगाइन्छ) । र महिला आफ्नो अनुहारलाई बुर्का र नकाब बाहेक कुनै अरु कुराद्वारा ढाँकोस्, जसरी चुन्नी, च्यादर .. आदिद्वारा, जबकि गैर मुहरिमले हेर्नुको सम्भावना होस् । र यस्तै आफ्नो हत्केलीलाई पनि ढाँपोस् किनकि हत्केली र अनुहार दुवै परदा गरिने अंगहरूमध्येका हुन्, यसर्थ एहरामको हालतमा पनि गैर मुहरिमबाट दुवैको परदा गर्नु अनिवार्य छ ।

र शैखुल् इस्लाम इब्ने तैमियाको भनाई छ: र रह्यो कुरो महिलाको त त्यो साक्षात परदा हो, र यसै कारण त्यसको लागि एहरामको अवस्थामा पनि यो जायज छ कि त्यो जुन सुकै लुगा भए पनि त्यसलाई लगाउन सक्दछे यदि त्यो त्यसको शरीरलाई पूर्णतया छोपेको होस्, र त्यसलाई यो पनि वैध छ कि सामानद्वारा छहारी प्राप्त गरोस्, तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसलाई नकाब र पञ्जा लगाउनुबाट मनाही गरेका छन्, र पञ्जा एक प्रकारको हत्केलीमा लगाउने वस्त्र हो । र यदि महिलाले कुनै यस्तो वस्तुबाट अनुहारलाई छोप्यो जुन अनुहारलाई छोएको छैन त समस्त विद्हरूको दृष्टिमा यस्तो गर्नु जायज छ, र यदि त्यो वस्तु त्यसको अनुहारलाई छोएको होस् तै पनि सही कथन अनुसार यस्तो गर्नु जायज छ । र महिलाको लागि यो जरुरी छ कि आफ्नो अनुहारमा गरिएको परदालाई आफ्नो हात वा कुनै आर्को वस्तुबाट पर राख्ने कष्टमा नपरोस् । र रसूल सल्लल्लाहो अलैहे

(64) البخاري الحج (1741) ، الترمذي الحج (833) ، النسائي مناسك الحج (2681) ، أحمد (119/2) .

वसल्लमले अनुहार र हत्केलीलाई परदाको विषयमा एकनास मानेका छन्, र दुवै  अंग मान्छेको शरीर झैं छन् नकि टाउको झैं, र रसूल सल्लल्लाहो अलैहे वसल्लमकी स्वास्नीहरू अनुहारको परदा गर्नुमा जुन वस्तुद्वारा परदा गरिन्थ्यो त्यसको अनुहारलाई स्पर्श गर्ने नगर्ने कुरालाई कुनै महत्व दिदैन्थिइन् । र कसैले पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो वर्णन गरेको छैन कि उहाँले यो भनेका होउन् कि महिलाको एहराम त्यसको अनुहारमा निर्भर छ, बरु यो केही विद्हरूको दृष्टि हो ।

र अल्लामा इब्नुल् कैयिम रहेमहुल्लाह तहजीबुस्सुन्नहको २/३५० मा भन्छन्: र नबी सल्लल्लाहो अलैहे वसल्लमद्वारा एक अक्षर पनि प्रमाणित छैन जसमा यो भनिएको होस् कि महिलालाई यो भनिएको होस् कि महिलालाई एहरामको अवस्थामा अनुहार खुल्ला राख्नु अनिवार्य छ, बरु मात्र नकाब लगाउनुबाट मनाही गर्नु प्रमाणित छ.... र अगाडि भन्छन्: हजरत अस्मा रजिअल्लाहो अन्हाबाट यो प्रमाणित छ कि उनी एहरामको अवस्थामा पनि आफ्नो अनुहारलाई छोपेका हुन्थिन् । र हजरत आइशा रजिअल्लाहो अन्हाको भनाई छ कि:

﴿ كان الركبان يمرون بنا ونحن مع رسول الله صلى الله عليه وسلم محرمات، فإذا حاذوا بنا سدلت إحدانا جلبابها من رأسها على وجهها؛ فإذا جاوزنا كشفناه ﴾ (65)

अर्थ : सवारहरू (यात्रीहरूका समूहहरू) हामीहरूको निकटबाट गुज्रन्थे र हामी रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा एहरामको अवस्थामा हुन्थें, अनि जब सवारहरू हामीहरूको निकट आइपुग्थे त हामी आफ्नो त्यो जिलबाबद्वारा जुनकि हाम्रो टाउकोहरूमाथि हुन्थ्यो त्यसबाट अआफ्ना अनुहारलाई ढाँकिलिन्थ्यौं, अनि जब सवारहरू गइहाल्थे, त हामी आफ्नो अनुहारलाई खुल्ला गरिहाल्थ्यौं । (अबू दाऊद हदीस नं. १८३३ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. २९३५ अध्याय: अल्मनासिक, अहमद ६/३० )

---

(65) أبو داود المناسك (1833) ، ابن ماجه المناسك (2935) ، أحمد (30/6) .

त तिमीहरूलाई ज्ञात रहोस् हे मुसलमान महिलाहरू तिमीलाई त्यस वस्त्रद्वारा अनुहार र हत्केलीलाई छोप्नु निषेधित छ जसलाई विशेषरूपले त्यसैलाइ छोप्नुको लागि बनाइएको छ, जसरी नकाब, पञ्जा ..आदि, तर तिमीमाथि यो अनिवार्य छ कि आफ्नो अनुहार र हत्केलीलाई कुनै कपडा आदिद्वारा छेपरे गैर मुहरिमबाट परदा गर । र यो पनि प्रमाणित छैन कि तिमी कुनै यस्तो वस्तुको प्रयोग गर जुन अनुहारलाई छेप्ने चीजलाई तिम्रो अनुहारबाट पर राखोस् अर्थात त्यसलाई अनुहारबाट स्पर्श हुनुबाट टाढा राखोस् जसरी कि सानो लकडी, हैट, कुनै हैट जस्तो आर्को टोपी, वा पगडी आदि ।

**७ ⇒ महिलाको लागि एहरामको अवस्थामा श्रृंगारयुक्त नभएको जुन सुकै लुगा लगाउनु जायज छः** र महिलाको लागि एहरामको अवस्थामा जुन सुकै लुगा लगाउनु जायज छ यदि त्यो श्रृंगारमुक्त होस् अर्थात त्यसद्वारा श्रृंगारको प्रदर्शन गर्नु बोध नहोस्, नत त्यो पुरुषहरूको अनुरुपता नै बोध गर्नेवाला होस्, नत यति चुस्त र संकुचित नै होस् कि त्यसका अंगहरू जाहेर होउन्, नत यति पात्लो नै होस् कि त्यसको शरीर झल्कोस् । बरु यति बाक्लो फराकिलो र साधारण होस् कि त्यसद्वारा भद्रताको प्रर्दशन होस्, यदि यस्तो खालको लुगा छ भने त्यो निसंकोच त्यसलाई धारण गर्नसक्छे ।

इब्नुल् मुन्जिर भन्छन् किः समस्त विद्हरूको यस कुरामा एकमत छ कि महिला एहराममा पनि कमीच, सिरवाल, दिरअ् (अबाया) चुन्नी, मोजा, प्रयोग गर्नसक्छे । ( मुग्नी ३/३२८ )

र महिलाको लुगाको लागि कुनै विशेष रंग निर्धारित छैन कि त्यो त्यसै रंगको लुगा लगाओस्, बरु त्यसलाई स्वतन्त्रता प्राप्त छ कि त्यो महिलाहरूले लगाउने जुन सुकै रंगको लुगा लगाउन सक्छे, जसरी कालो रातो हरियो पहेलो... आदि । र त्यसको लागि यो पनि जायज छ कि जब त्यसको मन लागोस् त्यस लुगालाई फेरेर आर्को लुगा लगाओस् ।

**८ ⇒ महिलाको लागि मसिनो स्वरमा तल्बिया भन्नु सुन्नत होः** महिलाको लागि सुन्नत यो हो कि एहराम लगाए पश्चात यति मसिनो स्वरमा तल्बिया भनोस् कि मात्र आफू नै सुनोस् ।

इब्ने अब्दुल् बर्रको भनाई छ किः यस कुरामा समस्त विद्हरूको एकमत छ कि महिलाको लागि सुन्नत यो छ कि त्यो तल्बियालाई उच्चारणगर्दा आफ्नो स्वरलाई उच्च नगरोस् बरु मात्र यति स्वरले भनोस् जति स्वयम आफू सुनोस्, र त्यसको स्वरलाई उच्च गर्ने कुरालाई यस कारण अप्रिय मानिएको छ कि कदाचित त्यसबाट बिगार र उपद्रवको उत्पात नहोस्। र यसै कारण त्यसको लागि अजान दिनु र एकामत भन्नु पनि सुन्नत होइन, र नमाजमा सचेत गर्नुको लागि त्यो तस्बीह नभनिकन् ताली बजाउँछे, किनकि यही त्यसको लागि सुन्नत हो ।

९ ⇒ **महिलाको लागि तवाफगर्दा पूर्ण परदा गर्नु अनिवार्य छः**
तवाफगर्दा महिलामाथि परदा गर्नु अनिवार्य छ, र आफ्नो स्वरलाई मसिनो गर्नु र दृष्टिलाई तल राख्नु पनि अनिवार्य छ, र त्यसको लागि यो पनि आवश्यक छ कि पुरुषहरूको माझमा जानुबाट बाँचोस्, र विशेषरूपले हज्रे अस्वद (कालो ढुंगा) र रुक्ने यमानी भएको ठाउँमा जानुबाट। र मताफको अन्तिम भागमा जहाँ मानिसहरूको भीड अलि कम हुन्छ त्यहाँ तवाफ गरोस्, किनकि यहाँ तवाफ गर्नु त्यसको लागि श्रेष्ठ छ बैतुल्लाहको निकट मानिसहरूको भीडमा तवाफ गर्नुको तुलनामा, किनकि भीड र हूल गर्नु हराम छ, र यस कारण पनि किनकि भीडमा गएर महिला अरुलाई कष्ट पुऱ्याउँछे र त्यसको कारण उपद्रव हुने सम्भावना हुन्छ । र रह्यो कुरो कअ्बाको निकट्ताको र हज्रे अस्वदलाई चुम्नुको त यी दुवै कार्य सुन्नत हुन् जबकि यसलाई बिना कुनै कष्ट सरलता सुगमताको साथ गर्न सकियोस्, यसर्थ सुन्नतलाई गर्नुको लागि हराम कार्य गर्नु अनुचित र अवैध छ, बरु यस्तो अवस्थामा यो कार्य महिलाको लागि सुन्नत रहँदैन, किनकि भीड र हूलको अवस्थामा महिलाको लागि सुन्नत यो हो कि त्यसको निकट वा सामुन्ने भएको स्थानसम्म पुगोस् त त्यसतर्फ संकेत गरोस् ।

र इमाम नव्वी मजमूअ्को ८/३७ मा भन्छन्ः हाम्रा साथीहरूको भनाई छ कि महिलाको लागि हज्रे अस्वदलाई चुम्नु वा स्पर्श गर्नु मुस्तहब छैन, यस अवस्था बाहेक कि रात्रीमा वा अरु कुनै कारण मताफ (तवाफ गर्ने ठाउँ) खाली होस्। किनकि भीड भएको अवस्थामा

उनीहरूलाई अर्थात महिलाहरूलाई पनि कष्ट पुग्नेछ र अरुलाई पनि कष्ट पुग्ने सम्भावना छ। अर्थात जब मताफ खाली होस् महिला हज्रे अस्वदलाई चुम्न सक्छे नत्र संकेत गर्नु नै प्रयाप्त हुन्छ।

र मुग्नीको ३/३३१ मा भनिएको छ कि: महिलाको लागि रात्रीमा तवाफ गर्नु अति उत्तम हुन्छ किनकि रात्रीमा त्यसको पूर्णतया परदा पनि हुन्छ, र भीड पनि हुँदैन बरु भीड कम हुन्छ, त यस्तो समय त्यसको लागि यो मौका हुन्छ कि बैतुल्लाहबाट निकट भएर तवाफ गरोस् र हज्रे अस्वदलाई पनि चुमोस् वा स्पर्श गरोस्।

**१० ⇒ तवाफ र सई गर्दा महिला सामान्य चाल चल्छे:** इब्ने कुदामा मुग्नीको ३/३९४ मा भन्छन् कि: महिलाको तवाफ गर्नु र सफा एवं मुरवाको सई गर्नु सामान्य चाल चल्नु नै हो, इब्नुल् मुन्जिरको भनाई छ कि: यस कुरामा विद्हरूको एकमत छ कि महिलामाथि तवाफगर्दा नत रमल (तीव्र गतिले हिंड्नु) छ नत सईगर्दा दगुर्नु नै छ, नत उनीहरूमाथि इज्तेबाअ् (एउटा काँधालाई खोलेर तवाफ गर्ने कार्य) नै छ, किनकि यी कार्यहरूद्वारा शक्ति र कठोरता प्रदर्शित गर्नु अभिप्राय हुन्छ जुन महिलाको लागि होइन, र यस कारण पनि कि महिलाहरूको लागि परदा गर्नु अनिवार्य छ, यसर्थ रमलगर्दा र दौड लगाउँदा एवं इज्तेबाअ गर्दा त्यसको शरीरका केही अंगहरू बेपरदा हुने खतरा हुन्छ।

**११ ⇒ रजस्वलाको अवस्थामा भएकी महिलालाई के गर्नुछ र कुन कार्यहरूलाई तबसम्म गर्नु छैन जबसम्म पवित्र नभइहालोस्:** महिला ती समस्त हज्जका कर्यहरू गर्छे जसलाई समस्त हाजीहरू गर्छन् जसरी एहराम लगाउनु, अरफातमा उभिनु, मुजदलिफामा रात्री व्यतीत गर्नु, कंकरी हान्नु .. आदि। तर बैतुल्लाहको तवाफ तब्बसम्म गर्दैन जबसम्म रजस्वलाबाट पवित्र नभइहालोस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत आइशा रजिअल्लाहो अन्हासित भन्नु भएको थियो जब उहाँ रजिअल्लाहो अन्हालाई रजस्वला आएको थियो कि:

﴿ افعلي ما يفعل الحاج، غير أن لا تطوفي بالبيت حتى تطهري ﴾ (66)

अर्थ : तिमी पनि ती समस्त कार्यहरू गर जुन हाजीहरू गरिरहेका छन्, तर बैतुल्लाहको परिक्रमा तबसम्म नगर्नु जबसम्म (रजस्वलाबाट) पवित्र नभइहाल । ( बुखारी हदीस नं. २९९ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. १२११ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. २७६३ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १७७८ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. ३००० अध्याय: अल्मनासिक, अहमद ६/२७३, मालिक हदीस नं. ९४१ अध्याय: अल्हज्ज, दारमी हदीस नं. १८४६, अध्याय: अल्मनासिक )

र मुस्लिमको हदीसमा छः

﴿ فاقضي ما يقضي الحاج، غير أن لا تطوفي بالبيت حتى تغتسلي ﴾ (67)

अर्थ : जुन हाजीहरू गरिरहेका छन् ती समस्तलाई गर तर बैतुल्लाहको तवाफ मात्र स्नान गरे पश्चात नै गर्नु । ( बुखारी हदीस नं. २९९ अध्याय: अल्हैज, मुस्लिम हदीस नं. १२११ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. २७६३ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १७७८ अध्याय: अल्मनासिक, इब्ने माजा हदीस नं. ३००० अध्याय: अल्मनासिक, अहमद ६/२७३ )

र इमाम शौकानी नैलुल अवतारको ५/४९ मा भन्छन्: र हदीसबाट यो प्रष्ट छ कि रजस्वलामा भएकी महिला तबसम्म बैतुल्लाहको तवाफ गर्न सक्दैन जबसम्म त्यसको रजस्वलाको रगत बन्द नहोस्, अनि त्यो स्नान गरेर पवित्र नभइहालोस्, यसर्थ रजस्वलको अवस्थामा तवाफ गर्नुबाट रोक लगाउनुको अर्थ यो हो कि यदि

(66) البخاري الحيض (299) ، مسلم الحج (1211) ، النسائي مناسك الحج (2763) ، أبو داود المناسك (1778) ، ابن ماجه المناسك (3000) ، أحمد (273/6) ، مالك الحج (941) ، الدارمي المناسك (1846) .

(67) البخاري الحيض (290) ، مسلم الحج (1211) ، النسائي الطهارة (290) ، أبو داود المناسك (1782) ، ابن ماجه المناسك (2963) ، أحمد (273/6) .

महिलाले यस्तो अवस्थामा तवाफ गऱ्यो भने त्यो तवाफ अमान्य छ, र यो नै अधिकांश विद्हरूको भनाई हो ।

र यस्तै त्यसको सई पनि सही हुँदैन किनकि सई तवाफ पश्चात नै गरिन्छ, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले सई तवाफ पश्चात नै गरेका छन् ।

र इमाम नव्वी मजमूअ्को ८/८२ मा भन्नुहुन्छः यदि मान्छेले तवाफभन्दा पहिला नै सई गऱ्यो भने हामीहरूको दृष्टिमा त्यसको यो सई मान्य छैन, र यो कथन नै अधिकांश विद्हरूको पनि छ, र मावरदीले यस कुरामाथि समस्त विद्हरूको एकमत पनि वर्णन गरेका छन्, र यो नै इमाम मालिक, इमाम अबू हनीफा र इमाम अहमदको पनि भनाई हो । र इब्नुल् मुन्जिरले अता र केही अरु हदीसका विद्हरूको यो कथन पनि वर्णन गरेका छन् किः त्यसको सई सही र मान्य हुन्छ । र यस कथनलाई हाम्रा साथीहरूले अताअ् र दाऊदको माध्यमले वर्णन गरेका छन् ।

र यस कुरामा हाम्रो प्रमाण रसूल सल्लल्लाहो अलैहे वसल्लमको हज्ज गर्ने तरिका हो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले तवाफ पश्चात नै सई गर्नु भएको हो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः ﴿ لتأخذوا عني مناسكم ﴾

अर्थ : तिमीहरू हज्ज गर्ने तरिका मसित सिकिहाल ।

र रह्यो इब्ने शरीक सहाबीको यो हदीस जसमा उहाँ रजिअल्लाहो अन्हो भन्नुहुन्छ किः

﴿ خرجت مع رسول الله صلى الله عليه وسلم حاجا، فكان الناس يأتونه، فمن قائل: يا رسول الله سعيت قبل أن أطوف أو أخرت شيئا، أو قدمت شيئا، فكان يقول: لا حرج إلا على رجل اقترض من عرض رجل مسلم وهو ظالم، فذلك الذي هلك وحرج ﴾ [68]

---

(68) أبو داود المناسك (2015) .

अर्थ : म रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा हज्ज गर्ने नीयतले निस्कें, त मानिसहरू रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष आएर भन्थेः हे अल्लाहका रसूल मैले तवाफभन्दा पहिला नै सई गरिहालें वा मैले हज्जका केही कार्यहरूलाई अघि पछि गरिदिएँ ? त रसूल सल्लल्लाहो अलैहे वसल्लम भन्थेः यस्तो गर्नुमा कुनै आपत्ति छैन, त्यस मान्छे बाहेक जसले आफ्नो मुसलमान भाइको अन्यायपूर्ण तरिकाले बेइज्जती गऱ्यो त यो नै त्यो मानिस हो जुन विनष्ट भयो र दोषी भयो । ( अबू दाऊद हदीस नं. २०१५ अध्यायः अल्मनासिक )

त यस हदीसलाई जुन वर्णनकर्ताहरूको माध्यमले अबू दाऊदले वर्णन गरेका छन् ती समस्त इमाम बुखारीका वर्णनकर्ताहरू हुन् उसामा बिन शरीक सहाबी बाहेक ।

त यस हदीसको अर्थ त्यो हो जसलाई इमाम खत्ताबी र अरु केही विद्हरूले वर्णन गरेका छन् अर्थात सहाबीहरूको भनाईको अर्थ यो थियो कि मैले तवाफे कुदूम पश्चात र तवाफे इफाजा अघि सई गरें ।

र शैख मुहम्मद अमीन अश्शनकीतीको आफ्नो तफसीर इज्वाउल बयानको ५/२५२ मा भनाईछ किः यादराख कि अधिकांश विद्हरूको दृष्टिमा तवाफभन्दा पहिला सई गर्नु जायज (वैध) छैन, र यदि कसैले तवाफभन्दा पहिला नै सई गऱ्यो भने अधिकांश विद्हरूको कथन अनुसार त्यसको त्यो सई मान्य छैन, र यो नै चारौं इमामहरूको पनि कथन हो, र यसै कुरामाथि मावरदीले विद्हरूको सर्वसहमतिलाई सिद्ध गरेका छन् । अनि अगाडि इमाम नव्वीको त्यस कथनलाई वर्णन गरेका छन् जसलाई हामीले अहिले वर्णन गरिसकेका छौं, अनि भन्छन् किः सहाबीको भनाईको तात्पर्य र अर्थ यो हो कि मैले तवाफे कुदूम ( मक्कामा प्रवेश गरे पश्चात जुन पहिलो तवाफ गरिन्छ त्यसलाई तवाफे कुदूम भनिन्छ) पश्चात र तवाफे इफाजाभन्दा पहिला सई गरें र तवाफे कुदूम हज्जका आधारहरूमध्येको होइन बरु तवाफे इफाजा हज्जको आधारहरूमध्येको हो यसर्थ त्यो सई तवाफे कुदूमको थियो नकि हज्जको ।

र मुग्नीको (५/२४५) मा इब्ने कुदामाको भनाई छ किः र सई तवाफमाथि निर्भर हुन्छ त्यस अधीन हुन्छ, यसर्थ सई तबसम्म शुद्ध र

मान्य हुँदैन जबसम्म त्यस अघि तवाफ नगरिएको होस्, यसर्थ यदि मान्छेले तवाफभन्दा पहिला नै सई गऱ्यो भने त्यो सई अमान्य छ, र यसै कुरालाई इमाम मालिक र शाफई र अहनाफ (असहाबुर्राय) ले पनि भनेका छन् । र अताअ्को भनाई छ कि: यो तवाफ पनि मान्य छ । र इमाम अहमदको भनाई छ कि: यदि त्यसले बिर्सेर सई तवाफभन्दा पहिला गरेको छ भने यो सई पनि त्यसको लागि प्रयाप्त छ, तर यदि जानेर गरेको छ भने मान्य हुँदैन । र रसूल सल्लल्लाहो अलैहे वसल्लमसित जब बिर्सेर अघिपछि गर्नेबारे सोधिएको थियो त उहाँले भन्नु भएको थियो कि कुनै आपत्ति छैन । र आर्को कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले तवाफ पश्चात नै सई गर्नु भएको छ, र भन्नु भएको छ कि :

﴿ لتأخذوا عني مناسككم ﴾ (69)

अर्थ : मसित हज्ज गर्ने तरिका सिकिहाल । ( मुस्लिम हदीस नं. १२९७ अध्याय: अल्हज्ज, नेसाई हदीस नं. ३०६२ अध्याय: मनासिकुल् हज्ज, अबू दाऊद हदीस नं. १९७० अध्याय: अल्मनासिक, अहमद ३/३३७ )

त अब यो प्रष्ट भयो कि: जुन हदीसद्वारा सईलाई तवाफभन्दा अघि गर्नुलाई जायज भन्नेहरू प्रमाण लिन्छन् त्यसमा यस कुराको कुनै प्रमाण छैन, बरु त्यस हदीसको या ता यो अर्थ हो कि सहाबीले तवाफे इफाजाभन्दा अघि जुन सई गरेका थिए त्यो तवाफे कुदूम पश्चात गरेका थिए त यस्तो अवस्थामा सई तवाफ पश्चात भयो, वा उहाँले बिर्सेर यस्तो गरेका थिए, वा अनभिज्ञताले गर्दा यस्तो गरेका थिए । र मैले यस समस्यालाई विस्तारले यस कारण वर्णन गरेको छु किनकि केही मानिसहरू तवाफभन्दा अघि नै सई गर्नुलाई जायज भन्दछन् । र अल्लाह नै सहायता प्रदान गर्नेवाला छ ।

**चेतावनी:** यदि महिलाले तवाफ गऱ्यो, अनि सई गर्नुभन्दा अघि नै त्यसलाई रजस्वला आयो भने त्यो रजस्वलाको अवस्थामा नै सई

(69) مسلم الحج (1297) ، النسائي مناسك الحج (3062) ، أبو داود المناسك (1970) ، أحمد (337/3) .

गर्नसक्दछे किनकि सई गर्नुको लागि पवित्रता शर्त छैन । इब्ने कुदामा मुग्नीको ५/२४६ मा भन्छन्: अधिकांश विद्हरूको दृष्टिमा सई गर्नुको लागि पवित्रता शर्त छैन, र यस कुरालाई भन्नेहरूमध्ये हुन्: इमाम अताअ्, इमाम शाफई, र इमाम सौर र अहलुर्राय अर्थात हनफीहरू .... , र अगाडि भन्छन् कि: अबू दाऊदको भनाई छ कि मैले इमाम अहमदलाई भन्दै सुनेको छु कि: यदि महिलाले तवाफ पूर्ण गऱ्यो, अनि त्यसलाई रजस्वला आयो भने त्यो सई गर्छे र आफ्नो घर जानसक्छे । र हजरत आइशा र हजरत उम्मे सलमाको माध्यमले वर्णन गरिन्छ कि यदि महिलाले कअ्बाको परिक्रमा गरेर दुई रक्अत पढ्यो, अनि त्यसलाई रजस्वला आयो त त्यो सफा मरवाको सई पनि गर्नसक्छे । ( यसलाई अस्रमले वर्णन गरेका छन्)

**१२ ⟹ महिलालाई कम्जोरहरूको साथमा चन्द्र अस्ताए पश्चात मुजदलिफाबाट मिना आउने कुराको जायज हुनेबारे वर्णन:**

महिलाको लागि यो जायज छ कि चन्द्र अस्ताए पश्चात त्यो कम्जोर र दुर्बलहरूको साथमा मुजदलिफाबाट मिनातर्फ प्रस्थान गरोस, र मिना पुगे पश्चात भीड र हूलको भयको कारण कंकरी हानोस् ।

मुवफ्फक मुग्नीको ५/२८६ अन्तर्गत भन्छन्: र कम्जोर र महिलाहरूलाई पहिला नै आउनुमा कुनै आपत्ति छैन, र हजरत आइशा एवं अब्दुर्रहमान बिन औफ ती महान मानिसहरूमध्येका हुन् जुन आफ्ना परिवारका कम्जोरहरूलाई मिनातर्फ पहिला नै जानदिन्थे, र यसै कथनलाई अताअ्, सौरी शाफई, अबू सौर र दृष्टिवान विद्हरूले पनि भनेका छन् । र यस कुरामा कसैको पनि मतभेद हामीलाई थाहा छैन किनकि यसमा कम्जोरहरूको लागि सरलता र सुगमता छ, र उनीलाई भीड र हूलबाट सुरक्षित राख्नु पनि छ र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण पनि छ ।

र इमाम शौकानी नैलुल औतारको ५/७० मा भन्नुहुन्छ कि: प्रमाणहरूद्वारा यो प्रष्ट हुन्छ कि कंकरी हान्नुको समय ती मानिसहरूको लागि जिनलाई यसबारे अनुमति प्राप्त छैन सूर्यउदय पश्चात हो, र जिनलाई अनुमति प्राप्त छ जसरी महिलाहरू र कम्जोरहरू त

उनीहरूको लागि सूर्यउदय हुनुभन्दा पहिला पनि कंकरी हान्नु जायज छ ।

र इमाम नव्वी मज्मूअको ८/१२५ मा भन्छन् कि शाफईले र उनका साथीहरूले भनेका छन् कि: सुन्नत यो हो कि महिलाहरू र तिनीहरू बाहेक कम्जोरहरूलाई माध्य रात्री पश्चात मिनातर्फ पठाइयोस् ताकि उनीहरू मान्छेका हूल आउनुभन्दा अगावैं कंकरी हानिहालुन्, अनि यससित सम्बन्धित हदीसहरूलाई वर्णन गर्नु भयो ।

**१३ ⟹ महिला हज्ज र उमरागर्दा आफ्नो केशबाट एक औंलाको पोर जतिको केशलाई काटोस्:** महिला हज्ज र उमरागर्दा आफ्नो केशबाट एक औंलाको पोर जतिको केशलाई काटोस्, महिलाको लागि कपाललाई खौराउनु जायज छैन, र पोरको अर्थ हो औंलाको माथिदेखि पहिलो जोर्नी (जोड) सम्म अर्थात लगभग एक इन्च ।

मुग्नीको ५/३१० मा भनिएको छ कि: महिलाको लागि कपाल काट्नु नै वैधानिक छ, कपाललाई खौराउनु होइन, र यस कुरामा कसैको पनि मतभेद छैन । इब्नुल् मन्जिरको भनाई छ कि: यस कुरामा विद्हरूको एकमत छ किनकि कपाल खौराउनु उनीहरूको (महिलाहरूको) हकमा मुसला हो । अर्थात नाक कान काट्ने कार्य झैं हो । र इब्ने अब्बासले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ ليس على النساء حلق، إنما على النساء التقصير ﴾ (70)

अर्थ : महिलामाथि कपाल खौराउनु वैध छैन बरु कपाल काट्नु नै वैध छ । ( अबू दाऊद हदीस नं. १९८४ अध्याय अल् मनासिक, दारमी हदीस नं. ५०४९ अध्याय अल् मनासिक )

र हजरत अली रजिअल्लाहो अन्होको भनाई छ कि:

﴿ نهى رسول الله صلى الله عليه وسلم أن تحلق المرأة رأسها ﴾ (71)

(70) أبو داود المناسك (1984) ، الدارمي المناسك (1905) .

(71) الترمذي الحج (914) ، النسائي الزينة (5049) .

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले महिलालाई टाउको खौराउनुबाट मनाही गरेका छन् । ( तिर्मिजी हदीस नं. ९१४ अध्याय अल्हज्ज, नेसाई हदीस नं. ५०४९ अध्याय अज्जीनह )

र इमाम अहमद भन्थे कि महिला आफ्नो प्रत्येक लटबाट एक औंलाको पोर जति काट्छे, र यो नै इब्ने उमर रजिअल्लाहो अन्हो र इमाम शाफई र इस्हाक र अबू सौर रहेमहुल्लाहको पनि भनाई हो । र अबू दाऊदको भनाई छ कि: मैले अहमदलाई भन्दै सुनें जब उहाँसित यो प्रश्न गरियो कि के महिला आफ्नो पूर्ण कपालबाट काट्छे ? त उहाँले भन्नु भयो: हो, त्यो आफ्नो पूर्ण कपाललाई अगाडितिर अर्थात अनुहारतिर गरेर सबैबाट एक औंलाको पोर जति केश काट्छे ।

र इमाम नव्वी मज्मूअ्को ८/१५०,१५४ मा भन्छन् कि: यस कुरामाथि समस्त विद्हरूको एकमत छ कि महिलालाई टाउको खौराउने आदेश गरिन्न बरु त्यसको लागि मात्र कपाललाई काट्नु वैधानिक छ ..... र कपाललाई खौराउनु त्यसको लागि बिदअत हो, र यस्तो गर्नु मुस्ला भैं पनि छ ।

**१४ ⇒ रजस्वलामा भएकी महिला जब ठूलो जम्रहलाई कंकरी हानिसकोस् र आफ्नो केशलाई काटिसकोस् त त्यो आफ्नो एहरामको बन्देजबाट मुक्त भयो:** रजस्वलामा भएकी महिला जब ठूलो जम्रहलाई कंकरी हानिसकोस् र आफ्नो केशलाई काटिसकोस् त त्यो आफ्नो एहरामको बन्देजबाट मुक्त भयो । र त्यसको लागि ती समस्त कुराहरू हलाल भए जुन एहरामको कारण निषेधित थिए, मात्र त्यो आफ्नो स्वामीसंग सम्भोग गर्न सक्दैन, नत त्यसलाई यो जायज नै छ कि यस अवधिमा आफ्नो स्वामीलाई अर्थात श्रीमानलाई यस्तो गर्ने अवसर प्रदान गरोस्, यहाँसम्म कि तवाफे इफाजा गरिहालोस् । त यदि यस अवधिमा (कंकरी हान्नेदेखि तवाफे इफाजा गर्ने अवधिमा) त्यसको स्वामी त्यससित सहवास गऱ्यो भने त्यसमाथि फिदिया (जरिवाना) अनिवार्य भयो, र त्यो हो एक बाखालाई मक्कामा बलि गरेर मक्काका दरिद्रहरूमा वितरण गरोस्, किनकि यस्तो घट्ना पहिलो तहल्लुल पश्चात घटित भएको छ अर्थात कंकरी हानेर बाल काटे पश्चात यो

घट्ना भएको छ। (कंकरी हानेर बाल काटेर हलाल हुनुलाई तहल्लुल ऊला अथवा पहिलो तहल्लुल भनिन्छ)।

**१५ ⇒ जब महिलालाई तवाफे इफाजा (जियारत) पश्चात रजस्वला आओस् त त्यो जहिले चाहोस् आफ्नो देश नगरतिर यात्रा गर्न सक्छे:** जब महिलालाई तवाफे इफाजा (जियारत) पश्चात रजस्वला आओस् त त्यो जहिले चाहोस् आफ्नो देश नगरतिर यात्रा गर्न सक्छे र यस्तो अवस्थामा त्यसको लागि तवाफे वदाअ् (विदाईको तवाफ) माफ भइहाल्छ, किनकि हजरत आइशाको हदीसमा वर्णित छ कि:

﴿ حاضت صفية بنت حيي بعدما أفاضت، قالت: فذكرت ذلك لرسول الله صلى الله عليه وسلم فقال: أحابستنا هي ؟ قلت: يا رسول الله إنها قد أفاضت وطافت بالبيت، ثم حاضت بعد الإفاضة، قال: فلتنفر إذن ﴾ [72]

अर्थ : हजरत सफीया बिन्ते हुयिईलाई तवाफे इफाजा पश्चात रजस्वला आयो त हजरत आइशा भन्छिन् कि मैले यस कुरालाई रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भनें, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: के यसले हामीलाई रोकिहाल्छे ? त मैले भनें हे अल्लाहको रसूल उहाँले तवाफे इफाजा गरिसक्नु भएको छ, अनि तवाफे इफाजा गरे पश्चात नै उहाँलाई रजस्वला आएको छ, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: यदि कुरो यस्तो छ भने त्यो पनि जानसक्छे। (बुखारी हदीस नं. १६७० अध्याय अल् हज्ज, अबू दाऊद हदीस नं. २००३ अध्याय अल् मनासिक, इब्ने माजा हदीस नं. ३०७२ अध्याय अल् मनासिक, अहमद ६/८२, दारमी हदीस नं. १९१७ अध्याय अल् मनासिक)

र इब्ने अब्बासद्वारा एउटा हदीस वर्णित छ कि:

(72) البخاري الحج (1670) ، أبو داود المناسك (2003) ، ابن ماجه المناسك (3072) ، أحمد (82/6) ، الدارمي المناسك (1917) .

﴿ أمر الناس أن يكون آخر عهدهم بالبيت إلا أنه خفف عن المرأة الحائض ﴾ (73)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले समस्त मानिसहरूलाई यो आदेश गरे कि उनीहरूको अन्तिम कार्य बैतुल्लाहको तवाफ ( परिक्रमा) गर्नु हुनुपर्छ, तर रजस्वलामा भएकी महिलालाई यसमा आसानी (सुगमता) प्रदान गरे । (बुखारी हदीस नं. १६६८ अध्याय अल् हज्ज, मुस्लिम हदीस नं. १३२८ अध्याय अल् हज्ज, अहमद ६/४३१, दारमी हदीस नं. १९३४ अध्याय अल् मनासिक)

र इब्ने अब्बासबाटै एउटा आर्को हदीस वर्णित छ कि:

﴿ أن النبي صلى الله عليه وسلم رخص للحائض أن تصدر قبل أن تطوف بالبيت إذا كانت قد طافت في الإفاضة ﴾ (74)

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले रजस्वलामा भएकी महिलाहरूलाई यो अनुमति प्रदान गरेका छन् कि यदि त्यसले तवाफे इफाजा गरिसकेको होस् (अनि त्यसलाई रजस्वला आओस् भने) बिना तवाफे वदाअ् गरिकन् त्यो आफ्नो घर फर्कन सक्छे। ( मुस्लिम हदीस नं. १३२८ अध्याय अल् हज्ज, अहमद १/३७०)

इमाम नव्वी मज्मूअ्को ८/२८१ मा भन्छन् कि इब्नुल् मुन्जिरले भन्नु भयो कि यो कथन नै अधिकांश विद्हरूको धारणा हो जसमध्ये इमाम मालिक, इमाम अवजाअी, इमाम सौरी, इमाम अहमद, इमाम इस्हाक, इमाम अबू सौर, इमाम अबू हनीफा .... आदि रहेमहुमुल्लाह हुन् ।

र मुग्नीको ३/४६१ म भनिएको छः यो नै विभिन्न देश नगरहरूका विद्हरूको भनाई हो, र भन्नु भयो कि सुत्केरीको अवस्थामा

(73) البخاري الحج (1668) ، مسلم الحج (1328) ، أحمد (431/6) ، الدارمي المناسك (1934) .

(74) مسلم الحج (1328) ، أحمد (370/1) .

भएकी महिला पनि रजस्वलामा भएकी महिला झैं छे किनकि दुवैको हुकुम एकनास छ वैधानि र अवैधानिक हुनुमा ।

**१६ ⟹ महिलाको लागि मस्जिदे नब्वीको जियारत गर्नु मुस्तहब छः** ताकि त्यसमा नमाज पढ्नुको साथै दुआ पनि गरोस्, ।

तर महिलाको लागि रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत गर्नु जायज छैन, किनकि महिलालाई चिहानहरूको जियारतबाट मनाही गरिएको छ ।

सउदी अरबका मुफ्ती शैख मुहम्मद बिन इब्राहीम आले शैख आफ्नो फतवाको ३/२३९ मा भन्नुहुन्छ किः महिलाहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारतबाट दुई कारणलेगर्दा रोकिन्छः

१ ⟹ ती अधिकांश प्रमाणहरूलेगर्दा जुन यस कुरालाई महिलाको लागि अवैध प्रमाणित गर्छन्, र प्रमाण जब समान होस् त त्यसलाई तबसम्म विशिष्ट गर्न सकिदैन जबसम्म त्यसमाथि कुनै अरु प्रमाण नहोस् । अर्थात जसरी महिलाहरूको लागि अरु चिहानहरूको जियारत जायज छैन उस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत जायज छैन यहाँसम्म कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत गर्ने कुरालाई जायज गर्ने कुनै आर्को हदीस नपाइयोस्, जुन महिलाको लागि यस कार्यलाई जायज ठहर गरोस् । तर यस्तो कुनै प्रमाण नहुनुको कारण सबै चिहानहरूको जियारत झैं यसको जियारत गर्नु पनि महिलाहरूको लागि जायज छैन ।

२ ⟹ त्यस कारणलाई यहाँ पनि पाउनु, अर्थात नौहा गर्नु विलाप गर्नुको कारण नै यस कुराबाट रोकिएको छ त जसरी यो कुरो अरु चिहानहरू निकट महिलाहरूद्वारा प्रकट हुने भय छ यस्तै रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहान निकट पनि प्रकट हुन्सक्छ । (हेर्नुस् किताब अत्तहकीक वल् ईजाह लेकसीरिम्मिन मसाइलिल हज्जे वल् उमरा वज्जियारा अला जौइल् किताबे वस्सुन्नह पे. १९, लेखकः शैख अब्दुल् अजीज बिन बाज रहेमहुल्लाअ)

र इब्ने बाज रहेमहुल्लाह आफ्नो किताब तहकीक वल् ईजाहमा जुन पृष्ठमा यो वर्णन गरेका छन् कि जुनसुकै मान्छे मस्जिदे नब्वीको

जियारत गर्छ अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत गर्छ त्यसै पृष्ठमा यस सन्दर्भमा भन्नु भएको छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमको चिहानको जियारत मात्र पुरुषहरूको लागि वैधानिक छ, र रह्यो कुरो महिलाहरूको त उनीहरूको लागि कुनै चिहानको जियारत वैधानिक छैन जस्तो कि हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित छ कि:

﴿ لعن زوارات القبور من النساء، والمتخذين عليها المساجد والسرج ﴾ [75]

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले चिहानहरूको जियारत गर्ने महिलाहरूलाई, र त्यसमाथि द्वीप जलाउनेहरू, र त्यसमाथि मस्जिद बनाउनेहरूलाई धिक्कृत गरेका छन् । (तिर्मिजी हदीस नं. १०५६ अध्याय अल् जनाइज, इब्ने माजा हदीस नं. १५७६ अध्याय मा जाअ् फिल् जनाइज, अहमद २/३५६)

र रह्यो कुरो मस्जिदे नब्वीको जियारत  त्यसमा नमाज पढनुको लागि, र दुआ गर्नुको लागि, त यो कुरो समस्त मानिसहरूको लागि जायज छ, चाहे त्यो पुरुष होस् वा महिला ।

---

([75]) الترمذي الجنائز (1056) ، ابن ماجه ما جاء في الجنائز (1576) ، أحمد (356/2) .

# नव्वौं अध्याय
## वैवाहिक जीवन र त्यसलाई समाप्त गर्नेबारे निर्देशनहरू

अल्लाहको फर्मान छः

﴿ وَمِنْ ءَايَـٰتِهِۦٓ أَنْ خَلَقَ لَكُم مِّنْ أَنفُسِكُمْ أَزْوَٰجًا لِّتَسْكُنُوٓا۟ إِلَيْهَا وَجَعَلَ بَيْنَكُم مَّوَدَّةً وَرَحْمَةً ۚ إِنَّ فِى ذَٰلِكَ لَـَٔايَـٰتٍ لِّقَوْمٍ يَتَفَكَّرُونَ ﴿٢١﴾ ﴾ الروم: ٢١

अर्थ : र (यो पनि) उसको निशानीहरूमध्ये हो कि उसले तिम्रै सहजातिबाट तिम्रो लागि जोडी (स्वास्नीहरू) सृष्टि गऱ्यो, ताकि तिमी उनीबाट आराम प्राप्त गर र उसले तिम्रो बीचमा प्रेम र सहानुभूति सृष्टि गऱ्यो, निश्चयनै यसमा धेरै निशानीहरू छन्, उनको लागि जो सोचविचार गर्दछन् । ( सूरतुर्रूम २१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَأَنكِحُوا۟ ٱلْأَيَـٰمَىٰ مِنكُمْ وَٱلصَّـٰلِحِينَ مِنْ عِبَادِكُمْ وَإِمَآئِكُمْ ۚ إِن يَكُونُوا۟ فُقَرَآءَ يُغْنِهِمُ ٱللَّهُ مِن فَضْلِهِۦ ۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٌ ﴿٣٢﴾ ﴾ النور: ٣٢

अर्थ : र तिमीहरू मध्ये जो स्त्री, पुरुष अविवाहित छन् उनको विवाह गरिदिने गर, र आफ्ना गुलाम र दासीहरूको पनि जो नेक छन् (निकाह गरिदेने गर) र उनीहरू यदि गरिब छन् भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ । ( सूरतुन्नूर ३२ )

इमाम इब्ने कसीरको भनाई छ किः यो विवाह गर्नुको आदेश हो, र विद्हरूको एउटा समूह विवाह गर्नुलाई अनिवार्य भन्छ त्यस मान्छेको लागि जसमा यसको क्षमता होस्, यस हदीसलाई प्रमाणमा पेश गरेर कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छः

﴿ يا معشر الشباب، من استطاع منكم الباءة فليتزوج، فإنه أغض للبصر وأحصن للفرج، ومن لم يستطع فعليه بالصوم، فإنه له وجاء ﴾ [76]

अर्थ : हे नवयुवकहरूको समूह तिमीमध्ये जससित विवाह गर्ने क्षमता होस् त्यो विवाह गरिहालोस् किनकि यो दृष्टिलाई तल राख्दछ, र गुप्ताङ्गको रक्षा गर्छ, र जससित विवाह गर्ने क्षमता छैन त्यो व्रत बसोस्, किनकि व्रत त्यसको लागि ढाल (परिधान) सिद्ध हुन्छ। (बुखारी हदीस नं. ४७७८ अध्याय अन् निकाह, मुस्लिम हदीस नं. १४०० अध्याय अन् निकाह, तिर्मिजी हदीस नं. १०८१ अध्याय अन् निकाह, नेसाई हदीस नं. २२४० अध्याय अस्सियाम, अबू दाऊद हदीस नं. २०४६ अध्याय अन् निकाह, इब्ने माजा हदीस नं. १८४५ अध्याय अन् निकाह, अहमद १/३७८, दारमी हदीस नं. २१६५ अध्याय अन् निकाह)

फेरि यो वर्णन गरेका छन् कि विवाह गर्नु समृद्धताको कारण पनि हो अल्लाहको यस कथनद्वारा प्रमाणीकरण गर्दै:

﴿ إِن يَكُونُوا۟ فُقَرَآءَ يُغْنِهِمُ ٱللَّهُ مِن فَضْلِهِۦ ۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٌ ﴿٣٢﴾ ﴾ النور: ٣٢

अर्थ : र उनीहरू यदि गरिब छन् भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ। ( सूरतुन्नूर ३२ )

र हजरत अबू बक्र सिद्दीक रजिअल्लाहो अन्होको यस हदीसलाई पनि वर्णन गरेका छन् कि हजरत अबू बक्रको भनाई छ कि: विवाह गरेर अल्लाहको आज्ञापालन गर अनि तिमीलाई त्यो उस्तै समृद्धता र निस्पृहता प्रदान गर्नेछ जस्तो वचन दिएको छ, अल्लाहको फर्मान छ:

---

(76) البخاري النكاح (4778) ، مسلم النكاح (1400) ، الترمذي النكاح (1081) ، النسائي الصيام (2240) ، أبو داود النكاح (2046) ، ابن ماجه النكاح (1845) ، أحمد (378/1) ، الدارمي النكاح (2165) .

﴿ إِن يَكُونُواْ فُقَرَآءَ يُغۡنِهِمُ ٱللَّهُ مِن فَضۡلِهِۦۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٞ ٣٢ ﴾

النور: ٣٢

अर्थ : र उनीहरू यदि गरिब छन् भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ । ( सूरतुन्नूर ३२ )

र इब्ने मस्ऊदको वर्णन छ किः विवाहद्वारा समृद्धता प्राप्त गर । अल्लाहको फर्मान छः

﴿ إِن يَكُونُواْ فُقَرَآءَ يُغۡنِهِمُ ٱللَّهُ مِن فَضۡلِهِۦۗ وَٱللَّهُ وَٰسِعٌ عَلِيمٞ ٣٢ ﴾

النور: ٣٢

अर्थ : र उनीहरू यदि गरिब छन् भने अल्लाहले उनीहरूलाई आफ्नो अनुग्रहले समृद्ध गरिदिनेछ, र अल्लाह धेरै सुविधा दाता सर्वज्ञ छ । ( सूरतुन्नूर ३२ )

यसलाई इब्ने जरीरले वर्णन गरेका छन्, र बग्वीले हजरत उमरको माध्यमले यसै प्रकार वर्णन गरेका छन् । (तफ्सीर इब्ने जरीर ५/९४,९५ दारुल् उन्दुलुसबाट प्रकाशित भएको संकलन)

र शैखुल् इस्लाम इब्ने तैमियाको मज्मूअ फतावाको ३२/१० मा वर्णन छ किः त अल्लाहले आस्थावानहरूको लागि विवाह गर्नु र पारपाचुके ( सम्बन्धविच्छेद) दिनु ग्राह्य गऱ्यो । र यो पनि जायज गऱ्यो कि त्यस पारपाचुके दिएको महिलासित पुनः विवाह गरुन्, जब त्यो कुनै आर्को मान्छेबाट निकाह गरेर तलाक पाइहालोस् । र ईसाईहरू आफूमध्येहरूमाथि विवाह गर्नु हराम भन्छन्, र जसको लागि विवाह ग्राह्य गर्छन् त्यसको लागि तलाक (पारपाचुके) दिनु अवैध ठहर गर्छन्, र यहूदीहरू तलाकलाई वैधानिक मान्दछन् तर तिनीहरू निकट जब तलाक पाइएको महिलाले अरुबाट निकाह गऱ्यो तै पनि पहिलोको लागि हराम नै मान्दछन्, तर ईसाईहरूको दृष्टिमा तलाक नै जायज छैन । र यहूदीहरू निकट तलाक पाए पश्चात त्यो पुनः त्यससित विवाह गर्न सक्दैन, तर अल्लाहले मुसलमानहरूको लागि दुवै तरिकालाई जायज ठहर गरेको छ ।

र इमाम इब्नुल् कैयिम रहेमहुल्लाह हदियुन्नब्वीको ३/१४९ मा सहवासको लाभलाई वर्णन गर्दै भन्दछन् जुनकि वैवाहिक जीवनको एउटा उद्देश्य पनि हो कि: सहवास गर्नुको तीन प्रमुख कारण र लक्ष्य छन् जुन सम्भोगको मुख्य उद्देश्य पनि हुन्:

१ ⇒ वंशको सुरक्षा र मानवताको विकास त्यति जति यस विश्वको लागि अल्लाह चाहन्छ, र जति त्यसले पहिला नै निर्धारित गरिदिएको छ ।

२ ⇒ त्यस पानी (वीर्य) लाई निष्कासित गर्नु जसलाई निष्कासित नगरेमा पूर्ण शरीरलाई हानि पुग्नेछ ।

३ ⇒ सम्भोग गर्नु र त्यसबाट लाभान्वित हुँदै त्यसको मिठासको रसास्वादन गर्नु ।

यसर्थ विवाहका अनेकौं लाभहरू छन् जसद्वारा व्यभिचारबाट सुरक्षा मिल्छ र हराममाथि दृष्टि हाल्नुबाट बाँचिन्छ । यस्तै यसद्वारा सन्तान र वंशमा बढोत्तरी हुन्छ र वंशको सुरक्षा पनि । यस्तै यसद्वारा लोग्ने स्वास्नी दुवैलाई परम् आनन्द र परम् शान्ति मिल्छ, र मान्छेलाई हृदय स्थिरता प्राप्त हुन्छ ।

यस्तै लोग्ने स्वास्नी एकआर्काको सहयोगले एउटा राम्रो परिवारको स्थापना गर्छन् जुन समाजको मूल नीव सिद्ध हुन्छ ।

यस्तै श्रीमान स्वास्नीको समस्त आवश्यक खर्चलाई पूर्ण गर्छ र स्वास्नी घरको कामकाज गर्छे, र समस्त कार्य र आफ्नो दायित्वलाई सही तरिकाले पूर्ण गर्छे, तर त्यो तरिकाले होइन जुन तरिकातर्फ समाजका शत्रुहरू त्यसलाई आमन्त्रित गर्छन् र भन्छन् कि महिला घर बाहिर मान्छेहरूको साथ कार्य गर्नुमा त्यसको बराबरको साझीदार हो, अनि त्यसलाई त्यसको घरबाट बाहिर निकाली त्यसलाई त्यसको असल कार्यबाट बिराइदिए, र त्यसलाई आर्काको कार्य गर्नुमा खटाइदिए, र त्यसको असल कार्य अरुद्वारा गराउन्थाले । अनि यस्तो गर्नुको कारण पारिवारिक नियम कानून समाप्त र विखण्डित भए, र दुवै बीच अर्थात लोग्ने स्वास्नी बीच विगारको सृजना भयो । त यस्ता कारणहरू कहिलेकाहिँ दुवैबीच सम्बन्ध विच्छेद गराइदिन्छ वा कुनै संकुचित र व्याकुलताको कष्टकर जीवन व्यतीत गर्नुमा बाध्य भइहाल्दछन् ।

शैख मुहम्मद अमीन अश्शन्कीती इज्वाउल् बयानको ३/४२२ मा भन्छन्: यादराख हे मुसलमान ! अल्लाह तिमीलाई र हामीलाई त्यस कुराको अवसर प्रदान गरोस् जसद्वारा त्यो प्रसन्न भएर राजी भइहालोस्, यसर्थ यस्ता खालका दृष्टि र धारणहरू गलत नास्तिकता र घृणित धारणहरू हुन् जुनकि मनीष र ईश्वाणी विरुद्ध छन्, र यदि अल्लाहले पुरुष महिलालाई समस्त क्षेत्र र निर्देशनहरूमा एकनास गरेको भए मानवता र मानवसंसारमा विद्रोह र उपद्रव हुन्थाल्थ्यो, र यो कुरो दृष्टिवान र बुद्धिजीविहरूबाट अज्ञात छैन त्यस मान्छे बाहेक जसको दृष्टि नै खोसिएको होस्, किनकि अल्लाहले महिलालाई केही विशेषताहरूद्वारा विशिष्ट गरेको छ जसलेगर्दा यसद्वारा त्यो समाजको निर्माणमा सहभागी हुन्छे जुन त्यस बाहेक अरु कसैको लागि नत उपयुक्त छ नत त्यो गर्न नै सक्छ, जसरी गर्भवती हुनु, बच्चा जन्माउनु, दूध खुवाउनु, बच्चाहरूको देखरेख गर्नु तिनीहरूको पालनपोषण गर्नु, घर चलाउनु, घरका कामकाजलाई गर्नु जसरी भोजन तयार पार्नु, रोटीपीठो बनाउनु... आदि । त जुन कार्य महिला घरमा बसेर हाम्रो समाजको हितमा गरिरहेको छे पूर्ण परदामा र सुरक्षित रही यस्तो अवस्थामा कि त्यो आफ्नो सतित्व र मानवताको सीमा उल्लंघन गर्दैन, मात्र घरमा बसेर यी समस्त कार्यहरू गर्छे त यी कार्यहरू पुरुषका ती कार्यहरूभन्दा कम प्रशंसनीय र महत्वपूर्ण छैन जसलाई पुरुष बाहिर गएर परिश्रमले गर्छ । त केही मूर्ख र अनभिज्ञ मानिसहरू र नास्तिकहरू र तिनी जस्तै तिनका अनुयायीहरू यो सोच्दछन् कि महिलाको बाहिर निस्केर कार्य गर्नु उस्तै दायित्व हो जसरी पुरुषको दायित्व हो, तर यी मूर्खहरू यो बुझ्नेनन् कि महिलाहरू आफ्नो प्रसूतिको समय, गर्भको समय, दूध खुवाउने समय, कुनै प्रकारको कष्टमय कार्य गर्न सक्दैनन् । यदि महिला घरबार बाहिर निस्क्यो र घरका जति कार्यहरू छन् जसरी बच्चालाई दूध खुवाउनु, तिनीहरूको देखरेख र पालनपोषण गर्नु, तिनीहरूको लागि भोजन तयार गर्नु.... आदि, त यी समस्त कार्यलाई को गर्छ ? यसर्थ यस्तो गरेमा त्यो घरको शान्ति विनष्ट भइहाल्छ, र त्यो घरका समस्त कुराहरू अस्तव्यस्त भइहाल्छन्, र ससाना बच्चाहरूको पनि मौलिक हक अधिकारको पनि

हनन् र दमन हुन्छ। यसर्थ महिलाले आफ्नो घरको दायित्वलाई छाडि यदि घरबाट बाहिर निस्क्यो भने घरको विनाशको साथै महिलाको सतित्व नष्ट भइहाल्छ, र मान्छेको पुरुषत्वको विनाशको साथै धर्म पनि विनष्ट भइहाल्छ।

यसर्थ हे मुसलमान महिला ! अल्लाहसित डर मान र वर्तमानका क्षलयुक्त मीडियाका आमन्त्रण र दावीहरूबाट धोका नखाऊ, किनकि जुन महिला पनि यिनीहरूको फकाईमा आइन् तिनको जिवनको विनाश सबैको लागि उदाहरण भयो, र अनुभव अति राम्रो प्रमाण हुन्छ। यसर्थ यदि तिमी अविवाहित छौ भने विवाह गरिहाल, र यदि तिमी व्यस्क र नवयोवना छौ र तिमीलाई विवाहको इच्छा छ त विवाहलाई पढाईलाई निरन्तरता दिनुको लागि वा कुनै जागिर आदिको लागि विलम्ब नगर, किनकि विवाहमा नै तिम्रो शान्ति सन्तुष्टि नीहित छ, र विवाह विद्या र जागिरभन्दा अधिक राम्रो कुरो हो, र त्यसभन्दा बढी तिमीलाई प्रदान गर्छ। यसर्थ विवाहको तुलनामा कुनै जागिर र कुनै विद्याको कुनै महत्व छैन।

आफ्नो बच्चाहरूको पालनपोषण गर र उनीहरूलाई राम्रो संस्कृति प्रदान गर किनकि यो नै तिम्रो मूल दायित्व हो जुनकि समाजलाई निर्माण गर्छ, र तिमीलाई त्यसको शीघ्रतम प्रतिफल प्रदान गर्छ। र यस कार्यलाई गर्नुमा कुनै भौतिकीय कुराको आकांक्षा नगर नत त्यसको माँग गर, किनकि तिम्रो यस कार्यको कुनै मूल्य छैन। यसर्थ राम्रो र सदाचारीहरूसित विवाह गर्नुबाट आफूलाई वंचित नगर किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको भनाई छः

﴿ إذا جاءكم من ترضون دينه وخلقه فأنكحوه، إلا تفعلوا تكن فتنة في الأرض وفساد ﴾ (77)

अर्थ : यदि तिमी समक्ष कुनै यस्तो मान्छे विवाहको प्रस्ताव लिएर माँग्छ जसको शिष्टाचार र धर्मपरायणताबाट तिमी सन्तुष्ट छौ भने त्यसको विवाह गराइदेऊ, यदि यस्तो गरेनौं भने धरतीमा ठूलो

(77) الترمذي النكاح (1085) .

विद्रोहको उत्पात हुनेछ। ( तिर्मिजी हदीस नं. १०८५ अध्याय अन्निकाह )

# महिलाको विवाहगर्दा त्यससित परामर्श लिनु

जुन युवतीको विवाह गर्नुछ त्यो तीन अवस्थाबाट रिक्त हुँदैन: याता त्यो कुमारी सानी बालिका हुन्छे, वा व्यस्क कुमारी हुन्छे, वा विवाह गरेर पारपाचुके पाएकी महिला हुन्छे । त प्रत्येकको लागि इस्लाममा विशेष निर्देशन र हुकुम छ ।

१ ⇒ त रह्यो सानी बालिकाको कुरो त विद्हरूको यस कुरामा कुनै मतभेद छैन कि त्यसको बुवा त्यसको विवाह बिना त्यससित अनुमति लिई गर्नसक्छ, किनकि त्यसको अनुमतिको कुनै अर्थ नै छैन । किनकि हजरत अबू बक्र रजिअल्लाहो अन्होले आफ्नो छोरी हजरत आइशा रजिअल्लाहो अन्हाको विवाह रसूल सल्लल्लाहो अलैहे वसल्लमसित गरेका थिए जब हजरत आइशाको उमेर ६ वर्ष थियो, र उनको विदाई ९ वर्षको उमेरमा भएको थियो ( बुखारी, मुस्लिम )

इमाम शौकानी नैलुल अवतारको ६/१२८,१२९ मा भन्नुहुन्छ: हदीसमा यो प्रमाण छ कि पितालाई यो अधिकार प्राप्त छ कि आफ्नो सानो छोरीको विवाह व्यस्क हुनुभन्दा अगावैं गरोस् । र अगाडि भन्छन्: र यो प्रमाण पनि मिल्दछ कि सानो कुमारी केटीको विवाह ठूलो उभेर भएको मानिससंग जायज छ, र यसै कारण यसको बारेमा इमाम बुखारीले एउटा अध्याय नै कायम गरेका छन्, र त्यस अन्तर्गत हजरत आइशाको विवाहको हदीसलाई पनि वर्णन गरेका छन् । र फतहुल् बारी जुनकि बुखारीको व्याख्यान हो त्यसमा यस कुरामाथि समस्त विद्हरूको एकमतलाई वर्णन गरिएको छ ।

र इब्ने कुदामा मुग्नीको ६/४८७ मा भन्छन्: इब्ने मुन्जिरको भनाई छ कि: जति विद्हरूबाट हामीले विद्या ग्रहण गरेका छौं ती समस्तको उदगार बमोजिम जब पिता आफ्नो सानी छोरीको विवाह यस्तो मान्छेसित गरोस् जुन तिनीहरूको बराबरीको दर्जाको होस् त यस्तो गर्नु त्यसको लागि जायज छ । र म भन्दछु कि जुन हजरत अबू बक्रले आफ्नो छोरी हजरत आइशाको निकाह ६ वर्षको उमेरमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसंग गरेका थिए यसमा ती मानिसहरू विरुद्ध प्रयाप्त प्रमाण छ जुन सानो बालिकाको विवाह ठूलो मान्छेसित गर्नुको इन्कारी छन्, र यस कार्यलाई अवैधानिक र अमानवीय कार्य ठान्दछन् ।

त उनीहरूको यो विचार र दोषारोपण मात्र उनीहरूको अनभिज्ञताको प्रतीक हो वा उनीहरूको वासना र स्वार्थीय स्वभावलेगर्दा हो ।

२ ⟹ र रह्‌यो कुरो व्यस्क कुमारीको कुरो त त्यसको विवाह बिना त्यसको अनुमति गरिदैन, र त्यसको अनुमति त्यसको चुप लाग्नु नै हो, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

﴿ ولا تنكح البكر حتى تستأذن، قالوا: يا رسول الله فكيف إذنها ؟ قال: أن تسكت ﴾ (78)

अर्थ : र कुमारी बालिकाको विवाह बिना त्यसको अनुमति गरिदैन, त प्रश्न गरियो कि हे अल्लाहको रसूल त्यसले कसरी अनुमति दिन्छे ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : त्यसको अनुमति चुप लाग्नु हो । (बुखारी हदीस नं. ४८४३ अध्याय अन् निकाह, तिर्मिजी हदीस नं. ११०७ अध्याय अन् निकाह, नेसाई हदीस नं. ३२६५ अध्याय अन्निकाह, अबू दाऊद हदीस नं. २०९२ अध्याय अन् निकाह, इब्ने माजा हदीस नं. १८७१ अध्याय अन् निकाह, अहमद २/४३४, दारमी हदीस नं. २१८६ अध्याय अन् निकाह)

यसर्थ त्यसको अनुमति अति आवश्यक छ यद्यपि त्यसको विवाह गराउने मान्छे त्यसको पिता किन नहोस् त्यसलाई अनुमति लिनु अति आवश्यक छ, यही नै विद्‌हरूको दुई कथनमध्ये सत्य कथन हो । अल्लामा इब्नुल् कैयिम हदीको ५/९६ मा भन्छन्: र यो नै अधिकांश विद् र सदाचारीहरूको कथन हो दुईमध्ये एक कथनमा, र यो नै त्यो कथन हो जसमाथि हामी धर्म बुझेर आस्था राख्दछौं, र यो कथन नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेश अनुकूल छ, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मनाही गरेको अनुकूल पनि ।

३ ⟹ र रह्‌यो कुरो सैयिबाको (पहिलादेखि विवाह भएर त्यसबाट कुनै कारण तलाक पाएकी महिला वा लोग्नेको स्वर्गबास भएर राँड

(78) البخاري النكاح (4843) ، الترمذي النكاح (1107) ، النسائي النكاح (3265) ، أبو داود النكاح (2092) ، ابن ماجه النكاح (1871) ، أحمد (434/2) ، الدارمي النكاح (2186) .

भएकी महिलाहरूको) त त्यसबाट अनुमति लिनु अनिवार्य छ, र त्यसको अनुमति चुप लागेर दिनु मान्य छैन बरु यो जरुरी छ कि त्यो बोलेर सहमति असहमति जनाओस् ।

इब्ने कुदामा मुग्नीको ६/४९३ मा भन्छन्: हामीलाई यस कुरामा विद्हरूको कुनै मतभेद देखिएको छैन कि सैयिबाको सहमति बोल्नुबाट नै मान्य छ, किनकि जिब्रो नै हृदयमा भएका कुराहरूलाई व्यक्त गर्ने माध्यम हो, र यो नै समस्त कार्यहरूमा मान्य छ, यसर्थ यस समस्यामा पनि यो नै सर्वमान्य हुन्छ ।

शैखुल इस्लाम इब्ने तैमियाको मजमूअ् फतावाको ३२/३९,४० मा भनाई छ: कसैको लागि यो वैध छैन कि त्यो महिलाको विवाह बिना त्यसको अनुमति र सहमति गरोस्, र यदि त्यो कसैसित विवाह गर्नुलाई अप्रिय ठानोस् भने सानो बालिका बाहेक अरु कुनै महिलालाई त्यसमा विवश गर्नु जायज छैन, र यस्तो गर्नुमा चाहे त्यसको पिता, भाइ.... आदि किन नहोउन् सबैको लागि जबरजस्ती त्यसको विवाह गर्नु जायज छैन, र यो नै समस्त मुसलमानहरूको दृष्टिकोण हो ।

यस्तै व्यस्क कुमारीको पनि विवाह त्यसको बुवा र बाजे बाहेक कसैको लागि जायज छैन कि बिना त्यसको अनुमति लिई त्यसको विवाह गरोस्, र बुवा बाजेको लागि पनि उचित यो नै छ कि त्यसबाट अनुमति प्राप्त गरुन् ।

र विद्हरूको यस कुरामा मतभेद छ कि त्यससित अनुमति लिनु अनिवार्य छ वा मुस्तहब ? र सही कुरो यो नै हो कि अनुमति लिनु अनिवार्य छ । यसर्थ महिलाको वली ( सरप्रस्त) माथि यो अनिवार्य छ कि त्यसको विवाह गराउने कुरामा अल्लाहसित डरोस् र यो अवश्य हेरोस् कि त्यसको लोग्ने त्यससित बराबरीको दर्जाको छ कि छैन, किनकि त्यसको विवाह त्यसको हितको लागि हो ।

## महिलाको विवाहको लागि वली (सरप्रस्त) मा पाइने शर्तको वर्णन र त्यसको तत्वदर्शिता

महिलालाई आफ्नो स्वामी (लोग्ने) चयन गर्ने अधिकार दिनुको अर्थ यो होइन कि त्यो जुन सुकैसित चाहोस् आफै विवाह गरिहालोस् यद्यपि यस्तो गर्नुबाट त्यसको परिवारलाई हानि विहोर्नु परोस् त कुरो यस्तो छैन बरु महिला आफ्नो वलीसित संलग्न छे जुन त्यसको हितबारे त्यसलाई परामर्श देओस्, र त्यसलाई राम्रो मार्गमा लगाओस्, र त्यसको विवाहको व्यवस्थापन गरोस्। यसर्थ यदि कुनै महिलाले आफ्नो विवाह आफै गर्‍यो भने त्यसको विवाह मान्य छैन, जस्तोकि हजरत आइशाको हदीसमा छ कि:

﴿ أيما امرأة نكحت نفسها بغير إذن وليها فنكاحها باطل، فنكاحها باطل، فنكاحها باطل. ﴾ [79]

अर्थ : जुन सुकै महिलाले आफ्नो वलीको अनुमति बिना स्वयम् आफ्नो विवाह गर्‍यो त त्यसको यो विवाह अमान्य छ, अमान्य छ अमान्य छ। ( तिर्मिजी हदीस नं. ११०२ अध्याय अन् निकाह, अबू दाऊद हदीस नं. २०८३ अध्याय अन् निकाह, इब्ने माजा हदीस नं. १८७९ अध्याय अन् निकाह, अहमद ६/६६, दारमी हदीस नं. २१८४ अध्याय अन् निकाह)

र तिर्मिजीले यस हदीसलाई विश्वासनीय भनेका छन्।

र चारौं सुननको ग्रन्थहरूमा छ:

﴿ لا نكاح إلا بولي ﴾ [80]

अर्थ : बिना वली निकाह (विवाह) सम्पन्न हुँदैन। ( तिर्मिजी हदीस नं. ११०१ अध्याय अन् निकाह, अबू दाऊद हदीस नं. २०८५ अध्याय

---

([79]) الترمذي النكاح (1102) ، أبو داود النكاح (2083) ، ابن ماجه النكاح (1879) ، أحمد (66/6) ، الدارمي النكاح (2184) .

([80]) الترمذي النكاح (1101) ، أبو داود النكاح (2085) ، ابن ماجه النكاح (1881) ، أحمد (418/4) ، الدارمي النكاح (2182) .

अन् निकाह, इब्ने माजा हदीस नं. १८८१ अध्याय अन् निकाह, अहमद ४/४१८, दारमी हदीस नं. २१८२ अध्याय अन् निकाह)

त यी दुवै हदीस र यस जस्ता अरु हदीसहरूद्वारा यो प्रष्ट हुन्छ कि महिलाको निकाह बिना वली हुँदैन, र इमाम तिर्मिजीको भनाई छ कि: यसै बमोजिम सहाबी विद्हरू कार्यरत थिए जसमध्ये हुन्: हजरत उमर, हजरत अली, हजरत इब्ने अब्बास, अबू हुरैरह ... आदि रजिअल्लाहु अन्हुम अज्मईन ।

र यस्तै ताबईहरूका विधिशास्त्रीहरूको पनि यो नै भनाई छ कि:

﴿ لا نكاح إلا بولي ﴾ (81)

अर्थ : बिना वली निकाह (विवाह) सम्पन्न हुँदैन । ( तिर्मिजी हदीस नं. ११०१ अध्याय अन् निकाह, अबू दाऊद हदीस नं. २०८५ अध्याय अन् निकाह, इब्ने माजा हदीस नं. १८८१ अध्याय अन् निकाह, अहमद ४/४१८, दारमी हदीस नं. २१८२ अध्याय अन् निकाह)

र यस्तै इमाम शाफई, अहमद र इस्हाकले पनि भनेका छन् । ( हेर्नुस्: अल् मुग्नी ६/४४९ )

## विवाहको एलान गर्ने उद्देश्यले महिलाहरूको दुफ (डफला झैं बजाउने बाजा) बजाउनुको हुकुम

महिलाको लागि महिलाहरूको माझमा विवाहको एलान गर्ने उद्देश्यले दुफ बजाउनु मुस्तहब छ, तर नत त्यसमा संगीत होस् नत म्यूजिकको कुनै अरु यन्त्र, नत गीत । तर यदि दुफ बजाउनुको साथै विवाहसित संलग्न कुनै कविता दोहा.. आदि पनि पढिन्छ त यसमा पनि कुनै आपत्ति छैन जबकि त्यसलाई मानिसहरू नसुनुन् । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ فصل ما بين الحلال والحرام الدف والصوت في النكاح ﴾ (82)

---

(81) الترمذي النكاح (1101) ، أبو داود النكاح (2085) ، ابن ماجه النكاح (1881) ، أحمد (418/4) ، الدارمي النكاح (2182) .

(82) الترمذي النكاح (1088) ، النسائي النكاح (3369) ، ابن ماجه النكاح (1896) .

अर्थ : विवाहमा हलाल र हरामलाई विभाजित गर्ने कुरा दुफ र स्वर हो । ( तिर्मिजी हदीस नं. १०८८ अध्याय अन् निकाह, नेसाई हदीस नं. ३३६९ अध्याय अन् निकाह, इब्ने माजा हदीस नं. १८९६ अध्याय अन् निकाह )

र इमाम शौकानी नैलुल अवतारको ६/२०० मा भन्छन्: यसमा यो प्रमाण छ कि विवाहहरूमा दुफ बजाउनु र दोहा आदिद्वारा स्वरलाई उच्च गर्नु जायज छ, जसरी अरबीको यो दोहा: अतैनाकुम् अतैनाकुम..., हामी तिम्रो पासमा आयौं, हामी तिम्रो पासमा आयौं .... आदि । नकि यस्तो गीतहरू जुन बुराईतर्फ प्रेरित गर्छन् वा जुन सुन्दरताको बखान वा पाप एवं मदिरा सेवनतर्फ आकृष्ट गर्छन्, त यस्ता प्रकारका समस्त कुरा र गतिविधिहरू उस्तै विवाहमा पनि हराम छन् जसरी अरु समयमा हराम छन् । यस्तै समस्त हराम गीत संगीत र म्यूजिकहरू पनि हराम छन् ।

त हे मुसलमान महिला विवाहको सुअवसरमा अभूषणहरूलाई किन्नुमा फजूलखर्ची नगर्नु, नत लुगाफाँट किन्नुमा नै अपव्यय खर्च गर्नु, किनकि यो त्यो फजूलखर्ची हो जसबाट अल्लाहले रोकेका छन् अल्लाहको फर्मान छ:

﴿ وَلَا تُسۡرِفُوٓاْۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلۡمُسۡرِفِينَ ١٤١ ﴾ الأنعام: ١٤١

अर्थ : र फजूलखर्ची नगर्नु किनकि त्यो (अल्लाह) फजूलखर्ची गर्नेहरूलाई मनपराउँदैन । ( सूरतुल् अन्आम १४१ )

यसर्थ तिमीमाथि यो अनिवार्य छ कि सीमामा रहेर खर्च गर र यसमा एकआर्कासित प्रतिस्पर्धा गर्नुबाट बाँच ।

## महिलामाथि लोग्नेको आज्ञापालनको अनिवार्यता र त्यसको अवज्ञा गर्नुको अवैधता

तिमीमाथि अनिवार्य छ हे मुसलमान महिला ! कि तिमी न्यायोचित तरिकाले आफ्नो श्रीमानको आज्ञापालन गर, हजरत अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ إذا صلت المرأة خمسها، وصامت شهرها، وحصنت فرجها، وأطاعت بعلها دخلت من أي أبواب الجنة شاءت ﴾ (83)

अर्थ : जब महिला पाँचौं बखतको (अनिवार्य) नमाजको आयोजना गरोस्, र रमजान महिनाको व्रत बसोस्, र आफ्नो गुप्ताङ्गको रक्षा गरोस्, र आफ्नो लोग्नेको आज्ञापालन गरोस्, त त्यो स्वर्गको जुन ढोकाबाट चाहोस् प्रवेश गर्नसक्छे । ( यसलाई इब्ने हिब्बानले आफ्नो सहीहमा वर्णन गर्नु भएको छ )

र अबू हुरैरहको माध्यमले नै वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ لا يحل لامرأة أن تصوم وزوجها شاهد إلا بإذنه، ولا تأذن في بيته إلا بإذنه ﴾ (84)

अर्थ : महिलाको लागि वैध छैन कि आफ्नो श्रीमानको उपस्थितिमा बिना त्यसको अनुमति व्रत बसोस्, र नत बिना त्यसको अनुमति कसैलाई त्यसको घरमा प्रवेश गर्ने अनुमति देओस् । ( बुखारी हदीस नं. ४८९९ अध्याय अन् निकाह, मुस्लिम हदीस नं. १०२६ अध्याय अज्जकात, अहमद २/३१६)

(83) رواه ابن حبان في صحيحه .

(84) البخاري النكاح (4899) ، مسلم الزكاة (1026) ، أحمد (316/2) .

र अबू हुरैरहबाटै वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ إذا دعا الرجل امرأته إلى فراشه، فلم تأته، فبات غضبان عليها لعنتها الملائكة حتى تصبح ﴾ (85)

अर्थ : जब महिलालाई त्यसको श्रीमान ओछ्यानतर्फ बोलाओस्, अनि त्यो नआओस् र यसै कारण त्यसको श्रीमान त्यसबाट क्रोधित भएर रात्री व्यतीत गरोस्, त बिहान नहुन्जेल स्वर्गदूतहरू त्यस महिलामाथि तिरस्कार पठाउँछन् । ( बुखारी हदीस नं. ३०६५ अध्याय बदउल् खलक, मुस्लिम हदीस नं. १४३६ अध्याय अन्निकाह, अबू दाऊद हदीस नं. २१४१ अध्याय अन्निकाह, अहमद २/४३९, दारमी हदीस नं. २२२८ अध्याय अन्निकाह)

र बुखारी एवं मुस्लिमको एउटा आर्को हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ والذي نفسي بيده ما من رجل يدعو امرأته إلى فراشه، فتأبى عليه إلا كان الذي في السماء ساخطا عليها حتى يرضى عنها ﴾ (86)

अर्थ : त्यसको शपथ जसको हातमा मेरो ज्यान छ कुनै पनि यस्तो मानिस होस् जुन आफ्नो श्रीमतीलाई आफ्नो ओछ्यानतर्फ बोलाओस् अनि त्यो आउनुबाट मनाही गरोस् भने त्यस महिलामाथि त्यो (अल्लाह) जुन आकाशमा छ क्रोधित रहन्छ यहाँसम्म कि त्यसको श्रीमान त्यससित राजी भइहालोस् । ( मुस्लिम हदीस नं. १७३६ अध्याय अन् निकाह )

(85) البخاري بدء الخلق (3065) ، مسلم النكاح (1436) ، أبو داود النكاح (2141) ، أحمد (439/2) ، الدارمي النكاح (2228) .

(86) مسلم النكاح (1736) .

र लोग्नेको त्यसको श्रीमतीमाथि यो हक पनि छ कि त्यसको श्रीमती त्यसको घरको देखरेख र व्यवस्थापन गरोस्, र बिना त्यसको अनुमति त्यसको घरबाट ननिस्कोस्। अल्लाहको रसूलको फर्मान छ:

﴿ والمرأة راعية في بيت زوجها ومسؤولة عن رعيتها ﴾ (87)

अर्थ : महिला आफ्नो लोग्नेको घरको व्यवस्थापक हो त्यससित यसबारे सोधपूछ गरिन्छ। ( बुखारी हदीस नं. ८५३ अध्याय अल् जुमुअह, मुस्लिम हदीस नं. १८२९ अध्याय अल् इमारह, तिर्मिजी हदीस नं. १७०५ अध्याय अल् जिहाद, अबू दाऊद हदीस नं. २९२८ अध्याय अल् खेराज वल् इमारह वल् फै, अहमद २/१२१ )

र त्यसमाथि लोग्नेको यो हक पनि छ कि त्यो त्यसको लागि भोजनको व्यवस्था गरोस् अर्थात भोजन तयार गरेर पेश गरोस् ताकि त्यो कुनै नोकरानी (महिला सेवक) ल्याउनुमा बाध्य नहोस्, र अरु घरका कार्यहरूलाई गरोस् ताकि नोकरानीको कारण त्यसलाई र त्यसका सन्तानहरूलाई कुनै कष्ट भोग्नु नपरोस्।

शैखुल इस्लाम इब्ने तैमिया मज्मूअ फतावाको ५/१८८,१८९ मा भन्छन् कि: अल्लाहको फर्मान छ :

﴿ فَٱلصَّٰلِحَٰتُ قَٰنِتَٰتٌ حَٰفِظَٰتٌ لِّلۡغَيۡبِ بِمَا حَفِظَ ٱللَّهُۚ ﴾

النساء: ٣٤

अर्थ : अत: जो सत्यवती र आज्ञाकारिणी स्वास्नी छिन्, तिनीहरूले आफ्नो पतिको अनुपस्थितिमा अल्लाहको रक्षामा तिनको मर्यादाको रेखदेख गर्दछिन्। ( सूरतुन् निसा ३४ )

त अल्लाहको यो कथन महिलामाथि यो अनिवार्य गर्नुमा प्रमाणीकरण गर्छ कि त्यो त्यसको आज्ञापालन गरोस्, र त्यसको सेवा सत्कार गरोस्, त्यसको साथमा यात्रा गरोस्, र त्यससंग बिना आनाकानी र बहाना सहवास ..आदि गरोस् जस्तो कि यसमाथि रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन पनि प्रमाणीकरण गर्दछ।

---

(87) البخاري الجمعة (853) ، مسلم الإمارة (1829) ، الترمذي الجهاد (1705) ، أبو داود الخراج والإمارة والفيء (2928) ، أحمد (121/2) .

र अल्लामा इब्नुल् कैयिम रहेमहुल्लाह हदीको ५/१८८, १८९ मा भन्नुहुन्छ कि: जसले पनि यस श्लोकद्वारा अनिवार्यताको प्रमाण लिएका छन् उनीहरू निकट सेवा गर्नु नै त्यो न्यायोचित कार्य हो जसको अल्लाहले आदेश गरेका छन्, र यदि मान्छे महिलालाई आराम दिएर स्वयम् त्यसको सेवा सत्कार गरोस् र घरका वर्तनभांडा सफा गरोस् र रोटीविठो बनाओस् र लुगा कपडा सफा गरोस्..., भने यो नै अनुचित कार्य हो, अल्लाहको फर्मान छ :

﴿ وَلَهُنَّ مِثْلُ ٱلَّذِى عَلَيْهِنَّ بِٱلْمَعْرُوفِ ﴾ البقرة: ٢٢٨

अर्थ : र नियमानुसार स्वास्नीलाई पुरुषहरूमाथी अधिकार उस्तै छ जस्तो पुरुषहरूलाई स्वास्नीहरूमाथि छ। ( सूरतुल् बकर: २२८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ٱلرِّجَالُ قَوَّٰمُونَ عَلَى ٱلنِّسَآءِ ﴾ النساء: ٣٤

अर्थ : पुरुषहरू स्त्रीहरूका संरक्षक-संवर्धक हुन्। ( सूरतुन्निसा ३४ )

र जब महिला त्यसको सेवा सत्कार गर्दैन बरु मान्छे नै त्यसको सेवा सत्कार गरिरहेको छ र त्यसमाथि खर्च पनि गरिरहेको छ ... यहाँसम्म कि भन्छन्: अल्लाहले त्यसको खानपान र लुगाफाँट र बासस्थानको भारी लोग्नेमाथि मात्र त्यस लाभ र सेवाको मुकाबिलामा नै अनिवार्य गरेको छ जुन मान्छे महिलाबाट प्राप्त गर्छ जुन त्यस देश र समाजमा प्रचलित हुन्छ। मान्छे नै त्यसको सेवा सत्कार गरिरहेको छ र त्यसमाथि खर्च पनि गरिरहेको छ ... यहाँसम्म कि भन्छन्: अल्लाहले त्यसको खानपान र लुगाफाँट र बासस्थानको भारी लोग्नेमाथि मात्र त्यस लाभ र सेवाको मुकाबिलामा नै अनिवार्य गरेको छ जुन मान्छे महिलाबाट प्राप्त गर्छ जुन त्यस देश र समाजमा प्रचलित हुन्छ।

र इस्लाममा यस्ता खालका वैवाहिक समस्याहरूमा त्यहाँ प्रचलित रीतिलाई नै मान्यता प्रदान गर्छ, र यसमा सामाजिक रीति यो नै हो कि: महिला आफ्नो पतिको सेवा सत्कार गर्नुको साथै घरलाई व्यवस्थित पनि गरोस्, र अगाडि भन्छन् कि: यस कुरामा सम्मानित महिला, तल्लो दर्जाको महिला, समृद्ध र निर्धन महिला बीच कुनै

भेदभाव र भिन्नता छैन । किनकि हजरत फातिमा पूर्ण संसारकी सर्वोत्कृष्ट महिला हुन् जुनकि आफ्नो पति अलीको सेवा सत्कार गर्नुको साथै घरको व्यवस्थापन र जतन पनि गर्थिन्, र घरको व्यवस्थापनबाट उत्पीडित र हैरान भई रसूल सल्लल्लाहो अलैहे वसल्लमसित गुनासो गरेका थिइन् र उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित एउटा सेवकको माँग गरेका थिइन्, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमले उनको यो गुनासो स्वीकारेका थिएनन् ।

**प्रश्नः** जब महिला आफ्नो पतिलाई आफूमा रुचिकर नहेरोस् र त्यो त्यसै पतिसंग जीवन व्यतीत गर्ने इच्छुक होस् भने यस्तो अवस्थामा के गरोस् ? यसको समाधान कसरी गरोस् ?

**उत्तरः** अल्लाहको फर्मान छ :

﴿ وَإِنِ ٱمۡرَأَةٌ خَافَتۡ مِنۢ بَعۡلِهَا نُشُوزًا أَوۡ إِعۡرَاضًا فَلَا جُنَاحَ عَلَيۡهِمَآ أَن يُصۡلِحَا بَيۡنَهُمَا صُلۡحًاۚ وَٱلصُّلۡحُ خَيۡرٌۗ ﴾ النساء: ١٢٨

अर्थ : यदि कुनै स्त्रीलाई आफ्नो लोग्नेबाट अन्याय वा लापरवाहीको भय छ भने लोग्ने स्वास्नीले आपसमा जे सम्झौता गर्दछन् दुवैलाई कुनै गुनाह छैन र समझदारी बहुत राम्रो कुरो हो । ( सूरतुन्निसा १२८ )

हाफिज इब्ने कसीरको भनाई छ किः जब महिला यो महसूस गरोस् कि त्यसको पति त्यससित घृणा गर्न थालेको छ वा त्यसबाट विमुख भइरहेको छ, त त्यसलाई चाहियो कि त्यस महिलाको त्यसको पतिमाथि भएको अधिकारलाई लिनु त्यागोस् जसरी खर्च, लुगाफाँट .. आदिलाई त्यसबाट नलिइकन् त्यसलाई यसमा सुतन्त्रता दिएर त्यसको हृदयमा स्थान बनाउन खोजोस्, र पतिलाई यो कुरा स्वीकार गर्नुमा कुनै आपत्ति छैन । त्यसलाई चाहियो कि आफ्नो पत्नीबाट यो उपकार स्वीकार गरोस्, किनकि अल्लाहको फर्मान छः

﴿ فَلَا جُنَاحَ عَلَيۡهِمَآ أَن يُصۡلِحَا بَيۡنَهُمَا صُلۡحًاۚ وَٱلصُّلۡحُ خَيۡرٌۗ ﴾

النساء: ١٢٨

अर्थ : लोग्ने स्वास्नीले आपसमा जे सम्झौता गर्दछन् दुवैलाई कुनै गुनाह छैन र समझदारी बहुत राम्रो कुरो हो । ( सूरतुन्निसा १२८ )

अर्थात दुवैले एकआर्कासित सुलह गरेर बस्नु पारपाचुकेभन्दा उत्तम छ ...., अनि सौदह बिन्ते जमआको कथनलाई वर्णन गर्नु भएको छ कि जब सौदह बिन्ते जमआ रजिअल्लाहो अन्हा वृद्धा भइन् र रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनसित सम्बन्ध विच्छेदको मन बनाए त उनले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यसरी सुलह गरिन् कि उनीलाई आफू निकट नै राखुन र उनी आफ्नो पालो (रात्री व्यतीत गर्ने पालो) हजरत आइशा रजिअल्लाहो अन्हालाई प्रदान गरिदिन्छिन्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस प्रस्तावलाई कबूल गरी आफ्नो वैवाहिक बन्धनमा नै राखे। ( हेर्नुस्: तफसीर इब्ने कसीर २/४०२, अन्तिम प्रकाशन )

**प्रश्न :** यदि महिला आफ्नो पतिलाई मन नपराओस्, त्यससित घृणा गरोस् र त्यससंग रहन नचाहोस् त महिला के गरोस् ?

**उत्तर :** अल्लाहको फर्मान छ :

﴿ فَإِنۡ خِفۡتُمۡ أَلَّا يُقِيمَا حُدُودَ ٱللَّهِ فَلَا جُنَاحَ عَلَيۡهِمَا فِيمَا ٱفۡتَدَتۡ بِهِۦۗ ﴾

البقرة: ٢٢٩

अर्थ : यसर्थ यदि यो डर छ कि तिनीहरू अल्लाहद्वारा निर्धारित सीमा कायम राख्न सक्दैनन् भने पत्नीले (पतिबाट) मुक्त हुन पाएको बदला केही दिनुमा दुवैलाई कुनै पाप लाग्दैन। ( सूरतुल् बकर: २२९ )

हाफिज इब्ने कसीर आफ्नो तफ्सीरको १/४८३ मा भन्छन्: र यदि पति पत्नी बीच विगार उत्पन्न भइहालोस् र महिला पतिको हक अधिकार पूर्ण नगरोस्, बरु त्यसलाई यति घृणा गरोस् कि त्यसको साथमा जीवन व्यतीत गर्न नचाहोस्, त त्यसको लागि उचित यो नै छ कि त्यसले दिएको मुहर (मेहर) त्यसलाई फर्काओस् र पारपाचुके लेओस्, र यस्तो गर्नुमा पत्नीमाथि कुनै आपत्ति छैन नत पतिमाथि नै कुनै आपत्ति छ कि त्यसलाई स्वीकार गरेर पत्नीलाई विवाहको बन्धनबाट मुक्त गरोस्, र यसलाई अरबीमा खुला भनिन्छ।

**प्रश्न :** जब महिला अकारण पतिसित पारपाचुकेको माँग गरोस् त त्यसमाथि कस्तो दण्डको चेतावनी वर्णित छ ?

**उत्तर :** हजरत सौबान रजिअल्लाहो अन्होको भनाई छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ أيما امرأة سألت زوجها طلاقها من غير ما بأس فحرام عليها رائحة

الجنة ﴾ (88)

अर्थ : जुन महिलाले पनि अकारण आफ्नो पतिबाट पारपाचुकेको माँग गरोस् त त्यसमाथि स्वर्गको सुगन्ध पनि हराम छ । ( तिर्मिजी हदीस नं. ११८७ अध्याय अत्तलाक, अबू दाऊद हदीस नं. २२२६ अध्याय अत्तलाक, इब्ने माजा हदीस नं. २०५५ अध्याय अत्तलाम, अहमद ५/२७७, दारमी हदीस नं. २२७० अध्याय अत्तलाक )

र यो यस कारण किनकि अल्लाहको दृष्टिमा सबैभन्दा घृणित हलाल (वैध) कार्य पारपाचुके हो, र यसलाई तबसम्म कार्यन्वयनमा ल्याउनु हुन्न जबसम्म कि यसको निकै आवश्यकता नआइपरोस् र यसको कुनै आर्को विकल्प बाँकी नरहोस्, र बिना आवश्यकता यसलाई कार्यन्वयनमा ल्याउनु अति अप्रिय र घृणित कुरो हो, किनकि यसद्वारा जुन हानि बेहोर्नु पर्दछ त्यो कुनै लुकेको कुरो होइन । तर वैधानिक तौरले महिला तब पारपाचुकेको माँग गर्न सक्दछे जब पति त्यसको हकलाई पूर्ण नगरोस् जसकारण त्यसको साथ रहँदा त्यसलाई हानि बेहोर्नुको खतरा होस्, त यस्तो अवस्थामा पारपाचुकेको माँग त्यसको लागि वैधानिक भइहाल्छ । अल्लाहको फर्मान छ:

﴿ فَإِمۡسَاكُۢ بِمَعۡرُوفٍ أَوۡ تَسۡرِيحُۢ بِإِحۡسَٰنٖۗ ﴾ البقرة: ٢٢٩

अर्थ : या त तिनीहरूलाई (स्वास्नीलाई) राम्रो तरिकाले (पत्नीत्वमा) राख्नु अथवा सदव्यवहारको साथ विदा गर्नु । ( सूरतुल् बकर: २२९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

(88) الترمذي الطلاق (1187) ، أبو داود الطلاق (2226) ، ابن ماجه الطلاق (2055) ، أحمد (277/5) ، الدارمي الطلاق (2270) .

﴿ لِّلَّذِينَ يُؤْلُونَ مِن نِّسَآئِهِمْ تَرَبُّصُ أَرْبَعَةِ أَشْهُرٍ فَإِن فَآءُو فَإِنَّ ٱللَّهَ غَفُورٌ رَّحِيمٌ ﴿٢٢٦﴾ وَإِنْ عَزَمُوا۟ ٱلطَّلَٰقَ فَإِنَّ ٱللَّهَ سَمِيعٌ عَلِيمٌ ﴿٢٢٧﴾ ﴾ البقرة: ٢٢٦ - ٢٢٧

अर्थ : जुन मानिसहरू आफ्ना स्वास्नीहरूसित तिनीहरूसंग सम्बन्ध नराख्ने शपथ खान्छन्, तिनीहरूलाई अधिकतम् चार महिनासम्मको अवधि छ, फेरि यदि अवधिपछि तिनी फर्कन्छन् भने नि:सन्देह अल्लाह क्षमादान गर्ने दयावान् छ । र, यदि तलाक (सम्बन्ध विच्छेद) कै निश्चय गरिहाल्छन्, भने अल्लाह सुन्ने र जान्नेवाला छ । ( सूरतुल् बकर: २६,२७ )

## वैवाहिक जीवनको अन्त्य भए पश्चात महिलामाथि के अनिवार्य हुन्छ ?

महिलाको त्यसको पतिबाट दुई तरिकाले सम्बन्धविच्छेद हुन्छ: एउटा त्यसको (पतिको) जीवनकालमै पारपाचुकेद्वारा, र आर्को त्यसको पतिको मृत्यु भएको हुनाले । र दुवै अवस्थामा त्यसमाथि (महिलामाथि) इद्दत गुजार्नु अर्थात सोगमा बस्नु अनिवार्य छ, र यो विधानले तोकेको एउटा अवधि हो जसमा त्यो विधानले बताएको विधिहरूको पालना गर्छे ।

र यसमा तत्वदर्शिता यो छ कि त्यसको पति यो अवधि बीते पश्चात त्यसको लागि हराम भइहाल्छ, र यस अवधिद्वारा यदि गर्भाशयमा बच्चा आदि हुन्छ भने स्पष्ट भइहाल्छ, ताकि यस्तो नहोस् कि कुनै आर्को मान्छे त्यससित विवाह गरी त्यससित गर्भवती भएको अवस्थामा सम्भोग गरोस् अनि वंशमा विकृति उत्पन्न भइहालोस्, र यसद्वारा पहिलो विवाहको सम्मान गर्नु पनि अभीष्ट छ, र यस्तै विगतको पतिको सम्मान दर्शाउनुको साथै यो तत्वदर्शिता पनि छ कि यस सम्बन्धविच्छेदको प्रभावलाई पनि दर्शित गरियोस् ।

### र इद्दतका चार थरीहरू छन्:

**पहिलो थरी : गर्भवतीको इद्दत :**

गर्भवतीको सोगको अवधि हो बच्चा जन्माउनु सम्म । चाहे त्यसलाई तलाके बाइन दिइएको होस् वा त्यसको पतिको मृत्यु भइसकेको होस् वा तलाके रज्अी दिइएको होस् ।

(**तलाके बाइनः** त्यस पारपाचुकेलाई भनिन्छ जसपश्चात पति त्यससित तबसम्म विवाह गर्न सक्दैन जबसम्म त्यो महिला कुनै आर्को मान्छेसित विवाह गरेर न्यायोचित तरिकाले पारपाचुके नपाइहालोस्, जसरी तीन तलाक पवित्रताको समयमा दिनु ... ।

**तलाके रज्ई :** त्यस पारपाचुकेलाई भनिन्छ जसलाई दिए पश्चात पति त्यस महिलालाई आफ्नो त्यसै निकाह अन्तर्गत पुनः फर्काउन सकोस्, वा कसैसित त्यसको विवाह नभएको खण्डमा त्यससित विवाह गर्न सकोस्, जसरी मात्र एक तलाक दिनु... । (अनुवादक)

अल्लाहको फर्मान छ :

﴿ وَأُوْلَٰتُ ٱلۡأَحۡمَالِ أَجَلُهُنَّ أَن يَضَعۡنَ حَمۡلَهُنَّۚ ﴾ الطلاق: ٤

अर्थ : र गर्भवती महिलाहरूको इद्‌दत उनीहरूको शिशु-प्रसवसम्म छ । ( सूरतुत्तलाक ४ )

**दोस्रो थरी : त्यस तलाक पाएकी महिलाको सोग अवधि जसलाई रजस्वला आइरहेको होस् :**

त त्यसको सोग अवधि तीन रजस्वला अर्थात तीन महिना हो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَٱلۡمُطَلَّقَٰتُ يَتَرَبَّصۡنَ بِأَنفُسِهِنَّ ثَلَٰثَةَ قُرُوٓءٖۚ ﴾ البقرة: ٢٢٨

अर्थ : र तलाक प्राप्त स्वास्नी मानिसले आफूलाई तीन पटक रजस्वला आउनुसम्म रोकिराखुन् । ( सूरतुल् बकरः २२८ )

**तेस्रो थरी : जसलाई रजस्वला आउँदैन :**

र यस थरीका दुई किसिम छन्: एउटा सानो बालिका जसलाई अहिलेसम्म रजस्वला आएकै छैन । र दोस्रो त्यो महिला जसलाई वृद्धा हुनुको कारण रजस्वला आइरहेको छैन । त अल्लाहले यी दुवै किसिमको इद्दतलाई यसरी वर्णन गरेका छन्:

﴿ وَٱلَّٰٓـِٔي يَئِسۡنَ مِنَ ٱلۡمَحِيضِ مِن نِّسَآئِكُمۡ إِنِ ٱرۡتَبۡتُمۡ فَعِدَّتُهُنَّ ثَلَٰثَةُ أَشۡهُرٖ وَٱلَّٰٓـِٔي لَمۡ يَحِضۡنَۚ ﴾ الطلاق: ٤

अर्थ : तिम्रो (तलाक दिइएका) स्त्रीहरू जो मासिक धर्मबाट निराश भइसकेका छिन्, यदि तिमीलाई शंका छ भने उनीहरूको इददत तीन महिना छ, र जसलाई अझै मासिक धर्म आउन थालेको छैन उनीहरूको पनि यहि नै इददत हो । ( सूरतुत्तलाक ४ )

अर्थात दुवैको सोगको अवधि ३ महिना हो ।

**चौथो थरी : जसको पतिको मृत्यु भइसकेको होस् :**

त अल्लाहले यसको सोग अवधि यसरी वर्णन गरेका छन् :

﴿ وَٱلَّذِينَ يُتَوَفَّوۡنَ مِنكُمۡ وَيَذَرُونَ أَزۡوَٰجٗا يَتَرَبَّصۡنَ بِأَنفُسِهِنَّ أَرۡبَعَةَ أَشۡهُرٖ وَعَشۡرٗاۖ ﴾ البقرة: ٢٣٤

अर्थ : र तिमीहरूमध्ये जुन मानिसहरू मर्छन् र (आफ्ना पछाडि) स्वास्नीहरू छोड्छन् भने ती स्वास्नीहरूले चार महिना दश दिनसम्म आफूलाई रोकी राखुन् । ( सूरतुल् बकरः २३४ )

त यस हुकुममा सानी ठूली जससित सहवास गरिएको छ वा त्यसको साथमा त्यसको पति कोठामा प्रवेश गरेर एकान्तमा भएको छ वा त्यससित एकान्तमा मिलन भए छैन सबै आउँछिन् यदि उनीहरूको पतिको मृत्यु भएको छ गर्भवती महिला बाहेक, किनकि त्यसको सोग अवधिलाई अल्लाहले यस श्लोकद्वारा तोकेको छन् जुन यो होः

﴿ وَأُوْلَٰتُ ٱلۡأَحۡمَالِ أَجَلُهُنَّ أَن يَضَعۡنَ حَمۡلَهُنَّۚ ﴾ الطلاق: ٤

अर्थ : र गर्भवती महिलाहरूको इद्दत उनीहरूको शिशु-प्रसवसम्म छ । ( सूरतुत्तलाक ४ ) ( हेर्नुस्: अल् हदियुन्नब्वी लेखकः इब्नुल कैयिम ५/५९४,५९५, अनुसंधानउुक्त संकलन )

## सोगमा भएकी महिलाको लागि के के कुराहरू हराम छन्

### १ ⇒ त्यसलाई विवाहको आमन्त्रण वा प्रस्तावना दिनु :

**(क)** तलाके रजई पाएकी महिलाको सोग अवधिमा त्यसलाई प्रत्यक्ष र अप्रत्यक्ष दुवै तरिकाले विवाहको प्रस्तावना अथवा आमन्त्रण दिनु हराम छ, किनकि त्यो अहिले पनि कसैको वैवाहिक बंधनमा छे, र त्यो अहिले पनि आफ्नो पतिको पत्नीत्वमा छे, यसर्थ त्यसलाई विवाहको प्रस्तावना दिनु कसैको लागि जायज छैन ।

**(ख)** तलाके बाइन पाएकी महिलाको सोग अवधिमा त्यसलाई प्रत्यक्ष तरिकाले विवाहको प्रस्तावना दिनु जायज छैन तर अप्रत्यक्ष अर्थात संकेतित तरिकाले प्रस्तावना दिनु जायज छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَلَا جُنَاحَ عَلَيْكُمْ فِيمَا عَرَّضْتُم بِهِۦ مِنْ خِطْبَةِ ٱلنِّسَآءِ ﴾ البقرة: ٢٣٥

अर्थ : यदि तिमी सांकेतिक तरिकाबाट ती स्वास्नीहरूलाई निकाहको सन्देश पठाउँछौं अथवा आफ्ना हृदयमा लुकाएर राख्दछौं भने तिमीलाई कुनै पाप लाग्दैन । ( सूरतुल् बकर: ३५ )

र प्रत्यक्ष प्रस्तावको अर्थ यो हो कि मान्छे भनोस् कि म तिमीसित विवाह गर्न चाहन्छु, किनकि यस्तो गर्नाले कदाचित त्यसलाई सोग पूर्ण नभएको अवस्थामै विवाह गर्नुमा उत्साहित गर्न सक्छ र त्यो महिला सोगको अवधिबारे मिथ्यारोपण गर्न सक्छे, तर यदि अप्रत्यक्ष तरिकाले प्रस्ताव त्यसको अगाडि राख्छ त यो खतरा उत्पन्न हुँदैन ।

र अप्रत्यक्ष प्रस्तावनाको उदाहरण यो हो जसरी मान्छे भनोस् कि म तिमी जस्ती युवतीसित विवाह गर्न चाहन्छु, वा मलाई तिमी जस्ती महिलाहरू प्रिय लाग्छिन् ... आदि । र बाइन तलाक पाएकी महिलाको लागि यो पनि जायज छ कि त्यो यस अप्रत्यक्ष प्रस्तावनाको उत्तर अप्रत्यक्ष शब्दद्वारा नै देओस्, तर त्यसको लागि पनि प्रत्यक्ष शब्दमा उत्तर दिनु वा प्रस्तावनालाई स्वीकार्नु हराम छ । र रह्यो कुरो तलाके रज्अी पाएकी महिलाको त जसरी त्यसलाई प्रत्यक्ष अप्रत्यक्ष दुवै तरिकाले प्रस्तावना दिनु हराम छ उस्तै यस महिलाको लागि

प्रस्तावनाको उत्तर दिनु पनि हराम छ चाहे प्रत्यक्ष शब्दमा होस् वा अप्रत्यक्ष शब्दमा ।

**२ ⇒ कुनै अरु मान्छेको सोग मनाइरहेकी महिलासित विवाह गर्नु हराम छः**

अल्लाहको यस कथनको हुनाले :

﴿ وَلَا تَعۡزِمُواْ عُقۡدَةَ ٱلنِّكَاحِ حَتَّىٰ يَبۡلُغَ ٱلۡكِتَٰبُ أَجَلَهُۥۚ ﴾ البقرة: ٢٣٥

अर्थ : र जबसम्म इद्दतको अवधि पूरा हुँदैन निकाहको दृढ अठोट नगर्नु । ( सूरतुल् बकरः २३५ )

इब्ने कसीर आफ्नो तफसीरको १/५०९ मा भन्छन्: यसको अर्थ हो कि तिमीहरू इद्दतमा भएकी महिलासित विवाह तबसम्म नगर जबसम्म त्यो सोगको अवधिलाई पूर्ण नगरोस् । र विद्हरूको यस कुरामा एकमत छ कि सोगको अवधिमा विवाह गर्नु दुरुस्त छैन ।

**दुईटा लाभप्रद कुराहरू :**

**पहिलो :** जुन महिलालाई सहवास गर्नुभन्दा वा एकान्तमा जानुभन्दा अघि नै पारपाचुके मिलोस् त्यसमाथि कुनै सोग मनाउनु छैन किनकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا نَكَحۡتُمُ ٱلۡمُؤۡمِنَٰتِ ثُمَّ طَلَّقۡتُمُوهُنَّ مِن قَبۡلِ أَن تَمَسُّوهُنَّ فَمَا لَكُمۡ عَلَيۡهِنَّ مِنۡ عِدَّةٖ تَعۡتَدُّونَهَاۖ فَمَتِّعُوهُنَّ وَسَرِّحُوهُنَّ سَرَاحٗا جَمِيلٗا ٤٩ ﴾ الأحزاب: ٤٩

अर्थ : हे ईमानवालाहरू ! जब तिमी ईमानवाली स्त्रीहरूसँग विवाह गर्दछौ फेरि उनीहरूलाई स्पर्श गर्नुभन्दा अगाडि नै तलाक दिन्छौ भने तिम्रो निम्ति उनीहरूमाथि कुनै इद्दतको अधिकार छैन जसको तिमी गन्ती गर । उनीहरूलाई केही फाइदा (खर्च) दिएर राम्रो तरिकाले बिदा गर । ( सूरतुल् अहजाब ४९ )

इब्ने कसीर आफ्नो तफ्सीरको ५/४७९ मा भन्छन्: यस कुरामा समस्त विद्हरूको एकमत छ कि जब महिलालाई एकान्तमा मिल्नुभन्दा अघि नै तलाक दिइयोस् भने त्यसमाथि कुनै इद्दत छैन, यसर्थ त्यो तुरुन्तै कसै आर्को मान्छेसित जसलाई त्यो महिला मनपराओस् विवाह गर्न सक्दछे ।

**दोस्रो :** जसलाई एकान्तमा हुनुभन्दा अघि नै तलाक दिइयो र त्यसको लागि मेहर निर्धारित गरिएको छ भने त्यसलाई आधा मेहर मिल्ने छ, र जसको मेहर निर्धारित छैन त त्यस महिलालाई जति लुगाफटँ दिइयोस् त्यसैबाट त्यो लाभान्वित होस् ।

र जसलाई सहवास पश्चात पारपाचुके दिइयो त्यसलाई पूर्ण मेहर मिल्ने छ । अल्लाहको फर्मान छ :

﴿ لَّا جُنَاحَ عَلَيۡكُمۡ إِن طَلَّقۡتُمُ ٱلنِّسَآءَ مَا لَمۡ تَمَسُّوهُنَّ أَوۡ تَفۡرِضُواْ لَهُنَّ فَرِيضَةٗۚ وَمَتِّعُوهُنَّ عَلَى ٱلۡمُوسِعِ قَدَرُهُۥ وَعَلَى ٱلۡمُقۡتِرِ قَدَرُهُۥ مَتَٰعَۢا بِٱلۡمَعۡرُوفِۖ حَقًّا عَلَى ٱلۡمُحۡسِنِينَ ٢٣٦ وَإِن طَلَّقۡتُمُوهُنَّ مِن قَبۡلِ أَن تَمَسُّوهُنَّ وَقَدۡ فَرَضۡتُمۡ لَهُنَّ فَرِيضَةٗ فَنِصۡفُ مَا فَرَضۡتُمۡ ﴾ البقرة: ٢٣٦ - ٢٣٧

अर्थ : यदि तिमीले स्वास्नी मानिसहरूलाई तिनीहरूसँग समागम गर्नु र मेहर निर्धारित गर्नु अघि नै तलाक दिन्छौ भने तिमीमाथि कुनै गुनाह छैन, हो उनलाई केही उचित रकम अवश्य देऊ (अर्थात) सम्पन्नले आफ्नो सामर्थ्य अनुसार देओस् र अभावग्रस्तले आफ्नो हैसियत अनुरूप । भलाई गर्ने मानिसहरूको निम्ति यो एउटा अनिवार्यता हो । र, यदि तिमीले स्वास्नीहरूलाई समागम गर्नु अगाडि तलाक दिन्छौ, तर मेहर निश्चित गरिसकेका छौ भने निर्धारित रकमको आधा दिइहाल्नु । ( सूरतुल् बकर: २३६, २३७ )

अर्थात हे लोग्ने मान्छेहरू तिमीहरू आफ्नो दुल्हीलाई बिना स्पर्श गरिकन् तलाक दिनुमा कुनै आपत्ति छैन, र तिनीहरूको मेहर निर्धारित गर्नुमा पनि कुनै आपत्ति छैन, यद्यपि यस्तो गर्नुमा उनीहरूलाई अपमानित गर्नु सरह छ तै पनि यसको भरपाई तिमीले तलाक पश्चात

दिने छौ । र दिने विधि यो हो कि मान्छेको अवस्था अनुसार त्यो त्यसलाई प्रदान गरोस् जस्तो कि त्यस समाजमा चलन होस्, र यदि त्यसले मेहर निर्धारित गरेको छ भने पूर्ण मेहरको आधा त्यस महिलाको हक हो त्यो हक त्यसलाई दिनै पर्छ ।

र हाफिज इब्ने कसीर आफ्नो तफ्सीरको १/५१२ मा भन्छन् कि : मेहरलाई आधा आधा गर्नु यस्तो कुरो हो जसमा समस्त विद्हरूको एकमत छ । अर्थात आधा मेहर महिलालाई दिइन्छ र आधा लोग्ने मान्छेलाई ।

### ३ ⟹ सोग मनाइरहेकी महिलामाथि पाँच कुराहरू वर्जित छन् जसलाई अरबीमा अल् हेदाद भनिन्छ :

**पहिलो:** समस्त प्रकारका सुगन्धहरू प्रयोग गर्नु वर्जित छ चाहे त्यो आफ्नो शरीरमा प्रयोग गरोस् वा लुगामा वा यस्तो कुरा प्रयोग गरोस् जसमा सुगन्धको मिश्रण होस्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ ولا تمس طيبا ﴾[89]

अर्थ : त्यो सुगन्धलाई स्पर्श पनि नगरोस् । (बुखारी हदीस नं. ५०२८ अध्याय अत्तलाक, मुस्लिम हदीस नं. ९३८ अध्याय अत्तलाक, नेसाई हदीस नं. ३५३४ अध्याय अत्तलाक, अबू दाऊद हदीस नं. २३०२ अध्याय अत्तलाक, इब्ने माजा हदीस नं. २०८७ अध्याय अत्तलाम, अहमद ५/८५, दारमी हदीस नं. २२८६ अध्याय अत्तलाक)

**दोस्रो:** आफ्नो शरीरमाथि श्रृंगार गर्नु, अर्थात समस्त प्रकारका श्रृंगार जसरी सुरमा लगाउनु, काजल लगाउनु, मेंहदी खेजाब आदि प्रयोग गर्नु हराम छ, र यस्तै समस्त प्रकारका मेकपहरू वर्जित छन् । हो यदि त्यसको आँखामा कुनै रोग लागोस् वा अरु कुनै विकृति होस् र सुरमा लगाउनुमा बाध्य भइहालोस् त रात्रीको समयमा सुरमाको प्रयोग यस शर्तमा जायज छ कि बिहान भए पश्चात त्यसलाई धोएर वा अरु

---

(89) البخاري الطلاق (5028) ، مسلم الطلاق (938) ، النسائي الطلاق (3534) ، أبو داود الطلاق (2302) ، ابن ماجه الطلاق (2087) ، أحمد (85/5) ، الدارمي الطلاق (2286) .

कुनै तरिकाले छोडाओस् स्वच्छ पारोस् । र यदि सुरमा बाहेक कुनै अरु वस्तु छ जसद्वारा श्रृंगार गरिन्न भने त्यसलाई लगाउनुमा र त्यससित चिकित्सा गर्नुमा कुनै आपत्ति छैन ।

**तेस्रो:** श्रृंगारको लागि बनाइएको पोशाक लगाउनु पनि हराम छ । यर्सथ यस्तो साधारण लुगा लगाओस् जुन श्रृंगारको लागि लगाइदैन, र रह्यो कुरो रंगीन लुगा प्रयोग गर्नुको त जस्तो त्यहाँको चलन होस् त्यस्तो रंगको लुगा प्रयोग गरोस् ।

**चौथो:** समस्त प्रकारका अभूषण लगाउनु वर्जित छ यहाँसम्म कि औंठी लगाउनु पनि वर्जित छ ।

**पाँचौं :** आफ्नो लोग्नेको घर बाहेक कुनै अरु घरमा रात्री व्यतीत गर्नु हराम छ, हाँ यदि कुनै वैधानिक कारण होस् भने यस्तो गर्न सकिन्छ ।

र त्यसमाथि यो पनि अनिवार्य छ कि कुनै विरामीसित मिल्नुको लागि वा त्यसको हेरचाह गर्नुको लागि घरबाट बाहिर नजाओस्, नत कुनै सखी संगातीसित मिल्नुको लागि घरबाट बाहिर जाओस्, तर त्यसको दैनिक आवश्यकताको पूर्तिको लागि दिनको समय घरबाट बाहिर निस्कनु जायज छ ।

त यी पाँच कुराहरू बाहेक अल्लाहले जति पनि कुराहरू त्यसको लागि हलाल गरेका छन् सबै त्यसको लागि हलाल छ कुनै आर्को कुरा त्यसको लागि वर्जित छैन ।

इमाम इब्नुल कैयिम अल् हदीयुन्नब्वीको ५/५०७ मा भन्छन्: सोगमा भएकी महिलालाई नंग काट्नुबाट, काँखाको रौंहरूलाई उखेल्नुबाट, र मुस्तहब रौंहरूलाई खौराउनुबाट रोकिदैन, नत स्नान गर्नु, र कपाल कोर्नुबाट नै त्यसलाई रोकिन्छ ।

र शैखुल इस्लाम इब्ने तैमिया मज्मूअ् फतावाको ३४/२७,२८ मा भन्छन्: र त्यसको लागि (सोगमा बसेको महिलाको लागि) समस्त हलाल खाद्य पदार्थलाई खानु हलाल छ, र अगाडि भन्छन्: र त्यसको लागि महिलासित संलग्न र विशिष्ट कार्यहरू गर्नुमा पनि कुनै आपत्ति छैन जसरी बटन लगाउनु .... आदि, जसलाई महिलाहरू गर्छिन्, र त्यसको लागि ती समस्त कुराहरू जायज छन् जुन यस सोगभन्दा अघि

जायज थिए जसरी कुनै आवश्यकता परेमा कुनै मान्छेसित परदामा रही कुरा गर्नु ... आदि । र यो जुन मैले वर्णन गरेको छु त्यो नै रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नत अनुकूल छ जसलाई सहाबाहरूकी स्वास्नीहरू गर्थिन् जब तिनका पतिहरूको स्वर्गबास हुन्थ्यो ।

र जुन सर्वसाधारण मानिसहरू भन्छन् कि त्यो चन्द्रबाट आफ्नो अनुहारको परदा गर्छे, र आफ्नो घरको छतमाथि चढ्दैन, र कुनै मान्छेसित कुरा गर्दैन, त यी समस्त कुराहरू र यस्ता खालका समस्त कुराहरू यस्ता कुराहरू हुन् जसको कुनै प्रमाण छैन नत यो इस्लामबाट हो । र अल्लाह नै यसबारे अधिक ज्ञानी छ ।

# दशौं अध्याय

## ती कुराहरूको वर्णन जसद्वारा महिला आफ्नो मान सम्मान इज्जत आबरु र सतित्वको रक्षा गर्न सकोस्

### १ ⇒ महिलालाई पुरुष झैं दृष्टिलाई तल राख्नु र गुप्तांगको सुरक्षा गर्नुको आदेश गरिएको छ :

अल्लाहको फर्मान छ:

﴿ قُل لِّلْمُؤْمِنِينَ يَغُضُّوا مِنْ أَبْصَارِهِمْ وَيَحْفَظُوا فُرُوجَهُمْ ذَٰلِكَ أَزْكَىٰ لَهُمْ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا يَصْنَعُونَ ﴿٣٠﴾ وَقُل لِّلْمُؤْمِنَاتِ يَغْضُضْنَ مِنْ أَبْصَارِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا ﴾ النور: ٣٠ - ٣١

अर्थ : आस्थावान पुरुषहरूसित भनिदिनुस् कि आफ्नो दृष्टि तल राख्ने गरुन् र गुप्ताङ्गहरूको रक्षा गरुन्, यो उनीहरूको निम्ति बडो पवित्रताको कुरो हो । मानिसहरू जुन काम गर्छन, अल्लाहलाई त्यो सबै थाहा छ । र आस्थावान स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् र आफ्ना श्रृंगार प्रकट नगरुन् । ( सूरतुन्नूर ३०,३१ )

शैख मुहम्मद अमीन अश्शन्कीती रहेमहुल्लाह आफ्नो तफ्सीर इज्वाउल् बयानमा भन्छन्: महान अल्लाहले आस्थावान महिला एवं परुषहरूलाई दृष्टि तल राख्ने र गुप्ताङ्गको रक्षा गर्ने आदेश गरेका छन्, त गुप्ताङ्गको सुरक्षा गर्नुमा व्यभिचारबाट, लेस्बियनिज्मबाट र हस्तमैथुनबाट सुरक्षा गर्नु र त्यसलाई अरुको दृष्टिबाट सुरक्षित राख्नु पनि शामिल छ, र अगाडि भन्छन् कि: जसले अल्लाहको यस आज्ञाको पालना गर्नेछ चाहे त्यो महिला होस् वा पुरुष त अल्लाहले त्यसको पापलाई क्षमा गर्ने र त्यसलाई ठूलो प्रतिफल प्रदान गर्ने वाचा गरेको छ जब त्यो उपरोक्तमा वर्णित कुराहरूको साथै निम्नको श्लोकमा वर्णित कुराहरूमा पनि कार्यरत होस् :

﴿إِنَّ ٱلْمُسْلِمِينَ وَٱلْمُسْلِمَٰتِ وَٱلْمُؤْمِنِينَ وَٱلْمُؤْمِنَٰتِ وَٱلْقَٰنِتِينَ
وَٱلْقَٰنِتَٰتِ وَٱلصَّٰدِقِينَ وَٱلصَّٰدِقَٰتِ وَٱلصَّٰبِرِينَ وَٱلصَّٰبِرَٰتِ وَٱلْخَٰشِعِينَ
وَٱلْخَٰشِعَٰتِ وَٱلْمُتَصَدِّقِينَ وَٱلْمُتَصَدِّقَٰتِ وَٱلصَّٰٓئِمِينَ وَٱلصَّٰٓئِمَٰتِ
وَٱلْحَٰفِظِينَ فُرُوجَهُمْ وَٱلْحَٰفِظَٰتِ وَٱلذَّٰكِرِينَ ٱللَّهَ كَثِيرًا
وَٱلذَّٰكِرَٰتِ أَعَدَّ ٱللَّهُ لَهُم مَّغْفِرَةً وَأَجْرًا عَظِيمًا ٣٥﴾ الأحزاب: ٣٥

अर्थ : बिना सन्देह मुस्लिम पुरुष र मुस्लिम स्त्रीहरू, ईमानवाला पुरुष र ईमानवाली स्त्रीहरू, निष्ठापूर्वक, आज्ञापालन गर्ने पुरुष र निष्ठावान स्त्रीहरू, र सत्यवादी पुरुषहरू र सत्यवादी स्त्रीहरू, धैर्यवान् पुरुषहरू र धैर्य गर्ने स्त्रीहरू, विनम्रता देखाउने पुरुषहरू र विनम्रता देखाउने स्त्रीहरू, सद्का (दान) दिने पुरुष, र दान दिने स्त्रीहरू, रोजा (व्रत) बस्ने पुरुष र रोजा बस्ने स्त्रीहरू, आफ्ना गुप्ताङ्गहरूको रक्षा गर्ने पुरुष र रक्षा गर्ने स्त्रीहरू र अल्लाहलाई धेरै स्मरण गर्ने पुरुष र स्मरण गर्ने स्त्रीहरू यिनीहरूका निम्ति अल्लाहले क्षमा र ठूलो प्रतिफल तयार गरेको छ । ( सूरतुल् अहजाब ३५ ) ( इज्वाउल् बयान ६/१८६, १८७ )

र लेस्बियनिज्मको अर्थ हो महिलाले महिलाको साथ सम्भोग गर्नु र यो यस्तो अपराध हो जसमा दुवै महिलालाई दण्डित गर्नु आवश्यक छ ।

इब्ने कुदामा मुग्नीको ८/१९८ मा भन्छन्: यदि दुई महिलाले एकआर्कासित लेसबियनिज्म गरुन् त दुवै धिक्कृत व्यभिचारिनी भइहाल्छिन् जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ إذا أتت المرأة المرأة فهما زانيتان ﴾

अर्थ : जब महिला महिलासित सम्भोग गरोस् त दुवै व्यभिचारिनी भइन् ।

त दुवैमाथि हाकिमले निर्धारित गरे बमोजिम दण्ड छ किनकि यस व्यभिचारको दण्ड (हद) वर्णित छैन । ( र शैखुल इस्लाम इब्ने तैमिया मज्मूअ फतावा को १५/३२१ म भन्छन्: कि महिलाहरूको व्यभिचार लेसवियनिज्म हो जसरी कि हदीसमा वर्णित छ कि: महिलाहरूको आपसको व्यभिचार लेसबियनिज्म हो । )

यसर्थ नवयोवना महिलाहरू आफूलाई यस अपराधबाट सुरक्षित राखुन् ।

र रह्यो कुरो दृष्टि तल राख्नुको त यसको बारेमा अल्लामा इब्नुल कैयिम अल जवाबुल् काफीको पे. १२९, १३५ मा भन्छन्: र टकटकी बाँधेर हेर्नु नै वासनालाई उत्तेजित गर्छ, यसर्थ दृष्टिको रक्षा गुप्ताङ्गको रक्षा हो । त जसले आफ्नो दृष्टिलाई त्यस्तै छाड्यो त्यसले आफूलाई विनाशतर्फ लगायो, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो कि:

﴿ يا علي، لا تتبع النظرة النظرة فإنما لك الأولى ﴾ (90)

अर्थ : हे अली दृष्टिपछि दृष्टि नहाल्नु किनकि तिम्रो लागि पहिलो पटक (अनभिज्ञतामा) परेको दृष्टि मात्र क्षमय छ । ( अहमद १/१५९, दारमी हदीस नं. २७०९ अध्याय अर्रेकाक )

र यसको अर्थ हो कि जुन दृष्टि बिना इच्छा त्यस्तै एक्कासी परिहाल्छ त्यो मात्र क्षमय छ । र मुस्नदमा एउटा हदीस वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ النظر سهم مسموم من سهام إبليس ﴾

अर्थ : दृष्टि इब्लीसको विषालू वाणहरूमध्ये एउटा वाण हो । ... र अगाडि भन्छन्: र दृष्टि नै ती अधिकांश घट्नाहरूको कारण हो जुन मानिसहरूमाथि घटित हुन्छ किनकि हेर्नुबाट नै मनमा विकृति जागृत हुन्छ अनि त्यो सोचमा परिणत हुन्छ, अनि त्यसबाट हवसको सृजना हुन्छ, अनि त्यसद्वारा इच्छाको उत्पात हुन्छ, अनि जब यो हृदयमा दृढ भइहाल्छ त यदि कुनै अडचन नभए मान्छे त्यसलाई गरिहाल्छ । यसै

(90) أحمد (159/1) ، الدارمي الرقاق (2709) .

कारण यो भनिएको छ कि दृष्टि नहाल्नुमाथि धैर्यता धारण गर्नु त्यसबाट सरल छ जुन त्यस पश्चात विगार आउनेछ, अर्थात त्यस पश्चात जुन घटित हुनेछ त्यसमाथि धैर्यता देखाउनु अति कठिन कार्य हुन्छ ।

यसर्थ हे मुसलमान दिदीबिहिनीहरू ! तिमीहरूमाथि यो अनिवार्य छ कि आफ्नो नेत्रलाई अपरिचित मानिसहरूबाट ( इस्लामीय विधान अनुसार ती समस्त मानिसहरू अपरिचितको सीमा अन्तर्गत आउँछन् जससित विवाह गर्नु जायज छ, चाहे ती मानिसहरू जानपहिचानका मानिसहरू किन नहोउन्) तल राख्दैगर, र यस्ता चित्रहरूलाई नहेर जुन निर्लज्जतापूर्ण हुन्छन् र जसलाई केही पत्रिकाहरू प्रकाशित गर्छन् वा त्यसलाई टेलीभिजन .. आदिमा प्रसारित गरिन्छ, वा यस्ताखालका वीडियोहरू जुन प्रचलित छन्, त यदि यस्तो सावधानी अपनाउछौ भने त्यसको दुखद परिणामबाट सुरक्षित रहन्छौ । त यस्ता कतिपय मान्छेहरू छन् जुन आफ्नो आँखाको कारण पछुतो र अफशोच गरिरहेका छन् र कतिपय यस्ता ससाना पापहरू छन् जसको कारण नर्क मिल्नेछ ।

**२ ⇒ र गुप्ताङ्गको रक्षा गर्ने माध्यमहरूमध्ये गीत संगीत र वंसी म्यूजिकबाट टाढा रहनु पनि हो :**

अल्लामा इब्नुल् कैयिम इगासतुल् लहफानको १/२४२,२४८, २६४, २६५ मा छन्छन्: शैतानको क्षल र जालमध्ये जसद्वारा त्यो ज्ञान, बुद्धि र धर्मबाट आफ्नो अंश लिइहाल्छ र जसद्वारा त्यो अनभिज्ञ र कुटिल मानिसहरूको हृदयको शिकार गर्छ गीत संगीत म्यूजिक ... आदिलाई सुन्नुतर्फ आकृष्ट गर्नु हो, जसद्वारा त्यो मान्छेको हृदयलाई कुरआनबाट रोकिदिन्छ, र त्यसलाई अश्लीलता पाप आदिमा लिप्त एवं त्यसलाई गर्नुमाथि दृढ गरिदिन्छ । यसर्थ गीत संगीत शैतानको कुरआन हो, र अल्लाहबाट बाक्लो आवरण र पर्खाल हो, र यो गीत सँगीत व्यभिचार र गुदामैथुनको मन्त्र हो, र यसैको माध्यमले मोहित भएका प्रेमीहरू आफ्नो प्रियतम र प्रेमिकाबाट आफ्नो अभीष्ट प्राप्त गर्छन् ... अनि अगाडि भन्छन्: र रह्यो गीत संगीतलाई महिला र व्यस्क नभएको बालकले सन्नुको कुरो त यिनीहरूको लागि त्यसलाई सुन्नु अरु ठूलो

हराम कार्य र विशाल उपद्रवको कारण हो .... । अनि अगाडि भन्छन्: र यसमा कुनै सन्देह छैन कि प्रत्येक गैरतमन्द र स्वाभिमानी मान्छे गीत संगीतलाई सुन्नुलाई रुचाउँदैन नत आफ्नो परिवारलाई सुन्न दिन्छ, जसरी कि आफ्नो परिवारलाई सन्देहजनक ठाउँ र कुराहरूबाट टाढा राख्दछ... । र अगाडि भन्छन्: र समस्त समूहका मानिसहरूलाई यो ज्ञान छ कि जब महिला पुरुषमाथि कठोरता देखाउँछे त पुरुष त्यसलाई रोमेन्टिक (मायालू) गीत सुनाएर आफ्नो अभीष्ट प्राप्त गर्छ, किनकि महिला आवाजबाट तीव्रताले प्रभावित भइहाल्छे, र जब आवाज गानाको होस् त दुई प्रकारले प्रभावित हुन्छे अर्थात स्वरबाट र गीतको अर्थबाट । अनि भन्छन्: तर यदि यस गीतको साथै संगीत एवं म्युजिक पनि शामेल भइहालोस् र डान्स पनि शामेल भइहालोस् त यदि गीतद्वारा गर्भधारण हुन्थ्यो भने त्यो गर्भवती भइहाल्थ्यो, अर्थात महिला गीत संगीत एवं डान्सबाट उन्मादी भइहाल्छे । यसर्थ अल्लाहको शपथ कतिपय स्वतन्त्र लज्जालू महिलाहरू यसै गीत संगीतको कारण व्यश्या भइन् ? !!

यसर्थ हे मुसलमान महिला अल्लाहसित डर, र यस अनैतिक रोगबाट टाढा रह, अर्थात गीत संगीतबाट जुन जनसाधारण मुसलमानहरू बीच विभिन्न प्रकारले प्रचलित भइसकेको छ, यसै कारण कतिपय नवयोवनाहरू गीतलाई खरीद गरेर एकआर्कालाई उपहार दिन्छन् ।

**३ ⟹ गुप्ताङ्गलाई सुरक्षित राख्ने माध्यमहरूमध्ये यो पनि हो कि महिलालाई गैर मुहरिमसंग यात्रा गर्नुबाट रोकियोस्:**

यसर्थ महिला आफ्नो मुहरिमको साथ यात्रा गरोस् जुन त्यसलाई वासनापूजारी र पापीहरूको पहुँचबाट सुरक्षा प्रदान गरोस् ।

र यस सन्दर्भमा कतिपय सही हदीसहरू छन् जुन महिलालाई बिना मुहरिम यात्रा गर्नुबाट मनाही गर्दछन् र ती मध्ये यो हदीस पनि हो जसलाई इब्ने उमर रजिअल्लाहो अन्होले वर्णन गरेका छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ لا تسافر المرأة ثلاثة أيام إلا مع ذي محرم ﴾ [91]

अर्थ : तीन दिन जति भएको दूरीको यात्रा महिला बिना मुहरिम नगरोस् । ( बुखारी हदीस नं. १०३६ अध्याय अल् जुमुआ, मुस्लिम हदीस नं. १३३८ अध्याय अल् हज्ज, अबू दाऊद हदीस नं. १७२७ अध्याय अल् मनासिक, अहमद २/१४३ )

र अबू सईद खरदरी रजिअल्लाहो अन्होको वर्णन छ कि:

﴿ نهى أن تسافر المرأة مسيرة يومين أو ليلتين إلا ومعها زوجها، أو ذو محرم ﴾ [92]

अर्थ : नबी सल्लल्लाहो अलैहे वसल्लमले यस कुराबाट रोकेका छन् कि महिला दुई रात्री वा दुई दिन जतिको दूरीको यात्रा गरोस् र त्यसको साथमा त्यसको लोग्ने वा कुनै मुहरिम नहोस् । ( बुखारी हदीस नं. १०३८ अध्याय अल् हज्ज, मुस्लिम हदीस नं. १३३९ अध्याय अल् हज्ज, अत्तिर्मिजी हदीस नं. ११७० अध्याय अर्रेजाअ्, अबू दाऊद हदीस नं. १७२६ अध्याय अल् मनासिक, इब्ने माजा हदीस नं. २८९८ अध्याय अल् मनासिक, अहमद ३/३४, दारमी हदीस नं. २६७८ अध्याय अल् इस्तिजान )

र उपरोक्तमा वर्णित दुई दिन वा तीन दिनको अर्थ त्यो दूरी हो जुन त्यस समयको सवारी साधनद्वारा पूर्ण गरिन्थ्यो जसरी पैदल र ऊँट ... आदिद्वारा । र जुन हदीसहरूमा दुई दिन तीन दिन एक दिन वर्णित छ र यस बाहेकका हदीसहरू छन् जसमा विवधता देखिन्छ त त्यसको अर्थ विद्हरूले यो वर्णन गरेका छन् कि यसको जाहेरी अर्थ यहाँ अभीष्ट छैन बरु यसको अर्थ हो कि जसलाई पनि यात्रा भन्न सकिन्छ त्यो नै महिलाको लागि बिना मुहरिम वर्जित छ ।

---

[91] البخاري الجمعة (1036) ، مسلم الحج (1338) ، أبو داود المناسك (1727) ، أحمد (143/2) .

[92] البخاري الحج (1765) ، مسلم الحج (827) ، الترمذي الرضاع (1169) ، أبو داود المناسك (1726) ، ابن ماجه المناسك (2898) ، أحمد (34/3) ، الدارمي الاستئذان (2678) .

र इमाम नव्वी रहेमहुल्लाह सहीह मुस्लिमको व्याख्या मिन्हाजको ९/१०३ मा भन्छन्: त समस्त हदीसहरूको सार यो हो कि जसलाई पनि यात्रा भनियोस् त्यसमा बिना पति वा कुनै मुहरिम यात्रा गर्नु महिलाको लागि वर्जित छ, अब चाहे त्यो यात्रा एक दिनको होस् वा दुई दिन अथवा त्यसभन्दा अधिक वा कमको होस् जस्तोकि इब्ने अब्बास रजिअल्लाहो अन्होको हदीसमा वर्णित छ जसमा कुनै अवधिको बन्देज वर्णित छैन, र जसलाई मुस्लिमले वर्णन गरेका छन्, र यस हदीसको पहिलो खण्ड पहिला नै वर्णन गरियो, र त्यसको अन्त्यमा छ:

﴿ لا تسافر امرأة إلا مع ذي محرم ﴾ [93]

अर्थ : कुनै महिला पनि बिना मुहरिम कुनै यात्रा नगरोस्। ( बुखारी हदीस नं. १७६५ अध्याय अल् हज्ज, मुस्लिम हदीस नं. ८२७ अध्याय अल् हज्ज, अहमद ३/७१ )

त यो हदीस ती समस्तलाई शामेल छ जसलाई यात्रा भन्न सकिन्छ। र अल्लाह नै अधिक ज्ञानी छ।

र जसले पनि महिलाहरूको लागि बिना मुहरिम अनिवार्य हज्जको लागि यात्रा गर्नुलाई जायज भनेका छन् त यो कुरो सुन्नत प्रतिकूल छ, इमाम खत्ताबी ले मआलेमुस्सुन जसको अनुसंधान इमाम इब्नुल् कैयिमले गरेका छन् त्यसको २/२७६,२७७ मा भनेका छन् कि: रसूल सल्लल्लाहो अलैहे वसल्लमले महिलालाई बिना मुहरिम यात्रा गर्नुबाट सावधान गरेका छन्, त अनिवार्य हज्जको यात्रालाई बिना त्यस शर्त जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले शर्त बनाएका छन् जायज गर्नु सुन्नत प्रतिकूल र सुन्नत विरुद्ध कुरो हो, यसर्थ जब बिना मुहरिम हज्जको यात्रा अल्लाह र अल्लाहका रसूलको अवज्ञा ठहर हुन्छ त त्यसमाथि हज्ज गर्नु जरुरी गरिन्न किनकि यस्तो गरेमा यो यस्तो आदेश हुन्छ जसद्वारा अवज्ञा गरिन्छ।

---

[93] البخاري الحج (1765) ، مسلم الحج (827) ، أحمد (71/3) .

र मेरो भनाई के छ भने यी विद्हरूले त बिना मुहरिम मात्र अनिवार्य हज्जको यात्रालाई जायज भनेका छन्, तर त्यस बाहेकका यात्राहरूलाई यिनीहरूले पनि बिना मुहरिम जायज भनेका छैनन् ।

र इमाम नव्वी मज्मूअ्को ८/२४९ मा भन्छन्: र नफिली हज्जको यात्रा र व्यवसायिक यात्रा र भेटमुलाकातको लागि यात्रा .... आदि सबै बिना मुहरिम जायज छैन ।

यसर्थ वर्तमानकालमा जुन मानिसहरू यस कुरामा सुस्ती गर्छन र महिलालाई बिना मुहरिम कुनै पनि यात्रा गराउँछन् त यस कुरामा कुनै यस्तो विद् जसको उदगार मान्य होस् समर्थन गर्दैन ।

र मानिसहरूको यो कथन कि महिलालाई त्यसको मुहरिम जहाजसम्म पुऱ्याइदिन्छ, अनि त्यसको आर्को मुहरिम त्यहाँ उपस्थित रहन्छ जहाँ जहाजद्वारा जानु छ, त यसमा के भय छ ? उनीहरूको दृष्टिमा जहाज सुरक्षित छ, किनकि त्यसमा धेरै मान्छे र स्त्रीहरू हुन्छिन् ।

त हामी उनीहरूसित भन्छौं: कुरो यस्तो कदापि छैन ! जहाज अरु सवारीहरूभन्दा घातक छ किनकि जहाजमा सवारहरू एकआर्का संगै मिलेर बस्छन्, त यस्तो पनि हुने सम्भावना छ कि त्यसको सीट कुनै मानिससंग परोस् र त्यसलाई त्यतै बस्नु परोस्, र यो सम्भावना पनि छ कि कुनै कारण जहाज आर्को विमानस्थलमा लैण्ड गरोस्, त त्यहाँ त्यो आफूलाई लिनेवाला (मुहरिम) मानिस नपाओस्, अनि खतरामा परोस् त तपाई नै विचार गर्नुस् कि यस्तो अवस्थामा महिलाको के दशा हुन्छ यस्तो देशमा जहाँ नत त्यसको कुनै मुहरिम छ नत त्यो कसैलाई जान्दछे ।

**४ ⇒ गुप्ताङ्गको सुरक्षा गर्ने माध्यमहरूमध्ये यो पनि हो कि महिलालाई गैर मुहरिम पुरुषसंग एकान्तमा हुनुबाट रोकियोस् :**

रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ من كان يؤمن بالله واليوم الآخر فلا يخلون بامرأة ليس معها ذو محرم منها، فإن ثالثهما الشيطان ﴾ (94)

अर्थ : जुन मानिस अल्लाह र प्रलयको दिनमाथि आस्था राखोस् त्यसलाई यो वैध छैन कि कुनै महिलासंग बिना त्यसको मुहरिमको साथ एकान्तमा जाओस् किनकि यदि यस्तो भयो भने तिनी दुवैको माझमा तेस्रो शैतान हुन्छ । (अर्थात शैतान फकाएर कुकर्म गराइहाल्छ) । ( अहमद ३/३३९ )

र आमिर बिन रबीअ: रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

﴿ ألا لا يخلون رجل بامرأة لا تحل له، فإن ثالثهما الشيطان، إلا محرم ﴾ (95)

अर्थ : खबरदार ! बिना मुहरिम कोही पनि कुनै महिलासंग एकान्तमा नजाओस् किनकि तिनीहरूको तेस्रो शैतान हुन्छ । ( तिर्मिजी हदीस नं. २१६५ अध्याय अल् फेतन, अहमद १/१८ )

र मुन्तकामा इमाम मज्द भन्छन्: कि यी दुवै हदीसहरूलाई इमाम अहमदले वर्णन गरेका छन्, र यसको अर्थलाई पुष्टि गर्ने कुरा इब्ने अब्बासको हदीसमा गुज्रिसकेको छ जसलाई बुखारी मुस्लिमले वर्णन गरेका छन् ।

इमाम शौकानी नैलुल अवतारको ६/१२० मा भन्छन्: र अपरिचित महिलासित एकान्तमा जानुको हराम र अवैध हुनुमाथि विद्हरूको एकमत छ, जसरी कि यस कुरालाई हाफिज (इब्ने हज्र)ले फतहुल् बारीमा वर्णन गरेका छन्, र यसको हराम हुने कारण त्यो नै हो जुन हदीसमा वर्णित छ, अर्थात तेस्रोको रूपमा शैतानको उपस्थिति, त त्यसको उपस्थिति नै तिनीहरूलाई कुकर्म गराउँछ, तर रह्यो कुरो मुहरिम भएको अवस्थाको त यदि मुहरिम छ भने अपरिचित महिलाको

(94) أحمد (339/3) .

(95) الترمذي الفتن (2165) ، أحمد (18/1) .

साथ एकान्तमा जानु जायज छ किनकि त्यसको उपस्थितिमा कुकर्म हुने सम्भावना छैन ।

र कदाचित महिलाहरू र तिनका सरप्रस्तहरू केही प्रकारका एकान्तको बारेमा सुस्ती गर्छन् जसमध्ये केही निम्न हुन्:

**(क)** महिलाको आफ्नो श्रीमानको आफन्तीसंग एकान्तमा हुनु वा त्यसको सामुन्ने अनुहारलाई खुल्ला गर्नु, त यस प्रकारको एकान्त अरुभन्दा अधिक घातक छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ إياكم والدخول على النساء، فقال رجل من الأنصار: يا رسول الله أفرأيت الحمو ؟ قال: الحمو: الموت ﴾ [96]

अर्थ : खबरदार ! तिमी महिलाहरूको माझमा जानुबाट बाँच्दै गर्नु, त अन्सारीहरूमध्ये एउटा मान्छेले भन्यो: हे अल्लाहका रसूल देवरको बारेमा तपाई के भन्नुहुन्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि: देवर त मृत्यु हो । ( बुखारी हदीस नं. ४९३४ अध्याय अन्निकाह, मुस्लिम हदीस नं. २१७२ अध्याय अस्सलाम, अत्तिर्मिजी हदीस नं. ११७१ अध्याय अर्रेजाअ्, अहमद ४/१४९, दारमी हदीस नं. २६४२ अध्याय अल् इस्तिजान )

र भन्नुहुन्छ कि हदीसमा वर्णित शब्द “हम्व” को अर्थ हो: दुल्हाको भाइ । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुल्हीको लागि यो अप्रिय ठानेका छन् कि आफ्नो देवरको साथ एकान्तमा जाओस् ।

हाफिज इब्ने हज्र फतहुल् बारीको ९/३३१ मा भन्छन्: कि नव्वीको भनाई छ कि: अरबी भाषीय विद्हरू यस कुरामाथि एकमत छन् कि “अह्माअ्” दुल्हीको श्रीमानका आफन्तीहरू हुन् जसरी कि दुल्हाको पिता, काका, भाइ, काकाको छोरा, भाइको छोरा ... आदि । र यो पनि भन्दछन् कि हदीसमा वर्णित शब्दको अर्थ हो: दुल्हाका ती आफन्तीहरू जुन पिता छोरा बाहेक छन् किनकि त्यसको पिता र त्यसको छोरा त्यस

---

[96] البخاري النكاح (4934) ، مسلم السلام (2172) ، الترمذي الرضاع (1171) ، أحمد (149/4) ، الدارمي الاستئذان (2642) .

दुल्हीको मुहरिममध्येका हुन्, (अर्थात तिनीहरूबाट विवाह गर्नु त्यसको लागि जायज छैन) । यसर्थ तिनीहरूको साथ एकान्तमा जानुमा कुनै आपत्ति छैन, र यिनीहरूलाई मृत्यु मानिदैन । र जुन अधिकांश समाजहरूमा यो रीति प्रचलित छ कि दुल्हाको भाइ दुल्हीको साथ अधिकांश समयमा एकान्तमा जान्छ त यसै कारण विशेषरूपले त्यसैतर्फ संकेत गरेर त्यसलाई मृत्यु भनिएको छ ।

र इमाम शौकानी नैलुल अवतारको ६/१२२ मा भन्छन्: रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन कि “देवर मृत्यु हो” अर्थात त्यसबाट अरुभन्दा अधिक भय र खतरा छ जस्तोकि मृत्युबाट सबैभन्दा अधिक डर मानिन्छ ।

यसर्थ हे मुसलमान महिला यसबारेमा सुस्ती नगर्नु यद्यपि मानिसहरू यसमा सुस्ती गर्छन् किनकि उपदेश विधानको आदेशमा छ नकि मानिसहरूको करतूतमा ।

**(ख)** कतिपय महिलाहरू र तिनका सरप्रस्तहरू यस कुरामा सुस्ती गर्छन् कि महिलालाई एउटा अपरिचित ड्राइवरको साथ एकलै पठाइदिन्छन् जबकि यो पनि हराम र अवैध एकान्तको सीमा अन्तर्गत आउँछ ।

शैख मुहम्मद बिन इब्राहीम आले शैख सउदी अरबको मुफ्ती रहेमहुल्लाहको आफ्नो फतवाको १०/५२ अन्तर्गत भनाई छ कि: अब यस कुरामा कुनै सन्देह बाँकी रहेन कि अपरिचित महिलाको एकलै बिना मुहरिम कारको मालिकको साथ सवार हुनु स्पष्ट अपराध हो, र यसमा यति विकारयुक्त र विद्रोही कुराहरू छन् जसलाई नजरअन्दाज गर्न सकिन्न चाहे महिला सम्मानित र सचरित्र बालिका होस् वा घरबाट बाहिर निस्केर मान्छेहरूसित कुरा गर्ने महिला, र जुन मान्छे आफ्नो महिलाहरूको लागि यस्तो कुरामा राजी हुन्छ त्यो कम्जोर आस्था र न्यूनतम् पुरुषत्ववाला र बेकम्मा हुन्छ, र त्यसमा स्वाभिमानको कमी हुन्छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

﴿ لا يخلون رجل بامرأة إلا كان ثالثهما الشيطان ﴾ [97]

अर्थ : कुनै पनि मानिस कुनै अपरिचित महिलासंग एकान्तमा जाँदैन तर तिनीहरूको तेस्रो शैतान हुन्छ। ( अहमद ३/३३९ )

र गाडिमा कुनै मान्छेको साथ महिलाले सवार हुनु घरमा भएको एकान्तभन्दा अधिक घातक हुन्छ, किनकि त्यो मान्छे त्यसलाई जता चाहोस् लैजान सक्दछ चाहे त्यसै शहर नगरमा वा त्यसभन्दा बाहिर, सहमतिले वा बाध्य गरेर, यसर्थ गाडिमा बसेर जुन घातक परिणामको सम्भावना छ त्यति त्यस्तै सामान्य एकान्तमा छैन ।

र एकान्तमा हुनुको लागि जुन ठूला बडा मुहरिम हुनुको शर्त छ त्यो शर्त सानो बच्चा हुनाले पूर्ण हुँदैन, र जुन केही महिलाहरू यो गुमान गर्छिन कि यदि तिनी आफ्नो साथमा एउटा बच्चालाई लिइहालुन् भने एकान्त मानिदैन त यो धारणा गलत छ ।

इमाम नव्वीको ९/१५९ मा कथन छ कि: र यदि कुनै अपरिचित मान्छे कुनै अपरिचित महिलासंग यस्तो अवस्थामा एकान्तमा जाओस् कि तिनीहरूको साथमा कुनै तेस्रो छैन भने यस्तो गर्नु समस्त विद्हरूको दृष्टिमा हराम छ, र यस्तै यदि कुनै यस्तो सानो बच्चा होस् जसबाट लज्जा मानिदैन त्यसको बालकपनाको कारण त त्यसको उपस्थिति पनि हराम एकान्तमा कुनै प्रभाव पार्दैन ।

**(ग)** केही महिलाहरू र सरप्रस्तहरू यस कुरामा सुस्ती गर्छन् कि महिला बिना मुहरिम चिकित्सकको कोठामा जान्छे र प्रमाण यो दिन्छन् कि महिलालाई चिकित्साको आवश्यकता छ, तर यो ठूलो अवैधानिक कार्य हो, र यो अति घातक छ, यसर्थ सरप्रस्तलाई यसमाथि चुप लाग्नु वा यसमा सहमत हुनु जायज छैन ।

शैख मुहम्मद बिन इब्राहीम रहेमहुल्लाह मज्मूअ् फतावाको १०/१३ मा भन्छन्: र जुन सुकै अवस्थामा पनि अपरिचित महिलासँग एकान्तमा जानु अवैधानिक छ हराम छ चाहे त्यो चिकित्सक किन नहोस् जुन त्यसको उपचार गरिरहेको छ, यो हदीस बमोजिम:

---

(97) أحمد (339/3) .

﴿ لا يخلون رجل بامرأة إلا كان ثالثهما الشيطان ﴾ [98]

अर्थ : कुनै पनि मानिस कुनै अपरिचित महिलासंग एकान्तमा जाँदैन तर तिनीहरूको तेस्रो शैतान हुन्छ । ( अहमद ३/३३९ )

यसर्थ यो आवश्यक छ कि ती दुवैको साथ कुनै तेस्रो पनि रहोस् तर यदि कसैको मुहरिमको उपस्थिति असम्भव होस् र रोग घातक स्टेजमा पुगिसकेको होस् र विलम्ब गर्नाले ज्यानको खतरा होस् भने कम्तीमा नर्सको उपस्थिति अति आवश्यक छ ताकि रोकिएको एकान्तबाट बाँचियोस् ।

र यस्तै कुनै डाक्टरको लागि यो जायज छैन कि त्यो कुनै अपरिचित महिलाको साथ एकान्तमा जाओस् चाहे त्यो त्यसको साथी डाक्टरनी वा नर्स किन नहोस् । यस्तै कम्जोर दृष्टि राख्ने मास्टर वा अरु कुनै अध्यापक आफ्नो बालिका शिष्याको साथ एकान्तमा नजाओस्, नत इयरहोस्टेस आफ्नो ग्रुपको कुनै अपरिचित मान्छेसँग एकान्तमा जाओस् । तर यस्ता कुराहरूमा मानिसहरूले धेरै सुस्ती अपनाएका छन् एड्वान्स र दिक्षित हुनुको नाममा र प्रगतिशीलताको आडम्बर गरेर, र काफिरहरूको अन्धो अनुरूपता अख्तियार गर्ने मनसायको भ्रममा, र इस्लामीय विधानलाई बेवास्ता गरेर । तसर्थ यसबाट अल्लाहको शक्ति बाहेक कतै श्रण छैन त्यो नै महान शक्तिमान श्रण दिनेवाला छ ।

र यस्तै मान्छेको घरमा जुन नोकरानी (महिला सेवक) हुन्छे त्यससँग एकान्तमा जानु पनि जायज छैन, नत मालकिनलाई घरको नोकरको साथमा एकान्तमा जानु नै जायज छ । र घरमा नोकर नोकरानी राख्नुको समस्या अति गम्भीर छ जसबाट वर्तमानमा अधिकांश मानिसहरू सुरक्षित छैनन् महिलाहरूले बाहिर गएर पाठन र अध्यापनको कार्य गर्नुको कारण र यस बाहेक घरबाट बाहिर गएर अरु कार्यहरू गर्नुको कारण । यसर्थ आस्थावान महिला पुरुषहरूलाई यसबाट सावधान रहनु र यसको विकल्प खोज्नु र यसबाट सतर्क रहने उपदेश

---

([98]) أحمد (339/3) .

गरिन्छ, साथै यो पनि उपदेश छ कि अवैधानिक र घृणित बानीबिहोरा र संस्कृतिहरूबाट टाढा नै रहुन् ।

# समाप्ति

## महिलाको लागि मुहरिम बाहेक अरु कुनै पनि मानिससित मुसाफहा गर्नु हराम छ

शैख अब्दुल् अजीज बिन अब्दुल्लाह बिन बाज वैज्ञानिक खोज तथा इफता एवं आमन्त्रण तथा प्रदर्शन संस्थाको अध्यक्षको फतावा जसलाई इस्लामीय प्रचारप्रसार संस्थाले प्रकाशित गरेको छ त्यसको १/१८५ मा भन्नुहुन्छ किः महिलाको लागि मुहरिम बाहेक कसैसित मुसाफहा गर्नु ( हात मिलाउनु) हराम छ चाहे महिलाहरू नवयोवना होउन् वा वृद्धा, र चाहे जससित मुसाफहा गरिरहेका छिन् त्यो युवक होस् वा वृद्ध, किनकि यस्तो गर्नाले दुवैमा विगारको उत्पात हुने सम्भावना छ । र नबी सल्लल्लाहो अलैहे वसल्लमको यो कथन पनि छ किः

﴿ إني لا أصافح النساء... ﴾ [99]

अर्थ : म महिलाहरूसित मुसाफहा गर्दैन । ( अत्तिर्मिजी हदीस नं. १५९७ अध्याय अस्सेयर, नेसाई हदीस नं. ४१८१ अध्याय अल् बैअह, इब्ने माजा हदीस नं. २८७४ अध्याय अल्जिहाद, अहमद ६/३५७, मालिक अल् जामेअ् हदीस नं. १८४२ )

र हजरत आइशा रजिअल्लाहो अन्हाको वर्णन छ किः

﴿ ما مست يد رسول الله صلى الله عليه وسلم يد امرأة قط، ما كان يبايعهن إلا بالكلام ﴾ [100]

---

[99] الترمذي السير (1597) ، النسائي البيعة (4181) ، ابن ماجه الجهاد (2874) ، أحمد (357/6) ، مالك الجامع (1842) .

[100] البخاري تفسير القرآن (4609) ، مسلم الإمارة (1866) ، ابن ماجه الجهاد (2875) ، أحمد (270/6) .

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमको हातले कहिले पनि कुनै अपरिचित महिलाको हातलाई स्पर्श गरेको छैन, र उहाँ सल्लल्लाहो अलैहे वसल्लम उनीहरू (महिलाहरू) सित कुराद्वारा बैअत (संकल्प) लिन्थे। ( बुखारी हदीस नं. ४६०९ अध्याय तफ्सीरुल् कुरआन, मुस्लिम हदीस नं. १८६६ अध्याय अल् इमारह, इब्ने माजा हदीस नं. २८७५ अध्याय अल्जिहाद, अहमद ६/२७० )

र यस कुरामा कुनै फर्क र भिन्नता छैन चाहे मुसाफहा प्रत्यक्ष गरियोस् वा कुनै आवरणको माध्यमले, यसबारेमा निबन्धित प्रमाण हुनुको कारण, र उपद्रवको रोकथामको कारण ।

शैख मुहम्मद अमीन अश्शन्कीती रहेमहुल्लाह तफ्सीर इज्वाउल् बयानको ६/६०२,६०३ मा भन्छन्: यो यादराख कि कुनै व्यक्तिको लागि पनि अपरिचित महिलासित मुसाफहा गर्नु जायज छैन, नत महिलाको लागि नै जायज छ कि यी दुवै एकआर्काको शरीरको कुनै अगंलाई स्पर्श गरुन् केही कारणहरूले गर्दा जुन निम्न हुन्:

१- नबी सल्लल्लाहो अलैहे वसल्लमबाट यो प्रमाणित भइसकेको छ कि उहाँले भन्नु भयो:

﴿ إني لا أصافح النساء... ﴾ (101)

अर्थ : म महिलाहरूसित मुसाफहा गर्दैन । ( अत्तिर्मिजी हदीस नं. १५९७ अध्याय अस्सेयर, नेसाई हदीस नं. ४१८१ अध्याय अल् बैअह, इब्ने माजा हदीस नं. २८७४ अध्याय अल्जिहाद, अहमद ६/३५७, मालिक अल् जामेअ् हदीस नं. १८४२ )

र अल्लाहको फर्मान छ:

﴿ لَّقَدْ كَانَ لَكُمْ فِي رَسُولِ ٱللَّهِ أُسْوَةٌ حَسَنَةٌ ﴾ الأحزاب: ٢١

(101) الترمذي السير (1597) ، النسائي البيعة (4181) ، ابن ماجه الجهاد (2874) ، أحمد (357/6) ، مالك الجامع (1842) .

अर्थ : निःसन्देह तिम्रो निम्ति अल्लाहको रसूलमा एउटा उत्तम आदर्श छ। (सूरतुल् अहजाब २१ )

त हामीमाथि यो आवश्यक छ कि हामी महिलासित मुसाफहा नगरौं रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्ने उद्देश्यले, र यस हदीसलाई मैले सूरतुल् हज्जको व्याख्यागर्दा प्रष्ट पारेको छु यस सन्दर्भमा कि पहेलो रंगको एहरामको लुगा महिला पुरुष दुवैको लागि हराम छ। र रह्यो कुरो सूरतुल् अहजाबको परदाको श्लोक र रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कार्यशैली कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम संकल्प लिँदा पनि महिलाहरूको हातसित हात मिलाउँदैन्थे, त यसमा स्पष्ट प्रमाण छ कि पुरुष महिलासित मुसाफहा गर्न सक्दैन, नत त्यो वा ती महिलाहरू एकआर्काको शरीरलाई वा कुनै अंगलाई स्पर्श नै गर्न सक्छन्, किनकि स्पर्शको न्यूनतम् श्रेणी मुसाफहा गर्नु नै हो, त जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यसको विशेष आवश्यकताको समय पनि जुनकि बैअत लिनु हो त्यसबाट पन्छिनु भयो त यो यस कुरालाई प्रमाणीकरण गर्छ कि अरु कसैको लागि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको विरोध गर्नु कसरी मान्य हुन्सक्दछ, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम नै त्यो महान पुरुष हुन् जुन आफ्नो कुरा र सहमति एवं कार्यद्वारा वैधानिक अवैधानिक विधान बनाए।

२- यसलाई पहिला नै वर्णन गरेका छौं कि महिला साक्षात परदा हो, त्यसको लागि यो अनिवार्य छ कि आफ्नो पूर्ण शरीरको परदा गरोस्, र नेत्रलाई तल गर्नुको आदेश यस कारण दिइएको छ कि त्यसबाट उपद्रव र विगारको उत्पात नहोस्, त यस कुरामा कुनै सन्देह छैन कि शरीरलाई स्पर्श गर्नुबाट वासनाको ज्वाला दनकिनुको अत्याधिक सम्भावना छ र कुदृष्टिबाट यसमा अत्याधिक उपद्रव हुने खतरा छ, र प्रत्येक न्यायकर्ता यसको सत्यताबाट अवगत छ।

३- यो अपरिचित महिलाबाट मज्जा र आनन्द लिनुको माध्यम हो, किनकि वर्तमानकालमा मानिसहरूसित अल्लाहको भय कम भइसकेको

छ, र ईमान्दारी र धरोहरता समाप्त भइसकेको छ, र मानिसहरू सन्देहजनक कुराहरूबाट बाँचदैनन्, र यो खबर हामी बारम्बार दिदै गरेका छौं कि सर्वसाधारणमध्ये केही मानिसहरू आफ्नो स्वास्नीकी बहिनीलाई ओंठमा ओंठ राखेर चुम्बन गर्छन्, र यस हराम कार्यलाई सलाम (नमस्कार) को नाम दिन्छन्, अर्थात उनीहरू भन्छन् कि यस महिलालाई सलाम गर अर्थात त्यसलाई चुम्बन देऊ ।

त जुन सत्य कुरा हो जसमा कुनै सन्देह छैन कि यस्ताखालका समस्त अश्लीलता र निर्लज्जतापूर्ण गतिविधिबाट र सन्देहजनक कुराहरूबाट बाँच्नु र यी समस्तको साथै यससम्म पुऱ्याउने माध्यमहरूबाट बाँच्नु अति आवश्यक छ, र यी समस्तमध्ये सबैभन्दा ठूलो अपराध मान्छेको अपरिचित महिलाको शरीरलाई स्पर्श गर्नु हो, र जुन माध्यम हरामतर्फ लैजान्छ त्यसलाई बन्द गरिदिनुमा नै भलाई छ र त्यसलाई बन्द गर्नु अति आवश्यक पनि छ ।

र अन्तयमा हे आस्थावान पुरुष महिलाहरू तपाईहरूलाई अल्लाहको यो उपदेशलाई सम्झना गराउँछु:

﴿قُل لِّلْمُؤْمِنِينَ يَغُضُّوا۟ مِنْ أَبْصَٰرِهِمْ وَيَحْفَظُوا۟ فُرُوجَهُمْ ۚ ذَٰلِكَ
أَزْكَىٰ لَهُمْ ۗ إِنَّ ٱللَّهَ خَبِيرٌۢ بِمَا يَصْنَعُونَ ﴿٣٠﴾ وَقُل لِّلْمُؤْمِنَٰتِ يَغْضُضْنَ مِنْ
أَبْصَٰرِهِنَّ وَيَحْفَظْنَ فُرُوجَهُنَّ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا مَا ظَهَرَ مِنْهَا ۖ
وَلْيَضْرِبْنَ بِخُمُرِهِنَّ عَلَىٰ جُيُوبِهِنَّ ۖ وَلَا يُبْدِينَ زِينَتَهُنَّ إِلَّا لِبُعُولَتِهِنَّ أَوْ
ءَابَآئِهِنَّ أَوْ ءَابَآءِ بُعُولَتِهِنَّ أَوْ أَبْنَآئِهِنَّ أَوْ أَبْنَآءِ بُعُولَتِهِنَّ أَوْ
إِخْوَٰنِهِنَّ أَوْ بَنِىٓ إِخْوَٰنِهِنَّ أَوْ بَنِىٓ أَخَوَٰتِهِنَّ أَوْ نِسَآئِهِنَّ أَوْ مَا مَلَكَتْ
أَيْمَٰنُهُنَّ أَوِ ٱلتَّٰبِعِينَ غَيْرِ أُو۟لِى ٱلْإِرْبَةِ مِنَ ٱلرِّجَالِ أَوِ ٱلطِّفْلِ ٱلَّذِينَ

لَمۡ يَظۡهَرُواْ عَلَىٰ عَوۡرَٰتِ ٱلنِّسَآءِۖ وَلَا يَضۡرِبۡنَ بِأَرۡجُلِهِنَّ لِيُعۡلَمَ مَا يُخۡفِينَ مِن
زِينَتِهِنَّۚ وَتُوبُوٓاْ إِلَى ٱللَّهِ جَمِيعًا أَيُّهَ ٱلۡمُؤۡمِنُونَ لَعَلَّكُمۡ تُفۡلِحُونَ ٣١

النور: ٣٠ - ٣١

अर्थ : आस्थावान पुरुषहरूसित भनिदिनुस् कि आफ्नो दृष्टि तल राख्ने गरुन् र गोप्याङ्गहरूको रक्षा गरुन्, यो उनीहरूको निम्ति बडो पवित्रताको कुरो हो । मानिसहरू जुन काम गर्छन, अल्लाहलाई त्यो सबै थाहा छ । र आस्थावान स्त्रीहरूसित भनिदिनुस् कि उनीहरूले पनि आफ्ना दृष्टिहरू तल राख्ने गरुन् र आफ्नो पवित्रताको रक्षा गरुन् र आफ्ना श्रृंगार प्रकट नगरुन्, त्यसबाहेक जुन खुला रहन्छ र आफ्ना वक्षस्थललाई दुपट्टाहरूले छोपी राखुन् र आफ्नो श्रृंगार कसैलाई प्रकट नगरुन्, आफ्ना पतिहरू वा आफ्ना बुबा वा आफ्नो पतिको बुबा वा आफ्ना छोरा वा आफ्ना पतिको छोरा वा आफ्ना खासै भाइहरू वा भतिजाहरू वा आफ्ना भानिजहरू वा आफ्नो मेलजोलका स्त्रीहरू वा जो लौंडीहरू र उनीहरूको अधीनस्त यस्ता पुरुषहरू जसमा स्त्रीको आवश्यकता हुँदैन, वा ती बच्चाहरू जो कि स्त्रीहरूको कुरोसित परिचित हुँदैनन् तिनीहरू बाहेक । र आफ्ना खुट्टाहरू भूईंमा बजारेर नहिडुन् कि उनीहरूको लुकेको श्रृंगार थाहा पाइयोस् । र मोमिनहरू हो ! तिमी सबै अल्लाहको अगाडि प्रयश्चित गर ताकि तिमी मुक्ति पाउन सक । ( सूरतुन्नूर ३०,३१ )

र समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त संसारको पालनकर्ता हो, र अल्लाहको अत्याधिक र नगन्य प्रशान्ति अवतरित होस् हाम्रा प्रिय सन्देष्टा मुहम्मदमाथि र उहाँको घरपरिवार र समस्त साथीहरूमाथि ।

( आमीन )

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
विद्यार्थी एम.ए.: उम्मुल् कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
email- atiqkhannp1982@yahoo.com
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न. 00966-0501372254
عتيق الرحمن محمد إدريس خان مكي
الجوال 00966-0501372254

IslamHouse.com